आ.व. २०७५/०७६

# वार्षिक प्रतिवेदन




नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरवार, काठमाडौं, नेपाल

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश,
२०७४ को दफा (२३) को व्यवस्था अनुसार प्रस्तुत

# वार्षिक प्रतिवेदन

(आ.व.२०७५/७६)

नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

सिंहदरवार, काठमाडौं, नेपाल

वार्षिक प्रतिवेदन २०७५/०७६

प्रतिलिपि अधिकार © राष्ट्रिय योजना आयोग

प्रकाशक
नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल
टेलिफोन नं: +९९७- १-४२११००४, ४२१११३२
www.npc. gov. np

# राष्ट्रिय योजना आयोग



**श्री केपी शर्मा ओली**
सम्माननीय प्रधानमन्त्री एवम् अध्यक्ष



**प्रा.डा. पुष्पराज कंडेल**
उपाध्यक्ष



**डा. कृष्णप्रसाद ओली**
सदस्य



**डा. उषा झा**
सदस्य



**डा. दिलबहादुर गुरुङ**
सदस्य



**ई. सुशील भट्ट**
सदस्य



**श्री मीनबहादुर शाही**
सदस्य



**डा. रामकुमार फुयाँल**
सदस्य



**श्री लोकदर्शन रेग्मी**
मुख्य सचिव एवम् सदस्य



**श्री राजन खनाल**
अर्थ सचिव एवम् सदस्य



**श्री लक्ष्मण अर्याल**
सदस्य सचिव


नेपाल सरकार
राष्ट्रिय योजना आयोग
राष्ट्रिय विकास परिषद् बैठक, २०७५
२०–२१ चैत्र, २०७५, काठमाडौं

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

मिति : २०७६/०६/३०

पत्र संख्या: २०७६/७७

चं.नं. :

**आयोगको आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।**

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश,२०७४ को दफा २३ को व्यवस्था अनुसार यस आयोगले आर्थिक वर्ष २०७५/७६ मा सम्पादन गरेको प्रमुख काम तथा हासिल गरेका उपलब्धीहरुको वार्षिक प्रतिवेदन आयोगको मिति २०७६/०६/३० गतेको निर्णयानुसार प्रस्तुत गरेको ब्यहोरा सादर अनुरोध गर्दछु ।

(लक्ष्मण अर्याल)
सदस्य सचिव

# कृतज्ञता

नेपालमा तीव्र, सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोच सहितको विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, तहगत समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने उद्देश्य सहित राष्ट्रिय योजना आयोगको गठन तथा पुनर्गठन हुँदै आएको हो ।

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ ले तोके बमोजिमको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र रही आयोग आफ्नो लक्ष्य एवम् उद्देश्य पूरा गर्ने तर्फ निरन्तर क्रियाशिल रहेको छ । गठन आदेशको परिच्छेद ७, दफा २३ बमोजिम आयोगले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुरूप आयोगले आर्थिक वर्ष २०७५/७६ मा सम्पन्न गरेका प्रमुख कार्य र सोको उपलब्धी, समस्या तथा चुनौतीहरु र भावी कार्यदिशा समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

आयोगको काममा नेतृत्व तथा अभिभावकत्व प्रदान गर्नु हुने सम्माननीय प्रधानमन्त्री एवं आयोगका अध्यक्षज्यू र सहयोग गर्नु हुने माननीय मन्त्रीज्यूहरुमा आभार ब्यक्त गर्दछु । यस प्रतिवेदन तयारीको लागि मा.सदस्य डा. उषा झा, मा.सदस्य दिलबहादुर गुरुङ सम्मिलित माननीय सदस्य डा. कृष्ण प्रसाद ओलीज्यूको संयोजकत्वमा गठित टोली एवम् प्रतिवेदनलाई अन्तिम रूप दिन सहयोग पुऱ्याउनुहुने आयोगका अन्य सम्पूर्ण सदस्यहरू, सदस्य-सचिव र कर्मचारीहरूलाई हार्दिक धन्यबाद व्यक्त गर्दछु । साथै, आगामी दिनमा आयोगलाई प्रदत्त कार्यजिम्मेवारीहरू थप प्रभावकारी एवम् कुशल ढङ्गमा सम्पादन गर्दै वर्तमान सरकारले लिएको **'समृद्ध नेपाल, सुखी नेपाली'** को दीर्घकालीन लक्ष्य हासिल गर्ने अभियानमा सार्थक भूमिका निर्वाह गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

(प्रा.डा. पुष्पराज कंडेल)
उपाध्यक्ष

**राष्ट्रिय योजना आयोग**
२०७६ असोज ३० गते, बिहिबार

# ऐतिहासिक विकासक्रम

- वि.सं.२०१३ — योजना आयोग
- वि.सं.२०१४ — योजना मण्डल
- वि.सं.२०१७ — राष्ट्रिय योजना परिषद्
- वि.सं.२०२५ — राष्ट्रिय योजना आयोग
- वि.सं.२०२९ — राष्ट्रिय योजना आयोग (थप जिम्मेवारी सहित पुर्नगठन)
- वि.सं.२०४८ — राष्ट्रिय योजना आयोग
- वि.सं.२०६७ — राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०६७
- वि.सं.२०७४ — राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४

# विषय-सूची


**परिच्छेद-एक**

**प्रारम्भिक ........ 1**

१.१ पृष्ठभूमि ........ १

१.२ राष्ट्रिय योजना आयोग र विकासक्रम ........ २

१.३ राष्ट्रिय योजना आयोगको काम, कर्तव्य र अधिकार ........ ४

१.४ आयोगको गठन आदेशमा भएको र अन्य संस्थागत तथा कार्यगत व्यवस्था ........ ७

**परिच्छेद - दुई**

**आयोगबाट सम्पादित प्रमुख कार्यहरू एवम् उपलब्धि ........ ९**

२.१ चौधौं योजनाको समीक्षा ........ ९

२.२ विषय क्षेत्रगत कार्यसम्पादन प्रगति ........ १२

२.३ अन्य विषय क्षेत्रगत कार्यसम्पादन तथा उपलब्धि ........ १९

२.४ तथ्यांक, गणना, सर्वेक्षण तथा राष्ट्रिय लेखा अनुमान ........ २१

**परिच्छेद - तीन**

**समस्या तथा चुनौतीहरु ........ २३**

३.१ समस्या तथा चुनौतीहरु ........ २३

३.२ विकास व्यवस्थापनको विद्यमान अवस्था तथा संभावना एवम् प्राथमिकता ........ २६

३.३ विद्यमान योजना तथा बजेट प्रणाली, कमजोरी तथा अपेक्षित लक्ष्य प्राप्तिमा सुधारहरू ... २८

**परिच्छेद - चार**

**भावी कार्यदिशा ........ ३१**

४.१ दीर्घकालीन सोच २१०० ........ ३१

४.२ पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) ........ ३८

४.३ वार्षिक कार्यक्रम तथा योजना ........ ४४

## अनुसूचीहरू

अनुसूची-१ राष्ट्रिय योजना आयोगको स्वरुप ........ ४७
अनुसूची-२ राष्ट्रिय योजना आयोगको संगठन स्वरुप ........ ४८
अनुसूची-३ राष्ट्रिय विकास समस्या समाधान समितिको स्वरूप ........ ५०
अनुसूची-४ नेपाल: दिगो विकास लक्ष्यको आवश्यकता, पहिचान लागत अनुमान र वित्तीय रणनीति, २०१९ को सारांश........ ५१
अनुसूची-५ राष्ट्रिय विकास समस्या समाधान समितिको ४३औं, ४४औं र ४५औं बैठकका निर्णयहरू एवम् कार्यान्वयन स्थिति........ ५३
अनुसूची-६ राष्ट्रिय गौरवका आयोजनाको स्थलगत अनुगमन प्रतिवेदनको सारांश........ ५५
अनुसूची-७ राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५........ ६३
अनुसूची-८ आयोजनाहरुको वहुवर्षीय ठेक्का सम्वन्धी मापदण्ड, २०७६ ........ ६५
अनुसूची-९ संघ प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्वन्धी मापदण्ड, २०७६ ........ ६८
अनुसूची-१० मध्यमकालीन खर्च संरचनाको सारांश (आ.व. २०७६/७७ - २०७८/७९) ........ ९१
अनुसूची-११ वार्षिक विकास कार्यक्रम (आ.ब. २०७६/७७) को सारांश........ ९८
अनुसूची-१२ आर्थिक वर्ष २०७६/७७ को बजेट तथा वार्षिक विकास कार्यक्रम र त्रिवर्षीय मध्यकालीन खर्च संरचना तर्जुमा सम्वन्धी मार्गदर्शन, २०७५ ........ १०२
अनुसूची-१३ राष्ट्रिय आर्थिक गणना, २०७५ को नतिजाको सांराश ........ ११२
अनुसूची-१४ नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ को नतिजाको सांराश ........ ११८
अनुसूची-१५ आ.व. २०७५/७६ को राष्ट्रिय लेखाको संक्षिप्त विवरण ........ १२३
अनुसूची-१६ विनियोजित बजेट तथा खर्चको अवस्था........ १२६
अनुसूची-१७ आयोगबाट भएका निर्णयहरु........ १२८
अनुसूची-१८ आ.व.२०७५/७६ मा आयोगका पदाधिकारीहरुबाट भएको वैदेशिक भ्रमण........ १५५

# संक्षेपीकरण

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| मे.ट. | मेट्रिक टन |
| मे.वा. | मेगा वाट |
| मे.सु. | मेडिकल सुपरिटेन्डेन्ट |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| रा.वि.स.स.स. | राष्ट्रिय विकास समस्या समाधान समिति |
| CGE-GEMPACK | Computable General Equilibrium Model |
| CUPS | Center for Urban Planning |
| DPR | Detail Project Report |
| GIS | Geographic Information System |
| GoN | Government of Nepal |
| ICIMoD | International Center for Integrated Mountain Development |
| LDC | Least Developed Countries |
| LLDC | Landlocked Developing Countries |
| LMBIS | Line Ministry Budget Information System |
| LPCD | Liters per Capita per Day |
| MISC | Multi Indicators Cluster Survey |
| MPI | Multidimensional Poverty Index |
| MTEF | Medium Term Expenditure Framework |
| NC | Nepalese Currency |
| NEA | Nepal Electricity Authority |
| OPHI | Oxford Poverty and Human Development Initiative |
| PPP | Public Private Partnership |
| SAWTEE | South Asian Watch on Trade, Economic and Environment |
| SCADA | Supervisory Control and Data Acquisition |
| SDG | Sustainable Development Goals |
| SEAS | South Asian Economic Summit |
| SIA | Second International Airport |
| SUDI | Sustainable Urban Development Index |
| SUDIGGAA | Sustainable Distributed Generation and Grid Access for All |
| SUN | Scaling Up Nutrition |
| TNA | Training Need Assessment |
| TOR | Terms of Reference |
| TOT | Training of Trainers |
| UNDESA | United Nations Department of Economic Social Affairs |
| UNESCAP | United Nations Economic and Social Council for Asia Pacific |

## परिच्छेद - एक

# प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालको संविधानले परिलक्षित गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने प्रमुख दायित्व सरकारको राष्ट्रिय कार्यसूचीमा रहेको छ। संघीय शासन व्यवस्थामा राज्यको तीनै तहमा आर्थिक सामाजिक विकासका प्रयासलाई राष्ट्रिय विकास योजनासँग आवद्ध गर्दै, सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय दायराभित्र रही समष्टिगत आर्थिक स्थायित्व कायम गरी संघीय वित्त प्रणालीलाई सुदृढ बनाउँदै विकास वित्तको परिचालन गर्नुपर्ने अवस्था विद्यमान रहेको छ। उपलव्ध श्रोत साधनको न्यायोचित बाँडफाँट तथा उपयोग गरी नागरिकको गुणस्तरीय सेवा र मर्यादित जीवन प्रवर्द्धन गर्ने दिशामा विकासका योजना तथा कार्यक्रमको नतिजाको सुनिश्चितताका लागि सम्पूर्णतामा पूर्ण कार्यान्वयन गर्नुपर्ने छ। संघीय राज्य व्यवस्था अनुकूल राज्य सञ्चालनका संरचनाको पुर्नसंरचनासँगै राष्ट्रिय योजना आयोगको गठन, भूमिका तथा कार्य सञ्चालनमा आएको परिवर्तन अनुरुप संघ, प्रदेश र स्थानीय तहका विकास प्रयासलाई राष्ट्रको समग्र विकाससँग आवद्ध गर्नुपर्नेछ। त्यसैले दीर्घकालीन सोचसहितको कार्यान्वयनयोग्य आवधिक योजनाको तर्जुमा, नीतिगत तथा कार्यक्रम कार्यान्वयनमा देखापर्ने जटिलताको प्रभावकारी समन्वय, सरलीकरण, स्रोतको आँकलन, पहिचान र प्राथमिकीकरणका आधारमा न्यायोचित वितरण, वित्तीय संघीयताको कार्यान्वयन र मध्यमकालीन खर्च संरचनाको सुदृढिकरण, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास र तथ्याङ्क प्रणालीलाई वैज्ञानिक, भरपर्दो र पहुँच योग्य बनाउने कार्यलाई प्राथमिकताका साथ आयोगले कार्यान्वयनमा ल्याएको छ। विकास प्रकृयामा नागरिकको सार्थक सहभागिता, तहगत सरकारका बीचमा सुदृढ समन्वय र सहकार्यमा जोड दिंदै आयोगले विकासको सोच र कार्यप्रणालीलाई सुशासनमुखी र समायानुकूल बनाउँदै ल्याएको छ। **समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच निर्देशित** संघीय सरकारका साथै प्रदेश र स्थानीय तह समेत आवधिक योजनाको तर्जुमासँगै कार्यान्वयनको चरणमा प्रवेश गरेका छन्।

राष्ट्रिय योजना आयोगको विकासक्रम, आयोगको काम, कर्तव्य र अधिकार, संस्थागत तथा कार्यगत व्यवस्था, गत वर्षमा सम्पादित प्रमुख कार्यहरु तथा उपलब्धी, आयोगको काम कारवाहीमा देखापरेका समस्या तथा चुनौतीहरु र आयोगको भावी कार्यदिशा समेटेर यो प्रतिवेदन तयार गरिएको छ। साथै, गत वर्ष आयोगको जिम्मेवारीमा परेका राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट भएका

निर्णयहरुको कार्यान्वयन अवस्था, आयोगबाट भएका राष्ट्रिय गौरवका आयोजनाहरुको स्थलगत अनुगमन प्रतिवेदनको सारांश, आयोगले तर्जुमा तथा प्रकाशन गरेका विकास कार्यक्रम तथा आयोजना सम्वन्धी मापदण्ड र मार्गदर्शन, आर्थिक गणना तथा श्रमशक्ति सर्वेक्षण, राष्ट्रिय लेखा, विनियोजित बजेट र खर्चको अवस्था र आयोगको पूर्ण र नियमित बैठकबाट भएका **निर्णयहरुलाई अनुसूची १ देखि १८ सम्म** यस प्रतिवेदनमा समावेश गरिएको छ।

## १.२ राष्ट्रिय योजना आयोग र विकासक्रम

नेपालको समग्र विकासको लागि दीर्घकालीन सोच सहितको योजना तर्जुमा गर्ने, अध्ययन अनुसन्धानका आधारमा तथ्यपरक क्षेत्रगत नीति एवम् रणनीतिहरू तयार गरी विकासका कार्यक्रमलाई लक्षित दिशामा निर्देशित गर्न सघाउने, राष्ट्रिय गौरव र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्यमा आधारित पृष्ठपोषण उपलब्ध गराउने, विकास प्रकृयामा अनुभूत गरिएका वा सम्भावित समस्या एवम् व्यवधानको सहजीकरण गर्ने र नेपाल सरकारको विकास सल्लाहकारको भूमिका निर्वाह गर्नका लागि विशिष्टिकृत केन्द्रीय निकायको रूपमा राष्ट्रिय योजना आयोग रहँदै आएको छ। विकासको निमित्त आवश्यक स्रोत साधनको आँकलन र विनियोजन गर्ने कार्यका साथै चक्रियरुपमा तयार गरिने मध्यमकालीन खर्च संरचनाको माध्यमबाट वित्त संरचनालाई सुदृढ बनाउँदै लग्ने जिम्मेवारी आयोगको रहेको छ। विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको आवश्यकता, सान्दर्भिकता र उपलव्धिका बारेमा अध्ययन, अनुसन्धान र मूल्याङ्कन गर्ने कार्य समेत आयोगबाट निरन्तर हुँदै आएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका समसामयिक विषयमा वहस, छलफल र अन्तरक्रियाका माध्यमबाट नीति संवाद मञ्चको भूमिका पनि आयोगले निर्वाह गर्दै आएको छ। साथै विकास नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वयात्मक र सहजीकरण गर्ने कार्यमा आयोगको भूमिका महत्वपूर्ण रहेको छ। यस बाहेक, नागरिक समाज, गैरसरकारी संस्था र निजी क्षेत्रका समस्याको विश्लेषण गरी समाधान गर्ने कार्यमा पनि आयोगले योगदान पुऱ्याउँदै आएको छ।

नेपालमा योजनावद्ध विकास प्रक्रियाको अवधारणासँगै सर्वप्रथम वि.सं. २०१३ सालमा योजना आयोगको स्थापनादेखि हालसम्म मुलुकमा भएका प्रमुख राजनीतिक परिवर्तनसँगै यसको गठन, भूमिका, कार्यक्षेत्र, नेतृत्व गर्ने पदाधिकारी, सदस्यको संख्या तथा संगठन स्वरूपमा परिवर्तन हुँदै आएको छ। वि.सं. २०६२/६३ पश्चातको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा नेपालको अन्तरिम संविधान जारी भएसँगै तत्कालीन सरकारले आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश,२०६७ जारी गऱ्यो। वि.सं. २०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सहितको नेपालको संविधान जारी भए पछिको निर्वाचित सरकारले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/११/२८ को बैठकबाट नेपालमा तीब्र आर्थिक प्रगति र

सन्तुलित तथा दिगो विकासका लागि नेपालको संविधान बमोजिम दूरगामी सोचसहितको विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण र अनुगमन तथा मूल्याङ्कन गरी नेपाल सरकारलाई अनुसन्धान वा विश्लेषण गरिएका सूचनाका आधारमा सल्लाह र सहयोग प्रदान गर्ने विशिष्टीकृत निकायका रूपमा काम गर्ने गरी नयाँ गठन तथा कार्य सञ्चालन आदेश, २०७४ बमोजिम राष्ट्रिय योजना आयोगको पुनर्गठन गरेको छ, जसलाई देहायबमोजिम ऐतिहासिक विकासक्रमको रुपमा प्रस्तुत गरिएको छ ।




## ऐतिहासिक विकासक्रम

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित राष्ट्रिय योजना आयोगको हालको संगठन संरचनामा पूर्णकालीन उपाध्यक्ष, एक जना महिला सहित बढीमा छ जना सदस्यहरू र एक जना सदस्य सचिव तथा नेपाल सरकारका मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यको रूपमा रहने व्यवस्था छ । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/१/११ को बैठकले माथि उल्लिखित व्यवस्था अनुसार गठन गरेको आयोगको स्वरुप अनुसूची - १ मा दिइएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५/२/१३ मा स्वीकृत आयोगको वर्तमान संगठन संरचना अनुसार गठन आदेशको दफा १७ को व्यवस्था अनुरुप आयोगको प्रशासनिक नेतृत्व नेपाल सरकारको निजामती सेवाको विशिष्ट श्रेणीको सचिवले गर्ने गरी कूल १०५ जनाको दरबन्दी रहेको छ । आयोगका प्रशासकीय प्रमुखको रुपमा रहने सचिवले आयोगको सदस्य सचिवको समेत कार्य सम्पादन गर्नुपर्ने व्यवस्था रहेको छ । हालको संगठन संरचना अनुसार आयोगमा नेपाल प्रशासन सेवाको राजपत्रांकित प्रथम श्रेणीका सहसचिवको नेतृत्वमा चारवटा विषयगत महाशाखाहरू र महाशाखा अन्तर्गत विभिन्न १३ वटा शाखाहरू रहेका छन् । आयोगको प्रशासनिक संगठन संरचना र दरबन्दी तेरीज अनुसूची - २ मा प्रस्तुत गरिएको छ । साथै, नेपालमा तथ्याङ्क प्रणालीको सञ्चालन, व्यवस्थापन तथा विकास गर्नका लागि स्थापित केन्द्रीय तथ्याङ्क विभाग र अन्तर्गतका कार्यालयहरु आयोगको मातहतमा रहेका छन् ।

## १.३ राष्ट्रिय योजना आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ मा उल्लेख गरिए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् ।

**(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमाः**

१. मुलुकको समग्र समृद्धिका लागि दूरगामी सोचसहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

२. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

३. सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा संघीयस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परिक्षणसमेत गरी सहमति दिने,

४. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

५. राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गर्न लगाउने,

६. अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

७. अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

९. अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास र संप्रेषण गर्ने, गराउने ।

**(ख) अनुगमन तथा मूल्याङ्कन :**

१. मुलुकको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई नेपाल सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

२. मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी बिषयक्षेत्रगत नीतिहरू र प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,

३. अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारबीच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने ।

**(ग) तहगत समन्वय :**

१. संघ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण :**

१. कुनै राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रियस्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने ।

२. प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने ।

३. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने ।

## अन्य कानुन तथा नियमावलीमा समेत आयोगको काम, कर्तव्य र अधिकारका बारेमा देहाय बमोजिमका व्यवस्था रहेका छन् ।

(क) **आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ को उपदफा** (४) मा मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान र ऋणस्वरुप नेपाल सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायता लिनु अघि त्यस्तो सहायता योजना तथा वार्षिक कार्यक्रमले निर्धारण गरेको प्राथमिकता, नीति तथा कार्यक्रम अनुरुप छ, छैन सो सम्बन्धमा सामान्यतया राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृती लिने र सोको विवरण तयार पारी अर्थ मन्त्रालयमा पेश गर्ने कर्तव्य लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था रहेको छ ।

(ख) **अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र दफा २२ अनुसार राजश्व र व्ययको अनुमान पेश गर्दा मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

(ग) **आर्थिक कार्यविधि नियमावली, २०६४**

१) **आयोजना स्वीकृत गर्ने गराउनेः** नियम २२ को उपनियम (१) बमोजिम विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्नेछ । जिल्लास्तरीय आयोजना

राष्ट्रिय योजना आयोगको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र केन्द्रीयस्तरीय आयोजना राष्ट्रिय योजना आयोगले स्वीकृत गर्नुपर्नेछ। यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्इङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्नेछ।

**२) कार्यक्रम स्वीकृत गर्नेः**

१) कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेटअन्तर्गत नियम २२ को उपनियम (१) को अधीनमा रही आफ्नो मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम मन्त्रालयले स्वीकृत गर्नुपर्नेछ। यसरी स्वीकृत भएको कार्यक्रम केन्द्रीयस्तरको भएमा मन्त्रालयले सोको जानकारी राष्ट्रिय योजना आयोगलाई दिनुपर्नेछ।

२) सम्बन्धित मन्त्रालयले उपनियम (२) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमको जानकारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र राष्ट्रिय योजना आयोगलाई दिनु पर्नेछ। साथै सम्बन्धित मन्त्रालयले खर्च गर्ने अख्तियारीको जानकारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ।

**३) कार्यक्रम संशोधन गर्नेः** नियम २४ को अधिनमा रही कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकूल हुनेगरी त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी त्यस्तो कार्यक्रममा आवश्यक संशोधन गर्न सक्नेछ। यसरी कार्यक्रममा गरिएको संशोधनको जानकारी सम्बन्धित मन्त्रालय र कार्यालयले राष्ट्रिय योजना आयोगलाई दिनुपर्नेछ।

**४) वैदेशिक सहायता बजेट विवरणमा समावेश गर्नेः** नियम २७ को अधिनमा रही कुनै पनि कार्यालयले विदेशी संघ, संस्था, एजेन्सी वा राष्ट्रहरूबाट कुनैपनि किसिमको नगदी वा जिन्सी सहायता प्राप्त गर्दा वा प्राप्त गर्ने सम्झौता गर्दा राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

**५) अर्थ मन्त्रालयले बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिनेः** उपनियम (१) बमोजिम बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिँदा नियम २० बमोजिम तयार गरी पेश हुन आएको बजेट विवरण माथि अर्थ मन्त्रालयले मुलुकको आर्थिक स्थिति विचार गरी सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग परामर्श गरी थपघट गर्न सक्नेछ।

## १.४ आयोगको गठन आदेशमा भएको र अन्य संस्थागत तथा कार्यगत व्यवस्था

### राष्ट्रिय विकास परिषद्

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश,२०७४ को दफा ७ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय विकास परिषद् रहने व्यवस्था छ। उक्त परिषद्मा नेपाल सरकारका मन्त्री, राज्यमन्त्री, संघीय संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सरकारका मुख्यमन्त्रीहरू, संघीय संसदका समितिका सभापतिहरू, नेपाल राष्ट्र बैंकका गभर्नर, प्रदेश सरकारका योजना हेर्ने मन्त्रालय वा निकायका प्रमुख सदस्यका रुपमा र जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रतिनिधिहरू, कानून बमोजिम स्थापना भएका विभिन्न संघ संस्थाका प्रतिनिधिहरू र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको विशेषज्ञ एवम् विज्ञहरूको प्रतिनिधित्व रहने गरी नेपाल सरकारबाट मनोनित पच्चीस जना सदस्य रहने व्यवस्था छ। दीर्घकालीन वा आवधिक विकास नीति वा योजना तर्जुमा गर्ने समयमा आयोगले तयार गरेको खाकामा सरोकारवाला सबै पक्षको छलफलका लागि परिषद्को बैठक बस्ने गरेको छ। यस परिषद्मा छलफल गरिसकेपछि मात्र परिषद्को निर्देशन अनुसार दीर्घकालीन विकास नीति वा आवधिक योजना नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रस्तुत गर्ने व्यवस्था रहेको छ।

### राष्ट्रिय विकास समस्या समाधान समिति

विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्न र तिनको प्रगति समीक्षा, समस्याको समाधानलगायत नीतिगत विषयको काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कनसम्बन्धी सर्वोच्च संयन्त्रका रुपमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०४९/०४/८ को निर्णयानुसार राष्ट्रिय विकास समस्या समाधान समिति रहने संस्थागत व्यवस्था गरिएदेखि हालसम्म यस समितिले परिवर्तित संरचना अनुसार नै कार्य गर्दै आएको छ। विशेषगरी यसले विभिन्न मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रम/आयोजनाहरूको कार्यान्वयन स्थितिको समीक्षा गर्ने, मन्त्रालयस्तरको विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने, कार्यक्रम/आयोजनाको कार्यान्वयन तहमा भएका अन्तरमन्त्रालय समन्वय सम्बन्धी विषय, नीतिगत एवम् कानुनी विषयवस्तुहरूका सम्बन्धमा देखिएका समस्याहरूको समाधान गर्ने, कार्यक्रम/आयोजनाको कार्यान्वयनमा देखिने गरेका एकै प्रकृतिका समस्याको स्थायी समाधानका लागि अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गराउने र प्राप्त सुझावका आधारमा नीतिगत निर्णय लिने, प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकी पेश हुन आएका वा अन्तर प्रदेश प्रकृतिका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने वा निर्देशन दिने र संघ, प्रदेश र स्थानीय तहमा गरिने अनुगमन तथा मूल्यांकन कार्यको समन्वय गर्ने र सोसम्वन्धी आवश्यक निर्देशन दिने कार्य गर्दछ।

उल्लिखित कार्यका लागि राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ अनुसार राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक प्रत्येक चौमासिक अवधि अन्त्य भएको अर्को महिनाको अन्तिम हप्ता (मंसिर, चैत्र, श्रावण) को उपयुक्त मितिमा बस्ने व्यवस्था छ । त्यसैगरी, मन्त्रालयस्तरवाट समाधान हुन नसकी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट समाधान गर्नुपर्ने प्रकृतिका देखिएका समस्याहरूको बारेमा छलफल र विश्लेषण गरी समाधानका लागि उपयुक्त सुझाव तयार गर्न, समस्याग्रस्त र विशेषरुपमा अनुगमन गर्नुपर्ने कार्यक्रम तथा आयोजनाहरुको पहिचान गरी तिनीहरुको कार्यान्वयनका लागि आवश्यक निर्देशन दिन, अनुगमन तथा मूल्यांकनसँग सम्वन्धित विषयमा आवश्यक समन्वय र निर्देशन दिने कार्यका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान उपसमिति रहने व्यवस्था छ । सो उपसमितिको बैठक राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक बस्नुपूर्व चार महिनामा एकपटक बस्ने गर्दछ । सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय विकास समस्या समाधान समितिको संरचना अनुसूची - ३ मा उल्लेख गरिएको छ ।

केन्द्रीयस्तरमा अनुगमन एवम् अन्तरमन्त्रालय तथा निकाय समन्वय गरी गरिवीको अवस्थाका बारेमा गरिने सर्वेक्षण, तथ्यांक संकलन र विश्लेषण तथा राष्ट्रिय स्तरको प्रतिवेदन तयारी सम्वन्धमा आवश्यक मार्गदर्शन दिन, प्रत्येक आर्थिक वर्षमा राष्ट्रिय योजना आयोग र मन्त्रालयहरुबाट प्रभाव मूल्यांकन गरिने संभाव्य नीति, कार्यक्रम तथा आयोजनाहरुको सिफारिस गर्ने ब्यबस्था छ। आयोगको गठन आदेशमा उल्लेखित काम, कर्तव्य र अधिकारका क्षेत्रभित्र रही माथि उल्लिखित संस्थागत तथा कार्यगत व्यवस्थाका अतिरिक्त आयोगले आफ्नो कार्य क्षेत्रभित्र पर्ने जिम्मेवारीहरू तथा नेपाल सरकारको निर्णयद्वारा आफूलाई सुम्पने कार्यजिम्मेवारी सम्पादन गर्ने क्रममा आयोगको बैठकबाट निर्णय गरी कार्य सम्पादन गर्दै आएको छ । आर्थिक वर्ष २०७५/७६ को अवधिमा भएको आयोगको बैठकका निर्णयहरू अनुसूची - १७ मा प्रस्तुत गरिएको छ ।

परिच्छेद – दुई

# आयोगबाट सम्पादित प्रमुख कार्यहरू एवम् उपलब्धि

## २.१ चौधौं योजनाको समीक्षा

आर्थिक वर्ष २०७५/७६ सम्मको छ दशकभन्दा बढीको योजनावद्ध विकासको इतिहासमा आयोगले राष्ट्रको समग्र विकासका निमित्त दीर्घकालीन विकास योजना तर्जुमा गर्ने, विषय क्षेत्रगत नीति निर्माणमा तथ्यपरक सल्लाह सुझाव उपलब्ध गराई सहजीकरण गर्ने, नतिजामूलक कार्यक्रम तथा आयोजनाहरूका माध्यमबाट कार्यान्वयनमा लैजाने र अन्तर मन्त्रालय तथा तहगत समन्वय र सहजीकरण गर्ने कार्यमा अहम् भूमिका खेल्दै आएको छ । आयोगले हालसम्म नौवटा पञ्चवर्षीय र पाँच वटा त्रिवर्षीय आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गरिसकेको छ भने हालै तर्जुमा भएको दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको आधारपत्र चालु आर्थिक वर्ष कार्यान्वयनको आधारवर्षको चरणमा छ । नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त एवम् नीति तथा दायित्वहरूको पूर्ण कार्यान्वयनका लागि विस्तृत दस्तावेज सहितको पन्ध्रौं योजनालाई प्रभावकारी कार्यान्वयन गर्नु जरुरी पनि छ। त्यसैगरी, वि. सं. २०७९ सम्ममा नेपाललाई अल्प विकसित राष्ट्रबाट स्तरोन्नति गर्दै वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकमा पुऱ्याउन र अन्तर्राष्ट्रियस्तरमा नेपालले गरेको प्रतिवद्धता अनुरुप सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्ने दिशामा विकासका प्रयासहरू निर्देशित गर्नु महत्वपूर्ण रहेको छ । यसै सन्दर्भमा आयोगले विषय क्षेत्रगत नीति तथा योजना निर्माण, नयाँ कार्यक्रम र आयोजनाहरूको तर्जुमा र कार्यान्वयनमा समन्वय एवम् सहजीकरण गर्दै आएको छ ।

वर्तमान सरकारले **समृद्ध नेपाल, सुखी नेपाली**को दीर्घकालीन दूरदृष्टीलाई केन्द्रविन्दुमा राखी विकास योजनाको साथै नीति तथा कार्यक्रमका माध्यमबाट कार्य प्रारम्भ गरे अनुरुप दिगो विकासका लक्ष्यको आन्तरिकीकरण तथा स्थानीयकरण, विकास र समृद्धिको आकांक्षालाई दीर्घकालीन सोच र सो अनुरुपको आवधिक राष्ट्रिय योजना, मध्यकालीन खर्च संरचनाको साथै तद्अनुरुपको वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने कार्ययोजनाका साथ वर्तमान आयोग क्रियाशील रहेको छ ।

आयोगको गठन आदेश अनुसार चारवटा विषयगत कार्यक्षेत्र रहेका छन् : **(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा, (ख) अनुगमन तथा मूल्याङ्कन, (ग) तहगत समन्वय र (घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण**। आर्थिक वर्ष २०७५/७६ को अवधिमा आयोगबाट सम्पादित मुख्य मुख्य कार्यहरू र सोबाट हासिल गरेका उपलब्धिलाई यिनै चार वटा कार्यक्षेत्र अन्तर्गत र दिगो विकास लक्ष्यलाई समेत समावेश गरी यस परिच्छेदमा उल्लेख गरिएको छ।

ऐतिहासिक संविधान सभाबाट संविधान जारी भएपछिको पहिलो योजनाको रूपमा चौधौं योजना (आ.व. २०७३/७४-२०७५/७६) तर्जुमा भएको थियो। योजनाले कृषि उपज, औषधि तथा ऊर्जा क्षेत्रमा आत्मनिर्भर बनाउँदै स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने सोच लिएको थियो। योजनाले सामाजिक न्याय सहितको लोक कल्याणकारी राज्य हुँदै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य लिएको थियो। साथै, यो योजना दिगो विकास लक्ष्यहरूलाई मूलप्रवाहीकरण एवम् आन्तरिकीकरण गर्ने प्रयास गरेको पहिलो योजना थियो। योजना तर्जुमाका बखत विनाशकारी भूकम्पबाट अर्थतन्त्रमा करिब रू. सात खर्ब बराबरको क्षति भएको थियो। दक्षिणी सीमा नाकामा लामो समयसम्म भएको अवरोधबाट अर्थतन्त्रमा थप नोक्सानी भएको थियो। यसका कारण लगानीको वातावरण समेत प्रतिकूल रहेको थियो। सार्वजनिक लगानीमा उल्लेख्य वृद्धि गरी भूकम्प पछिको पुनर्निर्माणलाई तीव्रता दिने, संघीयता कार्यान्वयन र व्यवस्थापनका साथै दक्षिण सीमानाको व्यापारिक अवरोधबाट अर्थतन्त्रमा भएको नोक्सानीलाई सम्बोधन गर्ने गरी योजना तर्जुमा भएको थियो।

संविधानले तय गरेको विकासको कार्यदिशा बमोजिम राष्ट्रिय अर्थतन्त्रलाई समाजवाद उन्मुख, आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउने सोचलाई कार्यान्वयन गर्दै दिगो विकास सहितको समृद्धिको मार्गमा राष्ट्रलाई अगाडि बढाउनेतर्फ चौधौं योजना उन्मुख थियो। साथै, संविधान कार्यान्वयन गर्ने प्रारम्भिक कार्यको रूपमा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने, संघीयता कार्यान्वयन र व्यवस्थापनका लागि आवश्यक कानुन र संरचना निर्माण गर्ने उद्देश्य रहेको थियो।

संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भई तीन तहका सरकार क्रियाशील रहेका छन्। यसबाट लामो समय देखिको राजनैतिक संक्रमणकाल समाप्त भई राजनैतिक स्थायित्व कायम भएको छ। संघीय संरचनामा तीन तहका सरकारका अधिकार सूचीको प्रयोग र सोही अनुरूप विधि र संरचना निर्माण गर्ने कार्य तीव्र भएको छ। मुलुकले खोजेको आर्थिक समानता, सुशासन, विकास, समृद्धि र सामाजिक न्यायको सुनिश्चितताका लागि चौधौं योजनाको पहिलो दुई वर्ष महत्वपूर्ण वर्षका रूपमा रहे अनुरुप राजनैतिक स्थायित्वको लागि जनमत प्राप्त भई स्थिर सरकार गठन भए पश्चात् लगानीको वातावरण अनुकूल भएको र वित्तीय संघीयताको कार्यान्वयन समेत

प्रारम्भ भएको छ । वित्त नीति तथा उत्प्रेरणाको माध्यमबाट विनाशकारी भूकम्प तथा दक्षिणी सीमा नाकामा भएको अवरोधबाट अर्थतन्त्रमा देखापरेका प्रतिकूलता हटाउँदै समष्टिगत आर्थिक स्थायित्व कायम गर्न यो योजना सफल भएको छ। योजना र बजेट प्रणालीबीचको अन्तरसम्बन्ध अभिवृद्धि गर्ने र वित्त प्रणाली सुदृढ तथा प्रतिफलयुक्त बनाउन मध्यमकालीन खर्च संरचना समेत यसै योजनाको आधारमा तयार भएको थियो ।

चौधौं योजनाले उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरण सहितको उच्च आर्थिक वृद्धिद्वारा गरिबी द्रूत रूपमा न्यूनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्ने उद्देश्य लिएको थियो। सो अनुरूप कुल गार्हस्थ्य उत्पादनको औसत वार्षिक वृद्धिदर ७.२ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा आ.व. २०७३/७४ मा ७.७ प्रतिशत, आ.व. २०७४/७५ मा ६.३ प्रतिशत र आ.व. २०७५/७६ मा ६.८ प्रतिशत  गरी औसत ६.९ प्रतिशत वृद्धि भएको छ। क्षेत्रगत आधारमा यस अवधिमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि वार्षिक औसत ४.२ प्रतिशत र गैह्रकृषि क्षेत्रको ८ प्रतिशत रहेको छ। आठौं योजना पश्चातका अन्य योजनाले तोकेको लक्ष्यको तुलनामा समीक्षा अवधिको आर्थिक वृद्धिदर (६.९ प्रतिशत) लक्ष्यको सबैभन्दा नजिक रहेको छ। आ.व. २०७५/७६ सम्ममा अर्थतन्त्रको आकार रू. ३४ खर्ब ६४ अर्ब पुगेको छ।

योजना अवधिमा लगानीमैत्री आर्थिक नीति, विद्युत आपूर्ति प्रणालीमा भएको निरन्तर सुधार, श्रम सम्बन्धमा सुधार र राजनीतिक स्थायित्वले गर्दा लगानीको वातावरणमा आएको अनुकूलताका कारण अर्थतन्त्रमा सकारात्मक असर पुग्न गएको छ। सन् २०१८ मा ११ लाख ४० हजार पर्यटक नेपाल प्रवेश गर्नुले मुलुकको अर्थतन्त्र सकारात्मक दिशातिर अघि बढिरहेको पुष्टि हुन्छ। साथै, जनसांख्यिक लाभांश, लगानीमैत्री वातावरण, विकसित सामाजिक-आर्थिक पूर्वाधार, भूकम्पपछिको तीव्र गतिको पुनर्निर्माण र ऊर्जा उत्पादनमा भएको वृद्धि लगायतका सकारात्मक परिदृश्यबाट मूलुकको विकास र समृद्धिको प्रस्थान बिन्दूका आधार तयार भएको छ।

योजना अवधिको शुरुका दुई वर्ष आ.व. २०७३/७४ र आ.व. २०७४/७५ मा कुल सरकारी खर्च क्रमशः रू. ८ खर्ब १९ अर्ब ४६ करोड ८८ लाख ८५ हजार र रू. १० खर्ब ८४ अर्ब ९२ करोड १३ लाख ५४ हजार रहेको थियो।  कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) को अनुपातमा उक्त रकम क्रमशः ३१ र ३६ प्रतिशत हुने देखिन्छ। विगतभन्दा तीव्र रूपमा भइरहेको आर्थिक विस्तार एवम् विस्तारकारी वित्त नीतिको कार्यान्वयन गर्दा पनि कुशल मौद्रिक नीति कार्यान्वयनको कारण पछिल्लो दशकमा मुद्रास्फीति न्यून रहेको छ।

मानव विकास सूचकांक ०.५७ र अपेक्षित आयु सरदर ७२ वर्ष पुऱ्याउने लक्ष्य रहेकोमा समीक्षा अवधिमा क्रमशः ०.५७४ र ७० वर्षको हाराहारीमा पुगेको छ। स्वच्छ खानेपानी सेवा पुगेको जनसंख्या ९० प्रतिशत, माध्यमिक तहमा खुद भर्नादर ४५ प्रतिशत र १५ देखि २४ वर्ष उमेर

समूहको साक्षरता दर ९२ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा क्रमश ८८, ४३.९ र ८५ प्रतिशत पुगेको छ । सामाजिक परिसूचकका पहुँचगत लक्ष्य प्राप्तिमा उल्लेख्य प्रगति भए तापनि यसको गुणात्मक पक्षमा सुधारको आवश्यकता रहेको छ ।

चौधौं योजनाको प्रमुख आर्थिक, सामाजिक तथा भौतिक लक्ष्यहरू र दुई वर्षको प्रगति निम्न तालिकामा देखाइएको छ । योजना अवधिभरको कुल गार्हस्थ्य उत्पादनसँग सम्बन्धी तथ्याङ्कीय विवरण यहाँ उल्लेख गरिएका छ ।

### चौधौं योजनाको आर्थिक, सामाजिक र भौतिक उपलब्धि

| सूचक | आधारवर्ष (२०७२/७३) | आ.व.२०७५/७६ सम्मको लक्ष्य | आ.व. २०७४/७५ सम्मको प्रगति |
|---|---|---|---|
| १. वार्षिक औसत आर्थिक वृद्धिदर (प्रतिशत)१ | ०.८ | ७.२ | ६.९ |
| २. कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)१ | १.३ | ४.७ | ४.२ |
| ३. गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत) १ | ०.६ | ८.४ | ८.० |
| ४. मुद्रास्फीति (प्रतिशत) | ९.५ | ७.५ | ४.४ |
| ५. प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (रु हजारमा) १ | ७९.४ | ११६.५ | ११७.५ |
| ६. गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत) | २१.६ | १७ | १८.७ |
| ७. मानव विकास सूचकाङ्क | ०.५४ | ०.५७ | ०.५७४ |
| ८. लैङ्गिक सशक्तीकरण सूचकाङ्क | ०.५६ | ०.५८ | ०.५६८ |
| ९. अपेक्षित आयु (जन्मेको समयमा, वर्ष) | ६९ | ७२ | ६९.७ |
| १०. खानेपानी सेवा पुगेको जनसङ्ख्या (प्रतिशत) | ८३.६ | ९० | ८९ |
| ११. माध्यमिक तहमा खुद भर्नादर (प्रतिशत) | ३७.७ | ४५ | ४६.९ |
| १२. १५-२४ वर्ष उमेर समूहको साक्षरता दर | ८८.६ | ९२ | ९२ |
| १३. विद्युत उत्पादन (जडित क्षमता, मेगावाट) | ८५१ | २३०१ | १,३२५ |
| १४. विद्युत्मा पहुँच प्राप्त परिवार (प्रतिशत) | ७४.० | ८७ | ९०.७ |
| १५. सिँचाइ (हेक्टर लाखमा) | १३.९ | १५.२ | १४.७ |
| १६. इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ४४.४ | ६५ | ६३.३ |

स्रोत: १. राष्ट्रिय लेखा २०७५/७६ को प्रारम्भिक अनुमान ।

## २.२ विषय क्षेत्रगत कार्यसम्पादन प्रगति

### क. दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय तथा सहजीकरण

(क) चौधौं योजनाले लिएको सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएको मुलुकको स्तरमा पुग्ने लक्ष्य तथा उत्पादनशील रोजगारीउन्मुख र न्यायपूर्ण वितरण

सहितको उच्च आर्थिक वृद्धिद्वारा द्रूत गरिवी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्ने उद्देश्य अनुरुप कार्यान्वयन गरिएको चौधौं योजनाको त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागबाट मूल्याङ्कन गराई समीक्षा गरियो ।

(ख) "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्यको आधारमा तयार गरिएको दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना (आ.व. २०७६/७७ (२०८०/८१) को आधारपत्रलाई राष्ट्रिय विकास परिषद्को बैठक, २०७५ बाट पारित गरी नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति पश्चात प्रकाशित गरियो ।

(ग) पन्ध्रौं योजनाको आधारपत्रमा उल्लिखित समृद्धि र सुखीपनका सूचकहरु हासिल गर्ने गरी आ.व. २०७६/७७ को वार्षिक विकास कार्यक्रम तथा बजेट तयार गर्नका लागि आयोगका उपाध्यक्षको अध्यक्षतामा स्रोत समितिको बैठक बस्यो । उक्त समितिले स्रोत पहिचान तथा आँकलन, कूल बजेटको आकार र विषय क्षेत्रगत तथा निकायगत बजेट सीमा निर्धारण, नेपाल सरकारको वार्षिक विकास कार्यक्रम तथा बजेट र मध्यमकालीन खर्च संरचना तयार गर्ने सम्बन्धी मार्गदर्शन, २०७५ जारी गरेको थियो ।

(घ) आ.व. २०७६/७७ देखि आ.व. २०८०/८१ सम्मको अवधिका लागि कार्यान्वयनमा रहेको पन्ध्रौं योजनालाई आधार लिई नतिजा सूचक सहितको आ.व. २०७६/७७ को वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी संघीय संसदबाट स्वीकृत भए अनुसार कार्यान्वयनमा लगिएको छ ।

(ङ) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने र दफा २२ अनुसार राजश्व र व्ययको अनुमान पेश गर्दा मध्यकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम नेपाल सरकारको तीन आर्थिक वर्ष अवधिका लागि मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७६/७७ - २०७८/७९) तयार गरी संघीय संसदमा प्रस्तुत गरिएको थियो ।

(च) राष्ट्रिय आयोजना बैंक सम्वन्धी अवधारणापत्रसँगै यसको मार्गदर्शन तयार गरिएको छ। राष्ट्रिय आयोजना बैंक र राष्ट्रिय आयोजना व्यवस्थापन सूचना प्रणालीको प्रारम्भिक सफ्टवेयरको विकास गरी Ongoing तथा Future Projects को विवरण तयार गर्नेको कार्य शुरुवात गरिएको छ। साथै मन्त्रालयहरुमा आयोजना बैंकको सम्पर्क व्यक्ति तोकी अभिमुखीकरण कार्य सम्पन्न गरी राष्ट्रिय आयोजना बैंकसम्वन्धी हाते पुस्तिका तयार गर्नुका साथै केन्द्रीय स्तरको गोष्ठी भएको छ ।

(छ) मुलुकको योजना प्रणालीलाई संघीय व्यवस्था अनुरुप समायोजन गरी राष्ट्रिय योजनासँग तादात्म्यता कायम गर्न संघ, प्रदेश र स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहजीकरण र सहकार्य गर्नका लागि प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमुना),२०७५ तयार गरिएको छ ।

(ज) राष्ट्रिय योजना आयोगको नेतृत्वदायी भूमिका रहने गरी Scaling Up Nutrition (SUN) Global Gathering, 2019 नोभेम्वर ४ देखि ७ सम्म नेपालमा आयोजना गर्ने विषयमा नेपाल सरकार मन्त्रिपरिषदबाट निर्णय गरी आयोगका शिक्षा र स्वास्थ्य हेर्ने माननीय सदस्यज्यूको संयोजकत्वमा Global Gathering आयोजना तथा प्रभावकारी व्यवस्थापनमा महत्वपूर्ण भूमिका रहने सम्वन्धित मन्त्रालय तथा विभागका सहसचिवस्तरका सदस्यहरु रहनेगरी आयोजक समित गठन गरी पूर्व तयारीका कार्यहरु प्रारम्भ गरिसकिएको छ ।

(झ) आर्थिक वर्ष २०७६/७७ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रममा रहेका आयोगको कार्यक्षेत्रमा पर्ने कार्यहरू समेटी कार्य जिम्मेवारी सहितको राष्ट्रिय योजना आयोगको वार्षिक कार्यान्वयन कार्ययोजना, २०७६ आयोगबाट स्वीकृत गरी कार्यान्वयनमा लगिएको छ ।

(ञ) यस कार्ययोजनामा उल्लेखित आ.व. २०७६/७७ मा आयोगबाट सम्पादन गरिने राष्ट्रिय महत्वका र दूरगामी प्रभाव राख्ने महत्वपूर्ण कार्यहरूमा पन्ध्रौं योजनाको विस्तृत दस्तावेजलाई अन्तिम रुप दिने, दिगो विकास लक्ष्य आन्तरिकीकरण गर्ने, प्रदेश तथा स्थानीय तहमा समपूरक र विशेष अनुदान बाँडफाँड गर्ने, मध्यकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने, अध्ययन अनुसन्धान तथा प्रतिवेदनको कार्य गर्ने राष्ट्रिय आयोजना बैंक तथा समष्टिगत आर्थिक मोडेलिङ्ग ल्याब लगायतका कार्यहरुको प्रणाली विकास गर्ने, अन्तर्राष्ट्रिय सम्मेलनको रुपमा सन ग्लोवल ग्यादरिङ्गको आयोजना गर्ने, तथ्याङ्क सम्वन्धी नीति, कानुन, गणना तथा सर्वेक्षण तथा विकास व्यवस्थापन सम्बन्धित कार्यहरू रहेका छन् ।

## ख. अनुगमन, मूल्याङ्कन तथा अनुशिक्षण

(क) आयोगले अनुगमन, मूल्याङ्कन तथा अनुशिक्षणका माध्यमबाट विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनालाई उपलब्ध गराइएको साधन श्रोतको उच्चतम् उपयोग गर्दै तोकिएकै समयमा कार्यसम्पन्न गरी लक्षित उद्देश्य हासिल गर्न गराउन विभिन्न नीतिगत, कानुनी तथा संस्थागत प्रयास गर्दै आएको छ ।

(ख) आयोगको गठन आदेशको दफा ६ को खण्ड (ख) 'अनुगमन तथा मूल्याङ्कन' अन्तर्गत मुलुकको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई नेपाल सरकारका विभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने कार्यादेश अनुरुप सरकारी निकायहरूमा अनुगमन तथा मूल्याङ्कन प्रणाली, पद्धति र प्रकृयालाई संस्थागत एवम् व्यवस्थित गर्दै कानुनद्वारा निर्देशित गर्न अनुगमन तथा मूल्याङ्कन विधेयकको मस्यौदा तयार गरी मन्त्रिपरिषदमा प्रेषित छ ।

(ग) संघीयता कार्यान्वयनको सन्दर्भ र दिगो विकासका लक्ष्यको अनुगमन तथा आवधिक रुपमा प्रगति समीक्षा गर्न र राष्ट्रिय प्राथमिकता एवम् राष्ट्रिय महत्वका आयोजनाहरूको अनुगमन

तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाउन विद्यमान अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० लाई परिमार्जन गरी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ तयार भई कार्यान्वयनमा आइसकेको छ ।

(घ) संघीय प्रयोजनको लागि राष्ट्रिय अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन, २०७५ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ भने प्रदेशको प्रयोजनका लागि समेत प्रदेश स्तरीय अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन, २०७५ (नमूना) तर्जुमा गरी सम्बन्धित प्रदेशहरुमा मार्गदर्शनको रुपमा पठाईएको छ ।

(ङ) नीति निर्माताहरुलाई नीति निर्माण, योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनका लागि आवश्यक पर्ने समष्टीगत आर्थिक तथ्यांकहरु सहज तरिकाले उपलब्ध गराउने उद्देश्यले आर्थिक सर्वेक्षणबाट प्राप्त समष्टीगत आर्थिक परिसूचकहरुको हाते पुस्तिका छपाई गर्ने कार्य सम्पन्न भएको छ ।

(च) आर्थिक पूर्व सावधानी प्रणाली विकासका लागि अवधारणापत्र तयार गरी आर्थिक क्षेत्रसँग सम्बन्धित निकायका प्रतिनिधीहरु संलग्न निर्देशक समिति तथा प्राविधिक समिति गठन भई दुई दिने कार्यशाला संचालन गरी आर्थिक पूर्व सावधानी प्रणालीको प्रारम्भिक ढाँचा र सूचकहरुको विकास गरियो ।

(छ) राष्ट्रिय अनुगमन मूल्याङ्कन दिग्दर्शन, २०७५ को प्रावधान बमोजिम अन्तर मन्त्रालय प्रकृतिका विकाससँग सम्बन्धित समस्याहरूको समाधान तथा तहगत र अन्तरप्रदेश समन्वय गर्नुपर्ने विषयमा सही उपायहरू पहिल्याइ समयमै उचित निकास दिन र लक्षित नतिजा हासिल गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ४३औं, ४४औं र ४५औं बैठकहरु तीन पटक सम्पन्न भएका छन् । उल्लिखित तीनैवटा बैठकका निर्णयहरु कार्यान्वयनका लागि सम्वन्धित मन्त्रालयमा परिपत्र गर्नुका साथै राष्ट्रिय योजना आयोगको वेबसाईटमा राखी सार्वजनिक संप्रेषण गरिएको छ । आयोगद्वारा निर्णयको जिम्मेवारी तोकिएका सम्वन्धित मन्त्रालयबाट कार्यान्वयनको अवस्थाको बारेमा अध्यावधिक लिने र फलोअप गर्ने गरिएको छ । साथै आयोगको आफ्नै जिम्मेवारीभित्र परेका निर्णयहरुको कार्यान्वयनको स्थिति अनुसूची - ५ मा प्रस्तुत गरिएको छ ।

(ज) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी ५ वर्षे कार्ययोजना (सन् २०१६ - सन् २०२०) तर्जुमा गरिएको छ । उक्त कार्ययोजनाका आधारमा वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना २०७५/७६ तयार गरी कार्यान्वयन गर्दै एकीकृत राष्ट्रिय मूल्याङ्कन कार्यक्षेत्र (२०१६ - २०२०) को प्रगति समीक्षा गरियो । मन्त्रालय तथा सम्वन्धित निकायका योजना अनुगमन तथा मूल्याङ्कन महाशाखामा कार्यरत कर्मचारीहरु लगायत आयोगका कर्मचारीहरुको अनुगमन तथा दिगो विकास सम्वन्धी विषयमा क्षमता अभिवृद्धि तालिम सम्पन्न गरियो । आयोगबाट अघिल्लो आर्थिक वर्षमा सम्पन्न भएका आन्तरिक मूल्याङ्कन प्रतिवेदन र तेस्रो पक्ष मूल्याङ्कन प्रतिवेदनहरु आयोगको वेबसाईटमा राखी सम्प्रेषण गरियो ।

(झ) हुलाकी राजमार्ग, चेपाङ मार्ग, प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना, तेस्रो साना शहरी खानेपानी आयोजना, कपिलवस्तु, मालपोत तथा भूमिसुधार कार्यालय, झापा, प्रगन्ना बड्कापथ सिँचाई आयोजना, दाङ, जनताको तटवन्ध कार्यक्रम, दाङ, नयाँ मोदी लेखनाथ प्रशारण लाईन आयोजना, कालीगण्डकी प्रशारण कोरिडोर आयोजना र रघुघाट जलविद्युत आयोजना लगायतका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुको स्थलगत अनुगमन गरियो ।

(ञ) राष्ट्रिय गौरबका आयोजनाहरूको आ.व. २०७५/७६ अवधिको प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गर्ने चरणमा रहेको छ भने आ.व.२०७५/०७६ मा आयोगका पदाधिकारी तथा कर्मचारीहरूबाट भएको देहायका राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयन अवस्थाको स्थलगत अनुगमनबाट सम्वन्धित निकायले प्रभावकारी कार्यान्वयनमा ध्यान केन्द्रित गर्नुपर्ने सुझावहरु सहितको प्रतिवेदन तयार गरी सम्वन्धित मन्त्रालय तथा आयोगमा पेश गरिएको थियो । केही अपेक्षित नतिजा ल्याउन सफल आयोजनाहरु र द्रूत गतिमा काम भएका आयोजनाहरुको बारेमा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा वृतचित्र सहित प्रस्तुत गरियो ।

- मेलम्ची खानेपानी आयोजना
- सिक्टा सिंचाई आयोजना
- भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना
- माथिल्लो तामाकोशी जलविधुत आयोजना
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आयोजना
- लुम्विनी विकास आयोजना
- उत्तर दक्षिण कर्णाली लोकमार्ग

उपरोक्त आयोजनाहरुको अनुगमन प्रतिवेदनका सारांश अनुसूची-६ मा प्रस्तुत गरिएको छ ।

## ग. तहगत समन्वय एवम् सहकार्यात्मक संघीयताको सुदृढीकरण

(क) प्रदेश सरकारहरूले आर्थिक वर्ष २०७६/७७ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सँगै अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था भएअनुसार आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता ल्याउँदै विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक श्रोतको प्रभावकारी व्यवस्थापन गर्ने महत्वपूर्ण औजारको रुपमा रहेको तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी कार्यमा प्रदेशस्तरीय समन्वय तथा सहजीकरण गरियो ।

(ख) राष्ट्रिय विकास समस्या समाधान समितिका बैठकहरुमा पहिलोपटक प्रदेशका मुख्यमन्त्रीज्यूहरुलाई आमन्त्रण गरी तहगत समन्वय एवम् सहकार्यात्मक संघीयताको अवधारणा अनुरुप विकास आयोजनाहरुको प्रभावकारी कार्यान्वयनमा आएका कठिनाईहरु समाधान गर्ने विषयमा छलफल गरियो ।

(ग) पन्ध्रौं योजना तर्जुमाको सन्दर्भमा राष्ट्रिय विकास परिषद्, २०७५ को बैठक, आयोगको पूर्ण बैठकहरु, आयोगका नियमित बैठकहरु, निर्देशक / विषयक्षेत्रगत समितिका बैठकहरु, राष्ट्रिय तथा प्रदेश तहमा परामर्श तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्नुका साथै सोका लागि तथ्यांक विश्लेषण र प्रस्तुतीकरण लगायतका प्राविधिक पक्षहरुमा ज्ञान स्थानान्तरण र अनुभव आदानप्रदान गर्ने कार्य सम्पन्न गरिएको छ ।

(घ) विकास आयोजनाहरुलाई नतिजामूलक, समयवद्ध र लागत प्रभावकारी बनाई द्रूत विकास कार्य सम्पन्न गर्न राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५ र आयोजनाहरुको बहुवर्षीय ठेक्का सम्वन्धी मापदण्ड, २०७६ तयार गरी कार्यान्वयनमा ल्याईएको छ । दुवै मापदण्डको दस्तावेजहरु क्रमशः अनुसूची ७ र ८ मा राखिएको छ ।

(ङ) राष्ट्रिय आवास नीति, राष्ट्रिय शहरी नीति, राष्ट्रिय यातायात नीति, कृषि विकास रणनीति, वन नीति, २०७१ र जलविद्युत नीति, २०५८ सम्वन्धमा नीति समीक्षा गरियो । साथै कर्णाली प्रदेश आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको विषय र विकासका लागि नागरिक समाजसँगको साझेदारी विषयमा नीति संवाद आयोजना गरियो ।

(च) राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७५; भूमि नीति, २०७५; राष्ट्रिय जलश्रोत नीति, २०७५; राष्ट्रिय गरिबी निवारण नीति, २०७५; राष्ट्रिय कृषि नीति, २०७५; राष्ट्रिय वन नीति, २०७५; राष्ट्रिय मल नीति, २०७५; राष्ट्रिय वातावरण नीति, २०७५; राष्ट्रिय शिक्षा नीति, २०७५; राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रर्वतन नीति, २०७५; राष्ट्रिय स्वास्थ्य नीति, २०७५; राष्ट्रिय आप्रवासन स्वास्थ्य नीति, २०७५; आधारभूत स्वास्थ्य सेवा, २०७५; राष्ट्रिय लैंगिक समानता नीति, २०७५; डिजिटल नेपाल फ्रेमवर्कस वन विकास कोष (स्थापना तथा संचालन) निर्देशिका, २०७६; राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६; लगानी बोर्ड ऐन, २०७५ लगायतका कानुन र नीति मस्यौदामा राय/सुझाव प्रदान गरियो ।

(छ) दिगो खानेपानी तथा ढल व्यवस्थापन आयोजना, बृहत् पम्पिङ्ग तथा यान्त्रिक सुदृढीकरण आयोजना, महाकाली सिंचाई आयोजना (तेस्रो चरण), चितवन भूमिगत संयोजनात्मक जल सिंचाइ आयोजना, नयाँ पालुङटार कण्डुटार सिंचाइ आयोजना, कोशी वक्राहा सिंचाइ आयोजना, एकिकृत ऊर्जा तथा सिंचाई विशेष कार्यक्रम, प्रकृतिमा आधारित पर्यटन कार्यक्रम, सिमसार व्यवस्थापन कार्यक्रम, जोखिमयुक्त जलाधारमा जलवायु समानुकूल कार्यक्रम स्वास्थ्य क्षेत्र अन्तर्गतको उपचारात्मक कार्यक्रम र नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रम जस्ता नयां आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनका लगि सहमति प्रदान गरियो ।

## घ. अध्ययन, अनुसन्धान तथा अन्वेषण

(क) नेपाल तथा सार्क मुलुकहरुमा राष्ट्रिय नीति र विकास आयोजना सम्वन्धी विविध विषयमा भएका अनुसन्धानका क्षेत्रहरुको पहिचान र अध्ययनको प्रतिवेदन तयार गरी सम्वन्धित क्षेत्र हेर्नुहुने माननीय सदस्यज्यूसमक्ष प्रस्तुत गर्दै आगामी दिनमा अनुसन्धानको नयाँ नयाँ क्षेत्रहरु पहिचान गरी ती क्षेत्रहरुलाई प्राथमिकता दिएर लैजानुपर्ने विषयमा पृष्ठपोषण प्राप्त गरियो ।

(ख) अनुसन्धान तथा विकासलाई अन्तरसम्वन्धित विषयक्षेत्रको रुपमा पन्ध्रौं योजनाको आधारपत्रमा समावेश गर्दै यस क्षेत्रमा राष्ट्रिय लगानी वृद्धि गर्ने र विशेषगरी नीति पृष्ठपोषणलाई अनुसन्धानको क्षेत्र बनाउनुपर्ने तथा आयोजना अनुसन्धान विकासमा जोड दिने सम्वन्धमा रणनीति तथा कार्यनीतिहरु तयार गरिएको छ ।

(ग) त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभागको परामर्शमा चौधौं योजनाको मध्यावधि समीक्षा गराई प्रतिवेदन प्राप्त गरियो ।

(घ) अर्थ मन्त्रालयको राजश्व परामर्श समिति अन्तर्गत रहेको पूर्वाधार सूचना प्रविधि र आर्थिक विकास उपसमितिका प्रतिनिधिहरुको सहभागितामा भएको छलफलबाट प्राप्त सुझावहरु समेटिएको प्रतिवेदन तयार गरी राजश्व परामर्श समितिमा प्रेषित गरियो ।

(ङ) नेपाल मानव विकास प्रतिवेदन, २०१९ को तयारीको लागि निर्देशक समिति मार्फत प्रतिवेदनको Theme छनौट गरी विज्ञद्वारा कार्य अगाडि बढाउँदै नेपाल मानव विकास प्रतिवेदनको Inception Report तयार गरियो ।

(च) योजना विकास तथा आर्थिक सामाजिक रुपान्तरणसँग सम्वन्धित विषयहरुमा अध्ययन, अनुसन्धान, विश्लेषण तथा पृष्ठपोषणका कार्यहरु सम्पादन गर्दै समग्र आर्थिक विकासको प्रगति विश्लेषण गरी आर्थिक सुधारको प्याकेज तयार गर्न विज्ञ परामर्श बैठक तथा कार्यशाला संचालन गरियो ।

(छ) प्रारम्भिक वालविकासको राष्ट्रिय रणनीति, २०१९ - २०३० तयार गर्ने सम्वन्धमा विभिन्न विषयहरुमा अध्ययन तथा छलफल र अन्तरक्रिया गरी मस्यौदा तयार गरिएको छ ।

(ज) आयोगको अग्रसरता र शिक्षा मन्त्रालयको समन्वयमा विद्यालय सुधार विकास कार्यक्रमको एक अन्तर्राष्ट्रिय स्वतन्त्र मूल्याङ्कन संस्था अमेरिकाको मिनीसोटा विश्वविद्यालयबाट तेस्रो पक्ष मूल्याङ्कन गराई प्रारम्भिक प्रतिवदेन सार्वजनिक गरियो ।

(झ) नागरिक समाज संगठन फ्रेमवर्क र नेपालको विकासका उद्देश्य प्राप्तिमा गैर सरकारी संस्थाहरुको प्रभावकारिता सम्वन्धी विषयमा अध्ययन गरी प्रतिवेदन तयार गरियो ।

(ञ) विविध विषयक्षेत्रसँग सम्वन्धित विषयमा अध्ययन अनुसन्धान कार्यको लागि कार्यक्षेत्रगत शर्त तयार गरी संघीय वित्तीय शासन व्यवस्था अनुरुप वैदेशिक अध्ययनमा जाने विद्यार्थीको सम्वन्धमा अध्ययन अनुसन्धानको कार्य सम्पन्न गरियो ।

## ङ. दिगो विकास लक्ष्य:

(क) संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१६ देखि २०३० सम्म विश्वको रुपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछाड्ने प्रतिवद्धताका साथ सन् २०१५ को सेप्टेम्वरमा घोषणा गरिएको दिगो विकास लक्ष्यहरुको आन्तरिकीकरणका लागि सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकासको माध्यमबाट गरिवी र भोकमारीको अन्त्य गर्ने, सबैलाई स्वास्थ्य र शिक्षा पुऱ्याउने, लैंगिक समानता कायम गर्ने लगायतका विषयमा प्रदेश तहमा क्षमता विकास कार्यक्रम संचालन गरी समन्वयात्मक कार्य गरियो ।

(ख) नेपालको योजनावद्ध विकासको प्रकृयामा समाहित गर्दै आगामी दिनमा दिगो विकास लक्ष्य प्राप्त गर्ने गरी आवधिक योजना तथा वार्षिक विकास कार्यक्रम तर्जुमा, तिनको कार्यान्वयन र सोका लागि श्रोत साधनहरूको बाँडफाँटमा सुनिश्चितता गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा दिगो विकास लक्ष्य सम्बन्धी राष्ट्रिय निर्देशन समिति, सरकारी, निजी क्षेत्रका प्रतिनिधिहरू समेत सदस्य रहने गरी आयोगका उपाध्यक्षको अध्यक्षतामा कार्यान्वयन तथा समन्वय समिति र सोही अनुरुप आयोगका सम्बन्धित विषयगत क्षेत्र हेर्नु हुने सदस्यहरूको संयोजकत्वमा ७ वटा विषयगत समितिबाट सकृयताका साथ कार्य गरियो ।

(ग) विषयगत समितिहरुद्वारा सरोकारवाला निकायसँग छलफल तथा अर्न्तक्रिया गर्दै दिगो विकास लक्ष्यको आन्तरिकीकरण र स्थानीयकरण सम्वन्धी विभिन्न चरणमा बैठक आयोजना गरी सबै विषयगत क्षेत्रका योजनाहरुमा दिगो विकास लक्ष्य र यसका सूचकहरु समावेश गर्ने विषयमा सुझाव संकलन तथा ज्ञान आदान प्रदान गरियो ।

(घ) दिगो विकास लक्ष्यको कार्यान्वयनमा सहजता प्रदान गर्न "दिगो विकास लक्ष्यहरु : वर्तमान अवस्था र भावी मार्गचित्र (२०१६ - २०३०)" को नेपाली अनुवाद प्रकाशित गरियो ।

(ङ) दिगो विकासका लक्ष्यलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउन ती लक्ष्यहरुलाई समेटी नेपालको सन्दर्भमा दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लगानी तथा वित्तीय रणनीति, २०१८ तयार गरी प्रकाशित गरियो । उक्त प्रतिवेदनको सारसंक्षेपीकरण अनुसूची-४ मा प्रस्तुत गरिएको छ ।

(च) उक्त प्रतिवेदनको आर्थिक पत्रकार समूहसमक्ष प्रस्तुत गरी सो सम्वन्धमा छलफल आयोजना गरियो ।

(छ) दिगो विकास लक्ष्य तथा सूचकको बुकलेट प्रकाशन गरियो ।

(ज) दिगो विकास लक्ष्यको कार्यान्वयन सम्वन्धमा महालेखापरिक्षकको कार्यालयसँग अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरियो ।

(झ) प्रदेशस्तरीय ११९ वटा दिगो विकास लक्ष्यका सूचकहरु निर्धारण गरी दिगो विकास लक्ष्य आवधिक योजना, मध्यकालिन खर्च संरचना, बार्षिक विकास कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन र योजनामा तथ्यांकको प्रयोग सम्वन्धमा क्षमता विकास तालिम कार्यक्रम संचालन गरी समग्र रुपमा संयोजन र समन्वय गरियो ।

## २.३ अन्य विषय क्षेत्रगत कार्यसम्पादन तथा उपलब्धि

(क) राष्ट्रिय योजना आयोगको कार्यादेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने जिम्मेवारी समेत भए अनुसार राष्ट्रिय महत्व एवम् प्राथमिकता तथा समसामयिक अन्तर्राष्ट्रिय रणनीतिक महत्वका विषयहरूमा आयोगका माननीय सदस्यहरुको नेतृत्वमा समसामयिक विषयहरुमा नीति संवादको कार्यक्रम आयोजना तथा संचालन गरियो ।

(ख) समष्टिगत आर्थिक क्षेत्र, विकासका समसामयिक विषयहरू तथा आयोगको गतिविधिहरू समेटी रेडियो नेपालबाट योजना र विकास सम्वन्धी कार्यक्रम सञ्चालन गरियो ।

(ग) सार्वजनिक प्रशासनलाई स्वच्छ, पारदर्शी एवम् सुशासनयुक्त गर्ने उद्देश्यसहित सूचना प्रविधिको उच्चतम् उपयोग गर्दै आयोगको परिचय, कार्यक्षेत्र, जिम्मेवारी तथा आयोगले गरेका निर्णय र काम कारवाहीहरूका सम्बन्धमा सर्वसाधारण जनताको सहज र सरल पहुँचका लागि प्रयोगकर्तामैत्री बनाउन वेबसाइटमा निरन्तर सुधार गरिएको छ । हाल आयोगका गतिविधि, समाचार तथा सूचना र प्रकाशनहरू नियमित रुपमा वेवसाइटमा राख्ने गरिएको छ ।

(घ) कोलम्बो प्लान, संयुक्त राष्ट्र संघको एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक परिषद् (UNESCAP), संयुक्त राष्ट्र संघीय आर्थिक तथा सामाजिक मामिला विभाग (UNDESA), अल्प विकसित राष्ट्र (LDC), भूपरिवेष्ठित विकासशील राष्ट्र (LLDC) को नेपालको सम्पर्क बिन्दू र सचिवालयको रूपमा आयोगले कार्य गर्दै आएको छ ।

(ङ) राष्ट्रिय तथ्यांक प्रणाली विकास रणनीति तर्जुमा गरी स्थानीय तहसम्मको भूगोल र प्रकृति, स्रोत साधन, क्षमता, विकासका सम्भावना लगायतका विवरण सहितको राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनमा ल्याईएको छ ।

(च) मन्त्रालयहरुको विषयक्षेत्रगत रुपमा योजना चक्रसँग सम्वन्धित क्रियाकलापहरुमा समन्वय गर्दै समग्र आर्थिक विकासको प्रगतिहरु विश्लेषण गरी आर्थिक सुधारको प्याकेज तयार गर्न विज्ञ परामर्श बैठक तथा कार्यशाला संचालन गरियो ।

(छ) आयोगका माननीय सदस्यज्यूको संयोजकत्वमा सम्वन्धित मन्त्रालयसँग समन्वय गरी चुरे तथा संरक्षित क्षेत्रमा कार्यान्वयन गरिने विकास आयोजनाहरुको लागि कोरिडोर तोक्ने सम्वन्धी प्रतिवेदन तयार गरिनुका साथै कृषि भूउपयोग कार्ययोजना तयार गरियो । लालपूर्जा नभएको जग्गामा बसिरहेको वा सडक क्षेत्रका घर टहराको क्षतिपूर्ति, प्राङ्गारिक मलको प्रयोग र चिनीको विषयमा अवलम्वन गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन नीतिको सम्वन्धमा प्रतिवेदन पेश गरियो ।

(ज) पोषणका लागि हातेमालो कार्यक्रम अन्तर्गत इयु (EU) र युनिसेफबाट संचालित क्रियाकलापको मध्यावधि पुनरावलोकन गर्दै Scaling Up Nutrition को Joint Annual Assessment सम्पन्न गरियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँगको संयुक्त आयोजनामा प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गरी अन्तरक्रिया तथा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो ।

(झ) गैरसरकारी संस्था सम्वन्धी परियोजना सहजीकरण समिति, केन्द्रीय परियोजना सल्लाहकार समिति र राष्ट्रिय महिला उत्थान कार्यक्रम कार्यान्वयन समितिहरुमा प्रतिनिधित्व गरी राय सुझावहरु प्रदान गरियो । माननीय सदस्यज्यूको संयोजकत्वमा कर्णाली प्रदेश, आर्थिक समृद्धि र सामाजिक रुपान्तरण तथा नागरिक समाजसँगको साझेदारी विषयक नीति संवाद गरियो ।

(ञ) राष्ट्रिय योजना आयोगको पूर्ण बैठक र विषयगत समितिका बैठक तथा नियमित बैठक संचालन गरी बैठकबाट भएका निर्णयहरुको संप्रेषण, कार्यान्वयनमा तदारुकता तथा व्यवस्थापकीय कार्य गरियो ।

## २.४ तथ्यांक, गणना, सर्वेक्षण तथा राष्ट्रिय लेखा अनुमान

**(क) राष्ट्रिय तथ्यगत विवरण सम्वन्धी कार्यः** राष्ट्रिय तथ्यगत विवरणको लागि प्राविधिक समितिको गठन, वेभ पोर्टल तथा टेम्पलेट तयार, केन्द्र, प्रदेश र स्थानीय तहमा डाटा तथ्यांक व्यवस्थापन सम्वन्धी तालिम संचालन गरी डाटा अपलोडको कार्य भैरहेको छ ।

**(ख) राष्ट्रिय जनगणना, २०७८:** राष्ट्रिय जनगणना, २०७८ को तयारी अन्तर्गत ७ वटा प्रदेश, १ महानगरपालिका र १ उपमहानगरपालिकामा सरोकारवालाहरु सँग अन्तरक्रिया गरी ५ वटा नगरपालिकामा गणना क्षेत्र नक्सांकन गर्दै पाईलट जनगणनाको लागि जनशक्ति तथा बजेट अनुमान र नमूना छनौट मस्यौदा प्रश्नावली तयार गरी संघ, प्रदेश र स्थानीय तहमा राय सुझाबको लागि पठाईएको थियो । सो कार्यको लागि विषयगत, निर्देशक तथा प्राविधिक समितिको गठन भएको र राष्ट्रिय जनगणना, २०७८ को Project Document तयारी गरी आयोगबाट सैद्धान्तिक स्वीकृत लिई यसको संचालन तथा व्यवस्थापन आदेश नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको छ ।

**(ग) गणना क्षेत्र नक्सांकनको तथ्यांक संकलनः** गणना क्षेत्र नक्सांकनको लागि पोइन्ट, लाईन र पोलिगनहरुको एट्रिब्यूट तथ्यांक तथा स्पासियल तथ्यांक संकलन भएको छ ।

**(घ) गणना क्षेत्र नक्सांकनको डिजिटाईजेसनः** गणना क्षेत्र नक्सांकनको डिजिटाईजेसनको लागि पोइन्ट, लाईन र पोलिगनहरुको डिजिटल तथ्यांक तयार भएको छ ।

**(ङ) दुध तथा मासुको उत्पादन लागत सर्वेक्षण (अध्ययन):** दूध तथा मासुको उत्पादन लागत प्राप्त भए पश्चात राष्ट्रिय लेखा अनुमानमा सहयोग पुग्ने छ । तथ्यांक कार्यालयका कर्मचारीलाई तालीम दिई तथ्यांक संकलन गरिएको छ ।

**(च) नेपाल बहुसूचक सर्वेक्षणः** नेपाल बहुसूचक सर्वेक्षण, २०७५/७६ तयारी कार्यको लागि सूचिकरण लगत संकलन कार्य सम्पन्न भएको छ । स्थलगत प्रश्नावली, निर्देशिका निर्माण गरी स्थलगत मूल तथ्याङ्क संकलन कार्यमा कर्मचारीहरुलाई तालिम प्रदान गरिएको छ । स्थलगत मूल तथ्याङ्क संकलन कार्य ५१२ क्लष्टरमध्ये १८१ वटा क्लष्टर ट्यावलेटको माध्यमबाट सम्पन्न भई सर्वेक्षणको Secondary Editing भईरहेको छ ।

**(छ) नेपाल श्रमशक्ति सर्वेक्षण तेश्रोः** नेपाल श्रमशक्ति सर्वेक्षण तेश्रोको नतिजा प्रकाशित भएको छ । यस श्रमशक्ति सर्वेक्षणबाट 19th International Conference on Labour Statistics (ICLS) अनुसारको अन्तर्राष्ट्रिय रुपमा मान्य र तुलनायोग्य विधि, परिभाषा र अवधारणअनुरुप नेपालको रोजगारी, बेरोजगारी, अर्ध बेरोजगारी, श्रमको अल्प उपयोग दर जस्ता महत्वपूर्ण सूचकहरु र श्रमशक्ति सम्वन्धी आधारभूत तथ्यांक (Benchmark Statistics) उपलब्ध भएको छ ।

(ज) **नेपाल जीवनस्तर सर्वेक्षणः** नेपाल जीवनस्तर सर्वेक्षणको लागि निर्देशक र प्राविधिक समितिबाट सर्वेक्षणको विधि, नमूना छनोट प्रक्रिया, तयार गरिएका प्रश्नावली समेत पारित भइ सकेको छ। गणक तालिम र स्थलगत तथ्यांक संकलन कार्य तत्कालै शुरु हुने चरणमा छ।

(झ) **राष्ट्रिय लेखा Rebasing कार्यः** राष्ट्रिय लेखा Rebasing सम्बन्धी कार्य (गोष्ठि तथा कार्यशाला) को लागि ज्ञान तथा क्षमता अभिवृद्धि भएको एवं वार्षिक, त्रैमासिक तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्यांक अनुमान सार्वजनिकीकरण, Rebasing को प्रगती सम्बन्धी जानकारी लिने कार्य भएको छ।

(ञ) **राष्ट्रिय लेखा तथ्यांकको प्रारम्भिक र संशोधित अनुमान प्रकाशन :** बार्षिक र त्रैमासिक तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्यांकको निर्धारित समयमा नै प्रारम्भिक र संशोधित अनुमान प्रकाशन भएको छ।

(ट) **औद्योगिक सर्वेक्षण, २०७६:** औद्योगिक सर्वेक्षण, २०७६ को लागि मस्यौदा प्रश्नावली, प्रश्नावली निर्देशिका तथा स्याम्पल फ्रेम तयार भई औद्योगिक वस्तुहरुको वर्गीकरण (CPC) निर्माण भएको छ।

(ठ) **व्यावसायिक कफीखेती सर्वेक्षण, २०७५:** व्यावसायिक कफीखेती सर्वेक्षण २०७५ को तथ्याङ्क संकलन तथा नतिजा सार्वजनिकीकरण भई कफी व्यवसायबाट कुल गार्हस्थ उत्पादनमा भएको योगदान मापन भएको छ। यस क्षेत्रमा संलग्न जनशक्तिको रोजगारको अवस्था पहिचान गर्दै राज्यलाई आवश्यक नीति निर्माण कार्यमा तथ्यांक उपलब्ध भएको छ। सरोकारवाला निकायलाई आफ्नो व्यवसायको विषयमा जानकारी भई यस क्षेत्रमा लागेकाहरुका लागि व्यवसायको भविष्य आँकलन गर्न सहज भएको छ।

(ड) **राष्ट्रिय आर्थिक गणना, २०७५:** राष्ट्रिय आर्थिक गणना, २०७५ को लगत प्रशोधन तथा नतिजा सार्वजनिकीकरण भई आर्थिक क्रियाकलापको क्षेत्र अनुसार प्रतिष्ठान संख्या प्राप्त भएको छ। आर्थिक क्रियाकलापको क्षेत्र अनुसार प्रतिष्ठानमा संलग्न जनशक्ति संख्या र प्रतिष्ठान सम्बन्धी मुख्य तथ्यांकहरु तथा प्रदेश अनुसार प्रतिष्ठान संख्या र संलग्न जनशक्तिको साथै प्रदेश, जिल्ला अनुसार प्रतिष्ठान संख्या र संलग्न जनशक्ति विवरण प्राप्त भएको छ।

परिच्छेद - तीन

# समस्या तथा चुनौतीहरु

## ३.१ समस्या तथा चुनौतीहरु

राष्ट्रिय योजना आयोगले आफ्नो काम कारवाहीको सिलसिलामा अनुभूत गरेका प्रमुख समस्या तथा चुनौतीहरू, विकास व्यवस्थापनको विद्यमान अवस्था, विकास व्यवस्थापन सम्वन्धी समस्या, विकास व्यवस्थापनको सम्भावना तथा प्राथमिकता, विद्यमान योजना तथा बजेट प्रणाली, योजना तथा बजेट प्रणालीका कमजोरी र योजना तथा बजेटबाट अपेक्षित लक्ष्य प्राप्तिका लागि चाल्नुपर्ने सुधारहरुको विषयमा यस परिच्छेदमा समावेश गरिएको छ ।

### समस्याहरु

(क) आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्थित हुन नसक्दा आफ्नो कार्यक्षेत्र भित्रका कतिपय समस्या समाधानका विषयहरूमा पहिचान गरेका उपायहरू आयोगबाट प्रभावकारी ढङ्गमा समयमै कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

(ख) राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजना निर्धारण गर्ने सम्बन्धमा स्पष्ट कानुनी आधार र मापदण्डको अभावले ती कार्यक्रम तथा आयोजनालाई दिनु पर्ने सुविधा एवम् अवसरका बारेमा समेत अन्यौलता रहँदै आएको छ । आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारी विना नै कार्यान्वयनमा लैजाने र खरिद गुरूयोजना अनुसार बजेट विनियोजन नभएका कारण अनन्तकालसम्म आयोजना कार्यान्वयनकै चरणमा रहने हुँदा श्रोत साधन र समयको कुशलता तथा आयोजनाको उपादेयता माथि नै प्रश्न गर्नुपर्ने अवस्था सृजना भैरहेको छ ।

(ग) मध्यमकालीन खर्च संरचना तर्जुमा तथा आवधिक योजनाको नतिजा खाकाका आधारमा प्रगति समीक्षा गर्ने सम्बन्धमा अधिकांश निकायहरूले गम्भीरतापूर्वक कार्यान्वयन नगरेको पाइएको छ ।

(घ) परिवर्तित सन्दर्भ र संघीय शासकीय प्रणालीअनुरूप आयोगलाई प्राप्त कार्यादेशको प्रभावकारी सम्पादन गर्न आयोगको समयानुकूल सांगठनिक एवम् व्यवस्थापकीय पुनःसंरचना गरी श्रोत साधन सम्पन्न बनाई क्रियाशील बनाउने कार्य अपेक्षाकृत रूपमा हुन सकेको छैन । आयोगमा जनशक्ति एवम् श्रोत साधनको कमीले गर्दा सूचनामा आधारित भएर नीतिगत विश्लेषण, दूरगामी सोचपत्र तर्जुमा गर्ने र आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी वस्तुनिष्ठ पृष्ठपोषण प्रदान गर्ने कार्य अपेक्षितरूपमा हुन सकेको छैन ।

(ङ) राष्ट्रिय विकास समस्या समाधान समितिका निर्णयहरु सम्बन्धित निकायहरुले जिम्मेवारीपूर्वक समयमा सम्पन्न गर्ने कार्यमा कम महत्व दिएको र कतिपय निकायले आयोगबाट स्वीकृत ढाँचा

अनुसारको विभिन्न फाराम प्रयोग गर्ने नगरेको र गरे पनि आयोगले मागेको सूचना तथा प्रतिवेदन तोकिएको ढाँचामा समयमा नपठाइदिंदा समीक्षा तथा मूल्याङ्कन गर्न कठिनाई भैरहेको छ ।

(च) मन्त्रालय तथा निकायहरुमा रुग्ण आयोजनाहरु ठूलो संख्यामा रहेका छन् । कतिपय आयोजनाहरुको कार्यप्रगति तथा कार्यन्वयनको यथार्थ विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समेत राष्ट्रिय योजना आयोगमार्फत माग गरिएको सन्दर्भमा सम्वन्धित निकायहरुले उत्तरदायित्व लिएर कार्यमा चुस्तता नलिंदा कार्यान्वयनमा प्रगति पनि अपेक्षित हुन सकेको छैन भने प्रतिवेदन प्रणालीमा पनि कठिनाई आएको छ ।

(छ) आयोगको कार्यप्रकृति नीति, योजना तथा कार्यक्रमको विश्लेषण तथा तर्जुमा र अनुगमन, मूल्याङ्कन एवम् अध्ययन लगायतका प्रशासनिक भन्दा बढी बौद्धिक र अनुसन्धानात्मक कार्यमा लाग्नु पर्ने हुँदा कर्मचारीहरूका लागि पर्याप्त उत्प्रेरणाका आधारहरू नहुँदा आयोगको कार्यसम्पादनमा प्रभावकारिता एवम् कार्यदक्षता अभिबृद्धि गर्न सकिएको छैन । साथै, कर्मचारीको बारम्बार हुने सरुवाले कर्मचारीको विषय विशेषज्ञता विकास हुन सकिरहेको छैन ।

(ज) जनशक्तिमा कार्यविशिष्टीकरणको अभावका साथै आयोगको आफ्नै भवन नहुँदा र जिम्मेवारीको अनुपातमा सवारी साधन लगायत अन्य भौतिक श्रोत साधन सीमित रहेको कारण कार्य संपादनमा असर पर्न गएको छ ।

(झ) राष्ट्रिय तथ्याङ्क विकास रणनीतिको अभावमा तथ्याङ्क व्यवस्थापनका कार्यहरूलाई राष्ट्रिय आवश्यकता, बदलिंदो परिवेश तथा अन्तर्राष्ट्रिय मूल्य मान्यता र मापदण्ड अनुरूप व्यवस्थित रूपमा अगाडि बढाउन सकिएको छैन । साथै संघीय प्रणाली अनुसार केन्द्रीय तथ्याङ्क विभागको संगठनात्मक पुनर्संरचना हुन बाँकी रहेको हुँदा राष्ट्रिय तथ्याङ्क प्रणालीको अपेक्षित रूपमा विकास हुन सकेको छैन ।

(ञ) परामर्शदाताका कार्यहरुको प्रतिवेदन समयमा प्राप्त हुन नसक्नु, विषयगत मन्त्रालयका योजना तर्जुमासँग सम्वन्धित जनशक्तिको पर्याप्त क्षमता विकास हुन नसक्नु, बजेटसँग सम्वन्धित विषयमा अर्थ मन्त्रालयसँग पर्याप्त समन्वय नहुनु, आयोग र प्रदेशस्तरीय योजना सम्वन्धी निकायहरुवीच समन्वय र नीतिगत सामञ्जस्यताको लागि वैधानिक संयन्त्र नहुनु र योजना अनुगमन र मूल्यांकनको क्षेत्रमा काम गर्ने जनशक्तिलाई उत्प्रेरणा र मनोवल वृद्धि गर्ने व्यवस्था नहुनुले पनि आयोगका कामकारवाहीमा असर पुगेको छ ।

(ट) सम्वन्धित मन्त्रालयबाट माग भएका विवरणहरु समयमा प्राप्त हुन नसक्नु, राष्ट्रिय आयोजना बैंक तथा आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीका सम्वन्धमा सरोकारवाला निकाय तथा सम्वद्ध मन्त्रालयले अपनत्व ग्रहण नगर्दा आयोजनाको यथार्थ र पूर्ण विवरण प्राप्त नहुनु, कतिपय सन्दर्भमा निश्चित आधार र मापदण्ड पुरा नगरी बहुवर्षीय आयोजनाहरुको ठेक्का सहमतिका लागि आयोगमा अनुरोध भई आउने हुँदा आयोगबाट समयमा सहमति प्रदान गर्ने कार्यमा ढिलाई हुने गरेको छ ।

(ठ) संवैधानिक निकायहरु धेरै संख्यामा र नयाँ संरचनामा रहँदा आवश्यक समन्वय गरी मध्यकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तयार गर्ने कार्यमा ढिलाई भएकै छ । संघीय शासन व्यवस्थाको परिवर्तित संरचनामा प्रदेश र स्थानीय तहमा बहुक्षेत्रीय पोषण

योजना दोस्रोलाई स्रोतको सुनिश्चतता नहुँदा सम्वन्धित निकायहरुबाट अपनत्व ग्रहण गरी थप जिल्लाहरुमा कार्य विस्तार गर्ने विषयमा स्पष्टता आउन सकेको छैन ।

## चुनौतीहरु

(क) संघीय प्रणाली अनुसार राष्ट्रिय योजना आयोगको वर्तमान कार्यादेशानुसार तहगत योजना संगठनहरूका बीचमा समन्वय र सहजीकरण गर्ने र तीनै तहका योजना तथा कार्यक्रमहरूका बीचमा सामञ्जस्यता कायम राख्दै बृहत्तर राष्ट्रिय हितमा एकीकृत गरी विकासका प्रयासहरूलाई समन्वय गर्नुपर्ने छ ।

(ख) कतिपय निकायहरूले राष्ट्रिय योजना आयोगबाट स्वीकृत गराएपछि आफ्नो वार्षिक कार्यक्रममा समावेश गर्नुपर्ने कानुनी प्रावधान हुँदाहुँदै नयाँ आयोजनाहरू कार्यक्रममा समाविष्ट गरेपश्चात मात्र स्वीकृति तथा समर्थनका निम्ति पठाउने गरेका छन् । जसबाट कार्यक्रम तथा आयोजनाको छनौटको पृष्ठभूमि, तिनको आवश्यकता, औचित्य र लेखाजोखा विना नै श्रोत सुनिश्चितता गर्नुपर्ने र अधिकांश आयोजनाको हकमा बहुवर्षीय दायित्व सृजना हुने हुँदा आवधिक योजनासँगको सामञ्जस्यता कायम राख्दै वित्तीय अनुशासन कायम राख्ने कार्य चुनौतीपूर्ण भएको छ ।

(ग) सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुग्न दीर्घकालीन सोच, नीति, योजना र कार्यक्रमलाई सबै तह र क्षेत्रमा सामञ्जस्यता र एकरुपता ल्याई कार्यान्वयनमा केन्द्रित गर्न चुनौती छ ।

(घ) सन् २०१६ देखि अंगीकार गरिएको दिगो विकासका लक्ष्यलाई राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरूमा समाहित गरी कार्यान्वयन गर्नु र दिगो विकासको लक्ष्य (SDGs) का सूचकहरूलाई प्रदेश तथा स्थानीय तहसम्म स्थानीयकरण गर्नुका साथै तिनको प्रगति स्थितिको प्रतिवेदन तथा समीक्षा गर्नु साथै दिगो विकास लक्ष्यको पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी जुटाउनु र परिचालन गर्नुपर्ने छ ।

(ङ) देशको सामाजिक आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने आयोजना र परियोजनाहरू छनौट गरी लगानीको सुनिश्चितता प्रदान गर्नु । सार्वजनिक निजी साझेदारी, प्रत्यक्ष बैदेशिक लगानी, विकास सहायता लगायतका आन्तरिक र बाह्य श्रोतहरूको समेत पहिचान गरी आर्थिक बृद्धि र रोजगारी सिर्जना गर्ने लगानीयोग्य परियोजना सहितको लगानी ढाँचा बनाउनु छ ।

(च) आयोजना बैंकको माध्यमबाट आयोजना व्यवस्थापन, सञ्चालन र अनुगमन तथा मूल्याङ्कनको संस्थागत प्रणाली विकास गर्नु र आयोजना तथा कार्यक्रमको वस्तुनिष्ठ सूचकहरूको आधारमा नियमित र समयसारिणी सहितको अनुगमन तथा निरीक्षण प्रणालीको विकास गरी हरेक निकायद्वारा गरिने अनुगमनबीच एकरूपता कायम गर्नु छ ।

(छ) संघ, प्रदेश र स्थानीय तहहरूलाई योजना तथा कार्यक्रम तर्जुमाको साथै कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यमा दक्षता अभिवृद्धि गरी सशक्तीकरण गर्नु छ ।

(ज) अनुसन्धान तथा विकासको कार्यलाई प्राथमिकतामा राखी नीति पृष्ठपोषणको रुपमा कार्य गर्न र नीति अनुसन्धान प्रतिष्ठानको कामकारवाहीसँग समन्वय गरी उपलब्धीमूलक बनाउने कार्यमा एकरुपता ल्याउने विषय चुनौतीको रुपमा रहेको छ ।

(झ) कुल गार्हस्थ्य उत्पादन, लगानी अभिवृद्धि र स्रोतको प्रक्षेपण गर्न समष्टीगत आर्थिक मोडेलिङ्ग ल्याव तयार गर्नुपर्ने छ ।

(ञ) संघ-प्रदेश र संघ-प्रदेश-स्थानीय तहको योजनागत समन्वयलाई प्रभावकारी बनाउनु पर्ने छ ।

(ट) प्रदेश र स्थानीय तहमा सहायताको प्रस्ताव लिएर सोझै जाने विकास साझेदारहरुलाई सहजीकरण तथा नियमन गर्न संवाद, समन्वय र सहकार्य वृद्धि गर्नुपर्ने छ ।

## ३.२ विकास व्यवस्थापनको विद्यमान अवस्था तथा संभावना एवम् प्राथमिकता

### क. विकास व्यवस्थापनको विद्यमान अवस्था:

विकास व्यवस्थापनका क्षेत्रमा आवधिक तथा वार्षिक योजना पद्धति संस्थागत भएको आधा शताब्दीभन्दा बढी अवधि व्यतित भैसकेको छ । यस सम्बन्धी विभिन्न कानुन तथा नीति र रणनीतिहरु निर्माण भई कार्यान्वयनमा पनि रहेका छन् । बजेट तर्जुमा र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी दिग्दर्शनहरु जारी भई लागू भएका छन् । विकास व्यवस्थापनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, विषय क्षेत्रगत मन्त्रालय तथा मातहतका निकाय र तत् तत् निकायमा योजना, अनुगमन तथा मूल्याङ्कन गर्नका लागि महाशाखारशाखा रहेका छन् । हाल दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, त्रिवर्षीय मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट कार्यान्वयनमा रहेका छन् । संविधानको अनुसूचिमा निर्दिष्ट अधिकार बमोजिम विगतमा केन्द्रबाट सञ्चालन भइरहेका विकास योजना प्रदेश र स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएको छ भने प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण, समपूरक र विशेष अनुदान प्रदान गरिएको छ । तथापि विकास व्यवस्थापन सम्वन्धी देहायका समस्याहरु रहेका छन् ।

(क) यथार्थपरक, अनुमानमा आधारित, कार्यान्वयनयोग्य र आवश्यकतामा आधारित योजना, कार्यक्रम तथा आयोजना तर्जुमामा कमी कमजोरी रहेका छन् ।

(ख) आयोजना पहिचान, लागत-लाभ विश्लेषण तथा मूल्याङ्कन, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत आयोजना प्रतिवेदन तयारी लगायतका आयोजना तयारी सम्बन्धी कार्य सम्पन्न नभई कतिपय आयोजना बजेटमा समावेश गर्ने प्रवृत्ति विद्यमान छ ।

(ग) अधुरा आयोजना सम्पन्न नभइ नयाँ आयोजना थप गर्ने कारणबाट कार्यान्वयनमा रहेका आयोजनाका लागि पर्याप्त बजेट तथा स्रोत साधनको व्यवस्था नहुने, आयोजना संख्यामा निरन्तर बृद्धि, समयमै सम्पन्न नहुने जस्ता समस्या रहेका छन् ।

(घ) आयोजना व्यवस्थापनमा आयोजना कार्यान्वयनको लागि विस्तृत कार्ययोजनाको तयारी र सो अनुसारका क्रियाकलाप समय तालिका अनुसार नहुनु, निर्णय प्रक्रियामा ढिलाई हुनु, वन क्षेत्र तथा जग्गा प्राप्तिमा कानुनी, प्रक्रियागत तथा व्यवहारिक जटिलता रहनु, समयमा निर्माण सामग्रीको अभाव जस्ता समस्या देखा परिरहेका छन् ।

(ङ) विकास व्यवस्थापनको लागि आवश्यक पर्ने प्राविधिक तथा दक्ष जनशक्तिको अभाव, कार्यरत कर्मचारीहरूमा उत्प्रेरणाको कमी, कमजोर प्रोत्साहन व्यवस्था र दण्ड तथा पुरस्कार व्यवस्था प्रभावकारी नभएकाले कार्यसम्पादन स्तर कमजोर रहेको छ ।

(च) विकास निर्माण तथा सेवा प्रवाह कार्यमा संलग्न निर्माण व्यवसायी, परामर्शदाता र सेवा प्रदायक संस्थाको क्षमता कमजोर तथा सम्झौताको शर्तहरूको परिपालनामा समस्या रहेकोले कतिपय आयोजनाहरु समयमा सम्पन्न गर्न र लागत प्रभावकारी बनाउन सकिएको छैन् ।

(छ) विकास निर्माणमा योजना तर्जुमा देखि कार्यान्वयन र लाभ वितरण सम्मका चरणमा निजी, सहकारी र सामुदायिक क्षेत्रको प्रभावकारी तथा सक्रिय सहभागिता सुनिश्चित गर्न सकिएको छैन ।

## ख. विकास व्यवस्थापनको सम्भावना तथा प्राथमिकताः

(क) संघीय प्रणाली बमोजिम विकास आयोजनाको प्रकृति र कार्यक्षेत्र अनुसार संविधानमा निर्दिष्ट अधिकार क्षेत्र भित्रका आयोजनाहरू तत् तत् तहबाट सञ्चालन गर्ने कार्य क्रमशः व्यवस्था गर्नुपर्ने अवस्था रहेको र सो अनुसार कार्य प्रारम्भ भएको छ ।

(ख) दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको आधारपत्र तयार भएको हुँदा क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनको आधार तयार भएको छ ।

(ग) संघबाट सञ्चालन हुने राष्ट्रिय गौरबका आयोजना सहित आयोजनाहरुको विवरण, लागत, समय सहितको वार्षिक विकास कार्यक्रम तयार भएको हुँदा कार्यक्रम तथा आयोजनाहरुको गुणस्तर तथा प्रभावकारितामा अभिबृद्धि हुने अपेक्षा गरिएको छ ।

(घ) चालु आर्थिक वर्षको यथार्थ विनियोजन तथा बाँकी दुई वर्षको खर्च प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार भएको हुँदा आगामी बजेट विनियोजन र स्रोतको सुनिश्चितता गर्नुपर्ने क्षेत्रमा आधार तयार भएको छ ।

(ङ) राष्ट्रिय योजना आयोगबाट बिभिन्न मन्त्रालयसँग र प्रदेश स्तरमा समन्वय, छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने क्रम निरन्तर रहेकोले अन्तरमन्त्रालय तथा अन्तर प्रदेश समन्वय कायम गर्नमा योगदान पुग्नेछ ।

(च) विभिन्न विषयगत मन्त्रालय तथा निकायका क्षेत्रगत नीतिहरुमा आयोगको महाशाखा प्रमुख, माननीय सदस्य तथा साप्ताहिक बैठकमा छलफल भई राय सुझाव उपलब्ध गराएबाट कार्यान्वयनयोग्य नीति तर्जुमामा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

(छ) साथै विभिन्न मन्त्रालयहरुमा निश्चित आधार र मापदण्डका आधारमा बहुवर्षीय आयोजनाको ठेक्का र नयाँ आयोजनाहरुका सम्बन्धमा सहमति प्रदान गरेबाट आयोजनाहरुको गुणस्तरमा अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

(ज) राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको स्थापनाले आयोजनाहरुको वर्तमान अवस्थाको विश्लेषण गर्न सहज हुने तथा भविष्यमा आवश्यक पर्ने आयोजनाहरुको पहिचान र छनौट गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

(झ) स्थानीय तहसम्मको भूगोल र प्रकृति स्रोत, साधन, क्षमता विकासका सम्भावना लगायतका विवरण सहितको राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनमा ल्याईएको छ। नेपाल श्रमशक्ति सर्वेक्षण र राष्ट्रिय आर्थिक गणना सम्पन्न भई नतिजा सार्वजनिक भएको छ। साथै समष्टिगत आर्थिक परिसूचकहरु सम्वन्धी हातेपुस्तिका प्रकाशन भएको छ। यी सबै विवरणहरुले आगामी दिनमा तथ्यमा आधारित नीति निर्माण तथा जनसंख्या सर्वेक्षणको लागि आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

(ञ) सन् २०१९ नोभेम्वर ४ देखि ७ सम्म राष्ट्रिय योजना आयोगको नेतृत्वमा हुन गईरहेको पाँचौ SUN Global Gathering ले ६१ देश र भारतीय चार राज्यहरुबाट करिव १२०० को संख्यामा सहभागिता हुने अनुमान गरिएकोले सन् २०२० को पर्यटन वर्षमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

## ३.३ विद्यमान योजना तथा बजेट प्रणाली, कमजोरी तथा अपेक्षित लक्ष्य प्राप्तिमा सुधारहरू

### क.योजना तथा बजेट प्रणालीको अवस्था

(क) नेपालमा मिश्रित योजना प्रणाली विकास भई संस्थागत भएको छ । सहभागितामूलक पद्धति अवलम्बन गर्दै सार्वजनिक क्षेत्रका विभिन्न तहका निकाय, निजी क्षेत्र तथा सहकारी र सामुदायिक क्षेत्रको भूमिका र योगदानलाई समावेश गरिएको छ । चालु आर्थिक वर्ष पन्ध्रौं योजना कार्यान्वयनको प्रारम्भिक अर्थात आधार वर्ष रहेको छ । यसको सम्पूर्णतामा कार्यान्वयन गरी अपेक्षित नतिजा प्राप्त गर्नुपर्ने छ। आवधिक योजना र वार्षिक योजना (बजेट तथा कार्यक्रम) बीचको अन्तरसम्बन्ध कायम गर्दै आवधिक योजनाको लक्ष्य र नतिजा हासिल गर्न तीन वर्षको मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

(ख) योजना तथा बजेटले राष्ट्रिय लक्ष्य र प्राथमिकता अनुरूप हुने गरी आयोजना प्राथमिकीकरण र विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलनमा जोड दिइएको छ ।

(ग) संघीय प्रणाली बमोजिम प्रदेश र स्थानीय तहले समेत बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छन् । यी तहहरूमा आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना सम्बन्धी अभ्यासको आरम्भ भएको छ ।

(घ) समयमै बजेट ल्याई सार्वजनिक खर्च प्रणालीलाई सुधार गरी योजनाको उपलब्धि हासिल गर्न नेपालको संविधानमा प्रत्येक वर्षको जेठ १५ गते वार्षिक कार्यक्रम तथा बजेट संघीय संसदमा प्रस्तुत गर्ने र आर्थिक वर्ष शुरु हुने दिन देखि नै बजेट खर्च गर्ने गरी आय व्यय प्रणालीमा सुधार गरिएको छ।

(ङ) नेपालको कर प्रणाली र करका दरहरू आर्थिक विस्तार, बृद्धि र रोजगारीमुखी रहेका छन् । नेपालको कर नीतिमा रहेका विद्यमान कानुनी व्यवस्था अर्थतन्त्रको सुदृढीकरण र गतिशीलताको लागि पर्याप्त भएता पनि निजीक्षेत्रबाट उपयोग हुन सकेको छैन । नेपालको कर प्रणालीको आधार अत्यन्त विस्तारित रहेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय करका आधारको संरक्षणका लागि कानूनी प्रबन्ध पर्याप्त छन् । कर संकलनमा कर परिपालनाको अन्तरलाई कम गरी राजस्वको दायरा विस्तार गर्नुपर्ने छ ।

(च) सार्वजनिक खर्च प्रणालीमा सुधारको लागि कार्यक्रम स्वीकृत गर्ने तथा कुनै स्वीकृत कार्यक्रमको संशोधन गर्नु परेमा लेखा उत्तरदायी अधिकृतले नै कार्यक्रम संशोधन गर्न सक्ने गरी निर्णय प्रक्रियालाई सरल र कार्यमूलक बनाइएको छ ।

(छ) वित्तीय संघीयतामा अन्तरसरकारी वित्त व्यवस्थापनको कानुनी व्यवस्था बमोजिम संघबाट प्रदेश र स्थानीय तहमा राजस्व अधिकारको हस्तान्तरण भएको छ। त्यसैगरी, चालू आर्थिक वर्षको लागि प्रदेश र स्थानीय तहमा रु.६५/६५ अर्व गरी रु.१३० अर्बको राजस्वको बाँडफाँट भएको छ। वित्तीय समानीकरणमा र सर्शत अनुदानबाट समेत क्रमश प्रदेशमा रु.९९ अर्व र

स्थानीय तहमा रु.२१४ अर्ब गरी करिब रु.३१४ अर्ब स्रोत र कार्यक्रमको हस्तान्तरण भएको छ । साथै समपूरक र विशेष अनुदान समेत गरी करिब रु.२० अर्ब हस्तान्तरण हुँदैछ ।

## ख. योजना तथा बजेट प्रणालीको कमजोरी

(क) राजनैतिक संक्रमणकालका कारण विगतका चारवटा योजना (एघारौंदेखि चौधौं) त्रिवर्षीय अन्तरिम योजनाका रूपमा कार्यान्वयनमा आएता पनि योजनाका नतिजा सूचकमा अपेक्षा गरिए अनुसारको लक्ष्य हासिल भएको छैन ।

(ख) विगतमा छिटो छिटो सरकारको परिवर्तनसँगै सरकारका प्राथमिकतामा आउने परिवर्तनका कारण आवधिक योजना र वार्षिक बजेट बीच सामञ्जस्यता कायम हुन सकेको थिएन । प्राथमिकता प्राप्त आयोजनाहरूको कार्यान्वयन पक्ष कमजोर रहेको, नयाँ आयोजना थप हुँदै जाने कारणबाट निर्धारित समयमा योजना सम्पन्न हुन नसकेको र लागत बढ्ने गरेको छ ।

(ग) आयोजनाको पर्याप्त पूर्वतयारी तथा सम्भाव्यता अध्ययन विना कार्यान्वयन गर्ने प्रवृति र न्यून स्रोतको सुनिश्चिततासँगै बहुवर्षीय ठेक्का प्रणालीले गर्दा क्रमागत आयोजनाको संख्यामा निरन्तर बृद्धि हुनुको साथै नेपाल सरकारको गैर बजेटरी दायित्वमा समेत बृद्धि भएको छ । यस प्रकारका दायित्वहरूको एकीकृत विवरणका साथै वित्तीय जवाफदेहिता र पारदर्शिता नहुँदा वित्तीय स्राव (Fiscal bleeding) मात्र भएको छ । यस्तो प्रवृत्तिले गर्दा कालान्तरमा सार्वजनिक खर्च प्रणालीबाट वित्तीय सवलीकरणमा नै समस्या देखिन सक्दछ ।

(घ) योजना (लक्ष्य) र कार्यान्वयन (उपलब्धि) बीच अनपेक्षित अन्तर देखिन्छ । योजना पद्धतिमा अपेक्षित रूपमा सहभागितामूलक नरहेको, बढी महत्वाकांक्षी भएको र कार्यान्वयन पक्षमा पर्याप्त ध्यान नपुगेको एवं अन्तर क्षेत्रगत सामञ्जस्यता कायम नभएको जस्ता कमजोरी रहेका छन् ।

(ङ) स्पष्ट मापदण्ड र आधारमा योजना छनौट र प्राथमिकीकरण हुन सकेको छैन । आयोजना कार्यान्वयनका पूर्व तयारीको चरण सम्पन्न नगरी आयोजना र कार्यक्रममा बजेट विनियोजन हुँदा लगानीले उचित प्रतिफल दिन सकेको छैन ।

(च) अन्तरनिकाय समन्वय अपेक्षितरूपमा प्रभावकारी हुन नसक्दा आयोजना कार्यान्वयन र नतिजा प्राप्तिमा कठिनाइ भएको छ ।

(छ) प्रदेश र स्थानीय तहमा हस्तान्तरित भएका स्रोतगत कार्यक्रमको प्रगति प्रतिवेदन र अनुगमन गर्ने प्रणालीको विकास नहुँदा र निरन्तररूपमा आन्तरिक नियन्त्रण प्रभावकारी नहुँदा वित्तीय जोखिम बढ्न सक्ने देखिन्छ ।

(ज) योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा उच्च क्षमता भएका, उत्प्रेरित, प्राविधिक र दक्ष जनशक्तिको कमी रहेको छ ।

## ग. योजना तथा बजेट प्रणालीबाट अपेक्षित लक्ष्य प्राप्तिका लागि चाल्नुपर्ने सुधारहरू

(क) आवधिक योजना, सरकारका नीति तथा कार्यक्रम, बजेट बीचमा बलियो अन्तरसम्बन्ध कायम गर्न नीति तथा कार्यक्रम र बजेट तर्जुमासम्बन्धी कार्यदलमा प्रधानमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको उच्चस्तरीय प्रतिनिधित्व र सहभागिताको व्यवस्था गर्ने ।

(ख) संघीय तथा प्रदेशका विकास योजना कार्यान्वयनको समस्याको समाधान गर्न सम्माननीय प्रधानमन्त्रीको अध्यक्षता रहेको राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रदेशका मुख्यमन्त्रीसँगै प्रदेश प्रमुख सचिवलाई समेत आमन्त्रण गरी अन्तर प्रादेशिक तथा प्रादेशिक नीतिगत र समन्वयात्मक समस्याहरु उठान तथा सम्वोधन गर्ने व्यवस्था मिलाउने ।

(ग) वास्तविक क्षेत्रको विकासका लागि लगानीको महत्वपूर्ण वातावरण कानूनी पूर्वाधारको रूपमा रहेका हुन्छ । अतः यसका लागि औद्योगिक नीति, ऐन र नियमावली, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, दामासाही सम्वन्धी कानून, कम्पनी कानून, उपभोक्ता हित संरक्षण कानून, विदेशी विनिमय नियमित गर्ने ऐन, वित्तीय तथा विमा सम्वन्धी कानून, सार्वजनिक निजी साझेदारी सम्वन्धी कानून, भन्सार ऐन, अन्तशुल्क ऐन, सालवसाली आर्थिक ऐन, आयकर ऐन लगायतका अन्य कानूनको पुनरावलोकन गरी बृहत आर्थिक सुधारको थालनी गर्ने ।

(घ) आर्थिक-सामाजिक रुपान्तरण गर्ने प्रकृतिका वृहत आयोजनाको लागि पर्याप्त स्रोत साधनको व्यवस्थापन गर्ने ।

(ङ) अन्तर सरकारी वित्त व्यवस्थापन कानून अनुसार अर्थ मन्त्रालयबाट प्रदेश र स्थानीय तहबाट सञ्चालित विकास कार्यक्रमको वित्तीय र भौतिक प्रगति लिने प्रणालीको विकास गर्ने ।

(च) प्रदेश र स्थानीय तहको योजना तथा बजेट तर्जुमाका लागि वहुपक्षीय तथा द्विपक्षीय र अन्तर्राष्ट्रिय संस्थाको सहायता तथा सहयोग परिचालन गर्नु पर्ने भएमा राष्ट्रिय योजना आयोगको नेतृत्वमा मात्र सहायता परिचालन गर्ने गरी अन्तर्राष्ट्रिय सहयोग एवम् सहायता परिचलन गर्न गराउन सबै विकास साझेदारलाई अर्थ मन्त्रालयले निर्देशन पठाउने ।

(छ) राष्ट्रिय योजना आयोगले हालै तर्जुमा गरी प्रकाशन गरेका विकास योजना तथा आयोजनासँग सम्वन्धित मार्गदर्शन, मापदण्ड तथा निर्देशिकाहरुको सबै तह तथा निकायहरुबाट पूर्ण रुपमा कार्यान्वयन गर्ने ।

समग्रमा राष्ट्रिय योजना आयोगबाट विकास आयोजनालाई नतिजामुखी तथा गुणस्तरीय र समयमा सम्पन्न गर्ने कार्यमा विभिन्न मापदण्ड तथा निर्देशिकाहरु तर्जुमाको क्रम प्राथमिकताका साथ अघि बढेकाले सक्रिय रहेकोले वित्तीय संघीयता व्यवस्थापन र कुशल कार्यान्वयन तथा तहगत समन्वयमा सहजता पुगी संघीय शासन प्रणालीमा समृद्ध राष्ट्र निमार्ण गरी सुखी नेपालीको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने सम्भावना स्पष्ट देखिन्छ ।

परिच्छेद - चार

# भावी कार्यदिशा

## ४.१ दीर्घकालीन सोच २१००

नेपालको संविधानको पूर्ण कार्यान्वयन गर्ने सन्दर्भमा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र संविधानप्रदत्त नागरिकका मौलिक हकसम्बन्धी कार्यान्वयनयोग्य कानुनहरूको आधारमा राष्ट्रिय नीति, दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना एवम् वार्षिक योजना र मध्यकालीन खर्च संरचना तथा विषय क्षेत्रगत कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्रोत आँकलन, जनशक्ति तथा अन्य साधन स्रोतको उचित व्यवस्थापन र कार्यान्वयनमा समन्वय, सहजीकरण र अनुगमन तथा मूल्याङ्कनको अहम् भूमिका रहने निश्चित छ । अतः यस महत्वलाई आत्मसाथ गरी योजना कार्यान्वयन तथा व्यवस्थापनका क्षेत्रमा आयोगले तर्जुमा गरेको दीर्घकालीन सोच २१००, पन्ध्रौं योजना, २०७६/७७-२०८०/८१ र आयोगको गठन आदेशमा तोकिए बमोजिमका बार्षिक कार्यक्रम तथा योजनालाई यस परिच्छेदको भावी कार्यदिशाको रुपमा प्रस्तुत गरिएको छ ।

संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भई मुलुकमा राजनीतिक स्थायित्व प्राप्त भएको छ । राजनीतिक स्थायित्वको जगमा तीव्र आर्थिक विकास र समृद्धिको दूरगामी सोच सहितको राष्ट्रिय लक्ष्यहरू निर्धारण गर्नुपर्नेछ । आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी यस दीर्घकालीन सोच तयार गरिएको छ। सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्नेतर्फ दीर्घकालीन सोच लक्षित रहेको छ। आन्तरिक तथा बाह्य स्रोत-साधन लगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनबाट रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्दै दीर्घकालीन सोचले लिएका लक्ष्य, उद्देश्य हासिल गरिनेछ ।

### दीर्घकालीन सोचको आवश्यकता

नेपाली जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने गरी नेपालको संविधानले मार्ग प्रशस्त गरेको छ। मुलुकमा राजनीतिक स्थायित्वपछि नागरिकले आफ्नो जीवनस्तर सुधार हुने तथा आधुनिक, सुविधासम्पन्न, सुखी जीवन अनुभूत गर्ने आकांक्षा राखेका छन् । निर्वाचनपश्चात् गठन भएको सरकारले दीर्घकालीन सोच सहितका नीति तथा कार्यक्रम अगाडि सारेको छ। यसमा नेपालको संविधानले निर्दिष्ट गरेको विकासको मार्ग र निर्वाचनका बेला राजनीतिक दलहरूले

जनताका बीचमा गरेका प्रतिबद्धताहरू अन्तर्निहित छन् । नागरिकका समृद्धि र समुन्नतिका यी अपेक्षा तथा सरकारका प्रतिबद्धता पूरा गर्न विकासका अल्पकालीन र मध्यमकालीन योजना कार्यान्वयन गर्न नीतिगत मार्गचित्र सहितको दीर्घकालीन सोचको आवश्यकता रहेको छ ।

दीर्घकालीन विकास रणनीतिको माध्यमबाट सबै प्रकारका विभेद, बहिष्करण एवम् वञ्चितीकरणका अवशेष र विकासका अवरोधहरू समाप्त गरी समाजवाद उन्मुख समृद्ध अर्थव्यवस्था निर्माण गर्न पनि दीर्घकालीन सोचको आवश्यकता महसुस गरिएको छ । संविधानले अंगीकार गरेका विकास केन्द्रित सोचलाई आवधिक योजनामा समाहित गर्न, संघीय प्रणालीलाई मजबुत बनाउन, सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई विकास प्रयासमा सहभागी बनाउन र समग्र राष्ट्रलाई एकताबद्ध र उत्प्रेरित बनाई अगाडि बढाउन समेत दीर्घकालीन सोच आवश्यक रहेको छ ।

पहिलो तीन वर्षभित्र नेपाललाई विकासशील राष्ट्र बनाउने, वि.सं. २०८७ सम्ममा सम्पूर्ण नागरिकलाई निरपेक्ष र बहुआयामिक गरिबीको अवस्थाबाट मुक्त गर्दै दिगो विकासका लक्ष्य हासिल गर्ने तथा मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्ने र वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउन २५ वर्ष अवधिको दीर्घकालीन सोचको निर्माण गर्नु परेको हो ।

### दीर्घकालीन सोचको मार्गचित्र

अबको विकासको कार्यसूची सुशासन, विकास र समृद्धि रहेको छ । तसर्थ, विकासमा प्रादेशिक सन्तुलन, समावेशिता, प्राकृतिक स्रोत र साधनको संरक्षण, सम्वर्द्धन र उपयोग गर्दै मर्यादित काम र रोजगारी सिर्जना गर्नु पर्नेछ । समाजवाद उन्मुख लोककल्याणकारी राज्य व्यवस्था, उपलब्ध स्रोत र साधनको परिचालनबाट तीव्र आर्थिक वृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाई समृद्ध अर्थतन्त्र निर्माण गर्ने मार्गचित्र निर्धारण गरिएको छ । संविधानले शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाद्य सुरक्षा, सामाजिक सुरक्षा लगायत सामाजिक, आर्थिक, सांस्कृतिक तथा पर्यावरणीय अधिकारहरूलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । महिला, दलित लगायतका पछाडि परेका वर्ग तथा समुदायलाई राज्यका संरचनामा सहभागी गराउने समावेशी व्यवस्था, खाद्य अधिकार र खाद्य सम्प्रभुताको व्यवस्था, जनतालाई सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, स्वच्छ वातावरणको हक, शोषण र विभेदबाट मुक्ति, शिक्षा, स्वास्थ्य, खाद्य, आवास, रोजगारी, सामाजिक न्याय, सामाजिक सुरक्षा जस्ता विषयहरूलाई प्रत्याभूत गर्न समाजवाद उन्मुख आर्थिक व्यवस्थाका आधार निर्माणमा दीर्घकालीन सोच केन्द्रित रहनेछ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त र भौगोलिक विविधता भएको देश हो । यिनै विशेषताहरूलाई ध्यान दिँदै विकासको प्रारूपमा विविधता ल्याउनु आवश्यक छ । ठूला अर्थतन्त्र भएका दुई छिमेकी देशको उच्च आर्थिक वृद्धि र विश्वव्यापीकरणबाट लाभ लिनेगरी हाम्रो अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक बनाउनु आवश्यक रहेको छ । साथै, उत्पादन र

उत्पादकत्व बढाउने गरी संघीय आर्थिक नीति कार्यान्वयन गर्नुपर्ने र अनौपचारिक अर्थतन्त्रको हिस्सालाई औपचारिकीकरण गर्दै आर्थिक विस्तार गर्नुपर्ने छ ।

विकास सम्बन्धी राज्यका नीतिहरू लोककल्याणकारी राज्यको अवधारणामा आधारित रहनेछन् । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा र उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ । लोकतन्त्रको मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थ व्यवस्थाको निर्माणमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहनेछ। लगानीको न्यूनता पूरा गर्न निजी क्षेत्र, सार्वजनिक-निजी साझेदारी र सार्वजनिक, निजी तथा सहकारी साझेदारीको लगानीलाई प्रोत्साहित गर्दै राष्ट्रिय पुँजीको विकास गरिनेछ ।

दीर्घकालीन सोच अन्तर्गत समृद्धि र सुख प्राप्तिका लक्ष्यहरूलाई तीन चरणमा विभाजन गरिएको छ । पहिलो चरण समृद्धि र सुखको आधार निर्माणको महत्वपूर्ण चरण हुनेछ । यस चरणमा उच्च आर्थिक वृद्धिका लागि आर्थिक, सामाजिक र भौतिक पूर्वाधार तयार गर्नु पर्ने हुन्छ। भौतिक पूर्वाधार अन्तर्गत यातायात, ऊर्जा, सिँचाइ, सूचना प्रविधि तथा संचार आदिको विकासको लागि ठूलो लगानी गर्नु पर्ने आवश्यकता छ । रूपान्तरणकारी र क्रमागत राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण पहिलो पाँच वर्ष भित्रमा सम्पन्न गर्न र गुणस्तरीय पूर्वाधार निर्माण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नमा राज्यको प्रमुख भूमिका रहनेछ । शिक्षा र स्वास्थ्यलाई क्रमशः राज्यको जिम्मेवारीमा ल्याउनुका साथै विद्यमान शिक्षा प्रणालीलाई सुधार गरी समान पहुँच सहितको गुणात्मक शिक्षा प्रणाली अवलम्बन गरिनेछ। पन्ध्रौं योजना समृद्धि र सुखको आधारशिला तयार गर्ने पहिलो योजना हुनेछ ।

दोस्रो चरण समृद्धि र सुखका सूचकहरूमा तीव्र प्रगति हासिल गर्ने चरण हुनेछ । यस चरणमा पन्ध्रौं योजना पश्चात्का दुई वटा पञ्चवर्षीय योजना कार्यान्वयनमा आउनेछन् । पन्ध्रौं योजनाले निर्माण गरेका आर्थिक समृद्धि र सुखका आधारको मजबूत जगमा यस अवधिमा तीव्र र उच्च आर्थिक वृद्धि हासिल गरिनेछ। यस क्रममा आर्थिक वृद्धिदरसँगै प्राप्त उपलब्धिको वितरण न्यायपूर्ण बनाउँदै लगिनेछ । यस दश वर्ष अवधिको अन्त्यमा नेपाल उच्च मध्यम आय भएको मुलुकमा रूपान्तरित भई उच्च आय भएको मुलुकमा स्तरोन्नति हुनेतर्फ उन्मुख हुनेछ ।

तेस्रो चरण समृद्धि र सुखका सूचकहरूमा सन्तुलन सहितको दिगोपना हासिल गर्ने चरण हुनेछ । यस चरणमा दीर्घकालीन सोच अवधिका बाँकी दुई पञ्चवर्षीय योजना कार्यान्वयनमा आउनेछन् । यस अवधिमा दुई अंकको औसत आर्थिक वृद्धिदर सहित सामाजिक न्याय कायम गरिनेछ । दीर्घकालीन सोच अवधिको अन्त्यमा अर्थतन्त्र आत्मनिर्भर, स्वतन्त्र र समृद्ध हुनेछ। साथै, उपलब्ध स्रोत-साधनको अधिकतम परिचालन एवम् समन्यायिक वितरणद्वारा आर्थिक असमानता न्यून भई समाजवादतर्फको बाटो सुदृढ हुनेछ ।

## दीर्घकालीन सोच

### "समृद्ध नेपाल, सुखी नेपाली"

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।

## दीर्घकालीन राष्ट्रिय लक्ष्य

| १. समृद्धि (Prosperity) | २. सुख (Happiness) |
|---|---|
| १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता (Accessible modern infrastructure and intensive connectivity) | २.१ परिष्कृत तथा मर्यादित जीवन (Well-being and decent life) |
| १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग (Development and full utilization of human capital potentials) | २.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज (Safe, civilized and just society) |
| १.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व (High and sustainable production and productivity) | २.३ स्वस्थ र सन्तुलित पर्यावरण (Healthy and balanced environment) |
| १.४ उच्च र समतामूलक राष्ट्रिय आय (High and equitable national income) | २.४ सुशासन (Good governance) |
| | २.५ सबल लोकतन्त्र (Comprehensive democracy) |
| | २.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान (National unity, security and dignity) |

## दीर्घकालीन राष्ट्रिय रणनीति

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो शहररबस्ती विकास गर्ने,
४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
६. गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने र
८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

## रूपान्तरणका प्रमुख सम्वाहक

दीर्घकालीन सोचका रणनीति कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हासिल गर्न देहाय बमोजिम सामाजिक-आर्थिक रूपान्तरणका सम्वाहक अवलम्बन गरिएको छ । यी सम्वाहकलाई दीर्घकालीन सोचको प्राथमिकताका क्षेत्रका रूपमा समेत लिई तदनुरूप साधन-स्रोतको व्यवस्था गरिनेछ ।

आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा राष्ट्रिय आवश्यकता अनुसार प्राथमिकताहरूमा समयानुकूल परिमार्जन गरिनेछ ।

१. गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र बृहत् सञ्जालीकरण,
२. गुणस्तरीय मानव पुँजी निर्माण, उद्यमशील कार्य संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग,
३. जल विद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन,
४. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि,
५. गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार,
६. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र बस्ती विकास,
७. प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार,
८. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र
९. शासकीय सुधार र सुशासन अभिवृद्धि ।

## सहयोगी क्षेत्र

दीर्घकालीन सोचका लक्ष्य हासिल गर्ने सन्दर्भमा रूपान्तरणका सम्वाहक क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरूलाई प्रमुख सहयोगी क्षेत्रका रूपमा लिइएको छ ।

१. संविधान, लोकतन्त्र र विकास प्रतिको राजनीतिक प्रतिबद्धता,
२. जनसांख्यिक लाभ र नागरिक सचेतना,
३. भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता,
४. सामाजिक-सांस्कृतिक विविधता तथा मौलिक पहिचान,
५. सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदाय,
६. स्वच्छ र नवीकरणीय ऊर्जा,
७. मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सद्भाव र
८. संघीय शासन प्रणाली र वित्तीय संघीयता ।

## दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरू

दीर्घकालीन सोचको राष्ट्रिय लक्ष्यहरू प्राप्तिको लागि उच्च आर्थिक वृद्धिदर आवश्यक हुन्छ । यस अवधिमा वार्षिक औसत १०.५ प्रतिशत आर्थिक वृद्धिदरको प्रारम्भिक लक्ष्य अनुमान गरिएको छ । यसमध्ये कृषि क्षेत्रमा औसत ५.५ प्रतिशत, उद्योग क्षेत्रमा औसत १३ प्रतिशत र सेवा क्षेत्रमा वार्षिक औसत १०.९ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको छ ।

दीर्घकालीन सोच अवधिको आर्थिक वृद्धिदरको लक्ष्य अनुरूप यस सोच अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश हालको २७ प्रतिशतबाट घटेर ९ प्रतिशत, उद्योग

क्षेत्रको अंश हालको १५.२ प्रतिशतबाट वृद्धि भई ३० प्रतिशत र सेवा क्षेत्रको अंश हालको ५७.८ प्रतिशतबाट ६१ प्रतिशत पुग्ने अनुमान छ। यसबाट कृषि क्षेत्रमा रहेको ठूलो जनशक्ति उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुनेछ। आगामी २५ वर्षमा उद्योग र सेवा क्षेत्रको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलो संरचनागत एवम् गुणात्मक परिवर्तन हुने अनुमान छ।

दीर्घकालीन सोचको आधार वर्ष २०७५/७६ मा नेपालको प्रतिव्यक्ति आय १ हजार ४७ अमेरिकी डलर रहेको छ। वि.सं. २०७९ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने र वि.सं. २०८७ मा दिगो विकास लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुनेछ। वि.सं. २१०० मा १२ हजार १ सय अमेरिकी डलर प्रतिव्यक्ति आय सहित नेपाल उच्च आयस्तर भएको मुलुकमा स्थापित हुनेछ।

माथि उल्लेखित लक्ष्यहरू हासिल गर्न माथि उल्लेखित रूपान्तरणका सम्वाहक तथा सहयोगी क्षेत्रका अतिरिक्त देहायका तत्वलाई प्रमुख आधार लिइएको छ।

१. संविधानका राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक वृद्धि आवश्यक रहेको।
२. राजनीतिक तथा नीतिगत स्थिरता कायम भई आर्थिक समृद्धितर्फ उन्मुख अवस्था सिर्जना भएको।
३. समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी वृद्धि गर्ने उपयुक्त वातावरण निर्माण भएको।
४. जनसांख्यिक लाभ र प्राकृतिक स्रोत-साधनको महत्तम उपयोग गरिने।
५. ज्ञान, सीप, पुँजी र प्रविधि तथा पूर्वाधार र ऊर्जा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
६. वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय प्रतिबद्धता रहेको।
७. विकास कार्यक्रमको कार्यान्वयनमा तीव्रता प्रदान गर्न आयोजना बैंक, आयोजना पूर्व तयारी र अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ बनाइने।
८. अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक र उत्पादनशील बनाइने।
९. राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आवश्यक सुधार र एकद्वार प्रणाली अपनाइने।
१०. ज्ञानमा आधारित अर्थतन्त्र विकास गरी समृद्धि हासिल गर्ने।

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## दीर्घकालीन सोचका प्रमुख लक्ष्यहरू

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औसत)[1] | प्रतिशत | ६.८ | १०.५ |
| २. | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान[1] | प्रतिशत | २७.० | ९ |
| ३. | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान[1] | प्रतिशत | १५.२ | ३० |
| ४. | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान[1] | प्रतिशत | ५७.८ | ६१ |
| ५. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय[1] | अमेरिकी डलर | १,०४७ | १२,१०० |
| ६. | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ० |
| ७. | बहुआयामिक गरिबीमा रहेको जनसंख्या[2] | प्रतिशत | २८.६ | ३ |
| ८. | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma Ratio)[3] | अनुपात | १.३ | १.१ |
| ९. | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.२५ |
| १०. | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ७२ |
| ११. | बेरोजगारी दर | प्रतिशत | ११.४ | ३ |
| १२. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ७० |
| १३. | जलविद्युत तथा नवीकरणीय ऊर्जा उत्पादन (जडित क्षमता) | मेगावाट | १,०७४ | ४०,००० |
| १४. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | १०० |
| १५. | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | १९८ | ३,५०० |
| १६. | ३० मिनेट सम्मको दूरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९९ |
| १७. | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | कि.मि. | ६,९७९ | ३३,००० |
| १८. | द्रूत मार्ग (भूमिगत मार्ग समेत) | कि.मि. | ० | २,००० |
| १९. | रेलमार्ग | कि.मि. | ४२ | २,२०० |
| २०. | इन्टरनेट प्रयोगकर्ता (कुल जनसंख्यामा) | प्रतिशत | ५५.४ | १०० |
| २१. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ८० |
| २२. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | २० |
| २३. | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | | | |
| २४. | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका[3] | प्रतिशत | २७ | २ |
| २५. | साक्षरता दर (१५ वर्ष माथि)[4] | प्रतिशत | ५८ | ९८ |
| २६. | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | | ४३.९ | ९५ |
| २७. | उच्च शिक्षामा कुल भर्नादर | | ९.५ | ४० |
| २८. | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | | २० | ९५ |
| २९. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | | १७ | १०० |
| ३०. | लैंगिक विकास सूचकांक[5] | सूचकांक | ०.९२५ | १ |
| ३१. | मानव विकास सूचकांक[5] | सूचकांक | ०.५७४ | ०.७६० |

स्रोत: १. राष्ट्रिय लेखा, आ.व. २०७५/७६;२. बहुआयामिक गरिबीको प्रतिवेदन, २०१८;३. नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०१६;४. राष्ट्रिय जनगणना, २०६८;५. मानव विकास प्रतिवेदन-२०१८

नोट: (i) दीर्घकालीन सोचको मार्गचित्र र रणनीति, २५ वर्षमा नेपाल उच्च आय भएको मुलुकको स्तरमा पुग्ने लक्ष्य र अन्य देशहरूको विकासको अनुभवका आधारमा प्रारम्भिक अनुमान गरिएको छ

(ii) शून्य प्रतिशत गरिबीले १ प्रतिशत भन्दा कम गरिबी रहेको अवस्था बुझाउँछ

(iii)आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा माथि उल्लेखित लक्ष्यहरू समयानुकूल पुनरावलोकन गरिनेछ

## ४.२ पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)

नेपालको संविधानमा समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने परिकल्पना सहित तर्जुमा भएको पन्ध्रौं योजनाले तीव्र र सन्तुलित आर्थिक विकास, समृद्धि, सुशासन र नागरिकले सुखको अनुभूति प्राप्त गर्ने दूरदृष्टि राखेको छ संघीय संरचनामा तीन तहको कुशल अन्तर सरकारी वित्त व्यवस्थापन र निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँगको सहकार्यद्वारा लक्षित उद्देश्य हासिल गर्ने यो पहिलो योजना हुनेछ यस योजनाले वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी समृद्धि र सुख प्राप्ति गर्ने र समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्नेछ आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमहरूको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अतिकम विकसित मुलुकबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्यलाई हासिल गर्ने सोच सहित उच्च मध्यम आयस्तर भएको मुलुकमा पुग्ने गरी पन्ध्रौं योजनाको आधार पत्र तर्जुमा गरिएको छ ।

यस योजना अवधिमा उत्पादनशील रोजगारी सिर्जना, न्यायोचित वितरण तथा सामाजिक संरक्षण र सुरक्षा सहितको आर्थिक वृद्धि हासिल गर्ने गरी मुलुकमा उपलब्ध सम्पूर्ण स्रोत-साधनको महत्तम परिचालन गरिनेछ यसका लागि आर्थिक गतिविधिमा विस्तार एवम् गतिशीलता ल्याउने गरी लगानी केन्द्रित गरिनेछ निजी, सहकारी र सामुदायिक क्षेत्रलाई एकअर्काको परिपूरकका रूपमा परिचालन गरिनेछ यी क्षेत्रहरूबाट गरिने लगानी, उत्पादकत्व अभिवृद्धि तथा उद्यमशीलता प्रवर्द्धनद्वारा अर्थतन्त्रलाई उत्पादनमुखी, रोजगारमूलक र आत्मनिर्भर बनाउँदै अर्थतन्त्रको संरचनात्मक परिवर्तन गर्नेतर्फ उन्मुख गरिनेछ संघीय संरचना बमोजिम संघ, प्रदेश र स्थानीय तहको बीचमा सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा आर्थिक, सामाजिक, पर्यावरणीय र सुशासन सम्बन्धी लक्ष्यहरू हासिल गर्नेगरी योजना कार्यान्वयन गरिनेछ सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्नेतर्फ योजना लक्षित हुनेछ अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरमा गरिएका प्रतिबद्धताको आन्तरिकीकरण गर्दै अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनद्वारा रूपान्तरणका सम्वाहकको क्षेत्रमा लगानी केन्द्रित गरी राष्ट्रिय अर्थतन्त्रको आकार वृद्धि गर्नेतर्फ योजनामा जोड दिइएको छ आन्तरिक तथा बाह्य स्रोत र साधन तथा अन्तरसरकारी वित्तको परिचालनद्वारा तीन तहको सरकारको कार्यमा सामञ्जस्यता कायम गरी आर्थिक समृद्धि र नागरिक सुखको अनुभूतिको आधार निर्माण गर्नेतर्फ यो योजना केन्द्रित रहनेछ

### राष्ट्रिय लक्ष्य

पन्ध्रौं योजना "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा रहनेछ । सो बमोजिम समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने यस योजनाको राष्ट्रिय लक्ष्य रहेको छ ।

## प्रमुख परिमाणात्मक लक्ष्यहरू

योजनाका परिमाणात्मक राष्ट्रिय लक्ष्य र गन्तव्य देहाय बमोजिम रहेका छन् ।

## समृद्धिका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| १ | उच्च र समतामूलक राष्ट्रिय आय | | | |
| १.१ | औद्योगिक राष्ट्रको स्तरको उच्च आय | | | |
| १.१.१ | आर्थिक वृद्धिदर[1] | प्रतिशत | ६.८ | १०.३ |
| १.१.२ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय[1] | अमेरिकी डलर | १,०४७ | १,५९५ |
| १.२ | गरिबीको अन्त्य | | | |
| १.२.२ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी)[2] | प्रतिशत | १८.७ | ११ |
| १.३ | राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा | | | |
| १.३.१ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma ratio) | अनुपात | १.३ | १.२५ |
| १.३.२ | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient)[3] | गुणक | ०.३१ | ०.२९ |
| २ | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | | | |
| २.१ | स्वस्थ र लामो आयु भएका नेपाली | | | |
| २.१.१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७२ |
| २.१.२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | २३९ | ९९ |
| २.१.३ | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)[3] | संख्या | ३९ | २४ |
| २.२ | गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक | | | |
| २.२.१ | साक्षरता दर (१५ वर्ष माथि)[4] | प्रतिशत | ५८ | ९० |
| २.२.२ | युवा साक्षरता दर (१५-२४ वर्ष)[4] | प्रतिशत | ८५ | ९९ |
| २.२.३ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९२.३ | ९९.५ |
| २.२.४ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ६५ |
| २.२.५ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | २२ |
| २.२.६ | काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | २५ | ६० |
| २.३ | उत्पादनशील र मर्यादित रोजगारी | | | |
| २.३.१ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ४८.५ |
| २.३.२ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ६ |

| | | | | |
|---|---|---|---|---|
| २.३.३ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० |
| ३ | सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता | | | |
| ३.१ | सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात | | | |
| ३.१.१ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (स्तरोन्नति/कालोपत्रे) | कि.मि. | ६,९७९ | १५,००० |
| ३.१.२ | द्रुत लोकमार्ग (भूमिगत मार्ग समेत) | कि.मि. | ० | ७६ |
| ३.१.३ | रेलमार्ग | कि.मि. | ४२ | २०० |
| ३.२ | पूर्वाधारमा पहुँच तथा आबद्धता | | | |
| ३.२.१ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९५ |
| ३.२.२ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | ९९ |
| ३.२.३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ८८ | ९९ |
| ३.२.४ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २० | ४० |
| ३.२.५ | इन्टरनेट प्रयोगकर्ता (कुल जनसंख्यामा) | प्रतिशत | ५५.४ | ८० |
| ४ | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | | | |
| ४.१ | अर्थतन्त्रमा क्षेत्रगत योगदान | | | |
| ४.१.१ | प्राथमिक क्षेत्र (कृषि, वन र खानि)[१] | प्रतिशत | २७.६ | २३. ० |
| ४.१.२ | द्वितीय क्षेत्र (उत्पादनमूलक उद्योग, विद्युत, ग्यास र पानी तथा निर्माण)[१] | प्रतिशत | १४.६ | १८.१ |
| ४.१.३ | तृतीय क्षेत्र (सेवा)[१] | प्रतिशत | ५७.८ | ५८.९ |
| ४.२ | स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोग | | | |
| ४.२.१ | जलविद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | १,०२० | ५,००० |
| ४.२.२ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | १९८ | ७०० |
| ४.२.३ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | ५ | १२ |
| ४.३ | व्यापार सन्तुलन | | | |
| ४.३.१ | वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | अनुपात | ९.० | १५.७ |
| ४.३.२ | वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ५०.८ | ५१.० |
| ४.४ | राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व | | | |
| ४.४.१ | श्रम उत्पादकत्व | रु हजारमा | १८४.६ | २७६ |
| ४.४.१ | कृषि उत्पादकत्व (प्रमुख बाली) | मेट्रिक टन प्रति हेक्टर | २.९७ | ४ |

स्रोत: १. आ.व. २०७५/७६ को प्रारम्भिक अनुमान, राष्ट्रिय लेखास २. केन्द्रीय तथ्याङ्क विभागको आ.व. २०७५/७६ को अनुमानस ३. नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०१६; ४. राष्ट्रिय जनगणना, २०६८ ।

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|
| १ | परिष्कृत तथा मर्यादित जीवन | | | |
| १.१ | नागरिक स्वस्थता तथा सन्तुष्टि | | | |
| १.१.१ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका[१] | प्रतिशत | २७ | १५ |
| १.१.२ | मानव विकास सूचकांक[२] | सूचकांक | ०.५७४ | ०.६२४ |
| १.१.३ | नागरिक सन्तुष्टिको अनुभूति सूचकांक२ | सूचकांक | ४.७ | ५.१ |
| १.१.४ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या[३] | प्रतिशत | २८.६ | १३ |
| १.२ | सुरक्षित तथा सुविधासम्पन्न आवास | | | |
| १.२.१ | सुरक्षित (भवन आचार संहिताको मापदण्ड अनुसार निर्मित) आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ३७.८ | ६० |
| १.३ | भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व | | | |
| १.३.१ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार[४] | प्रतिशत | ८५.३ | ८९ |
| १.३.२ | सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसंख्या | प्रतिशत | ४.४ | २० |
| १.३.३ | लैंगिक विकास सूचकांक[२] | सूचकांक | ०.९२५ | ०.९६३ |
| २ | सुरक्षित, सभ्य र न्यायपूर्ण समाज | | | |
| २.१ | विभेद, हिंसा र अपराधमुक्त समाज | | | |
| २.१.१ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६.३ | १३ |
| २.१.२ | दर्ता भएका लैंगिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८६.७ | १०० |
| २.२ | सामाजिक-सांस्कृतिक विविधता | | | |
| २.२.१ | मातृभाषामा पठन-पाठन हुने विद्यालय | संख्या | २७० | ३२४ |
| २.३ | सामाजिक सुरक्षा तथा संरक्षण | | | |
| २.३.१ | राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ११.३ | १३.७ |
| २.३.२ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ६० |
| ३ | स्वस्थ र सन्तुलित पर्यावरण | | | |
| ३.१ | प्रदूषणमुक्त र स्वच्छ वातावरण | | | |
| ३.१.१ | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घनमिटर | ५३ | ४० |
| ३.२ | जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन | | | |
| ३.२.१ | लोपोन्मुख, सङ्कटापन्न र जोखिममा परेका प्रजाति र वनस्पति संरक्षण | संख्या | ५८९ | ५८९ |
| ३.३ | जलवायु परिवर्तन अनुकूलनशीलता | | | |
| ३.३.१ | अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह | संख्या | २१७ | ५५० |
| ३.४ | विपद् उत्थानशील समाज र अर्थतन्त्र | | | |
| ३.४.१ | विपद्का घटनाबाट प्रभावित जनसंख्या | प्रति हजार | १९.५ | ५ |
| ३.४.२ | विपद्का घटनाबाट मृत्यु हुने जनसंख्या | प्रति लाख | १.७ | १.०९ |
| ४ | सुशासन | | | |
| ४.१ | कानुनी शासन | | | |
| ४.१.१ | कानुनी शासन सूचकांक[५] | सूचकांक | ०.५३ | ०.५८ |
| ४.२ | सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिता | | | |

| | | | | |
|---|---|---|---|---|
| ४.२.१ | भ्रष्टाचार अनुभूति सूचकांक | सूचकांक | ३१ | ४१ |
| ४.२.२ | 'हेलो सरकार'मा प्राप्त उजुरीको फछ्यौट | प्रतिशत | ४८.१३ | ९८ |
| ५ | सबल लोकतन्त्र | | | |
| ६ | राष्ट्रिय एकता, सुरक्षा र सम्मान | | | |
| ६.१ | नेपालीत्वको उच्च भावना | | | |
| ६.१.१ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | - | १०० |
| ६.२ | मानव तथा अन्य सुरक्षा | | | |
| ६.२.१ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता[१] | प्रतिशत | ५६ | १०० |
| ६.२.२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार[१] | प्रतिशत | ४८.२ | ८० |
| ६.३ | अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता | | | |
| ६.३.१ | कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश | प्रतिशत | १४.७ | ५ |

स्रोत: १. नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०१६; २. मानव विकास प्रतिवेदन-२०१८; ३. बहुआयामिक गरिबीको प्रतिवेदन, २०१८; ४. राष्ट्रिय जनगणना-२०६८; ५. कानुनी शासन सूचकांक-२०१८ ।

योजनाले परिलक्षित गरेका माथि उल्लेखित राष्ट्रिय लक्ष्यहरू हासिल गर्न समष्टिगत आर्थिक खाका सहितको खण्डीकृत प्रादेशिक लक्ष्यहरू योजनाको विस्तृत दस्तावेजमा समावेश गरिनेछन् ।

## राष्ट्रिय उद्देश्य

१. सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु ।

२. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु ।

३. सामाजिक-आर्थिक रूपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु ।

## आर्थिक वृद्धिदर

मुलुक नीतिगत स्थायित्वको दिशामा अगाडि बढेसँगै योजना अवधिमा विकास तथा आयोजना सुशासनमा उल्लेख्य रूपमा सुधार भई निर्माणाधीन अधिकांश राष्ट्रिय गौरवका आयोजना र बृहत् प्रकृतिका कार्यक्रम तथा आयोजना सम्पन्न भएका हुनेछन् । साथै, ऊर्जा उत्पादनमा उल्लेख्य वृद्धि भई अर्थतन्त्रका समग्र क्षेत्रमा विद्युतीय ऊर्जाको खपत तथा उपयोगमा वृद्धि र योजनाले पहिचान गरेका रूपान्तरणकारी कार्यक्रम/आयोजना प्रभावकारी कार्यान्वयन भएका हुनेछन् । उल्लेखित प्रयासहरूबाट कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि भई तीव्र आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न लगानीमा उच्च वृद्धिका अतिरिक्त

श्रमशक्तिको उत्पादनशील उपयोग र जलस्रोत, भूमि, वन सम्पदा, खनिज पदार्थ लगायतका प्राकृतिक स्रोत-साधनको दिगो परिचालन गरिनेछ । संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनबाट प्रदेश र स्थानीय अर्थतन्त्रमा गतिशीलता आउनुका साथै निजी, सहकारी र सामुदायिक क्षेत्रको परिपूरकात्मक सहकार्य मजबूत एवम् सुदृढ भई राष्ट्रिय पुँजी निर्माण हुनेछ ।

आर्थिक वृद्धिका लागि कृषि तथा वन, खानी तथा उत्पादनमूलक उद्योग, विद्युतीय ऊर्जा, निर्माण, पर्यटन, यातायात तथा सूचना प्रविधि, शिक्षा र स्वास्थ्य प्रमुख हस्तक्षेपका क्षेत्र हुन् । यी क्षेत्रमा भएको लगानीको कारण अर्थतन्त्रका अन्य क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्न गई लक्षित आर्थिक वृद्धि हासिल हुने अनुमान गरिएको छ । योजना अवधिमा औसत ९.६ प्रतिशतको वार्षिक आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ । कृषि, उद्योग र सेवा क्षेत्रमा क्रमशः ५.४, १४.६ र ९.९ प्रतिशतको औसत वृद्धि हुने अनुमान रहेको छ । उल्लेखित आर्थिक वृद्धि हासिल गर्नको लागि समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै लगानी आकर्षण तथा परिचालन गरिनेछ ।

### कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिदरको लक्ष्य (२०७५/७६ को स्थिर मूल्यमा)

(प्रतिशतमा)

| क्षेत्रहरु | आधार वर्ष | पन्ध्रौं योजना | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | योजनाको औसत |
| कृषि | ४.८ | ४.७ | ५.१ | ५.७ | ५.८ | ५.८ | ५.४ |
| उद्योग | १२.२ | १५.१ | १५.६ | १४.८ | १३.२ | १४.६ | १४.६ |
| उत्पादनमूलक उद्योग | ५.८ | ११.५ | १३.० | १३.० | १२.० | १४.० | १२.७ |
| विद्युत, ग्यास तथा पानी | १२.४ | ४४.० | ३५.० | २९.० | २६.० | २१.० | ३०.० |
| निर्माण | ८.९ | ११.९ | १२.८ | १२.० | ९.५ | १२.५ | ११.७ |
| सेवा | ७९ | ८.७ | १०.० | १०.३ | १०.० | १०.७ | ९.९ |
| होटेल तथा रेस्टुरेण्ट | ८.३ | १६.५ | २०.० | १७० | १६.० | १६.० | १७० |
| यातायात, भण्डारण र सञ्चार | ५.९ | ९.० | १०.५ | १२.० | ११.० | १२.० | १०.८ |
| शिक्षा | ५.२ | ८.५ | ९.५ | १०.५ | १०.० | ११.० | ९.९ |
| स्वास्थ्य तथा सामाजिक कार्य | ६.७ | ८.७ | १०.३ | १०.५ | ११.३ | १२.० | १०.५ |
| कुल मूल्य अभवृद्धि (अप्रत्यक्ष स्र्पमा मापन गरिएको वित्तीय मध्यस्थता सेवा समेत) | ६.८ | ८.७ | ९.७ | १०.० | ९.६ | १०.३ | ९.७ |
| कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | ६.८ | ८.५ | ९.६ | ९.९ | ९.६ | १०.३ | ९.६ |
| कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | ७१ | ९.२ | १०.१ | १०.४ | १०.२ | १०.८ | १०.१ |

योजना अवधिको औसत ९.६ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न कुल स्थिर लगानी आ.व. २०७५/७६ को मूल्यमा रू. ९२ खर्ब २९ अर्ब २९ करोड आवश्यक पर्ने अनुमान गरिएको छ । यसमध्ये सार्वजनिक क्षेत्रबाट रु ३५ खर्ब ९८ अर्ब ३२ करोड, निजी क्षेत्रबाट रू. ५१ खर्ब ३४

अर्ब ९ करोड र सहकारी क्षेत्रबाट रू. ४ खर्ब ९६ अर्ब ८७ करोड लगानी हुने अनुमान गरिएको छ । कुल लगानीमा यी तीन क्षेत्रको क्रमशः ३९.० प्रतिशत, ५५.६ प्रतिशत र ५.४ प्रतिशत योगदान हुनेछ । अनुमानित लगानीको विषयगत बाँडफाँट अनुसार कृषि, उत्पादनमूलक उद्योग, विद्युत, निर्माण, शिक्षा तथा स्वास्थ्यमा सरकारी लगानी उल्लेख्य वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

## ४.३ वार्षिक कार्यक्रम तथा योजना

संघीय व्यवस्थामा मुलुक प्रवेश गरेको विशिष्ट अवस्था र विगतका कार्यहरूको अनुभवलाई मध्यनजर गर्दै राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ ले निर्देश गरेअनुसार आगामी वर्षमा देहाय बमोजिमको कार्यदिशा अंगिकार गरिएको छ ।

### क.पन्ध्रौं योजना कार्यान्वयन तथा दिगो विकास लक्ष्यको आन्तरिकीकरण

(क) संविधानले निर्देश गरेका विकास, सम्बृद्धि तथा आर्थिक सामाजिक रूपान्तरणसम्बन्धी अभिभाराको कार्यान्वयन गर्दै प्रमुख कार्यक्रम तथा रुपान्तरणकारी आयोजना, नतिजा खाका, प्रदेशगत लक्ष्य, गन्तव्य तथा सूचक र विषयक्षेत्रगत लगानी खाका सहित पन्ध्रौं योजनाको विस्तृत दस्तावेज कार्यान्वयन गर्ने र क्षेत्रगत कार्यक्रमहरुलाई दिगो विकासका लक्ष्यहरुसँग आवद्धता गर्दै सन् २०३० अगावै दिगो विकासका लक्ष्यहरु हासिल गरी मध्यमस्तरीय आय भएको मुलुक र वि स २१०० सम्ममा उच्च मध्यमस्तरीय आय भएको सभ्य, सुसंस्कृत र विकसित मुलुक बनाउने कार्यमा अठोटका साथ सक्रियता राख्ने ।

(ख) दिगो विकस लक्ष्यको स्वेच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन तयार गर्न प्रदेश र स्थानीय तहको दिगो विकास लक्ष्य आन्तरिकीकरण सम्वन्धी दिग्दर्शन तयारी गरी दुबै तहको क्षमता अभिवृद्धि गर्ने ।

(ग) संघीय व्यवस्थाअनुरूप मुलुकको योजना प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहका योजना प्रकृया, संगठन र तहगत योजनाहरू वीचको अन्तरसम्बन्ध सृदृढ गर्न क्षमता विकास गर्ने ।

(घ) राष्ट्रिय महत्वका समसामयिक विषयहरू रोजगारी सृजना, व्यापार घाटा, आधारभूत स्वास्थ्य, ग्रामीण दूरसंचार र सामाजिक सुरक्षा, लगायतका विषयमा अध्ययन अनुसन्धान गरी आवश्यक नीति, योजना तथा कार्यक्रमहरू तर्जुमाका लागि सरकारलाई सल्लाह दिने ।

(ङ) क्षेत्रगत नीति, आवधिक योजना, कार्यक्रम तथा आयोजना तर्जुमा र अनुगमन, मूल्याङ्कन तथा सर्वेक्षणको कार्यलाई तथ्यमा आधारित बनाउन आवश्यक पूर्वाधार विकास, क्षमता अभिबृद्धि तथा केन्द्रीय तथ्याङ्क विभागलाई सुदृढीकरण गर्ने ।

(च) अनुसन्धान तथा विकासलाई सृजनशील तथा वैज्ञानिक बनाउन समग्र योजना तथा क्षेत्रगत नीतिलाई अध्ययन अनुसन्धानसंग जोडी नीति पृष्ठपोषण र अनुगमन प्रणालीलाई बलियो बनाउने ।

### ख. सहकार्यात्मक संघीयता, तहगत समन्वय एवम् वित्तीय संघीयता

(क) सहकार्यात्मक संघीयता कार्यान्वयनका लागि अन्तरप्रदेश परिषदबाट भएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्ने र तीनै तहका विकास नीति, योजना तर्जुमा, कार्यक्रम तथा

आयोजना कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका लागि नीतिगत तथा तहगत समन्वय र प्रतिवेदनको लागि राष्ट्रिय ढाँचासहितको संरचनागत फ्रेमवर्क तयार गर्ने ।

(ख) तीनै तहको नीति, कार्यक्रम तथा बजेटको वार्षिक कार्ययोजनाको अनलाईन अनुगमन गर्न प्रणालीलाई एकीकृत गर्दै विधमान कार्यक्रम र आयोजनाहरु आवश्यकता, प्रभावकारिता र प्रभावको विश्लेषण गरी आवश्यकता अनुसार परिमार्जन, पुनसंरचना वा खारेज गरी सावजनिक खरिद सम्वन्धी कानुनमा समयानुकूल सुधार गर्ने कार्यमा समन्वय गर्ने ।

(ग) आवधिक योजना र वार्षिक विकास कार्यक्रमबीच अन्तरसम्वन्ध स्थापित गर्नका निमित्त प्रभावकारी देखिएको मध्यमकालीन खर्च संरचनालाई प्रदेश तथा स्थानीय तहमा समेत व्यवस्थित र सुदृढ गर्दै संस्थागत गर्ने । मध्यकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा मध्यकालीन समष्टीगत आर्थिक खाका सहितको प्रारम्भिक प्रतिवेदन तयार गर्ने र क्रमागत कार्यक्रम/आयोजनाको अध्ययन गरी परिमार्जन, पुनसंरचना तथा खारेजी सम्वन्धी विवरण तयार गर्ने ।

(घ) प्रदेश र स्थानीय तहमा समपूरक र विशेष अनुदान बाँडफाँट गर्न त्यस्तो अनुदान बाडफाँट सम्वन्धी कार्यविधी परिमार्जन गरी मन्त्रिपरिषद्बाट स्वीकृति गरिएको छ। समपूरक र विशेष अनुदान सम्वन्धी प्रस्ताव आह्वान र मूल्याङ्कन गरी अनुदान बाँडफाँट गर्ने र समपूरक र विशेष अनुदान सम्वन्धी विधुतीय प्रणाली विकास तथा परीक्षण गर्ने व्यवस्था मिलाउने कार्य क्रममा रहेको छ ।

## ग. आयोजना व्यवस्थापन

(क) विकास आयोजनालाई नतिजामूलक, अपेक्षित र समयमा सम्पन्न हुने बनाउन विशेष व्यवस्था गरी विकास निर्माणको क्रममा बाधा व्यवधान हुन नदिने, विकास आयोजनाहरुको निर्णय, खरिद प्रक्रिया र ठेक्का व्यवस्थापनमा सुधार गरी पूँजीगत खर्च वृद्धि गरिने र तीनै सिफ्टमा काम गर्न प्रोत्साहन गर्दै विकास आयोजनाहरु तोकिएको समय गुणस्तर र लागतमा सम्पन्न नगर्ने पदाधिकारी र निर्माण व्यवसायीलाई कानूनी कारवाहीको दायरामा ल्याउने विषयमा केन्द्रित हुने ।

(ख) संघ, प्रदेश र स्थानीय तहका आयोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि संघीय कानूनको रूपमा अनुगमन तथा मूल्याङ्कन सम्वन्धी विधेयक संघीय संसदमा विचाराधीन रहेको अवस्थामा पारित गराउने विषयमा पहल गर्ने ।

(ग) पन्ध्रौं योजनाको निर्दिष्ट लक्ष्य अनुरुप पूर्ण तयारीका साथ आयोजना कार्यान्वयन र प्रणाली विकासका लागि राष्ट्रिय आयोजना बैंक सुदृढीकरण गर्न संस्थागत व्यवस्था गर्दै क्रियाशील बनाउने तथा राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नति गर्ने ।

(घ) विकास निर्माण कार्यमा संलग्न निजी, सहकारी तथा सामुदायिक क्षेत्रको साझेदारी तथा सहकार्यलाई प्रवर्द्धन गर्दै क्षमता विकास तथा विस्तार गर्ने र अनुगमन तथा नियमन व्यवस्थालाई प्रभावकारी बनाइने ।

(ङ) सबै जिम्मेवारीका पदमा र आयोजना प्रमुखसँग कार्यसम्पादन संझौता गर्ने र आयोजना प्रमुखलाई सेवा अवधि रहेसम्म आयोजना पहिचान, पूर्वतयारी र कार्यान्वयनका सवै चरणमा एउटै नेतृत्व रहने गरी आयोजना अवधिभर काम गर्ने गरी जिम्मेवारी तोक्ने व्यवस्था मिलाउने ।

(च) सम्माननीय प्रधानमन्त्रीको उपस्थितिमा प्रत्येक चौमासिकमा हुने राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा विषयगत क्षेत्रका माननीय मन्त्री, प्रदेशका मुख्यमन्त्री सचिव तथा आयोजना प्रमुखले आयोजना, प्रदेश तथा मन्त्रालयगत प्रगति विवरणको समीक्षा गर्ने प्रणालीको विकास गर्ने । साथै उक्त समितिलाई विकास आयोजना, प्रादेशिक तथा स्थानीय तहको समस्या समाधान गर्ने सक्ने गरी संरचना सुदृढ गर्ने ।

(छ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयसँगको सहकार्यमा एकीकृत अनुगमन प्रणालीको विकास गर्न र संघीय शासन प्रणालीअनुसार विभिन्न तहगत सरकारहरूमा हुने योजनाहरूको छनौट र योजना अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई क्रमशः प्रदेश तथा स्थानीय तहमा संस्थागत गर्ने कार्यमा समन्वय गर्ने ।

(ज) समष्टीगत आर्थिक मोडेलिङ्ग ल्याब स्थापनार्थ कार्य गर्ने र एकीकृत रूपमा राष्ट्रिय गौरव, प्रादेशिक सन्तुलनका आयोजना र प्राथमिकता प्राप्त आयोजनाहरूको छनौट गर्न आयोजना बैंक संस्थागत गर्ने ।

## घ. सुशासन तथा संगठन व्यवस्थापन

(क) सम्माननीय प्रधानमन्त्री समक्ष नेपाल सरकारका अर्थमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त, महालेखा परीक्षक र नेपाल राष्ट्र बैंकका गभर्नरसँग तत् तत् निकायबाट सम्पादित काम र सोको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने कार्यलाई व्यवस्थित गर्ने ।

(ख) प्राथमिकता प्राप्त विकास कार्यक्रम तथा आयोजनाहरुको आन्तरिक तथा तेस्रो पक्ष मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने ।

(ग) सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणका नीति एवम् कार्यक्रमहरु विभिन्न निकायहरुबाट कार्यान्वयन हुँदा दोहोरोपना देखिएकोले साधनस्रोतको उपयुक्त एवम् औचित्वपूर्ण उपयोग हुनेगरी त्यस्तो दोहोरोपना हटाउन एकीकृत संयन्त्र वनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने ।

(घ) संघीय शासकीय प्रणालीअनुरूप आयोगलाई प्राप्त कार्यादेशको प्रभावकारी सम्पादन गर्न समयानुकूल सांगठनिक एवम् व्यवस्थापकीय पुनःसंरचना गर्ने । साथै, आयोगको कार्यक्षमता एवम् कार्यदक्षतामा अभिबृद्धि हुने गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने तथा साधन श्रोत सम्पन्न बनाउने ।

(ङ) तथ्याङ्कीय व्यवस्थापनका कार्यलाई राष्ट्रिय आवश्यकता, बदलिंदो परिवेश, अन्तर्राष्ट्रिय मान्यता र संघीय शासकीय प्रणाली अनुरूप गर्न केन्द्रीय तथ्याङ्क विभागको सँगठनात्मक पुनर्संरचना गरी राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन गर्ने ।

## अनुसूची - १

# राष्ट्रिय योजना आयोगको स्वरूप

### राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ३ बमोजिम आयोगको स्वरूप

| | |
|---|---|
| सम्माननीय प्रधानमन्त्री | अध्यक्ष |
| नेपाल सरकारबाट नियुक्त एक जना | उपाध्यक्ष |
| नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिलासहित बढीमा छ जना | सदस्य |
| मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, राष्ट्रिय योजना आयोग | सदस्य-सचिव |

## अनुसूची - २

# राष्ट्रिय योजना आयोगको संगठन स्वरूप



# राष्ट्रिय योजना आयोग दरवन्दी तालिका

| सि.न. | पद नाम | श्रेणी | सेवा | समूह/उपसमुह | मौजुदा दरवन्दी | पदपुर्तिको अवस्था | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ति | रित्त |
| १. | सचिव | विशिष्ठ | प्रशासन | | १ | १ | ० |
| २. | सहसचिव | रा.प. प्रथम | प्रशासन | | ४ | ४ | ० |
| ३. | कार्यक्रम निर्देशक | रा.प. द्वितीय | प्रशासन | सा. प्रशासन | १२ | १२ | ० |
| ४. | उप सचिव लेखा | रा.प. द्वितीय | प्रशासन | लेखा | १ | १ | ० |
| ५. | योजना अधिकृत | रा.प.तृतीय | प्रशासन | सा. प्रशासन | २६ | २६ | ० |
| ६. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | ० |
| ७. | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | ने. आ. यो. त. | तथ्याङ्क | २ | २ | ० |
| ८. | कानून अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | कानून | १ | ० | १ |
| ९. | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | २ | २ | ० |
| १०. | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पुस्तकालय विज्ञान | १ | १ | ० |
| ११. | नायब सुब्बा | रा.प.अ.नं.प्रथम | प्रशासन | सा. प्रशासन | १६ | १६ | ० |
| १२. | पुस्तकालय सहायक ना.सु. | रा.प.अ.नं.प्रथम | शिक्षा | पुस्तकालय विज्ञान | १ | १ | ० |
| १३. | लेखापाल | रा.प.अ.नं.प्रथम | प्रशासन | लेखा | १ | ० | १ |
| १४. | कम्प्युटर अपरेटर | रा.प.अ.नं.प्रथम | विविध | | ६ | ६ | ० |
| १५. | ह.स.चा. | श्रेणी विहीन | इन्जिनियरिङ् | जनरल मेकानिक्स | १४ | १४ | ० |
| १६. | कार्यलय सहयोगी | श्रेणी विहीन | प्रशासन | | १६ | १६ | |
| | जम्मा | | | | १०५ | १०४ | १ |

अनुसूची - ३

# राष्ट्रिय विकास समस्या समाधान समितिको स्वरूप

## राष्ट्रिय अनुगमन तथा मुल्यांकन दिग्दर्शन, २०७५ अनुसार

| | |
|---|---|
| क. सम्माननीय प्रधानमन्त्री | अध्यक्ष |
| ख. नेपाल सरकारका मन्त्रीहरु | सदस्य |
| ग. प्रदेशका मुख्य मन्त्रीहरू | सदस्य |
| घ. उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| ङ. मुख्य सचिव | सदस्य |
| च. राष्ट्रिय योजना आयोगका सदस्यहरू | सदस्य |
| छ. राष्ट्रिय योजना आयोगको सचिव | सदस्य-सचिव |

समितिको बैठकमा आवश्यकता अनुसार सम्वन्धित पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिने व्यवस्था छ । साथै समितिको बैठकमा मन्त्रालयका सचिवज्यूहरुको समेत सहभागिताका लागि आमन्त्रण गर्ने गरिएको छ ।

## अनुसूची - ४

# नेपालः दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लागत अनुमान र वित्तीय रणनीति, २०१९ को सारांश

संयुक्त राष्ट्र संघको महासभाले सन् २०१६ देखि २०३० सम्म विश्वको रुपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछाड्ने प्रतिवद्धताका साथ सन् २०१५ को सेप्टेम्वरमा दिगो विकास लक्ष्यहरु घोषणा गरेको थियो । उक्त घोषणा बमोजिम दिगो विकासका १७ वटा लक्ष्य १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ वटा विश्वव्यापी सूचक निर्धारण गरिएको छ । दिगो विकास लक्ष्यमा विश्वका सबै राष्ट्रमा सहभागितामूलक, अधिकारमुखी र समतामूलक समाजको निर्माण गर्ने जस्ता विषय समेटिएका छन् । नेपालको सन्दर्भमा पनि सन् २०१९ (पन्ध्रौं योजनाको आधार वर्ष), २०२२ (अति कम विकसित राष्ट्रबाट स्तरोन्नति हुने अपेक्षित वर्ष), र २०२५ (तीव्र गतिको विकास गर्नको निम्ति अनुकूल बिन्दू) जस्ता बीचका अवधिहरूका महत्वपूर्ण कोसेढुङ्गाहरू लगायत सन् २०३० सम्मका लागि एउटा स्पष्ट मार्गचित्र रहेको छ । सो अनुसार नेपालले दिगो विकासका लक्ष्यलाई आवधिक योजना मध्यकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेटमा आन्तरिकीकरण गर्दै आएको छ । वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्य अनुसार बजेट सांकेतीकरण गर्ने व्यवस्था गरिदै आइएको छ । यस्तै दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन नीतिगत, कानुनी तथा संस्थागत संरचना तयार भएका छन् । आयोगले प्रकाशित गरेको दिगो विकास लक्ष्य सम्वन्धी आधार तथ्यांक तथा अनुगमनको खाका सहितको दिगो विकास लक्ष्य वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३०को प्रतिवेदनमा १. समृद्धिको प्राप्ति (Generating prosperity) २. समृद्धिको हिस्सेदारी (Sharing Prosperity) र ३. समृद्धिको दिगोपना (Sustaining Prosperity) गरी ३ वटा मुख्य साझा आकाङ्क्षाहरु (Shared Aspirations) रहेका छन् ।

यो प्रतिवेदनको अनुगमन खाकाले दिगो विकास लक्ष्यहरूका राष्ट्रिय सूचकहरू अध्यावधिक गरेको छ र विश्वव्यापी दिगो विकास लक्ष्यहरू अनुरूप हुनेगरी तिनीहरूलाई समायोजन गरेको छ । यी लक्ष्यहरूले “कसैलाई पनि पछि पारिएको छैन” भन्ने मूल मन्त्रलाई आत्मसात् गरेका छन् । साथै यसमा सन् २०३० सम्ममा नेपाललाई न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना र दिगो विकास लक्ष्यहरू पूरा हुने अन्तिम मिति एकै समयमा परेको छ । यद्यपि, सबै १७ ओटा

लक्ष्यहरू र १६९ परिमाणात्मक लक्ष्यहरू विश्वव्यापी चस्माबाट हेरिएका वैधानिक लक्ष्यहरू हुन्, तर पनि स्रोत साधनहरूको अभाव झेलिरहेको नेपालजस्तो देशले यी लक्ष्यहरूलाई हासिल गर्न यिनीहरूलाई प्राथमिकीकरण एवम् स्थानीयकरण गर्दै बढी उपलब्धितर्फ उन्मुख हुने तलैबाट सुरु भएको (Bottom up) मार्गलाई प्रोत्साहन दिन आवश्यक छ। दिगो विकासका लक्ष्यहरु हासिल गर्नको लागि महत्वपूर्ण आधार भनेको श्रोतको व्यवस्थापन हो । यसको लागि राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्यको लागि आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, २०१९ को प्रतिवेदन प्रकाशित गरेको छ। यस प्रतिवेदनमा मुख्यत दिगो विकास लक्ष्यहरु कार्यान्वयनका लागि आवश्यक नीतिगत हस्तक्षेपहरुको पहिचान, सार्वजनिक निजी घरपरिवार सहकारी तथा गैरसरकारी संस्थाहरुले खर्च गर्नुपर्ने वित्तीय श्रोतको आंकलन, दिगो विकास लक्ष्यहरुको कार्यान्वयन र अनुगमनमा सबै सरोकारवालाहरुलाई संलग्न गराउन अपनाउनुपर्ने साझेदारी रणनीति जस्ता विषयहरु समेटिएका छन् ।

यस अनुसार दिगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक औषत रु. २० खर्ब २५ अर्ब लाग्ने अनुमान गरिएको छ । उक्त बार्षिक औषत रकममध्ये रु.१११ अर्व सरकारी क्षेत्रबाट, रु. ७३९ अर्व निजी क्षेत्रबाट, रु.८७ अर्व सहकारी तथा गैरसरकारी क्षेत्रबाट र रु. ८८ अर्व घरपरिवारबाट लगानी गर्नुपर्ने अनुमान गरिएको छ । सरकारी र निजी क्षेत्रबाट हुने लगानीमा क्रमश रु. २९८ र रु.३६७ अर्ब गरी वार्षिक औषत रु. ५८५ अर्व नपुग हुने देखिन्छ । उल्लेखित नपुग वित्तीय श्रोत व्यवस्थापनको लागि आन्तरिक श्रोत परिचालन गर्न प्रगतिशील करको व्यवस्थापन गर्ने, करको आधार फराकिलो बनाउने, निजी तथा अन्य क्षेत्रलाई लगानीमा प्रोत्साहन गर्ने, सार्वजनक-निजी-साझेदारी व्यवस्थालाई प्रभावकारी बनाउने र वैदेशिक लगानी र वित्तीय दायराको विवेकपूर्ण उपयोग गर्ने जस्ता नीतिगत सुझावहरु प्रतिवेदनले दिएको छ ।

दिगो विकास लक्ष्यलाई प्राथमिकतामा राखी आयोगका माननीय उपाध्यक्ष तथा सदस्यज्यूहरुको सहभागितामा विषय क्षेत्रगत मन्त्रालय एवम् प्रदेश सरकारका योजना, बजेट तथा अनुगमन र मूल्याङ्कन कार्यमा संलग्न कर्मचारीका लागि योजना, मध्यकालीन खर्च संरचना, दिगो विकास लक्ष्यको आन्तरिकीकरण र अनुगमन तथा मूल्याङ्कन सम्वन्धी तालिम संचालन र संयोजन कार्य गरिएको छ ।

## अनुसूची - ५

# राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं, ४४ औं र ४५ औं बैठकका निर्णयहरू एवम् कार्यान्वयन स्थिति

### १. राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठक, मिति : २०७५ श्रावण २६ गते

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकले गरेका महत्वपूर्ण निर्णयहरूमध्ये आयोगको जिम्मेवारीमा परेको देहायका निर्णयहरू निम्नानुसार कार्यान्वयन गरिएको छ ।

| निर्णय | प्रगति |
|---|---|
| (क) राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण जस्ता कार्यक्रमले संरक्षित क्षेत्र निर्धारण गरी विशेष व्यवस्थापन गरेको छ । उक्त कारणले पहाड मधेश जोड्ने राजमार्ग र विद्युत प्रसारण लाइन तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्माणमा ढिलाई भईरहेको हुँदा संरक्षित क्षेत्रको संवेदनशिलता ध्यानमा राखी विकास निर्माण कार्यलाई द्रुत गतिदिन संरक्षित क्षेत्रको निश्चित क्षेत्रहरूबाट राजमार्ग, विद्युत प्रसारण लाइन तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय योजना आयोगको समन्वयमा वन तथा वातावरण मन्त्रालय, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आगामी ४४औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक अगावै Corridor तोक्ने खाका पेश गर्ने । | संघीय संरचना अनुरूप मन्त्रालय अन्तर्गत नेपालको संविधानमा व्यवस्था भएबमोजिम संघले व्यवस्थापन गर्नेगरी नेपाल सरकार मन्त्रिपरिषद्बाट राष्ट्रिय राजमार्ग (NH01देखि NH80) को स्वीकृति भएको छ । योजना आयोगको माननीय सदस्यज्यूको संयोजकत्वमा चुरे तथा संरक्षित क्षेत्रमा Corridor तोक्ने सम्वन्धी विवरण सहितको प्रतिवेदन तयार भएको छ । |
| (ख) विद्युत, टेलीफोन, खानेपानी, ढल निकास निर्माण गर्ने निकायहरूले समन्वय नगरी आ आफ्नो योजनाले सार्वजनिक निर्माण कार्य गर्नाले सहरी क्षेत्रमा समस्या परिरहेको हुँदा सहरी क्षेत्रलाई व्यवस्थित, सफा र स्वच्छ राख्न विधुत, टेलीफोन, खानेपानी, ढल सडक लगायत सार्वजनिक उपयोगिताका सेवाहरू संचालनका लागि एकीकृत योजनाका आधारमा निर्माण कार्य गर्न २०७५ चैत्र मसान्त सम्ममा राष्ट्रिय योजना आयोगको समन्वयमा सहरी विकास मन्त्रालयको नेतृत्वमा विषयगत मन्त्रालयहरूले एकीकृत सेवा ऐन (Integrated Utility Corridor Act) तर्जुमा गर्ने । | मन्त्रालयबाट Integrated Utility Corridor Act सम्वन्धी मस्यौदा हाल तयारीको क्रममा रहेको छ ।शहरी विकास ऐनमा समेत समावेश गरिने गरी शहरी विकास ऐनको मस्यौदा तयार भई छलफलको क्रममा रहेको । |

## २. राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठक, मितिः २०७५ माघ २ गते

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठकले गरेका महत्वपूर्ण निर्णयहरूमध्ये आयोगको जिम्मेवारीमा परेको देहायको निर्णय कार्यान्वयन गरिएको छ ।

| निर्णय | प्रगति |
|---|---|
| (क) काठमाडौ तराईरमधेस द्रुतमार्ग आयोजनाको लागि खोकना बुङमती क्षेत्रमा देखिएको जग्गा अधिग्रहण तथा मुआब्जा समस्या, त्यस क्षेत्रमा पुरातात्विक सम्पदाको अवस्थिति, एशियाली विकास बैंकबाट प्रस्तावित सुरूङमार्गलाई परिवर्तन गरी नयाँ स्थानमा सुरूङ बनाउनुपर्ने विषय र द्रुतमार्ग निर्माणमा संलग्न सैनिकलाई खाजा तथा जोखिम भत्ता दिने सम्बन्धी विषयलाई सम्बोधन गर्न राष्ट्रिय योजना आयोगको समन्वयमा रक्षा मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयको सहकार्यमा अविलम्ब समाधान गर्ने । | खोकना तथा वागमती क्षेत्रको जग्गा अधिग्रहणको विषयलाई सल्ट्याउन राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यूको संयोजकत्वमा विभिन्न मन्त्रालयका प्रतिनिधिहरू सम्मिलित समिति गठन भई छलफल परामर्श चलिरहेको । सुरूङ् मार्गको विषयमा अन्तर्राष्ट्रिय परामर्शदाताबाट पेश भएको डिपीआर स्वीकृतिका लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश भएकोमा संशोधित डिपीआरका साथै द्रूतमार्ग निर्माणमा संलग्न सैनिकहरूलाई जोखिम तथा खाजा भत्ता उपलब्ध गराउने विषयमा समेत नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृति प्राप्त भैसकेको छ । |

## ३. राष्ट्रिय विकास समस्या समाधान समितिको ४५ औं बैठक, मिति : २०७६ आषाढ ४ गते

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ४५ औं बैठकले गरेका महत्वपूर्ण निर्णयहरूमध्ये आयोगबाट देहायका निर्णयहरू कार्यान्वयन भएको छ ।

| निर्णय | प्रगति |
|---|---|
| (क) सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणको नीति एवं कार्यक्रमहरू विभिन्न निकायहरूबाट कार्यान्वयन हुँदा दोहोरोपना देखिएकोले साधन स्रोतको उपयुक्त एवं औचित्यपूर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगले एकीकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने । | एकीकृत संयन्त्र निर्माणका लागि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा रामकुमार फुयाँलज्यूको संयोजकत्वमा समिति गठन भई सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणको सम्वन्धमा नेपालमा विद्यमान नीति तथा कार्यक्रमहरूको अवस्था र अन्तर्राष्ट्रिय अभ्यासको बारेमा आन्तरिक समीक्षा गरी अमूर्त दस्तावेज तयार भएको । आगामी दिनमा कसरी जाने विषयमा खाका तयार भै राष्ट्रिय फ्रेमवर्क तयार गर्न सम्वन्धित मन्त्रालय/विभागका पदाधिकारीहरूसंग हालसम्म यस क्षेत्रमा भएको खर्चको विषयमा छलफल, अनुभव आदानप्रदान र पृष्ठपोषण लिने कार्य हुनुका साथै विश्व बैंक, युनिसेफ, आईएलओ लगायतका विकास साझेदारहरूसँगको सहभागितामा राष्ट्रिय कार्यशाला सम्पन्न भएको । |
| (ख) संघ, प्रदेश र स्थानीय तहको विकास नीति, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन, तहगत समन्वय तथा प्रतिवेदनको लागि राष्ट्रिय ढाँचा नभएकोले राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सदस्य रहेको समितिले ३ (तीन) महिनाभित्र राष्ट्रिय ढाँचा तयार गरी प्रतिवेदन पेश गर्ने । | राष्ट्रिय ढाँचा निर्माणको लागि राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री मीनबहादुर शाहीज्यूको संयोजकत्वमा गठित समितिको पहिलो बैठकले आयोगका अनुसन्धान तथा मूल्यांकन महाशाखा प्रमुखज्यूको संयोजकत्वमा एक उपसमित गठन गरी कार्य प्रारम्भ गरिएको छ । |

## अनुसूची - ६

# राष्ट्रिय गौरवका आयोजनाहरूको स्थलगत अनुगमन प्रतिवेदनको सारांश

आ.व. वर्ष २०७५/७६ मा आयोगका पदाधिकारी तथा कर्मचारीहरूको नेतृत्वमा गरिएको स्थलगत अनुगमनबाट राष्ट्रिय गौरवका आयोजनाहरूमा देखिएका समस्या तथा समाधानका सुझावहरू समेटिएको प्रतिवेदनको सांराश देहायबमोजिम प्रस्तुत छ।

### १. मेलम्ची खानेपानी आयोजना

#### निर्माण सम्वन्धी कार्यहरु

क. सुन्दरीजल देखि मेलम्चीको पानी पथान्तरण स्थल अम्बाथासम्म २७.५ कि.मि. सुरुङ्ग खन्ने कार्य सम्पन्न भएको र सुरुङ्गको गोलाई १० स्क्वायर मिटर रहेको सुरुङ्गमार्गमा ८०० मिटर मात्र ढलान र प्लास्टर गर्ने काम बाँकी रहेको।

ख. अम्बाथानमा पानी पथान्तरणको लागि दुईवटा सुरुङ्गको बीचमा ८० मिटर डि.आइ पाइप (Ductile Pipe) जोड्ने काम पूरा भएको। सुन्दरीजल पानी शुद्धीकरण केन्द्रमा पहिलो चरण निर्माण कार्य प्राय सम्पन्न भैसकेको र दोश्रो चरणको लागि भैरहेको निर्माण कार्य रोकिएको।

ग. आयोजनाको मुख्य बाँकी काम Permanent Headwork निर्माणमध्ये खास गरी Coffer Dam, Desalting Basin, Bridge निर्माणलाई पूर्णता दिने काम बाँकी रहेको। अन्य निर्माण गर्न बाँकी संरचनाहरुमा रिवर्म खोलामा रिटेनीङ्ग वाल र खोलामा Overflow structure निर्माण, अम्बाथान अडिटमा हाइड्रोमेकानिकल डाइभर्सन टनेल रहेको।

घ. अम्बाथानमा भेन्टीलेसन स्याफ्ट छेड्ने काम भए पनि फिनिसिङ्ग गर्न सुन्दरीजल र ग्यालथुङ्गमा भन्टीलेसन स्याफ्ट छेड्ने कार्य दुई वटा भेण्टिलेशन साफ्ट २ खोल्न र फिनिसिङ्ग गर्न करीब ४ महिना जति लाग्ने बुझिएको।

ङ. Headwork को रिवर्भ खोलामा टावर निर्माण, सुरुङ्गमार्गमा ८०० मिटर ढलान र प्लास्टर गर्न अम्बाथान र ग्यालथुङ्ग अडिट सुरुङ्गमार्गमा फिनिसिङ्ग गर्न बाँकी रहेको र अम्बाथानमा ३ वटा गेट बन्नु पर्नेमा १ वटा बनेको र बाँकी २ वटा बन्न बाँकी र ग्यालथुङ्गमा १ वटा गेट राख्ने काम बाँकी रहेको।

## आयोजना सम्पन्न गर्न आइपरेका मुख्य समस्या तथा समाधानका लागि सुझावहरु

**१. स्थानीयको अवरोध :** इटालीयन निर्माण कम्पनी सि.एम.सि.ले वि.सं.२०७५ पौष २ मा काम छाडेर गएपछि रोकिएको कामलाई निर्माण भइसकेका र बाँकी रहेको कामलाई अगाडि बढाउन अम्बाथान Head work साइटमा Protection works शुरु गर्न इन्जीनियरहरुलाई निर्माणस्थलमा खटाएको । हेलम्बु गा.पा. वडा नं १ रिवर्भ गाँउका बासिन्दाले थप शर्त राखेका । Headwork site अम्वाथानमा पक्की पुल र रिवर्भ खोला देखि गाँउसम्म मोटर बाटो बनाइदिनु पर्ने अन्यथा Head works मा हुन गईरहेको Protection Work लाई अगाडि बढाउन नदिने चेतावनी दिएको आयोजना प्रमुखको भनाई रहेको । राष्ट्रिय गौरव जस्ता प्राथमिकताको आयोजनाहरु सुचारु रुपमा निर्माण कार्य गर्नलाई Development Protection Zone को रुपमा नै घोषणा गरी कार्य अगाडि बढाउनु पर्ने रहेको पाईयो ।

**२. मुआब्जा (दोस्रो चरण) निर्धारण र बितरण :** मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरण यांग्री र लार्केबाट पानी पथान्तरण गरी मेलम्चीमा मिसाउनका लागि भौतिक संरचनाहरु जस्तै जग्गा, परियोजना स्थल, क्याम्प, बिजुली आदिका लागि आवश्यक पर्ने जग्गाको मुआब्जा निर्धारण हुन सकेको छैन । स्थानीय बासिन्दाहरु मुआब्जा रकम अस्वाभाविक रुपमा धेरै माग गरेकोले पनि मुआब्जा वितरण गर्न अप्ठ्यारो परेको । घरजग्गा जमिनको एकीकृत मूल्याङ्कनका लागि वैज्ञानिक आधार तथा मापदण्ड तयार गरी सो एकीकृत मूल्याङ्कन प्रणालीलाई सबै सरोकारवालाहरुले कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको पाईयो।

**३. पानी पथान्तरण पछि प्राप्त हुने लेभी (लाभांश) :** मेलम्ची खानेपानी आयोजनाले विगतमा गरेका अध्ययनहरु एवम् दातृ निकायसँग गरेका सम्झौतामा उल्लेख गरिएका लेभि (Levy) लाई निरपेक्षरुपमा परिभाषित नगरी नेपालको संविधानको धारा ५९(४) बमोजिम रोयल्टी, वस्तु वा सेवाको रुपमा व्याख्या गर्नु पर्ने छ । नेपालको संविधानको धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक श्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने र त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रुपमा परियोजना प्रभावित क्षेत्र र समुदायलाई कानून बमोजिम वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। पानीलाई प्राकृतिक स्रोतको रुपमा लिइएको भएता पनि खानेपानीको प्रयोगरपरिचालनमा रोयल्टीको व्यवस्था हालसम्म गरिएको छैन । यद्यपि अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनमा पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी संघ, प्रदेश र स्थानीय तहमा क्रमशः ५०:२५:२५ प्रतिशतको दरले बाँडफाँट हुने व्यवस्था रहेको छ । अतः संविधानको धारा ५९(४) को प्रयोजनको प्राकृतिक स्रोत उपयोगबाट पर्न सक्ने असर र प्रभावलाई व्याख्या गर्दा अवसर लागत (Opportunity cost), पारिस्थितिक प्रणालीमा पर्न सक्ने असर एवम् प्राकृतिक स्रोत उपरको निर्भरता समेतलाई समेटी यथाशिघ्र संघीय कानून निर्माण गर्नु पर्ने देखिन्छ । संघीय कानून नबन्दासम्म मेलम्ची खानेपानी आयोजनाले वर्षेनी

संचालन गर्दै आएको सामाजिक उत्थान कार्यक्रम (SUP) लाई निरन्तरता दिनुपर्ने आवश्यकता छ। अनुगमनमा यस आयोजनाको ९७ प्रतिशत भौतिक निर्माण कार्य सम्पन्न भएको र बाँकी रहेको ३ प्रतिशत निर्माण कार्यलाई उच्च व्यवस्थापनका साथ युद्धस्तरमा काम गरी यसै आर्थिक वर्ष भित्र नै सम्पन्न गरी काठमाडौं उपत्यकाबासीलाई खानेपानी उपलब्ध गराउनुपर्ने देखियो ।

### तत्काल Headwork मा निर्माण भैसकेको Structure हरु सुरक्षार्थ गर्नुपर्ने कार्यहरु

१. अम्बाथानको रिवर्भ नदीमा तत्काल रिटेनिङ्ग वाल लगाउनुपर्ने । रिवर्भ नदीमा पहिरो आइरहेकोले सो नदीमाथि Overflow structure निर्माण पछि मात्र पानी पथान्तरण Ductile Pipe, Catch Drain, Desalting Basin, २४ फीट टावरलाई जोगाउन सकिने ।

२. Desalting Basin बनाउनको लागि बनी राखेको रडलाई तत्काल ढलान गर्नुपर्ने र माथि उल्लिखित संरचना तत्काल बनाउन नसकिएमा करिव १५ करोड भन्दा बढीको क्षति पुग्न जाने अवस्था रहेको । रिवर्भ खोला माथि तत्कालै Overflow bridge बनाउनु पर्ने रहेको ।

३. सुन्दरीजल पानी शुद्धीकरण केन्द्रमा Anchorage Block बनाएर तीनतिरबाट आएको पानीको Ductile Pipe लाई Structure बनाएर थिच्नुपर्ने अन्यथा पानी Overflow भएर जाने देखिएको छ। बाग्मती खोलामा पानी फाल्न Overflow structure तत्काल बनाउन पर्ने देखिएको छ ।

४. गाँउमा जाने बाटो १०/१५ मिटर पहिरो गएकोले त्यसलाई तुरुन्त बनाउनु पर्ने र तत्काल गरिएन भने थप १३ करोड जतिको क्षति पुग्ने थियो । किनकि बाटोमुनि आयोजनाको पाइप बिछ्याइएको देखियो ।

## (२) सिक्टा सिंचाइ आयोजना

### समस्याहरुः

- ठेकेदारबाट निर्माण कार्यको भुक्तानी माग गर्दा व्याज समेत माग गरेका कारण दुई पक्षबीच विवाद भएको देखियो ।
- निर्माण कार्य सम्पन्न भए पश्चात समय समयमा मर्मत सुधारको कार्य नभएका कारण नहरमा समस्या उत्पन्न भएको देखियो ।
- नहरको केही भागमा माटोको कारण केही समस्या देखिएको हुदा त्यस्ता स्थानमा माटो पुर्नु पर्ने, पानी चलाउनु पर्ने र निरन्तर अनुगमन गरी आवश्यकता अनुसार सुधार गर्नु पर्ने देखिन्छ ।
- माटोको डिस्पर्सनको समस्या बढेर नहरको भित्रभित्रै पानी चुहिने समस्या आएको देखिएको हुँदा समयमा मर्मत संभारको कार्य नभएमा नहरमा अन्य थप हानी हुने क्रम वढ्ने देखिन्छ ।

**समाधानका उपायहरुः**

- जुन स्थानबाट पानी चुहिएको हो, त्यस्ता स्थानमा मर्मत संभार गरी पानी चलाउने ।
- नहरको बिग्रिएको क्षेत्रमा मर्मत संभार गरी थप क्षति हुन नदिने ।
- नहरलाई सुधार गरी थोरै थारै पानी संचालन गर्दै गएमा नहरको स्थायित्व भई दिगो रुपमा नहरलाई संचालन गर्न सकिने ।
- कानुनी अड्चन तथा बाधाहरुलाई सकेसम्म छिटो समाधान गरी नहर संचालनलाई व्यवस्थित गर्नु पर्ने ।
- मर्मत संभारको लागि आवश्यक बजेटको व्यवस्था गरिनु पर्ने ।

**समस्या समाधानका प्रयासहरुः**

- नहर मर्मत संभारको लागि आवश्यक पर्ने बजेट माग गरी सम्बन्धित निकायमा पठाइएको ।
- आयोजना संचालनमा ल्याउन र थप क्षति हुनबाट रोक्न तुरन्तै Disaster Prone Area बाट काम शुरु गर्नु पर्ने आवश्यकता रहेको । हालसम्म सम्पन्न भएका कार्यको मुल्यांकन गरी आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिनु पर्ने ।

## (३) भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

### वस्तुस्थिति

- नेपालमा पहिलोपटक साहसिक टनेल बोरिङ्ग मेसिनद्वारा निर्मित सुरुङ्ग अमेरिकन कम्पनि रोबिन्सले निर्माण गरेको टिबिएम मेशिनको प्रयोगबाट सुरुङ्ग निर्माणको कार्य जोखिमयुक्त भौगर्भिक क्षेत्रमा पनि सम्भव भएको ।
- २०७४ कार्तिक २० गतेदेखि सुरुङ्ग खन्ने कार्य सुरु भएतापनि तोकिएको समयभन्दा एक वर्ष अगाडि नै सुरुङ्ग निर्माण कार्य सम्पन्न भएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट Breakthrough कार्यको समुद्घाटन भएको ।
- जलश्रोत तथा सिंचाई क्षेत्रमा कार्यरत प्राविधिकहरुको बहुउद्देश्यीय आयोजना विकास तथा टिबिएम मेशीन जस्ता प्रविधिको प्रयोग गर्न प्राविधिक क्षमता अभिवृद्धि गर्ने लक्ष्य रहेको ।
- अन्तर जलाधार जल स्थानान्तरण तथा बहुउद्देश्यीय जलश्रोत आयोजनाहरुको विकास गरी जलविधुत उत्पादनको साथै कृषियोग्य भुमिमा बाह्रैमहिना सिंचाई उपलब्ध गरी कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी देशको दिगो आर्थिक विकास हासिल गर्न सहयोग गर्ने लक्ष्य रहेको ।
- सुरुङ्ग खन्ने कार्य तोकिएको समय अगावै सम्पन्न भई अप्रिल १६, २०१९ मा Breakthrough भएको ।
- भेरी नदीमा ११४ मिटर लामो ब्यारेज सहित १५८ मिटर डिसेन्डीङ्ग बेसीन र टनेल इन्ट्री पोर्टलको निर्माण गरिने लक्ष्य रहेको ।
- ४.२ मिटर व्यास र १२.२ किलोमिटर लामो सुरुङ्ग मार्फत भेरी नदीको ४० घनमिटर पानी बबईमा खसालिने लक्ष्य रहेको ।

- आयोजना सम्पन्न भएपछि बबई नदीमा उपलब्ध हुने थप पानीबाट बबई हेडवर्क्स उपयोग गर्दै प्रदेश नम्वर ५ को बर्दिया र बाँके जिल्लाको ५१ हजार हेक्टर जमिनमा सिंचाई सुविधा पुऱ्याउने लक्ष्य रहेको ।
- करिब १४७ मिटर हेडको उपयोग गर्दै दुईवटा टर्वाइनबाट ४६.८ मेगावाट विधुत उत्पादन क्षमताको विधुत गृह निर्माण गरी करिव वार्षिक ३८५ गिगावाट आवर विधुत उत्पादन गर्ने लक्ष्य रहेको ।
- औसतमा २८.४ मि. र एकदिनमा Maximum ६१ मि.सम्म सुरुङ्ग खन्ने कार्य गरी अन्तर्राष्ट्रिय रेकर्ड राख्न सफल भएको ।
- ४.२ मिटर ब्यास र १२.२ कि. मि. लामो सुरुङ्गमार्ग निर्माण भइसकेकोले चिप्लेमा ड्याम र बबईमा पावरहाउस निर्माणको कार्य आगामी आर्थिक वर्षमै शुरु गर्ने योजना रहेको ।

### सुझाव र निर्देशनहरु

- बाँके र वर्दियाको ५१००० हेक्टर क्षेत्रमा बाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउने ।
- ४६.८ मेगावाट फर्म पावर जलविधुत उत्पादनको साथै पर्यटन तथा वातावरणीय प्रवर्द्धनमा फाईदा हुने ।
- हाल निर्माणाधिन बबई सिंचाई प्रणालीमा भरपर्दो तरिकाबाट बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने ।
- सतह र भूमिगत जलश्रोतको संयोजनात्मक रुपमा दिगो उपयोगबाट उक्त क्षेत्रको उर्वर भूमिवाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
- नेपालको हाईड्रोलोजी अनुसार बबई बेसीनमा सुख्खा समयमा हुने जलश्रोतको अपर्याप्ततालाई पूर्ति गर्ने उपयुक्त विकल्प हुने ।
- भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट सार्वजनिक क्षेत्र जलश्रोत तथा सिंचाई विभागको बहुउद्देश्यीय तथा अन्तरजलाधार जलश्रोत आयोजनाहरुको विकासको लागि क्षमता अभिवृद्धि हुनुका साथै यस्तै प्रकृतिका अन्य आयोजनाहरु निर्माण गर्न सहयोगी हुने ।
- भेरी कोरीडोरमा सौर्य तथा विद्युतीय लिफ्ट सिंचाई प्रणालीको निर्माणको साथै अन्य पूर्वाधारहरुको लागि अध्ययन तथा गुरुयोजना सम्पन्न भइ समुदायमा आधारित विभिन्न पूर्वाधार निर्माण कार्य गर्ने ।

## (४) माथिल्लो तामाकोशी जलविधुत आयोजना

### आयोजनाको विधमान समस्याहरु

- आयोजनाको लागि आवश्यकता अनुसार आर्थिक स्रोतको अभाव हुने गरेको ।
- विदेशी विनीमय दरमा वृद्धि भएको ।
- भुकम्प तथा नाकावन्दीका कारण लम्बिएको समयका कारण आयोजनाको समग्र लागत वृद्धिले नगद प्रवाहमा समस्या आएको ।

- विदेशी श्रमिकहरुको भिसा तथा श्रम इजाजतमा समस्या रहेको ।
- हालको श्रम कानुन लागु भएदेखि आयोजनामा कार्यरत वैदेशिक एक जना बराबर स्वदेशी वीस जना कामदार हुनुपर्ने प्रावधानका कारण चिनीया नागरिकहरुको भिसा एक्सटेन्सनको लागि श्रम इजाजत पाउन नसकिएको ।
- स्टिल पेनस्टक जडान गर्ने कार्य ढिलाई भएको ।
- लट नम्वर २ ठेकदार Texmaco Railway and Engineering Ltd को कार्यक्षमता कमजोर पाइएको ।
- सोको कमजोरीका कारणबाट आयोजनाको सबैभन्दा जोखिमयुक्त तथा चुनौतीपूर्ण कार्य दुइवटा Vertical shaft हरुमा पेनस्टक पाइप जडान कार्य निजवाट सन्तोषजनक रुपमा सम्पादन हुन नसकेको ।
- चरीकोट र लामावगर सम्मको सडक मर्मत तथा निर्माणमा समस्या रहि ढिलाई भएको ।

## समस्या समाधानका लागि चालिएका कदमहरु

१. आयोजनासँग आबद्ध ऋणदाताहरुसँग दीर्घकालीन थप ऋणको लागि अनुरोधको साथै तत्काल नगद प्रवाहलाई केही हदसम्म समाधान गर्न अल्पकालीन ऋणको व्यवस्था गरिएको ।

२. चालु आ.व.मा खर्च हुन नसकिने आयोजनाको श्रोतबाट थप ऋण उपलब्ध गर्दा अपर तामाकोशी राष्ट्रिय गौरवको आयोजनाको नगद प्रवाह समस्या समाधान हुने र यस्ता प्रकारका आयोजनाका लागि नेपाल सरकारबाट थप ऋणको व्यवस्था गर्नुपर्ने माग रहेको ।

३. राष्ट्रिय गौरवका आयोजनालाई प्रभावित नर्पानका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आवश्यक सहयोगका लागि अनुरोध गरिएको ।

४. यस्ता प्रकारका जटिल आयोजनामा दक्ष विदेशी कामदारको आवश्यकता हुने भएको र ऐन लागु हुन अगाडि नै कार्यान्वयनमा रहेका आयोजनलाई प्रभावित पार्न नहुने अनुरोध रहेको ।

५. अपर तामाकोशी जस्ता राष्ट्रिय गौरवका आयोजनामा दक्ष बिदेशी कामदारहरुको भिसाको समस्या समाधानका लागि नेपाल सरकारबाट तत्कालै आवश्यक कारवाही गर्नुपर्ने सन्देश रहेको ।

६. लट न.२ कार्यमा पूर्वयोग्यतामा छनौट समेत भएको अपर तामाकोशी आयोजनाकै लट नम्वर ३ ठेकदार Andritz Hydro सँग पेनस्टक पाईप जडान गर्ने सम्वन्धमा विभिन्न मितिमा छलफल अगाडि बढाई Andritz Hydro सँग सो पेनस्टक पाईपहरुको Repair, Installation तथा ढुवानी कार्यको लागि आवश्यक सहकार्य गरिएको ।

७. Lower Penstock and Bifurcation Pipe जडान तथा ढुवानी कार्यको लागि आयोजनालाई अतिरिक्त भार नर्पर्ने गरी Texmaco Railway and Engineering Ltd को सहमतिमा Andritz Hydro सँग 7 January 2019 मा त्रिपक्षीय सम्झौता गरिएको ।

## समाधानका लागि सुझावहरु

१. राष्ट्रिय गौरवको आयोजनाको रुपमा यो आयोजनाको प्रगति एकदम राम्रो छ । सबैभन्दा महत्वपूर्ण कुरा भनेको हामीले समयावधी भित्र सम्पन्न गर्नैपर्दछ । हाल देखिएका मुख्य समस्या भनेका Manpower, Operational Part, Cash Flow problem and Technical Details हुन् । कामको पूर्वानुमान गर्नु भनेको महत्वपूर्ण कार्य हो । जब हामी पूर्वानुमान गर्दछौं तव काम गर्न पनि सक्दछौं । अहिले हामी समयको प्रेशरमा छौं त्यसैले समयावधीभित्र सबैको समन्वय र सहकार्यमा बनाउनुपर्दछ ।

२. आयोजनाको समीक्षा, अनुगमन तथा मुल्यांकनको कमिले पनि समस्या थपिदै जाने हुन्छ । यस्ता कुरालाई कम गर्न र समस्याहरुको आयोजना स्थलमै समाधान गर्न तथा त्याहाँ समाधान गर्न नसकिने कुरालाई दुत गतिले अगाडी वढाउन मन्त्रिस्तरीय अनुगमन प्रभावकारी हुने कुरामा दुई मत छैन । मन्त्रीज्यूले दिएको समय सीमा भित्र योजना पूरा गर्ने प्रयास सवै तिरवाट हुनुपर्दछ । व्यवस्थापन र ठेकेदारहरुको बीचमा हरेक १५ दिनमा बैठक बसी छलफल गरी प्रत्येक साईटहरु निरीक्षण गरी समस्या समाधानका लागि पहल गर्नुपर्ने र त्यहाँ समाधान गर्न नसकिने समस्या तुरुन्त माथिल्लो निकायमा लगी समाधान गर्ने परिपाटी वसाउनु पर्ने आवस्यकता देखिएकोले सोही अनुसार गर्नुपर्ने हुन्छ ।

३. Cash Flow को समस्या समाधान हुनेछ । भिसा लगायतका अन्य समस्याहरु पनि समाधान गरिनेछ। परामर्शदाताको समग्रमा प्रस्तुति र कार्यसम्पादन राम्रो छ। प्रत्येक महिना उच्चस्तरको बैठक तथा पन्ध्र दिनमा विशेष बैठकको साथै साप्ताहिक रुपमा अन्य बैठकहरुराख्ने विषयमा माननीय मन्त्रीज्यू र राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यूबाट निर्देशन भयो ।

## (५) उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

### समस्याहरु :

- आयोजनाको शुरू विन्दु ० कि.मि देखि १.५ कि.मि. सम्म रहेको झोलुङ्गेपुल र त्यस क्षेत्रमा रहेको वस्तिको कारण डिजाइन अनुरूप पूल बनाउन प्रमुख समस्या रहेको ।
- प्रयोग भइरहेको झोलुङ्गेपुल भत्काउदा विद्यमान वस्तिलाई प्रत्यक्ष असर पर्ने हुँदा पहिले वस्ति स्थानान्तरण गरी पूल भत्काउनु पर्ने चूनौती रहेको ।
- मालसामान ओसारपसार गर्न ढुवानी कार्य महंगो हुन गएको ।
- आयोजनाको कार्यस्थलको बाटो सर्वसाधरणले पनि प्रयोग गनु पर्ने, मालसामान ओसारपसारको लागि खच्चड पनि त्यही बाटो भएर हिड्नुपर्ने हुँदा सर्वसाधरणबाट अवरोध भएकोले कठिनाई हुन गएको ।
- वर्षातमा कतिपय ठाउँमा बाटोको बेस नै पखालेर लाने हुनाले निर्माण कार्यमा समस्या भएको ।
- व्लास्टिङ गर्दा ढुङ्गा उछिट्टिएर जस्ता प्वाल पर्ने र वर्षातमा घर भित्र पानी पस्ने समस्या रहेको ।

- बस्ति वरिपरि कन्ट्रोल ब्लाष्टिङ विधि अपनाउनु पर्ने, जुन जोखिमपूर्ण रहेको । ट्र्याक खोल्ने कार्यमा हालसम्म १ जना नेपाली सेना र ४ जना स्थानीय कामदार सहित ५ जनाको ज्यान गइसकेको छ ।
- कठिन भौगलिक अवस्थाको कारण निधारित ३० मि. Right of way पुऱ्याउन महंगो र धेरै समय खर्च हुन जाने ।

**सुझावहरु :**

- कार्यक्षमता अनुरूप उपयुक्त बजेट विनियोजन गरिएमा निर्धारित समय अगावै कार्य सम्पन्न भई सञ्चालनमा आउन सक्ने देखिएकोले यसका निम्ति हाल विनियोजित बजेट भन्दा बढि रकम विनियोजन गरिनुपर्ने ।
- आयोजनाको सडक खण्ड चौडाईमा एकरूपता नदेखिएकाले चौडाईमा एकरूपता कायम गरिनुपर्ने ।
- सडकको विभिन्न खण्डमा पर्ने Alignment संशोधन गर्नु पर्ने भएको हुँदा सो सम्बन्धी निर्णय सम्बन्धित माथिल्लो निकायबाट यथाशिघ्र गरिनुपर्ने ।
- आयोजनाको भौगोलिक जटिलता र जोखिमका कारण यसमा काम गर्ने श्रमशक्तिलाई थप प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने ।

## अनुसूची - ७

# राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५

मिति २०७५/११/०९

वन ऐन २०४९, वन नियमावली, २०५९ र राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी कार्यविधि २०७४ को प्रयोजनको लागि सामाजिक एवम् भौतिक पूर्वाधार आयोजनाहरुको छनौट एवम् कार्यान्वयन कार्यलाई सहज, समयबद्ध र प्रभावकारी बनाउन राष्ट्रिय प्राथमिकता प्राप्त निर्धारण गर्ने कार्यको लागि यो मापदण्ड तयार गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५ रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा राष्ट्रिय प्राथमिकता प्रापत आयोजना भन्नाले सरकारी निजी वा सार्वजनिक निजी साझेदारीमा संचालन हुने आयोजनालाई सम्झनु पर्दछ ।

**३. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हुन पुग्नुपर्ने न्यूनतम मापदण्डः** कुनै आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त भनी निर्धारण गर्नुपर्ने भएमा आयोजना छनौट हुनासाथ कार्यान्वयनमा जानुभन्दा अगाडि तपशील अनुसारको मापदण्ड पुगेको हुनुपर्नेछ ।

(क) विस्तृत आयोजना प्रतिवेदन तयार भएको

(ख) श्रोत/लगानी सुनिश्चतता भएको प्रमाण ।

(ग) चालु आवधिक योजनाले राष्ट्रिय प्राथमिकता निर्धारण गरेको क्षेत्रभित्र परेको अवस्था ।

(घ) आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भएको ।

(ङ) सम्वन्धित मन्त्रालयको सचिवस्तरीय निर्णय भएको ।

**४. निर्णय प्रकियाः** दफा ३ को प्रक्रिया पुगेको कुनै आयोजना राष्ट्रिय प्राथमिकता भएको वा नभएको निर्धारण देहाय अनुसार हुनेछ ।

(क) राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष स्वीकृत गर्ने वार्षिक विकास कार्यक्रममा उल्लेखित प्राथमिकता एक $P_1$ र प्राथमिकता दुई $P_2$ आयोजनाहरु राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना रहेको व्यहोरा वन तथा वातावरण मन्त्रालय लगायत सबै मन्त्रालयमा जानकारी गराउने । यो आयोजनाहरुको हकमा सम्वन्धित मन्त्रालयहरुले सिधै वन तथा वातावरण मन्त्रालयमा सिफारिश गर्ने ।

(ख) आयोगले प्रत्येक वर्ष स्वीकृत गर्ने वार्षिक विकास कार्यक्रममा उल्लेखित प्राथमिकता एक $P_1$ र प्राथमिकता दुई $P_2$ आयोजनाहरु बाहेकका राष्ट्रिय आयोजना बैंकमा सूचीकृत भै विश्लेषण भएका आयोजनाहरुका हकमा विषय क्षेत्र हेर्ने माननीय सदस्यको सिफारिसमा आयोगले आवश्यकताको आधारमा राष्ट्रिय प्राथमिकता भए नभएको निर्धारण गर्नेछ।

(ग) प्रादेशिक प्राथमिकतामा रहेको आयोजनालाई राष्ट्रिय प्राथमिकता भएको नभएको निर्धारण गर्नुपर्ने भएमा सम्वन्धित प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयको निर्णयपश्चात प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने ।

(घ) स्थानीय तहको प्राथमिकतामा रहेको आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त भए नभएको निर्धारण गर्नुपर्ने भएमा सम्वन्धित स्थानीय तहको गाउँ/नगरसभाबाट स्वीकृत भएका र सोही पालिकाले सिफारिश गरेपश्चात संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको सिफारिशको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने ।

(ङ) गैरसरकारी क्षेत्र वा सामाजिक विकासका लागि समुदायबाट संचालन गर्ने रु दश करोड भन्दा बढी लागतका आयोजनाको हकमा आयोजना संचालन गर्ने स्थानीय तहको कार्यपालिकाको निर्णय गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने ।

(च) निजी क्षेत्र वा सार्वजनिक निजी साझेदारीमा संचालन हुने व्यावसायिक आयोजनाको हकमा कम्पनि ऐन अनुसार उद्योग विभागरघरेलु तथा साना उद्योग कार्यालयहरुमा दर्ता भई स्थायी लेखा नम्वर प्राप्त गरेपश्चात सम्वन्धित संघीय मन्त्रालयको सिफारिसको आधारमा वन तथा वातावरण मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने ।

**५. खारेजी तथा बचाउ :**

(क) वि. स. २०७४ मा स्वीकृत भएको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारणका आधारहरु खारेज गरिएको छ ।

(ख) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारणका आधारहरु अनुसार भए गरिएका कामहरु यसै मापदण्ड अनुसार गरिएको मानिनेछन् ।

## अनुसूची - ८

# आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६

**प्रस्तावनाः** सुशासन, विकास र समृद्धिको लागि आयोजना व्यवस्थापन र सार्वजनिक खर्च प्रणालीमा प्रभावकारिता ल्याउन बहुवर्षीय आयोजनाको समुचित व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

आयोजनाहरू निर्दिष्ट समय, लागत र गुणस्तरमा सम्पन्न गरी विकास कार्यमा तीव्रता हासिल गर्न नेपाल सरकारद्वारा मन्त्रालय वा अन्तर्गत संचालित विभिन्न बहुवर्षीय आयोजनाहरूको समुचित व्यवस्थापन गर्नका लागि निश्चित आधार, मापदण्ड तथा क्षेत्रहरुका निश्चित आधारहरू निर्धारण गर्न आवश्यक भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ७४क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो मापदण्ड बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यो मापदण्डको नाम "आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६" रहेको छ ।

ख) यो मापदण्ड नेपाल सरकार (मन्त्रिपरिषद्)ले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः-

क) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनुपर्दछ ।

ख) "आयोजना" भन्नाले नेपाल सरकार वा यस अन्तर्गतका निकाय वा कार्यालयबाट संचालित आयोजनाहरूलाई जनाउँछ ।

ग) "बहुवर्षीय ठेक्का" भन्नाले एक वर्षभन्दा बढी समय लाग्ने गरी आयोजना कार्यान्वयन गर्ने निकाय र निर्माण पक्षबीच सम्पन्न सम्झौता सम्झनुपर्दछ ।

घ) "मन्त्रालय" भन्नाले बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने संघीय मन्त्रालय सम्झनुपर्दछ ।

ङ) "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना" भन्नाले आयोगले मिति २०७५/११/०९ मा स्वीकृत गरेको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५ ले निर्धारण गरेबमोजिमका आयोजना सम्झनुपर्दछ ।

च) "विभाग" भन्नाले बहुवर्षीय ठेक्कामा संलग्न संघीय विभागलाई जनाउँछ ।

### ३. आयोजना प्रस्तावको ढाँचाः

क) बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नुअघि सम्बन्धित मन्त्रालय/निकायले आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ। आयोगले पूर्व स्वीकृतिको लागि प्राप्त भएको मितिले १५ दिनभित्र अनिवार्य रुपमा निर्णय उपलब्ध गराउनुपर्नेछ।

ख) आयोगबाट पूर्वस्वीकृति प्राप्त भएपश्चात श्रोत व्यवस्थापनको सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ। मन्त्रालयले पूर्व स्वीकृतिका लागि प्राप्त भएको मितिले अनिवार्य ७ दिनभित्र निर्णय दिईसक्नुपर्नेछ।

ग) बहुवर्षीय आयोजनाहरुको ठेक्काको पूर्वस्वीकृतिका लागि मन्त्रालयले अनुरोध गर्दा राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ बमोजिम (अनुसूची १) वा राष्ट्रिय योजना आयोगले तयार गरेको राष्ट्रिय आयोजना बैक सम्बन्धी मार्गदर्शनमा उल्लेख भएको आयोजनाहरुको लागि तोकिएको ढाँचा (अनुसूची २) बमोजिम प्रस्ताव गर्नुपर्नेछ। साथै, प्रस्तावसँगै पहिलो तीनवर्षको त्रिवर्षीय चालु, पुँजीगत, वित्तीय व्यवस्थाको बजेट, श्रोत र प्रमुख क्रियाकलाप सहितको विवरण समेत संलग्न गर्नुपर्नेछ।

घ) तीन वर्षभन्दा बढी आयोजना अवधि भएका आयोजनाहरूको हकमा बाँकी अवधिका लागि पुनः अर्थ मन्त्रालय र आयोगको सहमति माग गर्नुपर्नेछ।

**४. बहुवर्षीय ठेक्का सम्बन्धी क्षेत्रहरूः** देहायका क्षेत्रहरूमा कार्यान्वयन हुने आयोजनालाई बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न पूर्वस्वीकृति दिन सकिनेछः

क) सडक, हवाई, रेल, जलयातायात, रज्जुमार्ग तथा अन्य यातायात पूर्वाधार

ख) सिँचाई, उर्जा तथा जलश्रोत

ग) सूचना प्रविधि तथा संचार

घ) भवन, आवास तथा शहरी विकास

ङ) औद्योगिक तथा व्यापारजन्य पूर्वाधार

च) खानेपानी र सरसफाई

छ) खेलकुद पूर्वाधार

ज) विज्ञान तथा प्रविधि पूर्वाधार

झ) साँस्कृतिक, धार्मिक, पुरातात्विक पूर्वाधार संरक्षण

### ५. बहुवर्षीय ठेक्का आयोजना छनौटका आधारहरूः

तोकिएको ढाँचामा मन्त्रालयबाट प्राप्त भएका आयोजनाहरुका सम्बन्धमा सामान्यतया आयोगले देहायका आधारमा बहुवर्षीय ठेक्का सम्बन्धी पूर्वस्वीकृति प्रदान गर्नेछः

क) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा रहेको साथै प्राथमिकता निर्धारण सम्बन्धमा

मध्यमकालीन खर्च संरचना (MTEF) अनुसूची १२ मा व्यवस्था भए अनुसार आयोजना/कार्यक्रमको प्राथमिकता क्रम गणना गर्ने तालिका उल्लेख भएको,

ख) बहुवर्षीय ठेक्कामा जाने आयोजना छनौट गर्दा लाग्ने इष्टिमेटको कम्तिमा एक तिहाई बजेट चालु आ.व.मा विनियोजन भएको हुनुपर्नेछ साथै ठेक्काको अवधि तीन वर्षसम्म भएको हुनुपर्नेछ,

ग) सम्बन्धित मन्त्रालय/कार्यान्वयन निकायबाट विस्तृत ईन्जीनियरिंग प्रतिवेदन (Detailed Engineering Report) स्वीकृत भई राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट भएका कार्यक्रम/आयोजना,

घ) आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन/प्रारम्भिक वातावरणीय परीक्षण (Environment Impact Assessment/Initial Environment Examination) सम्पन्न भएको,

ङ) बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि सार्वजनिक साथै निजी जग्गा प्राप्तिको कानूनी प्रक्रिया टुंगिएको,

च) श्रोत सुनिश्चितता भएको (मध्यमकालीन खर्च संरचनामा उल्लेख भए अनुरुप)का कार्यक्रम/आयोजना,

छ) वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई श्रोत सुनिश्चिता भएको,

ज) खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्यांकन योजना, वार्षिक खरीद योजना तयार भएको,

झ) संघ, प्रदेश र स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा संचालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात सुनिश्चित भएको,

ञ) राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ ले निर्धारण गरेबमोजिम अनुगमन तथा मूल्यांकन व्यवस्था सुनिश्चित भएको,

ट) आयोग र अर्थ मन्त्रालयको पूर्व स्वीकृति नलिई मन्त्रालयस्तरीय निर्णयबाट खरीद गुरुयोजना स्वीकृत गराई बहुवर्षीय ठेक्कामा गएका आयोजनाको हकमा यस मापदण्डको प्रक्रिया पुरा गराई आयोग र अर्थ मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रुपमा लिनुपर्नेछ।

## ६. कार्यान्वयन गर्ने निकाय र जिम्मेवारीः

क) बहुवर्षीय ठेक्का सम्बन्धी आयोजना आयोग र अर्थ मन्त्रालयको पूर्वस्वीकृति पश्चात मात्र सम्बन्धित निकायले सञ्चालन गर्नेछ।

ख) आयोगको पूर्व स्वीकृति पश्चात बहुवर्षीय आयोजनाहरुको सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा विभाग वा आयोजनाको हुनेछ।

ग) अर्थ मन्त्रालयको पूर्वस्वीकृति बेगर भन्सार, आयकर, मूल्य अभिवृद्धि कर र अन्य महाशुल छुट दिने गरी ठेक्का सम्झौता गर्न पाइनेछैन।

अनुसूची - ९

# संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६

## १. पृष्ठभूमि

नेपालको संविधान र पन्ध्रौं योजनाको आधारपत्र (मस्यौदा) ले परिलक्षित गरेका सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू कार्यान्वयनका लागि आगामी आर्थिक वर्ष २०७६/७७ को बजेट मार्फत संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ तयार भएको छ । संविधानले तीनै तहका सरकारहरूको अधिकार र कार्य जिम्मेवारी निश्चित गरेको छ । उल्लेखित अधिकार र कार्य जिम्मेवारी प्रयोगका लागि सम्पूर्ण रूपमा प्रशासनिक संरचना र प्रणाली पुनःसंरचना भई स्थापना भइसकेका छन् । यो मापदण्ड नेपालको संविधान, नेपाल सरकारबाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदन, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४/१२/०७ मा स्वीकृत मापदण्ड र पन्ध्रौं योजनाको आधारपत्रको मस्यौदालाई आधार लिइएको छ । साथै चालू वर्षको बजेट कार्यान्वयनको अवस्थालाई समेत आधार लिइएको छ । आगामी आर्थिक वर्षको बजेट तयारीका लागि स्रोत र कार्यक्रम तथा आयोजनाहरू थप वर्गीकरण सहित बाँडफाँट गर्नुपर्ने भएकोले प्रष्ट मापदण्ड तयार गरिएको हो । स्रोत बाँडफाँटका लागि संविधानको धारा ५९, ६० र ६१ मा गरिएको व्यवस्था, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएका व्यवस्थाहरूलाई पनि आधार लिइएको छ ।

नेपालको संविधानले संघीय सरकारलाई नीति निर्माण, नियमन तथा ठूला र वृहत् प्रभाव पार्ने आयोजना तर्जुमा एवं कार्यान्वयनको जिम्मेवारी दिएको छ भने प्रदेश तह विकास निर्माणको प्रमुख तह हुने र स्थानीय तह सेवा प्रवाहको पहिलो विन्दु हुने परिकल्पना गरेको छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले पनि संघीय मन्त्रालयहरूको कार्य नीति निर्माण र नियमन हुने

व्यवस्था समेत गरेको छ। वित्तीय संघीयता कार्यान्वयन हुनुभन्दा पहिले नेपाल सरकारबाट भइरहेका कार्यहरूलाई संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहले सम्पादन गर्ने गरी वर्गीकरण गर्नुपर्ने अवस्था रहेको छ। हाल सञ्चालनमा रहेका केही कार्यक्रम तथा आयोजनाहरू यथावत् सञ्चालन हुनेछन् भने धेरै कार्यक्रमहरू स्रोत सहित प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिनेछन्।

संविधानले प्रदेश र स्थानीय तहका लागि आवश्यक पर्ने स्रोत व्यवस्थापनका लागि संघीय सञ्चित कोषबाट ती तहहरूमा वित्तीय हस्तान्तरण गर्ने र संघीय विभाज्य कोषबाट र प्रदेश सञ्चित कोषबाट राजस्व बाँडफाँट गर्ने व्यवस्था गरेको छ। विगतमा केन्द्रको मातहतमा रहेको राजस्वको अधिकारहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएपछि संघको राजस्व संकलनको आधार संकुचन भएको छ। संघको अधिकार सूचीको राजस्व स्रोतबाट प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पूरा गर्न वित्तीय हस्तान्तरण गर्नुपर्ने अवस्था पनि छ। संघीय सरकारका अनिवार्य खर्चहरू सार्वजनिक ऋणको साँवा तथा व्याज भुक्तानी, सुरक्षा खर्च, सामाजिक सुरक्षा कार्यक्रम, कर्मचारीको दायित्व एवम् सञ्चित कोषमाथिका व्ययभार र राष्ट्रिय गौरवका आयोजनाको लागि स्रोतको सुनिश्चितता एवम् संक्रमणकालीन आयोजनाहरूको निर्माण छिट्टै सम्पन्न गर्ने गरी स्रोतको व्यवस्थापन गर्नुपर्ने हुन्छ। संघीय सरकारबाट प्राप्त गर्ने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटका अतिरिक्त प्रदेश र स्थानीय तहले आफ्नो आन्तरिक स्रोत परिचालन गरी आ-आफ्नो अधिकार सूचीभित्र परेका कार्यहरू गर्न सक्ने व्यवस्था पनि रहेको छ।

चालु आर्थिक वर्ष २०७५/७६ चौधौं योजनाको अन्तिम वर्ष र आगामी आर्थिक वर्ष २०७६/७७ पन्ध्रौं योजना कार्यान्वयनको पहिलो वर्ष भएकोले बजेट तर्जुमा तथा विकास कार्यक्रमको छनौट, प्राथमिकीकरण तथा बजेट व्यवस्थापन गर्दा पन्ध्रौं योजनाले लिएको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल हुने गरी गर्नुपर्नेछ।

संघ, प्रदेश र स्थानीय तहमा जनशक्ति सहितको प्रशासनिक संरचना कार्यान्वयनमा आइसकेकोले सम्बन्धित तहको विषय क्षेत्रगत मन्त्रालयहरूबाट विगतमा सञ्चालित र नयाँ कार्यक्रम तथा आयोजनाको तत् तत् क्षेत्रमा अधिकारक्षेत्र अनुसार वर्गीकरण गर्ने सम्बन्धी मापदण्ड देहाय बमोजिम रहनेछ। संघ, प्रदेश र स्थानीय तहमा विकास कार्यक्रम तथा आयोजनाहरू यस मापदण्डको आधारमा स्रोत सहित बाँडफाँट गरिनेछ।

## २. विकास कार्यक्रम तथा आयोजना वर्गीकरणका आधारहरू

यस मापदण्डको आधारमा चालु आर्थिक वर्षसम्म संघबाट संचालन भइरहेका र नयाँ विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँटका समष्टिगत र क्षेत्रगत आधारहरू निर्धारण गरिएको छ।

## १.१ समष्टिगत आधारहरू

१. नेपालको संविधानको अनुसूची ५, ६ र ८ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारको सूची अन्तरगतका कार्यहरू तत् तत् तहले सम्पादन गर्ने । यस अन्तरगत वित्तीय संघीयता कार्यान्वयन हुनु अगाडि केन्द्रबाट कार्यान्वयन भइआएका कार्यक्रम तथा आयोजनाहरू जुन तहको कार्यक्षेत्रभित्र पर्दछ, सोही तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरण गर्ने । नयाँ कार्यक्रम तथा आयोजनाहरू संविधानको अनुसूचीहरूको अधिकारसूची बमोजिम सम्बन्धित तहमा प्रस्ताव गर्ने ।

२. नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट संघबाट सञ्चालन गरिने गरी निर्णय भएका विकास कार्यक्रम तथा आयोजनाहरु संघबाट संचालन गर्ने ।

३. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेखित संघीय विषयगत मन्त्रालयहरूको जिम्मेवारीमा परेका कार्यहरू संघले सम्पादन गर्ने ।

४. यो मापदण्ड लागू हुनु पूर्व नै दातृ पक्षसँग सम्झौता भई कार्यान्वयन भएको बाहेक वैदेशिक सहायतामा सञ्चालित विकास कार्यक्रमहरू तत् तत् तहबाट कार्यान्वयन गर्ने । साथै, दातृ निकायसँग थप वा पूरक सम्झौता गरी सञ्चालन हुने विकास कार्यक्रमहरूको राष्ट्रिय तथा अन्तर प्रदेश वा अन्तर स्थानीय तह समन्वय तथा अनुगमन एवम् विकास साझेदारहरूसँग समन्वय र सहजीकरण संघले गर्ने ।

५. बहुवर्षीय ठेक्कापट्टा भई सञ्चालनमा रहेका र नेपाल सरकारको दायित्व सिर्जना भएका विकास कार्यक्रमहरू प्रदेश सरकार र स्थानीय तहलाई सवल बनाउँदै क्षमता वृद्धि गरी तत् तत् तहमा स्रोत र ठेक्का व्यवस्थापनको अभिलेख सहित हस्तान्तरण गर्ने ।

६. समान प्रकृतिका विकास कार्यक्रमहरूलाई गाभी संविधान बमोजिम जुन तहले सञ्चालन गर्नुपर्ने हो सोही तहमा हस्तान्तरण गर्ने ।

७. चालु आर्थिक वर्षमा सम्पन्न हुने आयोजनाहरूलाई सञ्चालन र मर्मतका लागि कार्यजिम्मेवारी अनुसार संघ, प्रदेश र स्थानीय तहले स्रोत व्यवस्थापन गरी सञ्चालन गर्ने ।

८. संघले संघीय संरचना अनकूल नदेखिएका विकास समिति, परिषद्, बोर्ड, कोष, प्रतिष्ठान, प्राधिकरण, केन्द्र, आयोगहरू खारेज गर्ने ।

९. संघले अनुसन्धानमूलक, अन्वेषणात्मक र विशिष्टीकृत क्षमता विकास सम्बन्धी संस्था वा कार्यक्रमहरू एकीकृत गरी सञ्चालन गर्ने ।

१०. संघले एक भन्दा बढी एकाई वा तहमा उपयोग हुने तथा विभाजन गर्दा प्राविधिक तथा आर्थिक रुपमा उपयुक्त नहुने प्रकृतिका संस्था वा कार्यक्रमहरू एकीकृत रुपमा सञ्चालन गर्ने ।

११. विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको लागि बृहत् लगानी आवश्यक पर्ने र वैदेशिक सहायता परिचालन गर्नुपर्ने राष्ट्रिय स्तरका कार्यक्रम तथा आयोजनाहरू संघले सञ्चालन गर्ने ।

१२. राष्ट्रियस्तरका प्रयोगशाला संचालन र सोको मापदण्ड, प्रमाणीकरण (Accreditation) तथा अनुसन्धानको कार्य संघले गर्ने ।

१३. गरिबी निवारणमा राष्ट्रव्यापी प्रभाव पार्ने कार्यक्रमहरू संघले सञ्चालन गर्ने ।

१४. एकभन्दा बढी प्रदेशमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना संघले र एकभन्दा बढी स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा आयोजना सम्बन्धित प्रदेशले कार्यान्वयन गर्ने । सोको अनुगमन, नियमन, समन्वय र सहजीकरण गर्न आयोजना समन्वय/सहजीकरण इकाई संघमा रहने ।

१५. समष्टिगत/क्षेत्रगत नीति, कानुन, मापदण्ड, राष्ट्रिय कार्ययोजना, नियमन, समन्वय र अनुसन्धान सम्बन्धी कार्य संघले गर्ने ।

१६. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने आयोजना/कार्यक्रममा दोहोरोपना नआउने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने ।

१७. राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय रूपमा रणनीतिक महत्वका कार्यक्रम/आयोजना संघबाट सञ्चालन गर्ने ।

१८. संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार भित्रका सह-लगानीमा संचालन हुने कार्यक्रमका लागि लगानीको ढाँचा सहित कार्यक्रम प्रस्ताव गर्ने ।

१९. संघले विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ र समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा भएको व्यवस्था बमोजिम स्रोत हस्तान्तरण गर्ने ।

२०. संघबाट हस्तान्तरण हुनु पूर्व आर्थिक दायित्व सिर्जना भइसकेको कार्यक्रम/आयोजना सम्पन्न गर्नको लागि आवश्यक पर्ने बजेट संघले सशर्त अनुदानको रूपमा उपलब्ध गराउने । प्रदेश र स्थानीय तहले पनि यस्ता कार्यक्रम/आयोजनाको लागि स्रोतको व्यवस्था गरी अधुरा आयोजनाहरू आगामी दुई वर्षभित्र सम्पन्न गर्ने ।

२१. कार्यप्रगतिमा रहेका दुई वर्षभित्र सम्पन्न हुने कार्यक्रम/आयोजना सम्पन्न गर्न संघ, प्रदेश र स्थानीय तहबाट स्रोत सुनिश्चितता सहित बजेट प्रस्ताव गर्ने ।

२२. कार्यक्रम/आयोजना प्रस्ताव गर्दा स्वीकृत संगठन संरचनालाई आधार लिने । संस्थागत संरचना प्रदेश वा स्थानीय तहमा गइसकेको तर विगतमा संघको कार्यक्षेत्रमा राखिएका कार्यक्रम/आयोजना सम्बन्धित प्रदेश एवम् स्थानीय तहमा हस्तान्तरण गर्ने ।

२३. तीन तहको अधिकार क्षेत्रको स्वीकृत भई लामो समय देखि न्यून प्रगति भएका र कमजोर कार्यान्वयन अवस्थामा रहेका विकास कार्यक्रम/आयोजनाहरूलाई पुनःप्राथमिकीकरण गर्ने, गाभ्ने वा बन्द गर्ने ।

२४. संघ र प्रदेश, संघ, प्रदेश र स्थानीय तह तथा प्रदेश र स्थानीय तहको साझा अधिकारसूचीमा रहेका विषयसँग सम्बन्धित बृहत् लगानी र अन्तर प्रदेश प्रभावित आयोजना संघले गर्ने, अन्तर स्थानीय तह प्रभावित आयोजना प्रदेशले गर्ने र अन्य स्थानीय तहमा हस्तान्तरण गर्ने ।

२५. आयोजनाको लागतको तुलनामा न्यून विनियोजन भएका र कुनै कार्यक्रम अन्तर्गत आयोजनाको सूची मात्र भएका र एकमुष्ट रकम विनियोजन हुँदै आएका सालबसाली

प्रकृतिका आयोजनाहरू र खास गरी सडक, सिँचाइ र खानेपानीमा एकमुष्ट रकम उपलब्ध गराई सम्बन्धित प्रदेश र स्थानीय तहले नै प्राथमिकीकरण गरी तीन वर्ष भित्र सम्पन्न हुने गरी कार्यान्वयनको व्यवस्था गर्ने ।

२६. संघबाट सञ्चालन गर्ने गरी अबण्डा देखाइएको विकास कार्यक्रम/आयोजना प्रकृति हेरी तीन तहमा विभाजन गर्ने ।

२७. वित्तीय संघीयताको कार्यान्वयन पूर्वका विकास आयोजनाहरू निर्माण सम्पन्न गर्ने गरी सशर्त अनुदान मार्फत प्रदेश र स्थानीय तहलाई स्रोत सहित आयोजना हस्तान्तरण गर्ने । सशर्त अनुदान मार्फत प्रदेश र स्थानीय तहबाट निर्माण र सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको राष्ट्रिय मापदण्ड र नतिजा सूचकको आधारमा स्रोत हस्तान्तरण गर्ने ।

२८. प्रगति शून्य भएका र बाँकी अवधिमा रकम विनियोजन गर्दा समेत सम्भावना नदेखिएका आयोजना/कार्यक्रम बजेटबाट हटाई थप अध्ययन सहित आयोजना बैंकमा समावेश गर्ने व्यवस्था मिलाई पूर्वतयारी पुरा गरेपश्चात् बजेट प्रस्ताव गर्ने ।

## १.२ क्षेत्रगत आधारहरू

### (क) शासकीय व्यवस्था एवम् सुशासन

१) संघबाट सञ्चालन हुने

- संघीय शासन प्रणाली र अन्तर प्रदेश समन्वय
- सुशासन प्रवर्द्धन तथा शासकीय सुधार
- मानव अधिकार
- राष्ट्रिय अनुसन्धान, राजश्व चुहावट नियन्त्रण, सम्पत्ति शुद्धीकरण तथा भ्रष्टाचार निवारण
- राष्ट्रिय तथा अन्तर प्रादेशिक आयोजनाहरूको नतिजा व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक शासन प्रणाली र अन्तर स्थानीय तह समन्वय
- सुशासन प्रबर्द्धन तथा शासकीय सुधार
- वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी अनुसन्धान ब्युरो
- प्रादेशिक तथा स्थानीय आयोजनाहरूको नतिजा व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय सुशासन र सेवा प्रवाह

### (ख) अर्थ

१) संघबाट सञ्चालन हुने

- संघीय सार्वजनिक वित्त व्यवस्थापन
- अन्तरसरकारी वित्त व्यवस्थापन तथा संघीय आर्थिक कार्य प्रणाली
- रणनीतिक वित्तीय हस्तक्षेप तथा वित्तीय उत्प्रेरणा सम्बन्धी कार्य
- बैंकिङ्ग तथा वित्तीय क्षेत्र, पुँजीबजार र कर्जा सुरक्षण
- आर्थिक नीति विश्लेषण
- आन्तरिक ऋण व्यवस्थापन
- सार्वजनिक संस्थान व्यवस्थापन
- वैदेशिक अनुदान, सहयोग तथा ऋण परिचालन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक योजना तथा सार्वजनिक वित्त व्यवस्थापन
- संघको सहमतिमा वैदेशिक अनुदान र सहयोग परिचालन
- स्थानीय तहमा वित्त हस्तान्तरण
- लघु बीमा (कृषि, पशु) तथा साना प्रकृतिका अनुदान

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय योजना तथा सार्वजनिक वित्त व्यवस्थापन

### (ग) उद्योग, वाणिज्य तथा आपूर्ति

(१) संघबाट सञ्चालन हुने

- औद्योगिक लगानी प्रवर्द्धन र सहजीकरण
- औद्योगिक पूर्वाधार विकास तथा विशेष आर्थिक क्षेत्र विकास, सञ्चालन र प्रवर्द्धन
- पेट्रोलियम तथा खानी अन्वेषण जस्ता ठूला लगानी आवश्यक पर्ने र राष्ट्रिय हित, द्विपक्षीय र बहुपक्षीय समन्वय आवश्यक पर्ने संवेदनशील लगानीका विषयहरू
- भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान
- बृहत् प्रभाव पार्ने औद्योगिक व्यवसाय विकास सम्बन्धी कार्यक्रम
- व्यापार सूचना, निर्यात सहयोग, द्विपक्षीय तथा बहुपक्षीय व्यापार तथा पारवहन
- खाद्यवस्तु तथा अत्यावश्यक सेवाको सन्तुलित वितरण (जस्तैः नुन तथा खाद्यान्न ढुवानी)
- देशभर उत्पादित वस्तु र सेवाको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बजारीकरण

- कम्पनी प्रशासन सम्बन्धी
- विदेशी लगानी स्वीकृति सम्बन्धी अनुमति लिनुपर्ने उद्योगको अनुमति
- व्यापार सूचना तथा निकासी प्रवर्द्धन
- ग्रामीण उद्यम विप्रेषण

(२) प्रदेश तहबाट सञ्चालन हुने

- ग्रामीण उद्यम (लघु तथा घरेलु समेत) तथा उद्यमशीलता प्रवर्द्धन
- आन्तरिक बजार विकास र सोका लागि आवश्यक सीप विकास
- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास र प्रवर्द्धन
- औद्योगिक ग्रामहरूको स्थापना र सञ्चालन
- व्यापार सूचना तथा निकासी प्रवर्द्धन
- उद्यमशीलता, व्यवसायिक सीप विकास र तालिम
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम
- स्थानीय तहमा उपभोग्य वस्तुको माग आपूर्ती विश्लेषण

(३) स्थानीय तहबाट सञ्चालन हुने

- उद्यमशीलता, व्यावसायिक सीप विकास
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन र विकास
- बजार अनुगमन
- उपभोक्ताको हक हितका विषयमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू

### (घ) ऊर्जा, जलस्रोत तथा सिंचाइ

(१) संघबाट सञ्चालन हुने

- ठूला प्रकृतिका (तराई-मधेशमा ५,००० हेक्टर भन्दा माथि, पहाडी क्षेत्रमा १०० हेक्टर र हिमाली क्षेत्रमा ५० हेक्टरभन्दा माथिका) सतह सिंचाइ आयोजनाहरूको अध्ययन, अनुसन्धान, गुरुयोजना तथा निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन
- एकभन्दा बढी प्रदेशहरूसँग सम्बन्धित सिंचाइ आयोजनाहरूको निर्माण तथा समन्वय
- अन्तर्राष्ट्रिय सीमा नदीहरूको व्यवस्थापन
- ठूला नदीहरू एवम् महाभारत श्रृंखलाबाट उद्गम भएका ठूला नदीहरूको नियन्त्रण तथा व्यवस्थापन
- प्रादेशिक सीमा नदीहरूको व्यवस्थापन एवम् सम्भावित विवादहरूको समाधान
- एक भन्दा बढी प्रदेशमा सञ्चालन हुने सिँचाइ तथा नदी नियन्त्रण सम्बन्धी आयोजनाहरू
- तराई(मधेश र पहाडी कोरिडोरमा एकीकृत रूपमा सञ्चालन गरिने सतह तथा लिफ्ट सिँचाइ

प्रणाली एवम् सौर्य ऊर्जाको समेत प्रयोग गरी क्लष्टरमा सञ्चालन गरिने विशेष प्रकृतिका सतही र भूमिगत सिँचाइ प्रणालीहरू

- लम्बाइ २०० मिटर, फेदको चौडाइ १०० मिटर तथा कुल पहिरो क्षेत्र २०,००० वर्ग मिटर भन्दा माथिका पहिरो नियन्त्रण तथा व्यवस्थापन
- २० मेगावाट भन्दा माथिका जलविद्युत आयोजनाहरू निर्माण र व्यवस्थापन
- २० मेगावाट भन्दा माथिका सौर्य उर्जा प्रणाली
- ३३ के.भी. र सो भन्दा माथिका प्रसारण लाईनहरूको निर्माण, सञ्चालन र व्यवस्थापन
- विद्युतको राष्ट्रिय वितरण प्रणाली विकास र सञ्चालन
- जलस्रोत सम्बन्धी अध्ययन र अनुसन्धान
- मौसम र जल मापन, मौसम तथा जल विज्ञान सम्बन्धी विषयहरू
- जलस्रोत, ऊर्जा, सिँचाइ, जल उत्पन्न प्रकोप सम्बन्धी नीति, रणनीति र कानुन निर्माण

(२) प्रदेश तहबाट सञ्चालन हुने

- तराई-मधेशमा २०० हेक्टर देखि ५,००० हेक्टरसम्म, पहाडी क्षेत्रमा ५० हेक्टर देखि १०० हेक्टरसम्म र हिमाली क्षेत्रमा २५ देखि ५० हेक्टरसम्मका मझौला प्रकृतिका सिँचाइ आयोजनाको अध्ययन, अनुसन्धान, गुरुयोजना तयारी, निर्माण एवम् व्यवस्थापन
- एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरूको निर्माण तथा समन्वय
- नयाँ प्रविधिमा आधारित एकीकृत नदी तथा जलाधार व्यवस्थापन सम्बन्धी आयोजनाहरू
- ३ मेगावाट भन्दा माथि २० मेगावाट सम्मका (प्रदेश स्तरीय) जलविद्युत आयोजनाहरूको निर्माण तथा सञ्चालन
- ३ मेगावाट भन्दा माथि २० मेगावाट सम्मका सौर्य उर्जा प्रणाली आयोजनाहरूको निर्माण तथा सञ्चालन
- ११ के.भी. देखि ३३ के.भी. भन्दा साना प्रसारण लाइन निर्माण र व्यवस्थापन
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण
- भूमिगत जल सिंचाइ अन्तरगत मेशिन ड्रिल टयूबवेल तथा डिप टयूववेल सिंचाइ योजनाहरू निर्माण, मर्मत तथा व्यवस्थापन
- मझौला प्रकृतिका नदीहरू (महाभारत पहाड र चुरे पहाडबाट उद्‌गम भई बग्ने नदी) नियन्त्रणरव्यवस्थापन
- लम्बाइ १०० देखि २०० मिटरसम्म, फेदको चौडाइ ५० देखि १०० मिटर तथा कुल क्षेत्र ५००० देखि २०,००० वर्ग मिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- ग्रामीण जलस्रोत व्यवस्थापन
- ३ मेगावाट सम्मका जलविद्युत आयोजना निर्माण र सञ्चालन

- ३ मेगावाट सम्मका सौर्य उर्जा आयोजना निर्माण र सञ्चालन
- साना जलस्रोत संरचनाको पुनर्निर्माण, पुर्नस्थापन, मर्मत सम्भार तथा व्यवस्थापन
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण
- सानारस्थानीय खोला नियन्त्रण तथा पहिरो व्यवस्थापन
- घरेलु तथा सामुदायीक बायोग्यास प्रणाली

यस अघि नै संघबाट प्रदेशमा हस्तान्तरण भए तापनि यस मापदण्ड बमोजिम पर्ने क्रमागत आयोजनाहरू समेत प्रदेशको अनुरोधमा संघबाट पूरा गर्न सकिनेछ ।

### (ङ) कानुन, न्याय तथा संसदीय मामिला

(१) संघबाट सञ्चालन हुने

- सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासन सम्बन्धी कार्यहरू
- अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम कानुन तर्जुमा
- संघीय प्रणाली बमोजिम विद्यमान कानुनको समीक्षा र परिमार्जन तथा नयाँ कानुन निर्माण
- न्याय प्रशासन सुधार
- निःशुल्क कानुनी सहायता
- कानुनी शिक्षा सचेतना
- न्याय सम्पादन तालिम

(२) प्रदेश तहबाट सञ्चालन हुने

- संघीय प्रणाली बमोजिम प्रादेशिक कानुन निर्माण
- कानुनी शिक्षा सचेतना
- मेलमिलाप र मध्यस्थता

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय सरकारका जनप्रतिनिधिहरूको न्याय सम्पादनसँग सम्बन्धित तालिम
- कानुनी शिक्षा सचेतना
- स्थानीय मेलमिलाप र मध्यस्थता
- स्थानीय तहको कानुन निर्माण

### (च) कृषि तथा पशुपन्छी विकास

(१) संघबाट सञ्चालन हुने

- कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान, प्रयोगशाला तथा क्वारेण्टाइन

- बजार श्रृंखला विकास र राष्ट्रियस्तरको कृषि सूचना तथा संचार एवम् बजार प्रवर्द्धन
- रासायनिक मल खरिद, आयात तथा अनुदान
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय स्तरका कार्यक्रम
- उन्नत बीऊ बिजन खरिद, विकास, प्रवर्द्धन र सन्तुलित वितरण
- कृषि क्षेत्रको औद्योगिकीकरण सम्वन्धी कार्यक्रम
- पशु स्वास्थ्य, पशु रोग नियन्त्रण, महामारी नितन्त्रण, उपचार र औषधि वितरण
- पशु नश्ल सुधार सम्बन्धी व्यवस्थापन
- राष्ट्रियस्तरका खोप उत्पादन तथा व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- उत्पादन केन्द्रीत कृषि तथा पशुपन्छी फार्मरकेन्द्रहरू
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू
- कृषि क्षेत्रको व्यवसायीकरण र वजारीकरण सम्वन्धी कार्यक्रम
- बीऊ आपूर्ति र नियमन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू
- कृषि तथा पशु प्रसार सम्बन्धी कार्यहरू
- कृषि क्षेत्रको व्यवसायीकरण, बजारीकरण र औद्योगिकीकरणका लागि उत्पादन वृद्धि कार्यक्रम

### (छ) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण

(१) संघबाट सञ्चालन हुने

- भू-सूचना तथा अभिलेख व्यवस्थापन एवम् भू-उपयोग योजना सम्बन्धी कार्यहरू
- राष्ट्रिय नाप नक्सा, खगोल तथा सीमा नापी
- मुक्त कमैया तथा हलिया सम्बन्धी कार्यक्रम
- सहकारी सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, अनुसन्धान, समन्वय, तथ्यांक व्यवस्थापन र अनुगमन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- मुक्त कमैया तथा हलिया लगायत गरीब लक्षित विशिष्टीकृत कार्यक्रम
- गुठी व्यवस्थापन
- दुइ वा सो भन्दा बढी स्थानीय निकायमा कार्यक्षेत्र रहेका सहकारीको नियमन
- प्रदेशभित्रका सहकारीको क्षमता विकास

(३) स्थानीय तहबाट सञ्चालन हुने

- राष्ट्रियस्तरमा प्रभाव पार्ने बाहेकका नाप नक्सा तथा सीमा नापी
- मुक्त कमैया तथा हलिया लगायत गरीब लक्षित विशिष्टीकृत कार्यक्रम
- गुठी, कोष तथा ट्रष्टहरुको व्यवस्थापन (नेपाल ट्रष्टको कार्यालय बाहेक)
- सहकारी दर्ता तथा सहकारीहरूको अनुगमन

### (ज) खानेपानी

(१) संघबाट सञ्चालन हुने

- राष्ट्रिय प्रकृतिका ठूला आयोजना
- सह लगानीमा निर्माण हुने वैदेशिक सहायताका आयोजना
- ढल प्रशोधन सहितका आयोजना
- तराई-मधेशमा १५ हजार, पहाडी क्षेत्रमा ५ हजार र हिमाली क्षेत्रमा १ हजार भन्दा बढी जनसंख्यालाई प्रशोधित खानेपानी सेवा पुर्‍याउने आयोजना
- खानेपानीको स्रोत र वितरण छुट्टाछुट्टै प्रदेशमा पर्ने खानेपानी आयोजनाहरू
- ठूलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरमैला व्यवस्थापन तथा प्रशोधनका कार्यहरू

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेशस्तरका आधारभूत खानेपानी उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्यहरू
- तराई-मधेशमा ५ देखि १५ हजार, पहाडी क्षेत्रमा ३ देखि ५ हजार र हिमाली क्षेत्रमा ५ सय देखि १ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुर्‍याउने आयोजना
- फोहोरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरू
- एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरू

(३) स्थानीय तहबाट सञ्चालन हुने

- आधारभूत खानेपानी आयोजना
- तराई-मधेशमा ५ हजारसम्म, पहाडमा ३ हजारसम्म र हिमालमा ५ सय सम्मको जनसंख्यालाई खानेपानी सेवा पुर्‍याउने आयोजना
- खानेपानीको वितरण तथा अनुगमन
- सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि
- ग्रामीण खानेपानी तथा सरसफाइ र फोहोरमैला व्यवस्थापन

### (झ) गृह

१) संघबाट सञ्चालन हुने

- देशभित्रको शान्ति सुरक्षा, शरणार्थी व्यवस्थापन र अन्तर्राष्ट्रिय सीमा व्यवस्थापन
- अध्यागमन
- विपद् व्यवस्थापन
- केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल
- लागू औषध नियन्त्रण
- कारागार व्यवस्थापन
- राष्ट्रिय पञ्जीकरण तथा अभिलेख व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रदेश शान्ति सुरक्षा, प्रदेश प्रहरी प्रशासन तथा सामुदायिक प्रहरी
- मानव बेचबिखन र लागू औषध कारोबार सम्बन्धी सूचना संकलन, विश्लेषण तथा प्रवाह र नियन्त्रण तथा सचेतना
- प्रदेश लोकमार्ग र स्थानीय मार्गमा ट्राफिक व्यवस्थापन
- स्थानीय सेवा प्रवाह र सुशासन
- संघ, संस्था दर्ता, अभिलेखीकरण र नियमन
- विपद् व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- मानव बेचबिखन र लागू औषध कारोबार सम्बन्धी सूचना संकलन तथा सचेतना
- नगर प्रहरी
- स्थानीय शान्ति समिति सम्बन्धी कार्य
- विपद् व्यवस्थापन

### (ञ) परराष्ट्र

१) संघबाट सञ्चालन हुने

- परराष्ट्र तथा कूटनीतिक मामिला र अन्तर्राष्ट्रिय सम्बन्ध
- आर्थिक कुटनीति
- गैर आवासीय नेपाली
- राहदानी तथा भिसा
- विदेशमा रहेका नेपालीको अभिलेख तथा उद्धार

(२) प्रदेश तहबाट सञ्चालन हुने

- नभएको

(३) स्थानीय तहबाट सञ्चालन हुने

- नभएको

**(ट) भौतिक पूर्वाधार तथा यातायात**

(१) संघबाट सञ्चालन हुने

- नेपालको संविधान को अनुसुची (५) मा उल्लेख भएको संघको क्षेत्राधिकारमा रहेको संघीय लोकमार्गको विकास तथा विस्तार
- पुर्व - पश्चिम लोकमार्गबाट प्रादेशिक राजधानीहरू तथा केन्द्रिय राजधानी जोड्ने छोटो दुरीको द्रुत मार्ग निर्माण तथा स्तरोन्नती (जटिल प्रकृतिको सडक खण्डको सुरुडिकरण गर्ने कार्य समेत)
- अन्तर्राष्ट्रिय सिमाना (नाका) जोड्ने उत्तर - दक्षिण लोकमार्गहरू
- राष्ट्रिय राजधानी वा प्रदेश राजधानीहरूको पूर्व - पश्चिम लोकमार्गबाट उत्तर वा दक्षिण वा दुबै सीमा जोड्ने व्यापारिक मार्गहरू
- पुष्पलाल लोकमार्गबाट राष्ट्रिय राजधानी तथा  प्रादेशिक राजधानी जोड्ने प्रमुख सडक
- राष्ट्रिय लोकमार्ग बाट राष्ट्रिय गौरवका आयोजना स्थलसम्मको पहुँच मार्ग
- राष्ट्रिय लोकमार्गमा पर्ने पुलहरू
- सुरुङ मार्ग र सुरुङ समेत समावेश भएको मार्ग
- संघीय लोकमार्गको यातायात तथा सडक सुरक्षा सम्बन्धी कार्यहरू
- प्रदेश सरकारको अनुरोधमा नेपाल सरकारले मापदण्ड तोकी सो अनुरूप निर्णय गरी संघमा जिम्मेवारी दिएको सडक
- राष्ट्रिय सडक सञ्जालसँग जिल्ला सदरमुकाम जोड्ने सडक

(२) प्रदेश तहबाट सञ्चालन हुने

- नेपालको संविधानको अनुसूची (६) मा उल्लेख भएको प्रदेशको क्षेत्राधिकार मा रहेको प्रदेशिक लोकमार्गको बिकास तथा बिस्तार
- साबिकका स्थानिय पूर्वाधार तथा कृषि सडक विभागबाट भइरहेको सम्पुर्ण कार्यहरू (संरचना सहित)
- प्रादेशिक राजधानीलाई स्थानिय तहको मुख्य प्रशासनिक केन्द्रसँग जोड्ने मुल सडकहरू
- दुई वा सइ भन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने प्रमुख सडक

- प्रादेशिक लोकमार्गमा पर्ने पुलहरू
- झोलुङ्गे पुल
- प्रदेशिक लोकमार्गको यातायात तथा सडक सुरक्षा सम्बन्धी कार्यहरू
- यातायात कम्पनी दर्ता, नवीकरण र सवारी साधन

(३) स्थानीय तहबाट सञ्चालन हुने
- नेपालको संविधान को अनुसुची (८) मा उल्लेख भएको स्थानिय सरकारको को क्षेत्राधिकार मा रहेको स्थानिय सडक, कृषि सडक तथा ग्रामिण सडकको बिकास तथा बिस्तार
- ग्रामिण सडक तथा सामुदायिक पूर्वाधारको बिकास तथा बिस्तार
- स्थानिय स्तरको यातायात नीति, अनुमति, नियमन र व्यबस्थापन
- स्थानिय यातायात व्यवस्थापन तथा सडक सुरक्षा

**(ठ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

(१) संघबाट सञ्चालन हुने
- अन्तर्राष्ट्रिय अभिसन्धि, अनुबन्ध सम्बन्धी कार्यहरू तथा प्रतिवेदन
- राष्ट्रपति महिला उत्थान कार्यक्रम
- राष्ट्रिय स्तरका वृद्धाश्रम व्यवस्थापन तथा अनुगमन
- बालबालिका सम्बन्धी नीति निर्माण
- सामाजिक संरक्षणका एकीकृत कार्यक्रम
- सुरक्षित आवास गृह, बाल कल्याण केन्द्र
- राष्ट्रिय स्तर र दुइ वा सो भन्दा बढी प्रदेशमा कार्यक्षेत्र भएका गैर सरकारी संस्थाहरूको नियमन

(२) प्रदेश तहबाट सञ्चालन हुने
- प्रदेशस्तरका महिला विकास कायर्कम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम
- प्रदेशस्तरका वृद्धाश्रम र बालग्राम व्यवस्थापन तथा अनुगमन

(३) स्थानीय तहबाट सञ्चालन हुने
- स्थानीयस्तरका महिला विकास कायर्कम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम
- सामाजिक संरक्षण प्राप्त गर्ने लाभग्राहीलाई परिचय पत्र वितरण, ज्येष्ठ नागरिक मञ्च सञ्चालन, दिवा सेवा केन्द्र सञ्चालनका कार्य
- सामाजिक संरक्षणका स्थानीय क्रियाकलापहरू

### (ड) रक्षा

१) संघबाट सञ्चालन हुने

- नेपाली सेना
- अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा तथा नियमन
- राष्ट्रिय सुरक्षा सूचना तथा संचार प्रणाली एवं संजाल स्थापना, संचालन र व्यवस्थापन
- राष्ट्रिय सेवा दलको संचालन र व्यवस्थापन
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूको सुरक्षा
- विपद् प्रतिकार्यमा सहयोग र समन्वय

(२) प्रदेश तहबाट सञ्चालन हुने

- नरहेको

(३) स्थानीय तहबाट सञ्चालन हुने

- नरहेको

### (ढ) युवा तथा खेलकुद

(१) संघबाट सञ्चालन हुने

- राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको खेल पूर्वाधारहरूको विकास, निर्माण तथा स्तरोन्नति
- राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता

(२) प्रदेश तहबाट सञ्चालन हुने

- युवा वैज्ञानिक प्रोत्साहन
- युवासम्बन्धी प्रादेशिक नीति, कानुन, योजना, कार्यान्वयन तथा नियमन
- राष्ट्रिय विकास स्वयंसेवक परिचालन
- स्काउट सम्बन्धी कार्यहरू
- प्रदेशस्तरमा खेलकुद विकास तथा प्रादेशिक पूर्वाधारहरूको विकास, निर्माण र स्तरोन्नति
- प्रादेशिक खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय स्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन
- स्थानीय स्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास
- स्थानीय स्तरमा खेलकुद विकास तथा यसका पूर्वाधारहरूको विकास, निर्माण र स्तरोन्नति
- स्थानीय स्तरका खेल प्रतियोगिता आयोजना

## (ण) वन तथा वातावरण

(१) संघबाट सञ्चालन हुने

- वन, जैविक विविधता, वनस्पति तथा जडिबूटी, वन्यजन्तु, भू तथा जलाधार संरक्षण र व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरण सम्बन्धी नीति, रणनीति, कानुन, मापदण्ड, अध्ययन, अनुसन्धान, सर्वेक्षण, सीमाङ्कन तथा राष्ट्रिय तथ्याङ्क व्यवस्थापन
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र तथा सीमसार, साइटिस तथा वन्यजन्तु अपराध नियन्त्रण, मध्यवर्ती क्षेत्रको व्यवस्थापन
- अन्तर प्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र
- राष्ट्रिय स्तरका वनस्पति तथा प्राणी उद्यान र हर्वेरियम व्यवस्थापन
- वन्यजन्तु पालन सम्बन्धी नियमन
- प्रदूषण अनुगमन र नियन्त्रण, कार्वन सेवा र कार्वन सञ्चिति
- जलवायु परिवर्तन र रेड फोरेस्ट्री
- वन डढेलो नियन्त्रण तथा व्यवस्थापन प्रणालीको विकास
- प्रकृतिमा आधारित पर्यटनका ठूला आयोजनाहरू
- वन तथा वातावरण सम्बन्धी विशिष्टीकृत तालीम
- सशस्त्र वन सुरक्षा
- बृहत् जलाधार व्यवस्थापन
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति
- हरित उद्यम व्यवस्थापनमा समन्वय र सहयोग
- विरुवा उत्पादन र वृक्षारोपणमा समन्वय र सहयोग

(२) प्रदेश तहबाट सञ्चालन हुने

- एक भन्दा बढी स्थानीय तहमा फैलिएको सामुदायिक र कबुलियती वनको व्यवस्थापन
- जडिबूटी विकास, उत्पादन, बजारीकरण र प्रवर्द्धन
- भू तथा जलाधार संरक्षण
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
- प्रदेश स्तरीय चिडियाखाना व्यवस्थापन
- प्रदुषण अनुगमन तथा नियन्त्रण
- वन तथा वातावरण सम्बन्धी  तालीम
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू
- विरुवा उत्पादन तथा वृक्षारोपण

- हरित उद्यम स्थापना तथा सञ्चालन (काष्ठ, गैर काष्ठ र पर्या पर्यटन)
- डढेलो नियन्त्रण तथा व्यवस्थापन
- प्रकृतिमा आधारित पर्यटनका प्रदेश स्तरीय आयोजनाहरू
- वन तथा वन्यजन्तु अपराध नियन्त्रण
- वन्यजन्तु पालन
- कृषि वन
- सडक तथा नहर किनारा वृक्षारोपण र व्यवस्थापन

३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन स्थानीय स्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) स्थापना र सञ्चालन
- भू तथा जलाधार संरक्षण
- प्रदूषण नियन्त्रण
- स्थानीयस्तरको जलवायु अनुकूलन तथा न्यूनीकरण सम्बन्धी क्रियाकलापहरू
- विरुवा उत्पादन तथा वृक्षारोपण
- वन उद्यम
- प्रकृतिमा आधारित पर्यटन
- डढेलो नियन्त्रण तथा व्यवस्थापन
- स्थानीय स्तरको भू-उपयोग योजना तथा हरित उद्यम क्षेत्र निर्धारण
- स्थानीय स्तरको वन, वनस्पति, जैविक विविधता, वन्यजन्तु संरक्षण
- काष्ठ तथा गैर काष्ठ उद्योगहरूको स्थापना र व्यवस्थापन
- सडक तथा नहर किनारा वृक्षारोपण र व्यवस्थापन
- कृषि वन
- नदी उकास क्षेत्रमा वृक्षारोपण, घाँस रोपण तथा व्यवस्थापन
- वन्यजन्तु पालन

## (त) शिक्षा, विज्ञान तथा प्रविधि

(१) संघबाट सञ्चालन हुने

- शिक्षाका लागि खाद्यान्नको व्यवस्थापन र समन्वय
- उच्च शिक्षा
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको समन्वय, मापदण्ड र प्रमाणीकरण

- प्लानेटोरियम, विज्ञान प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान
- विद्यालय शिक्षा सम्बन्धी नियमन, पाठ्यक्रम विकास
- माध्यमिक तहको परीक्षा मानक तथा मापदण्ड विकास र समन्वय एवम् प्रमाणीकरण
- शिक्षक सेवा आयोग सम्बन्धी कार्य
- राष्ट्रिय शैक्षिक तथ्यांक तथा अभिलेख व्यवस्थापन
- राष्ट्रिय स्तरमा शिक्षा सम्बन्धी अनुसन्धान र विकास सम्बन्धी कार्यहरू

(२) प्रदेश तहबाट सञ्चालन हुने
- विद्यालय तहका शिक्षकहरूको तालिम सम्बन्धी कार्य
- माध्यमिक तह कक्षा १० को एस इ इ परीक्षा सञ्चालन
- अपांगता भएका बालबालिकाहरूका लागि विशेष आवासीय विद्यालयहरू सञ्चालन
- व्यावसायिक शिक्षा तथा प्राविधिक तालीम
- पोलिटेक्निक सञ्चालन
- विज्ञान संग्राहलय र अनुसन्धान केन्द्रहरू
- सामुदायिक पुस्तकालयहरूको सञ्चालन
- शिक्षक सेवा आयोगबाट प्रत्यायोजित कार्यहरू
- नमुना विद्यालय विकास
- प्रदेश स्तरीय शैक्षिक तथ्यांक विकास

(३) स्थानीय तहबाट सञ्चालन हुने
- विद्यालय शिक्षासँग सम्बन्धित कार्यहरू
- अनौपचारिक शिक्षा, साक्षरता कार्यक्रम
- बाल विकास कार्यक्रम
- शैक्षिक तथ्यांक र अभिलेख व्यवस्थापन
- द्वन्द्वपीडित परिवार शिक्षाको व्यवस्थापन (सहिद प्रतिष्ठान मार्फत सञ्चालन हुने शिक्षा कार्यक्रम)
- विशेष प्रकृतिका छात्रवृत्ति (द्वन्द्वपीडित, सहिद परिवार, विपन्न लक्षित)
- विद्यालय तहका शिक्षकहरूको सेवा सुविधा सम्बन्धी कार्यहरू

### (थ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा
(१) संघबाट सञ्चालन हुने
- सामाजिक सुरक्षा सम्बन्धी नीति, कानुन र मापदण्ड
- आन्तरिक तथा वैदेशिक रोजगार सम्बन्धी नीति, नियमन, व्यवस्थापन र समन्वय

- श्रम तथा रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड र अभिलेख व्यवस्थापन
- मर्यादित श्रम र व्यवसायजन्य सुरक्षाको नियमन र अनुगमन
- सीप विकास सम्बम्धी क्षमता विकास र तालीम र रोजगार प्रवर्द्धन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- सीप विकास सम्बम्धी क्षमता विकास र तालीम र रोजगार प्रवर्द्धन
- आन्तरिक रोजगारी प्रवर्द्धन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- सामाजिक सुरक्षाका कार्यक्रम
- स्थानीय स्तरको सीप विकास र रोजगार प्रवर्द्धन

**(द) सहरी विकास**

(१) संघबाट सञ्चालन हुने

- सहरी विकास सम्बन्धी अध्ययन, अनुसन्धान, गुरु योजना तथा मापदण्ड तर्जुमा तथा नियमन
- प्रदेश सरकार र स्थानीय तहमा हस्तान्तरण भएका बाहेक वहुवर्षिय खरिद गुरुयोजना स्वीकृत भइ ठेक्का प्रक्रियामा रहेका आयोजनाहरु सम्पन्न गरी हस्तान्तरण गर्ने गरी संघले सञ्चालन गर्ने । नयाँ आयोजनाहरुको हकमा सम्बन्धित प्रदेश र स्थानीय तहले अनुरोध गरेमा ठुला प्रकृतिका आयोजनाहरुको कार्यान्वयन गर्ने
- संघीय सरकारका भवन निर्माण, मर्मत सम्भार संघले सञ्चालन गर्ने तर अन्तर्राष्ट्रिय स्तरका बहुउपयोगी सम्मेलन केन्द्र निर्माण सम्पन्न भई सम्बन्धीत तहमा हस्तान्तरण भइसकेपछि सञ्चालन र मर्मत सम्भार सम्बन्धित तहले गर्ने
- राष्ट्रिय स्तर र वातावरणीय रुपमा संवेदनशील शहरी पूर्वाधार निर्माण तथा शहरी पुनर्उत्थान कार्यक्रमको कार्यान्वयन
- मेघा सिटि तथा स्मार्ट सिटिको सहरी विकास
- राष्ट्रियस्तरका सहरी पूर्वाधार निर्माण तथा सञ्चालन
- राष्ट्रिय भवन निर्माण सम्बन्धी संहिता, मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमन
- अन्तर प्रादेशिक तथा क्षेत्रीय स्तरका सहरी पूर्वाधार निर्माण तथा सञ्चालन
- राष्ट्रिय स्तरका आयोजनाबाट विस्थापितका लागि पूर्वाधार सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन तथा नियमन
- एकीकृत वस्ती विकास
- संयुक्त, वहुतले, सामुहिक र सरकारी आवास नीति योजना तर्जुमा र नियमन
- संघीय राजधानी क्षेत्रको नीति, योजना, मापदण्ड निर्माण, समन्वय र अनुगमन

- काठमाण्डौ उपत्यका लगायतका प्रमुख उपत्यका तथा मुख्य सहरी करिडोरको एकीकृत सहरी विकास योजना तर्जुमा

(२) प्रदेश तहबाट सञ्चालन हुने
- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार
- प्रदेश अन्तर्गतका आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्गनिर्देशन
- प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको योजना तर्जुमा, कार्यान्वयन तथा संयोजन
- लक्षित आवास कार्यक्रमको नीति, योजना र कार्यान्वयन
- प्रदेश स्तरका एकीकृत बस्ती विकास
- प्रदेश तहका सरकारी भवन निर्माण तथा मर्मत सम्भार
- आधुनिक, बहुउपयोगी सम्मेलन केन्द्रहरूको निर्माण, सञ्चालन र मर्मत संभार

(३) स्थानीय तहबाट सञ्चालन हुने
- सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी स्थानीय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन
- स्थानीय तहका सहरी पूर्वाधार
- स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत संभार

### (ध) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

(१) संघबाट सञ्चालन हुने
- हवाइ यातायात तथा नागरिक उड्ययन, पर्यटन सम्बन्धी निति, कानुन र गुरुयोजना
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन, राष्ट्रिय स्तरका पर्यटन पूर्वाधार
- राष्ट्रिय संग्रहालय तथा अभिलेखालय, विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा
- पुरातात्विक, ऐतिहासक तथा सांस्कृतिक महत्वका सम्पदा र प्राचीन स्मारक र सो सम्बन्धी अध्ययन, अन्वेषण र अनुसन्धान
- ठूला प्रतिष्ठान र समितिहरू

(२) प्रदेश तहबाट सञ्चालन हुने
- प्रदेश स्तरका पर्यटन पूर्वाधार
- भाषा, लिपी, संस्कृति, ललितकला र धार्मिक सम्पदा संरक्षण
- प्रदेश संग्रहालय, संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरू

(३) स्थानीय तहबाट सञ्चालन हुने
- स्थानीय पर्यटन पूर्वाधार

- स्थानीय स्तरका ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा स्मारक संरक्षण
- परम्परागत जात्रा मेला संचालन र व्यवस्थापन
- संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरू

**(न) संघीय मामिला तथा सामान्य प्रशासन**

(१) संघबाट सञ्चालन हुने

- सामाजिक सुरक्षा सम्बन्धी नीति मापदण्ड र स्रोत विनियोजन
- संघीय तथा स्थानीय मामिला प्रशिक्षण, प्रशासन सुधार
- संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाका कर्मचारीको क्षमता विकास, प्रशिक्षण तथा कल्याण
- स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति मापदण्ड

(२) प्रदेश तहबाट सञ्चालन हुने

- स्थानीय शासन तथा सामुदायिक विकास र प्रदेश स्तरका पूर्वाधार निर्माण
- प्रदेश तथा स्थानीय मामिला प्रशिक्षण
- प्रदेश तथा स्थानीय निजामती सेवा र अन्य प्रादेशिक सरकारी सेवाका कर्मचारीको क्षमता विकास, प्रशिक्षण तथा कल्याण

(३) स्थानीय तहबाट सञ्चालन हुने

- पञ्जीकरण दर्ता तथा अभिलेख व्यवस्थापन
- स्थानीय पूर्वाधार तथा ग्रामीण विकास
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन

**(प) सञ्चार तथा सूचना प्रविधि**

(१) संघबाट सञ्चालन हुने

- सबै प्रयोजनका लागि फ्रिक्वेन्सी बाँडफाँट गर्ने, अर्बिटल स्लटको प्रयोग गर्ने, फ्रिक्वेन्सी अनुगमन गर्ने र रेडियो फ्रिक्वेन्सी सम्बन्धी नियामक कार्य
- केन्द्रीय स्तरका सूचना प्रविधि पूर्वाधारको निर्माण, सञ्चालन र नियमन
- राष्ट्रिय स्तरका रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यम सञ्चालन अनुमति, संचालन र नियमन
- हुलाक सम्बन्धी नीति नियमन, संचालन तथा व्यवस्थापन
- सुरक्षण मुद्रण, स्याटेलाइट सञ्चालन तथा नियमन, चलचित्र जाँच

(२) प्रदेश तहबाट सञ्चालन हुने

- १०० देखि १००० वाटसम्मको एफ. एम. रेडियो र केबुल टेलिभिजनको फ्रिक्वेन्सी प्राप्ति पश्चातको सञ्चालन अनुमति, नवीकरण र नियमन
- प्रदेश स्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेश भित्र सञ्चार ग्राम संचालन, व्यवस्थापन र नियमन
- प्रदेश स्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन र नियमन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- १०० वाट सम्मका एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन
- स्थानीय क्षेत्र भित्र टेलिसेन्टर सञ्चालन चलचित्र भवन निर्माण इजाजत तथा जाँचपास
- स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन

**(फ) स्वास्थ्य तथा जनसंख्या**

(१) संघबाट सञ्चालन हुने

- स्वास्थ्य तथा जनसंख्या सम्बन्धी अनुसन्धान, समन्वय, मापदण्ड तथा नियमन
- विशिष्टीकृत स्वास्थ्य सेवा, विशिष्टीकृत क्षेत्रीय अस्पताल
- राष्ट्रिय स्तरका तथा छुट्टै ऐन वा प्रकृयाबाट स्थापित अस्पतालको सञ्चालन र नियमन
- खोप, औषधि, उपकरण, अस्पताल तथा प्रयोगशाला सम्बन्धी मापदण्ड तथा नियमन
- स्वास्थ्य बीमा, महामारी तथा प्रकोप रोग नियन्त्रण
- बसाइसराइ सर्वेक्षण एवम् स्थिति विश्लेषण

(२) प्रदेश तहबाट सञ्चालन हुने

- साविकमा रहेका क्षेत्रीय, उपक्षेत्रीय तथा अञ्चल अस्पताल र आयुर्वेद चिकित्सालय
- खोप, औषधि, उपकरणको सञ्चालन
- स्थानीय तहहरूबीच स्वास्थ्य सेवाको समन्वय
- प्रादेशिक स्तरको जनसांख्यिक सूचना व्यवस्थापन, क्षमता विकास तथा अध्ययन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- आधारभूत स्वास्थ्य सेवा
- स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा जिल्ला अस्पतालको सञ्चालन र व्यवस्थापन
- विभिन्न रोग सम्बन्धी रोकथाम, नियन्त्रण, जनचेतना, प्रबर्द्धनात्मक र उपचारात्मक कार्यक्रम

### (ब) योजना तथा तथ्याङ्क व्यवस्थापन

(१) संघबाट सञ्चालन हुने

- दीर्घकालीन सोच, नीति तथा योजना (आवधिक समेत) निर्माण
- विकास योजनाको अनुगमन, मूल्यांकन तथा अनुशिक्षण र संघीय संरचना बमोजिमको समन्वय
- संघीय मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्य सम्बन्धी राष्ट्रिय नीति निर्माण, लक्ष्य निर्धारण, समन्वय तथा अनुगमन
- सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति, योजना तथा समन्वय
- राष्ट्रिय विकास स्वयंसेवक सम्बन्धी नीति मापदण्ड तथा समन्वय
- राष्ट्रिय तथ्यांक नीति, मानक र गुणस्तर, समन्वय तथा व्यवस्थापन

(२) प्रदेश तहबाट सञ्चालन हुने

- प्रादेशिक योजना तर्जुमा, अनुगमन, मूल्यांकन र अनुशिक्षण
- प्रदेश मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्यको प्रदेश तहमा आन्तरिकीकरण, कार्यान्वयन तथा समन्वय
- सार्वजनिक निजी साझेदारी सम्बन्धी प्रादेशिक योजना तथा कार्यान्वयन
- प्रादेशिक तथ्यांक र अभिलेख सम्बन्धी योजना, संकलन तथा व्यवस्थापन

(३) स्थानीय तहबाट सञ्चालन हुने

- स्थानीय योजना तर्जुमा, अनुगमन, मूल्यांकन र अनुशिक्षण
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्यको स्थानीय तहमा कार्यान्वयन
- सार्वजनिक निजी साझेदारी सम्बन्धी स्थानीय योजना तथा कार्यान्वयन
- स्थानीय तथ्यांक र अभिलेख सम्बन्धी योजना, संकलन तथा व्यवस्थापन
- व्यक्तिगत घटना दर्ता, अभिलेख व्यवस्थापन र प्रतिवेदन

अनुसूची - १०

# मध्यमकालीन खर्च संरचनाको सारांश

## (आ.व. २०७६/७७-२०७८/७९)

नेपाल सरकारले लिएको "समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्य हासिल गर्नमा केन्द्रित रहँदै पन्ध्रौं योजनाको आधार वर्षको रुपमा आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरूको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिकामा प्रस्तुत गरिएको छ । पन्ध्रौं योजनासँग सामन्जस्य हुनेगरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७६/७७ -२०७८/७९) तर्जुमा गरिएको छ । खर्च संरचना तयार गर्दा दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) मा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, सरकारको वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई मुख्य आधार लिइएको छ ।

### राष्ट्रिय लक्ष्य र नतिजा सूचक

पन्ध्रौं योजनामा उल्लेखित राष्ट्रिय लक्ष्य बमोजिमका प्रमुख परिमाणात्मक लक्ष्यका आधारमा आगामी तीन वर्षको समष्टिगत तथा समृद्धि र सुखका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक निर्धारण गरिएको छ । उल्लेखित सूचकहरूको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका १ र समृद्धि र सुखका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकहरू क्रमशः तालिका २ र तालिका ३ मा प्रस्तुत गरिएको छ ।

### तालिका १ : प्रमुख समष्टिगत सूचक तथा लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७४/७५ को उपलब्धि | २०७५/७६ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ६.८ | ८.५ | ९.६ | ९.९ |
| | कृषि क्षेत्र | प्रतिशत | २.८ | ४.८ | ४.७ | ५.१ | ५.७ |
| | गैरकृषि क्षेत्र | प्रतिशत | ७.१ | ७.४ | १०.१ | ११.३ | ११.३ |
| | उद्योग क्षेत्र | प्रतिशत | ९.६ | १२.२ | १५.१ | १५.६ | १४.८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सेवा क्षेत्र | प्रतिशत | ७.२ | ७.९ | ८.७ | १०.० | १०.३ |
| २ | मुद्रास्फिति दर | प्रतिशत | ४.२ | ५.५ | ६ | ६ | ६ |
| ३ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १,०१२ | १,०४७ | १,१२७ | १,२२२ | १,३३७ |
| ४ | आर्थिक जोखिम सूचकांक (EVI) | सूचकांक | २८.४ | २७ | २६ | २५ | २४ |
| ५ | मानव सम्पत्ति सूचकांक (HAI) | सूचकांक | ७१.२ | ७२.० | ७४ | ७५ | ७६ |

## तालिका २ : समृद्धिका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७४/७५ को उपलब्धि | २०७५/७६ को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १ | उच्च र समतामूलक राष्ट्रिय आय | | | | | | |
| १.१ | औद्योगिक राष्ट्रको स्तरको उच्च आय | | | | | | |
| १.१.१ | आर्थिक वृद्धिदर | प्रतिशत | ५.९ | ६.८ | ८.५ | ९.६ | ९.९ |
| १.१.२ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १,०१२ | १,०४७ | १,१२७ | १,२२२ | १,३३७ |
| १.२ | गरिबीको अन्त्य | | | | | | |
| १.२.१ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | १७.४ | १६.१ | १४.९ | १३.६ |
| १.३ | राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा | | | | | | |
| १.३.१ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma Ratio) | अनुपात | १.३ | १.२९ | १.२८ | १.२७ | १.२७ |
| १.३.२ | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.३१ | ०.३० | ०.३० | ०.३० |
| २ | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | | | | | | |
| २.१ | स्वस्थ र लामो आयु भएका नेपाली | | | | | | |
| २.१.१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७०.१ | ७०.५ | ७०.९ | ७१.२ |
| २.१.२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | २३९ | २१५ | १७५ | १२५ | ११६ |
| २.१.३ | ५ वर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | ३९ | ३० | २८ | २८ | २७ |
| २.२ | गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक | | | | | | |
| २.२.१ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ६३ | ६९ | ७४ | ७९ |
| २.२.२ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८५ | ८७ | ९० | ९२ | ९४ |
| २.२.३ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९२.३ | ९५ | ९६ | ९८ | ९८.६ |
| २.२.४ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ४६.४ | ४७ | ५३ | ६० |
| २.२.५ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | ११.६ | १३.७ | १५.८ | १७.८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२.६ | काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | २५ | ३१ | ३७ | ४३ | ४८ |
| २.३ | उत्पादनशील र मर्यादित रोजगारी | | | | | | |
| ११४ | उदयपुर | ११,५१५ | २७,८९३ | १६,२७९ | ११,६१४ | १४० | २.४ |
| २०१ | सप्तरी | १६,२९५ | ४२,२५२ | २८,५९८ | १३,६५४ | २०९ | २.६ |

| जिल्ला कोड | प्रदेश, जिल्लाको नाम | प्रतिष्ठान संख्या | जम्मा | पुरुष | महिला | लिंग अनुपात (%) | प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति संख्या |
|---|---|---|---|---|---|---|---|
| २०२ | सिराहा | १३,१३७ | ४०,५१३ | २९,१०१ | ११,४१२ | २५५ | ३.१ |
| २०३ | धनुषा | १७,९६५ | ५६,४७५ | ४३,२७३ | १३,२०२ | ३२८ | ३.१ |
| २०४ | महोत्तरी | १४,०४९ | ३६,९९८ | २८,१६१ | ८,८३७ | ३१९ | २.६ |
| २०५ | सर्लाही | १५,२६० | ३८,६५७ | २७,९३१ | १०,७२६ | २६० | २.५ |
| २०६ | रौतहट | १२,७९० | ४१,२६५ | ३२,११७ | ९,१४८ | ३५१ | ३.२ |
| २०७ | बारा | १२,४४९ | ४८,७२४ | ३८,२७९ | १०,४४५ | ३६६ | ३.९ |
| २०८ | पर्सा | १५,७२५ | ५०,११० | ४०,८१९ | ९,२९१ | ४३९ | ३.२ |
| ३०१ | दोलखा | ६,७५८ | २२,३३१ | १३,१२२ | ९,२०९ | १४२ | ३.३ |
| ३०२ | सिन्धुपाल्चोक | ९,०७६ | ३२,९४९ | १७,७२६ | १५,२२३ | ११६ | ३.६ |
| ३०३ | रसुवा | १,३७२ | ४,१७४ | २,४२० | १,७५४ | १३८ | ३.० |
| ३०४ | धादिंग | १२,०५१ | ५५,५२१ | २९,६३९ | २५,८८२ | ११५ | ४.६ |
| ३०५ | नुवाकोट | ८,७९४ | ३०,१२९ | १८,०७३ | १२,०५६ | १५० | ३.४ |
| ३०६ | काठमाण्डौ | १२५,०४७ | ५९०,००२ | ३६२,१६२ | २२७,८४० | १५९ | ४.७ |
| ३०७ | भक्तपुर | १९,६३१ | ८६,२९६ | ४९,९०१ | ३६,३९५ | १३७ | ४.४ |
| ३०८ | ललितपुर | २७,००९ | १३४,४०८ | ८१,५०७ | ५२,९०१ | १५४ | ५.० |
| ३०९ | काभ्रेपालाञ्चोक | १४,२८२ | ५४,५७५ | ३२,६५० | २१,९२५ | १४९ | ३.८ |
| ३१० | रामेछाप | ५,६२१ | २२,८१८ | १२,२७३ | १०,५४५ | ११६ | ४.१ |
| ३११ | सिन्धुली | ८,००१ | ३४,०८५ | १९,७७९ | १४,३०६ | १३८ | ४.३ |
| ३१२ | मकवानपुर | १६,०४१ | ४६,५८२ | २९,०१४ | १७,५६८ | १६५ | २.९ |
| ३१३ | चितवन | २९,२३७ | १०४,६२७ | ६३,५१७ | ४१,११० | १५५ | ३.६ |
| ४०१ | गोरखा | १०,९७२ | ३०,४२३ | १६,८३१ | १३,५९२ | १२४ | २.८ |
| ४०२ | मनांग | ४८७ | १,६९५ | ९७९ | ७१६ | १३७ | ३.५ |
| ४०३ | मुस्तांग | ७७५ | ३,१०६ | १,७७७ | १,३२९ | १३४ | ४.० |

| जिल्ला कोड | प्रदेश, जिल्लाको नाम | प्रतिष्ठान संख्या | जम्मा | पुरुष | महिला | लिंग अनुपात (%) | प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति संख्या |
|---|---|---|---|---|---|---|---|
| ४०४ | म्याग्दी | ५,०६३ | १६,६५२ | ८,४९८ | ८,१५४ | १०४ | ३.३ |
| ४०५ | काश्की | ३०,७४५ | १११,८१८ | ६५,९०१ | ४५,९१७ | १४४ | ३.६ |
| ४०६ | लम्जुंग | ६,४११ | २९,३९५ | १५,३५३ | १४,०४२ | १०९ | ४.६ |
| ४०७ | तनहुँ | १२,४३३ | ३६,६८६ | १९,६५२ | १७,०३४ | ११५ | ३.० |
| ४०८ | नवलपरासी पुर्व | १२,७४५ | ३८,३९६ | २२,०५३ | १६,३४३ | १३५ | ३.० |
| ४०९ | स्यांग्जा | ७,४१० | २०,९४६ | ११,०१९ | ९,९२७ | १११ | २.८ |
| ४१० | पर्वत | ४,७२० | १२,९८३ | ७,१८२ | ५,८०१ | १२४ | २.८ |
| ४११ | बाग्लुंग | ८,९२३ | ३०,३७२ | १६,१५५ | १४,२१७ | ११४ | ३.४ |
| ५०१ | रुकुम पुर्व | १,०२० | २,६०२ | १,४६३ | १,१३९ | १२८ | २.६ |
| ५०२ | रोल्पा | ५,०९४ | १५,४५६ | ७,५६६ | ७,८९० | ९६ | ३.० |
| ५०३ | प्युठान | ५,६०६ | २१,३७३ | ११,९३८ | ९,४३५ | १२७ | ३.८ |
| ५०४ | गुल्मी | ९,५४८ | २२,८७६ | १३,०७१ | ९,८०५ | १३३ | २.४ |
| ५०५ | अर्घाखाँची | ६,६१९ | १४,६१३ | ८,७६८ | ५,८४५ | १५० | २.२ |
| ५०६ | पाल्पा | ८,७०१ | २४,९०२ | १४,०८८ | १०,८१४ | १३० | २.९ |
| ५०७ | नवलपरासी पशि( चम | ११,२०८ | ४३,८६६ | २६,७७४ | १७,०९२ | १५७ | ३.९ |
| ५०८ | रुपन्देही | ३८,४०३ | १३४,७७२ | ९४,३५७ | ४०,४१५ | २३३ | ३.५ |
| ५०९ | कपिलवस्तु | १३,६०७ | ४०,६१० | ३०,७४२ | ९,८६८ | ३१२ | ३.० |
| ५१० | दांग | १४,४२१ | ४७,५९८ | २८,८४७ | १८,७५१ | १५४ | ३.३ |
| ५११ | बाँके | १८,६६६ | ६४,८८२ | ४४,३३३ | २०,५४९ | २१६ | ३.५ |
| ५१२ | बर्दिया | १४,८९६ | ४०,७१४ | २४,९४५ | १५,७६९ | १५८ | २.७ |
| ६०१ | डोल्पा | ८६० | ३,२२५ | १,९८२ | १,२४३ | १५९ | ३.८ |

| जिल्ला कोड | प्रदेश, जिल्लाको नाम | प्रतिष्ठान संख्या | जम्मा | पुरुष | महिला | लिंग अनुपात (%) | प्रति प्रतिष्ठान संलग्न औसत जनशक्ति संख्या |
|---|---|---|---|---|---|---|---|
| ६०२ | मुगु | १,७८२ | ५,८४९ | २,९५७ | २,८९२ | १०२ | ३.३ |
| ६०३ | हुम्ला | २,०१६ | ५,७३९ | ३,७५२ | १,९८७ | १८९ | २.८ |
| ६०४ | जम्ला | ३,०७८ | ८,४६३ | ५,२३५ | ३,२२८ | १६२ | २.७ |
| ६०५ | कालिकोट | ३,५३५ | ९,२०० | ५,९५७ | ३,२४३ | १८४ | २.६ |
| ६०६ | दैलेख | ६,३०८ | १४,८७४ | ८,९६७ | ५,९०७ | १५२ | २.४ |
| ६०७ | जाजरकोट | ३,३१६ | ८,४९४ | ५,३२६ | ३,१६८ | १६८ | २.६ |
| ६०८ | रुकम पश्चिम | ३,९९४ | १०,१८० | ६,१०३ | ४,०७७ | १५० | २.५ |
| ६०९ | सल्यान | ६,०९८ | १७,०१९ | ९,८२९ | ७,१९० | १३७ | २.८ |
| ६१० | सुर्खेत | ११,८२० | ३५,९०८ | २०,७०६ | १५,२०२ | १३६ | ३.० |
| ७०१ | बाजुरा | ३,८९१ | ८,८५९ | ५,९०५ | २,९५४ | २०० | २.३ |
| ७०२ | बझांग | ६,२१९ | १५,४४६ | १०,३६३ | ५,०८३ | २०४ | २.५ |
| ७०३ | दार्चुला | ३,४१३ | १०,८३७ | ७,३५४ | ३,४८३ | २११ | ३.२ |
| ७०४ | बैतडी | ४,३९५ | १२,२६८ | ८,८५८ | ३,४१० | २६० | २.८ |
| ७०५ | डडेलधुरा | ४,०५४ | ११,४६९ | ७,९३८ | ३,५३१ | २२५ | २.८ |
| ७०६ | डोटी | ३,६६७ | ९,८२६ | ६,५७१ | ३,२५५ | २०२ | २.७ |
| ७०७ | अछाम | ४,२८४ | १३,६८० | ९,४९४ | ४,१८६ | २२७ | ३.२ |
| ७०८ | कैलाली | २१,५४४ | ६६,७५३ | ४३,५०१ | २३,२५२ | १८७ | ३.१ |
| ७०९ | कञ्चनपुर | ११,५०१ | ३६,०६२ | २५,०४८ | ११,०१४ | २२७ | ३.१ |

प्रदेश कोड ४ = गण्डकी, ६ = कर्णाली, ७ = सुदुरपश्चिम,

## अनुसूची - १४

# नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ को नतिजाको सारांश

नेपालमा श्रमशक्ति तथा श्रम बजारसँग सम्बन्धित तथ्याङ्कको उत्पादन मुख्यत: केन्द्रीय तथ्याङ्क विभागबाट सञ्चालित राष्ट्रिय जनगणना तथा श्रमशक्ति सर्वेक्षणहरूबाट भइरहेको छ। नेपालमा श्रम केन्द्रित सर्वेक्षण (Dedicated labour survey) को रूपमा पहिलो पटक सन् १९९८/९९ मा नेपाल श्रमशक्ति सर्वेक्षण सम्पन्न भएको थियो। सन् २००८ मा दोस्रो तथा सन् २०१७/१८ मा तेस्रो श्रमशक्ति सर्वेक्षण सम्पन्न गरिएका छन्। तेस्रो सर्वेक्षणमा २०१७ जुलाईदेखि २०१८ जुन (वि.सं. २०७४ असारदेखि २०७५ जेठ) सम्म तथ्याङ्क सङ्कलन गरिएको थियो।

यस किसिमको सर्वेक्षणबाट रोजगार (Employment), बेरोजगार (Unemployment), श्रमको अल्पउपयोग (Labour underutilization), श्रमशक्तिमा रहेको जनशक्ति (Persons in labour force) लगायतका श्रम तथ्याङ्कका आधारभूत विवरणहरू प्राप्त हुन्छन्। यसरी श्रम तथ्याङ्कमा एकरूपता, स्तरीयता एवं अन्तर्राष्ट्रियरूपमा तुलनायोग्य बनाउनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (International Labour Organization) ले श्रम तथ्याङ्कका अवधारणा, परिभाषा, मापन विधि लगायतका विषयमा समय अनुसार परिमार्जन गर्दै आएको छ। यस पटकको श्रमशक्ति सर्वेक्षण पनि अन्तर्राष्ट्रिय श्रम संगठनले श्रम तथ्याङ्क विज्ञहरूको १९औं सम्मेलन (19th International Conference of Labour Statisticians) बाट पारित श्रम तथ्याङ्कसम्बन्धी अवधारणा अनुसार सञ्चालन गरिएको छ।

श्रम तथ्याङ्कको पछिल्लो परिभाषाअनुसार रोजगारीमा रहेको व्यक्ति हुन सन्दर्भ अवधिमा कम्तीमा १ घण्टा तलब-ज्याला पाउने काम गरेको वा नाफा-नोक्सान आफै बेहोर्ने गरी सञ्चालित कुनै व्यवसायमा संलग्न भएको हुनुपर्दछ। रोजगारसम्बन्धी विवरणको लागि गणनाको दिनभन्दा ठीक अघिका ७ दिन (विगत ७ दिन) लाई सन्दर्भ अवधि मानिएको छ।

सर्न्दभ अवधिमा तलब-ज्याला पाउने काममा वा नाफा-नोक्सान आफै बेहोर्ने गरी सञ्चालित कुनै व्यवसायमा संलग्न नभएका तर विगत ३० दिनमा तलब-ज्याला पाउने काम सक्रियतापूर्वक खोजेका र त्यस्तो काम गर्न उपलब्ध भएका व्यक्तिहरूलाई बेरोजगार मानिएको छ। यसअघिको

सर्वेक्षणमा जस्तै यस पटक पनि अन्तर्राष्ट्रियरूपमा तुलना गर्ने गरी तथ्याङ्क तयार पार्न १५ वर्ष वा सोभन्दा बढी उमेर समूह वा काम गर्ने उमेर समूहको जनसंख्या (Working age population) को विश्लेषण गरिएको छ । यसलाई रोजगारमा रहेको जनसंख्या (Persons in employment), बेरोजगार जनसंख्या (Unemployed population) र श्रमशक्तिभन्दा बाहिरको जनसंख्या (Population outside labour force) गरी तीन भागमा विभाजन गरी विश्लेषण गरिएको छ ।

श्रम तथ्याङ्कसम्बन्धी अवधारणाहरूमा आएको परिवर्तनको कारणबाट यस श्रमशक्ति सर्वेक्षणबाट प्राप्त रोजगारी, बेरोजगारी, श्रमको अल्पउपयोगजस्ता तथ्याङ्कहरू यसअघिको श्रमशक्ति सर्वेक्षणहरूबाट प्राप्त सोही प्रकारका तथ्याङ्कहरूसँग तुलना गर्न सकिने छैनन् । हाम्रोजस्तो कृषिमा आधारित निर्वाहमुखी अर्थव्यवस्था भएको देशमा आफ्नै उपभोगको लागि खेतीपाती तथा पशुपालन कार्य तथा पारिवारिक उपभोगका लागि वस्तु उत्पादन कार्यमा संलग्न जनशक्तिलाई यस अघिको सर्वेक्षणमा 'रोजगार' मानिएको भए तापनि यस पटकको नयाँ परिभाषा अनुसार त्यस्ता क्रियाकलापहरू रोजगार अन्तर्गत परेका छैनन् ।

## तथ्याङ्मा नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो)

नेपालमा १५ वर्ष वा सोभन्दा बढी उमेर समूहको जनसंख्या दुई करोड सात लाख चौवालीस हजार (२,०७,४४,०००) छ । तीमध्ये सत्तरी लाख छयासी हजार (७०,८६,०००) जनसंख्या रोजगारीको क्षेत्रमा रहेको छ । यसमा चौवालीस लाख छयालीस हजार (४४,४६,०००) पुरुष छन् भने छब्बीस लाख चालीस हजार (२६,४०,०००) महिला छन् । रोजगारीको क्षेत्रमा रहेको जनसंख्या (Employment to population ratio) काम गर्ने उमेर समूह अर्न्तगतको जम्मा जनसंख्याको ३४.२ प्रतिशत रहेको छ ।

**रोजगारीको क्षेत्रमा रहेको जनसंख्या शहरी/ग्रामीण क्षेत्र र लिङ्अनुसार (हजारमा)**



यसै गरी बसोबासको आधारमा रोजगारीको क्षेत्रमा रहेको जनसंख्यामध्ये उनन्पचास लाख एक हजार (४९,०१,०००) शहरी क्षेत्रमा रहेको छ भने एक्काइस लाख पचासी हजार (२१,८५,०००) ग्रामीण क्षेत्रमा रहेको छ । जम्मा रोजगारीमा रहेको जनसंख्यामध्ये ६९ प्रतिशत शहरमा र ३१ प्रतिशत ग्रामीण क्षेत्रमा रहेको पाइएको छ । रोजगारीमा रहेका पुरुषहरू मध्ये शहरमा ६८ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२ प्रतिशत रहेका छन् । त्यसै गरि रोजगारिमा रहेका महिलाहरू मध्ये ७० प्रतिशत शहरमा र ३० प्रतिशत ग्रामीण क्षेत्रमा रहेका छन् ।

नेपालमा १५ वर्ष वा सोभन्दा बढी उमेर समूहको जनसंख्यामध्ये नौ लाख आठ हजार (९,०८,०००) जनसंख्या बेरोजगार छ जसमध्ये पाँच लाख एघार हजार (५,११,०००) पुरुष छन् भने तीन लाख सन्तानब्बे हजार (३,९७,०००) महिला छन् । बेरोजगारमध्ये बसोबासको आधारमा छ लाख चालीस हजार (६,४०,०००) शहरी क्षेत्रमा रहेका छन् भने दुई लाख अठसट्ठी (२,६८,०००) हजार ग्रामीण क्षेत्रमा रहेका छन् ।

| मुख्य सूचकहरु | पुरुष (हजारमा) | महिला (हजारमा) | जम्मा (हजारमा) |
|---|---|---|---|
| काम गर्ने उमेर समूह (Working age population) | ९,२०८ | ११,५३७ | २०,७४४ |
| श्रमशक्ति (Labour force) | ४,९५८ | ३,०३६ | ७,९९४ |
| रोजगार (Employed) | ४,४४६ | २,६४० | ७,०८६ |
| बेरोजगार (Unemployed) | ५११ | ३९७ | ९०८ |
| श्रमशक्तिभन्दा बाहिरको जनसंख्या (Population outsise labour force) | ४,२५० | ८,५०० | १२,७५० |

**मुख्य सूचकहरू (हजारमा)**



१५ वर्ष वा सोभन्दा बढी उमेरका वा काम गर्ने उमेर समूहका २ करोड सात लाख चौवालीस हजार जनसंख्यामध्ये श्रमशक्तिमा उनासी लाख चौरानब्बे हजार (७९,९४,०००) मात्र रहेका छन् ।

सन्दर्भ अवधिमा नेपालको बेरोजगारी दर (Unemployment Rate) ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ । यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ ।

| रोजगारीका सुचक | शहरी क्षेत्र | ग्रामीण क्षेत्र | पुरुष | महिला | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| श्रमशक्तिमा सहगागिता दर | ४१.७ | ३२.९ | ५३.८ | २६.३ | ३८.५ |
| बेरोजगारी दर | ११.६ | १०.९ | १०.३ | १३.१ | ११.४ |

सन् २०१७/१८ मा नेपालको श्रमशक्तिमा सहभागिता दर (Labour force participation rate)३८.५ प्रतिशत रहेको छ । यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ । यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ ।

रोजगारमा रहेको जनसंख्यालाई प्रदेशअनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत प्रदेश नं. ३ मा र सबैभन्दा कम सुदुरपश्चिम प्रदेशमा २४.१ प्रतिशत रहेको छ ।

बेरोजगारी दरलाई प्रदेशअनुसार हेर्दा सबैभन्दा बढी प्रदेश नं. २ मा २०.१ प्रतिशत र सबैभन्दा कम प्रदेश नं. ३ मा ७ प्रतिशत मात्र रहेको छ ।

प्रदेशअनुसार श्रमशक्तिमा सहभागिता दर हेर्दा सबैभन्दा बढी ४७.१ प्रतिशत प्रदेश नं. ३ मा रहेको छ भने सबै भन्दा कम सुदूरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेको छ ।

नयाँ परिभाषाअनुसार श्रमको अल्पउपयोग (Labour underutilization) भन्नाले बेरोजगार, सन्दर्भ अवधिमा ४० घण्टाभन्दा कम समय काम गरेका र थप काम गर्न चाहने वा समयको आधारमा भएका अर्धबेरोजगार (Time related underemployment) र सम्भाव्य श्रमशक्ति (Potential labour force) समेतलाई बुझाउँछ । यसबाट आउने श्रमको अल्पउपयोग दर ३९.३ प्रतिशत रहेको छ । लिङ्गको आधारमा हेर्दा यो दर पुरुषको ३२ र महिलाको ४८.८ प्रतिशत रहेको छ ।

मुख्य काममा अक्सर काम गर्ने समय (Usual hours of work) हप्तामा ४४ घण्टा रहेको छ जसमा पुरुषको ४८ घण्टा र महिलाको ३९ घण्टा रहेको छ ।

अर्थतन्त्रलाई औपचारिक र अनौपचारिक क्षेत्र (Formal and Informal sector) मा हेर्दा ३७.८ प्रतिशत क्रियाकलाप औपचारिक क्षेत्र र ६२.२ प्रतिशत अनौपचारिक क्षेत्रमा रहेको छ ।

औपचारिक र अनौपचारिक रोजगारी (Formal and Informal employment) मा विभाजन गरी हेर्दा नेपालमा १५.४ प्रतिशत औपचारिक रोजगारी र ८४.६ प्रतिशत अनौपचारिक रोजगारी रहेको छ।

रोजगारमा रहेका र तलवरज्याला प्राप्त गर्नेहरूको औसत मासिक आम्दानी रु. १७,८०९ रहेकोमा पुरुषको औसत मासिक आम्दानी रु. १९,४६४ र महिलाको औसत मासिक आम्दानी रु. १३,६३० रहेको छ । यस अनुसार नेपाली महिलाले पुरुषको तुलनामा औसत मासिक रु. ५,८३४ (३० प्रतिशत) कम कमाउँछन् ।

प्रामाणिक औद्योगिक वर्गीकरण (Standard Industrial Classification) अनुसार रोजगारीको वितरण हेर्दा सबैभन्दा बढी व्यक्तिहरू संलग्न ५ वटा क्षेत्रहरूमा कृषि, वन र माछापालन, थोक तथा खुद्रा बिक्री, मोटरगाडी तथा मोटरसाइकलको मर्मतसम्भार, उद्योग, निर्माण, र शिक्षामा क्रमश : २१.५, १७.५, १५.१, १३.८ र ७.९ प्रतिशत रहेको छ ।

प्रामाणिक पेशाको वर्गीकरण (Standard Classification of Occupation) अनुसार रोजगारीलाई हेर्दा सबैभन्दा बढी ३ वटा पेशा समूहहरूमा सेवा तथा बिक्री, प्रारम्भिक आधारभूत सेवा, र हस्तकला (यन्त्र) र त्यससँग सम्बन्धित व्यापार गर्ने काममा क्रमशः २३.८, २०.३ र १९.६ प्रतिशत रहेको छ । सबैभन्दा कम उच्च तहका प्रबन्धकहरूको पेशामा १.२ प्रतिशत मात्र रोजगारी रहेको छ । प्रबन्धकहरूमध्ये पुरुष ८६.८ प्रतिशत र महिला १३.२ प्रतिशत रहेका छन् ।

अनुसूची - १५

# आ.व. २०७५/७६ को राष्ट्रिय लेखाको संक्षिप्त विवरण

## Table 1: Gross Value Added by Industrial Division (at current prices)

| | Industrial Classification | 2057/58 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74R | 2074/75P | 2075/76p |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2000/01 | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 |
| A | Agriculture and forestry | 153781 | 473270 | 500465 | 527869 | 585951 | 616572 | 645697 | 681062 | 737322 | 811347 |
| B | Fishing | 1844 | 4879 | 5819 | 6646 | 8659 | 9328 | 11082 | 12377 | 13438 | 14661 |
| C | Mining and Quarrying | 1817 | 6956 | 8166 | 9569 | 11003 | 11875 | 11630 | 14233 | 16872 | 18508 |
| D | Manufacturing | 38409 | 80531 | 91164 | 100312 | 112995 | 118980 | 120967 | 133862 | 146589 | 171190 |
| E | Electricty gas and water | 7750 | 16002 | 17518 | 20553 | 21362 | 22051 | 21180 | 30623 | 32407 | 38162 |
| F | Construction | 25585 | 89356 | 98539 | 109488 | 126364 | 139289 | 141318 | 175300 | 206737 | 237720 |
| G | Wholesale and retail trade | 69928 | 179306 | 198164 | 229872 | 271573 | 289566 | 293248 | 323827 | 360769 | 439930 |
| H | Hotels and restaurants | 8459 | 21057 | 25307 | 29886 | 35309 | 40479 | 41459 | 47728 | 55679 | 62817 |
| I | Transport, storage and communications | 31425 | 105834 | 122354 | 140735 | 155765 | 164976 | 167405 | 178296 | 216891 | 221353 |
| J | Financial intermediation | 11455 | 50111 | 58529 | 62183 | 79363 | 91406 | 107758 | 135375 | 172294 | 193469 |
| K | Real estate, renting and business activities | 35267 | 106236 | 123213 | 139157 | 152984 | 166947 | 191325 | 267392 | 309360 | 353077 |
| L | Public Administration and defence | 5288 | 24830 | 30547 | 32236 | 44324 | 51422 | 52720 | 71421 | 78252 | 82975 |
| M | Education | 17372 | 67739 | 81797 | 91566 | 115254 | 129363 | 141613 | 173589 | 195090 | 216106 |
| N | Health and social work | 4178 | 17087 | 20431 | 22327 | 27725 | 32929 | 33708 | 42174 | 45724 | 53495 |
| O | Other community, social and personal service activities | 12896 | 46947 | 55461 | 58026 | 73541 | 86521 | 96545 | 123773 | 133296 | 146421 |

| | Industrial Classification | 2057/58 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74R | 2074/75P | 2075/76p |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2000/01 | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 |
| | ***Total GVA including FISIM*** | ***425,454*** | ***1,290,142*** | ***1,437,474*** | ***1,580,426*** | ***1,822,173*** | ***1,971,706*** | ***2,077,653*** | ***2,411,031*** | ***2,720,722*** | 3061230 |
| | **Financial Intermediation Services Indirectly Mea-sured (FISIM)** | 12026 | 41660 | 49992 | 55205 | 63435 | 72616 | 84093 | 103445 | 119783 | 128486 |
| | ***Gross Domestic Product (GDP) at basic prices*** | ***413,428*** | ***1,248,482*** | ***1,387,482*** | ***1,525,221*** | ***1,758,738*** | ***1,899,089*** | ***1,993,560*** | ***2,307,586*** | ***2,600,939*** | 2932744 |
| | **Taxes less subsidies on products** | 28090 | 118472 | 139862 | 169790 | 205802 | 231060 | 259603 | 335010 | 406307 | 531575 |
| | Taxes on Products | | 119482 | 141011 | 171004 | 207111 | 232602 | 260956 | 336607 | 408538 | 533962 |
| | Subsidies on Products | | 1010 | 1149 | 1215 | 1309 | 1541 | 1353 | 1597 | 2231 | 2387 |
| | ***Gross Domestic Product (GDP)*** | ***441,519*** | ***1,366,954*** | ***1,527,344*** | ***1,695,011*** | ***1,964,540*** | ***2,130,150*** | ***2,253,163*** | ***2,642,595*** | ***3,007,246*** | ***3464319*** |
| **R = Revised/P = Preliminary** | | | | | | | | | | April25,2019 | |

## Table 2: Annual Growth Rate of GDP by Economic Activities (at constant prices)

| | Industrial Classification | 2057/58 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74R | 2074/75P | 2075/76p |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2000/01 | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 |
| A | Agriculture and forestry | | 4.49 | 4.58 | 1.07 | 4.54 | 1.00 | 0.01 | 5.14 | 2.72 | 5.02 |
| **B** | Fishing | | 5.88 | 7.53 | 2.71 | 4.90 | 7.09 | 11.76 | 8.02 | 7.42 | 5.60 |
| **C** | Mining and quarrying | | 2.01 | 5.03 | 1.98 | 11.85 | 2.34 | -2.79 | 13.74 | 10.46 | 9.47 |
| **D** | Manufacturing | | 4.05 | 3.63 | 3.72 | 6.28 | 0.37 | -8.00 | 9.70 | 8.04 | 5.78 |
| **E** | Electricty gas and water | | 4.43 | 8.30 | 0.28 | 3.27 | 0.78 | -7.59 | 20.52 | 5.82 | 12.40 |
| **F** | Construction | | 4.79 | 0.22 | 2.45 | 9.08 | 2.85 | -4.36 | 12.43 | 10.64 | 8.94 |
| **G** | Wholesale and retail trade | | 1.41 | 3.50 | 7.25 | 10.89 | 2.42 | -2.16 | 9.61 | 9.06 | 10.89 |
| **H** | Hotels and restaurants | | 6.20 | 7.38 | 5.50 | 6.77 | 3.33 | -9.68 | 7.33 | 9.77 | 8.33 |

| | Industrial Classification | 2057/58 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74R | 2074/75P | 2075/76p |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 2000/01 | 2010/11 | 2011/12 | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 |
| **I** | Transport, storage and communications | | 5.21 | 8.10 | 7.65 | 5.24 | 6.23 | 2.02 | 6.64 | 5.41 | 5.90 |
| **J** | Financial intermediation | | 3.30 | 3.47 | -0.91 | 3.70 | 2.91 | 8.55 | 9.09 | 6.38 | 6.18 |
| **K** | Real estate, renting and business activities | | 2.25 | 2.97 | 5.19 | 3.64 | 0.77 | 3.72 | 5.67 | 5.24 | 6.12 |
| **L** | Public administration and defence | | 3.85 | 3.67 | 5.53 | 5.04 | 8.84 | 2.52 | 9.06 | 9.57 | 5.56 |
| **M** | Education | | 3.01 | 5.58 | 5.92 | 4.81 | 5.09 | 7.33 | 6.55 | 4.83 | 5.17 |
| **N** | Health and social work | | 5.02 | 6.43 | 4.48 | 4.50 | 11.37 | 3.25 | 7.34 | 6.32 | 6.69 |
| **O** | Other community, social and personal service activities | | 7.11 | 6.36 | 4.79 | 4.77 | 12.52 | 5.55 | 5.58 | 5.54 | 6.03 |
| | Agriculture, Forestry and Fishing | | 4.51 | 4.63 | 1.10 | 4.55 | 1.10 | 0.23 | 5.20 | 2.82 | 5.03 |
| | Non-Agriclture | | 3.64 | 4.53 | 5.01 | 6.41 | 3.89 | 0.38 | 8.50 | 7.10 | 7.48 |
| | Total GVA including FISIM | | 3.94 | 4.57 | 3.64 | 5.77 | 2.95 | 0.33 | 7.40 | 5.71 | 6.71 |
| | Financial Intermediation Services Indirectly Measured (FISIM) | | 6.14 | 3.50 | 0.72 | 7.10 | 2.41 | 3.27 | 7.67 | 1.57 | 4.25 |
| | Gross Domestic Product (GDP) at basic prices | | 3.85 | 4.61 | 3.76 | 5.72 | 2.97 | 0.20 | 7.39 | 5.89 | 6.81 |
| | Taxes less subsidies on products | | -1.16 | 6.68 | 8.16 | 8.88 | 6.93 | 4.40 | 12.80 | 9.87 | 9.15 |
| | Gross Domestic Product (GDP) | | 3.42 | 4.78 | 4.13 | 5.99 | 3.32 | 0.59 | 7.91 | 6.29 | 7.05 |
| | **R = Revised/P = Preliminary** | | | | | | | | | April 25, 2019 | |
| | NSIC categories P and Q are included in category O. | | | | | | | | | | |

## अनुसूची - १६

# विनियोजित बजेट तथा खर्चको अवस्था

### १. बजेट तथा खर्च

आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय योजना आयोग र अन्तर्गतको केन्द्रीय तथ्यांक विभागको कुल विनियोजित बजेट रु ४८,८१,०४,२८३.७१ मध्ये चालु तर्फ रु ४४,६९,९८,२८३.७१ र पूँजीगत तर्फ रु ४१,१०,६०००.०० रहेको थियो । उपरोक्त अनुसारको वजेटको खर्च र बाँकी बजेट सहितको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### राष्ट्रिय योजना आयोग र अन्तर्गतको केन्द्रीय तथ्यांक विभागको वार्षिक वजेट र खर्चको अवस्था

| खर्चको प्रकार | कार्यक्रमको नाम | विनियोजित वजेट | खर्च रकम | खर्च प्रतिशत | बांकी वजेट |
|---|---|---|---|---|---|
| चालु | राष्ट्रिय योजना आयोग | २०,३२,५०,०००.०० | १३,८५,२७,६५८.१९ | ६८.१६ | ६,४७,२२,३४१.८१ |
| पूँजीगत | राष्ट्रिय योजना आयोग | २,९३,००,०००.०० | २,२७,५३,४५३.९९ | ७७.६६ | ६५,४६,५४६.०१ |
| चालु | केन्द्रीय तथ्यांक विभाग सामाजिक तथ्यांक विकास (3911033) | ७,९२,६५,०००.०० | | | ७,९२,६५,०००.०० |
| पूँजीगत | केन्द्रीय तथ्यांक विभाग सामाजिक तथ्यांक विकास (3911034) | १००,०००.०० | १००,०००.०० | १०० | |
| चालु | केन्द्रीय तथ्यांक विभाग (3910133) | ८,०३,७५,२८३.७१ | ७,९३,२६,७६०.१० | ९८.७० | १०,४८,५२३.६१ |
| पूँजीगत | केन्द्रीय तथ्यांक विभाग (3910134) | २००,०००.०० | १८९,०९१.०० | ९४.५५ | १०,९०९.०० |
| चालु | केन्द्रीय तथ्यांक विभाग योजना तथा जनशक्ति विकास | ३,२१,००,०००.०० | २,५१,९३,४८३.७१ | ७८.४८ | ६९,०६,५१६.२९ |
| पूँजीगत | केन्द्रीय तथ्यांक विभाग योजना तथा जनशक्ति विकास | २८००,०००.०० | २७,१९,१२९.५२ | ९७.११ | ८०,८७०.४८ |
| चालु | केन्द्रीय तथ्यांक विभाग आर्थिक तथ्यांक विकास | ५,२०,०८,०००.०० | ४,४७,८९,३८३.२७ | ८६.१२ | ७२,१८,६१६.७३ |
| पूँजीगत | केन्द्रीय तथ्यांक विभाग आर्थिक तथ्यांक विकास | ८७,०६,०००.०० | ८५,९१,८८३.२० | ९८.६९ | १,१४,११६.८० |

## २. राजस्व

आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय योजना आयोग र अन्तर्गतको केन्द्रीय तथ्यांक विभागको कुल राजस्व रु १४,३०,५८७.५५ भएको छ। जसको पुर्ण विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

| राजस्व शीर्षक नं. | विवरण | राजस्व आय (रू.) | कैफियत |
|---|---|---|---|
| १४१५१ | सरकारी सम्पतिको बहालबाट प्राप्त आय | १४०९५५.०० | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त आय | ९१२१८.०० | |
| १४२२४ | परीक्षा शुल्क | १५०००.०० | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०४०००.०० | |
| १५१११ | बेरूजु दाखिला | १०७९४१४.५५ | |
| | कुल राजस्व | १४३०५८७.५५ | |

## ३. धरौटी

आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय योजना आयोग र अन्तर्गतको केन्द्रीय तथ्यांक विभागमा आ.व. २०७४/७५ बाट कुल रु. ७०,२१,५६४.३८ धरौटीको जिम्मेवारी सारिएको थियो। आ.व. २०७५/७६ मा रु. ११,४०,७७५.०० धरौटी प्राप्त भएको र रु. २१,४३,६०२.६२ फिर्ता गरिएको छ। यसरी, आर्थिक वर्ष २०७५/७६ को अन्तमा कुल रु. ६०१८७३६.७६ वाँकी रहेको देखिन्छ।

## ४. बेरुजु

आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय योजना आयोग र अन्तर्गतको केन्द्रीय तथ्यांक विभागको आ.व. २०७५/७६ मा फर्छयौट गर्नुपर्ने कुल बेरुजु रु. १,२०,४४,०००.०० मध्ये रु. ६४,१६,०००.०० (५३.२७%) फर्छयौट भई रु. ५६,२८,०००.०० बाँकी रहेको छ।

अनुसूची - १७

# आयोगबाट भएका निर्णयहरु

## आयोगको पूर्ण बैठकबाट भएका निर्णयहरु :
## मिति २०७५/०८/२१

**क. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय योजना आयोगका अध्यक्षज्यू**बाट बैठकमा प्राप्त मार्गनिर्देशन एवम् माननीय उपप्रधानमन्त्रीज्यूहरु तथा माननीय मन्त्रिज्यूहरुबाट प्राप्त सुझावहरुलाई अवलम्वन गर्दै नेपालको दीर्घकालीन सोच (वि.सं. २१००) र पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१) तर्जुमा गर्ने ।

### ख. नेपालको दीर्घकालीन सोच (वि.सं. २१००) र पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१) तर्जुमा

१. नेपालको दीर्घकालीन सोच (वि.सं. २१००) र पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१) को आधारपत्र तयारी सम्बन्धमा हालसम्म भएको प्रगतिको जानकारी भयो ।

२. नेपालको दीर्घकालीन सोच (वि.सं. २१००) र पन्ध्रौं योजनाको तर्जुमाको क्रममा विषय क्षेत्रगत मन्त्रालयबाट पूर्ण अपनत्व लिई राष्ट्रिय योजना आयोगलाई सहयोग गर्ने । दीर्घकालीन सोच र पन्ध्रौं योजनाले लिएको समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय सोच हासिल गर्ने गरी योजना तर्जुमा गर्ने । राष्ट्रिय योजनाको खाका (Framework) भित्र रहेर प्रदेश र स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र योजना बनाउने ।

३. राष्ट्रिय योजना आयोगले २०७५ माघ मसान्तभित्र राष्ट्रिय विकास परिषद्बाट अनुमोदन गर्ने गरी पन्ध्रौं योजनाको आधारपत्र तयारीको कार्य सम्पन्न गर्ने गरी अगाडि बढाउने । यस योजनाको आधारपत्रमा मन्त्रालय/निकाय, प्रदेश, स्थानीय तह र अन्य सरोकारवालाहरु सँग समेत सुझाव लिई अन्तिम रूप प्रदान गर्ने ।

### ग. दिगो विकास लक्ष्य

१. दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति बारे जानकारी भयो । बैठकमा प्राप्त सुझाव समावेश गरी परिमार्जनसहित स्वीकृत गरियो ।

२. दिगो विकास लक्ष्यको वित्तीय आवश्यकता आँकलन, लागत अनुमान तथा वित्तीय रणनीतिलाई नेपालको दीर्घकालीन सोच (वि.सं. २१००), पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१), मध्यमकालीन खर्च संरचना र आर्थिक वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रम तर्जुमामा क्रमशः आन्तरिकीकरण गर्दै जाने ।

### घ. राष्ट्रिय तथ्यगत विवरण

१. राष्ट्रिय तथ्यगत विवरण तयारी कार्य २०७५ साल फागुन मसान्तभित्र सम्पन्न गर्ने ।
२. राष्ट्रिय तथ्यगत विवरणमा रहेका तथ्याङ्कलाई योजना, बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा उपयोग गर्ने गराउने ।
३. राष्ट्रिय तथ्यगत विवरणलाई क्रमशः खुला तथ्याङ्क (Open Data) प्रणालीका रूपमा विकास गर्ने ।

### मिति २०७६/०१/१५

१. पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को आधार-पत्र नेपाल सरकारको स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने गरी स्वीकृत ।
२. राष्ट्रिय तथ्यगत विवरण सम्बन्धी अनलाइन पोर्टल मार्फत संघ, प्रदेश र स्थानीय तहका तथ्याङ्क सबैको पहुँचयोग्य हुने गरी खुला तथ्याङ्क प्रणालीको रुपमा केन्द्रीय तथ्याङ्क विभागले सञ्चालन तथा व्यवस्थापन गर्ने ।

### मिति २०७६/०२/१५

१. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२२) को उपदफा (१) अनुसार नेपाल सरकारले राजस्व र व्ययको अनुमानसाथ सोही ऐनको दफा (१७) बमोजिमको मध्यकालीन खर्च संरचना संसदमा प्रस्तुत गर्नु पर्ने व्यवस्था बमोजिम आयोगले तयार गरेको त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (आ.व. २०७६/७७ - २०७८/७९) र आर्थिक वर्ष २०७६/७७ को वार्षिक विकास कार्यक्रम स्वीकृत गर्ने । बैठकबाट स्वीकृत त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (आ.व. २०७६/७७ -२०७८/७९) अर्थ मन्त्रालय पठाउने ।

## आयोगको नियमित बैठकबाट भएका निर्णयहरू :

### मिति २०७५/०४/०७

१. लगानी बोर्ड ऐन, २०६८ लाई परिमार्जन गर्ने सम्वन्धमा तयार भएको मस्यौदा उपर तपशीलमा उल्लेख भएअनुसार आयोगको राय सुझाव पठाउने ।
२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सुदुर पश्चिम विकास आयोग विघटन गर्ने सम्वन्धमा आयोगको राय माग भई आएकोमा नेपालको संविधान जारी भएसँगै मुलुकमा

संघीय शासन व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीय तहका सरकारहरु गठन भई संविधान प्रद्धत अधिकार र जिम्मेवारी सम्पादनका लागि क्रियाशील भैसकेको र प्रदेशस्तरीय योजना आयोग जस्ता निकाय गठन भएकोले सुदुरपश्चिम विकास आयोग जस्ता प्रकृतिका आयोगलाई निरन्तरता दिन सान्दर्भिक नदेखिएको राय पठाउने ।

३. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ लाई परिमार्जन सहित स्वीकृत गर्ने ।

४. नेपाल मानव विकास प्रतिवेदन, २०१९ (Nepal human Development Report, 2019) तयार गर्नका लागि विषयगत आधार (Theme) छनौट गर्ने सम्वन्धमा छलफल भयो ।यसको अवधारणा बनाउन र सरोकारवालाहरुसँग छलफलको तयारी आर्थिक व्यवस्थापन महाशाखाबाट गर्ने ।

५. अनुसन्धान तथा मूल्याङ्कन महाशाखाबाट प्रस्ताव गरिएको आगामी आ.व.२०७४/७५ को वार्षिक समीक्षा सहित मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक र ४३ औं राष्ट्रिय विकास समस्या समाधान उपसमिति र समितिको बैठक कार्यतालिका स्वीकृत गर्ने । उक्त कार्यतालिका बमोजिम बैठकहरु संचालनका लागि मन्त्रालय तथा केन्द्रीय निकायहरुलाई पत्राचार गर्ने ।

६. युवा तथा खेलकुद मन्त्रालयबाट माग भई आएको कवडी कभर्डहल निर्माण कार्यलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा सिफारिस गर्ने ।

७. १५ औं योजना तर्जुमा सम्वन्धमा विषय क्षेत्रगत आधार-पत्र तयारी एवम् योजना दस्तावेज तर्जुमा कार्यका लागि सम्वन्धीत विषयगत क्षेत्र हेर्नुहुने माननीय सदस्यको नेतृत्वमा सम्वन्धित महाशाखा तथा सरोकारवाला निकायहरुसँग छलफल गरी आवश्यक पर्ने अध्ययन/अनुसन्धान (Background Paper) का लागि विषयहरु पहिचान गरी आयोगको आगामी बैठकमा प्रस्तुत गर्ने ।

८. राष्ट्रिय जनशक्ति योजना तर्जुमा सम्वन्धमा सामाजिक विकास क्षेत्र हेर्नुहुने माननीय सदस्यको नेतृत्वमा सुशासन तथा सामाजिक विकास महाशाखाले अवधारणा-पत्र र कार्यक्षेत्रगत शर्त तयार गरी आयोगको आगामी बैठकमा प्रस्तुत गर्ने ।

९. राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसंचालन आदेश) २०७५ को दफा २३ मा व्यवस्था भएअनुसार आयोगका तर्फबाट नेपाल सरकार समक्ष पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन तयार गर्ने सम्वन्धमा माननीय सदस्य डा. उषा झाज्यूको संयोजकत्वयमा माननीय सदस्य श्री मीनबहादुर शाही, माननीय सदस्य श्री दीलबहादुर गुरुङ्ग र माननीय सदस्य डा. रामकुमार फुयाँल सम्मिलित संयोजन समिति गठन गर्ने । उक्त प्रतिवेदनको मस्यौदा अनुसन्धान तथा मूल्याङ्कन महाशाखा प्रमुखको संयोजकत्वमा उच्च व्यवस्थापन समूहको बैठकले गठन गरेको कार्यदलले तयार गर्ने ।

१०. आयोगको मिति २०७५/१/२५ को बैठकले निर्णय गरेअनुसार आयोगको नयाँ संगठन संरचना स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाईएकोमा प्रस्तावित भन्दा फरक संगठन संरचना र न्यून दरवन्दी स्वीकृति भई आएको र चालु आवमा चौधौं योजनाको समीक्षा, पन्ध्रौं योजनाको आधारपत्र तयारी, नेपाल मानव विकास प्रतिवेदन

तयारी, दीगो विकास लक्ष्य कार्यान्वयन लगायतका महत्वपूर्ण कार्यहरु सम्पादन गर्नुपर्ने भएकोले रिक्त सहसचिव प्रशासन-१ जना यथाशिघ्र पदपूर्ति हुन र एक जना सहसचिव, ४ जना उपसचिव र ७ जना शाखा अधिकृत काजमा खटाई पठाईदिन अनुरोध गर्ने । साथै आयोगबाट कर्मचारीको अन्यत्र निकायमा सरुवा गर्दा वा आयोगमा सरुवा गरी पठाउँदा आयोगको सहमतिमा मात्र गर्न अनुरोध गर्ने ।

११. दिगो विकास लक्ष्यको प्रदेश र स्थानीय तहको सूचकहरुको बारेमा प्रस्तुतीकरण भयो । उक्त सूचकहरु आर्थिक व्यवस्थापन महाशाखाबाट श्रावण महिना भित्रमा अन्तिम रुपमा तयार गरी आयोगमा पेश गर्ने ।

१२. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/३/२४ को निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नम्वर-५ बुटवलको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा कायम मुकायम मुकरर भई यस आयोगबाट जानुभएका डा. तीर्थराज ढकाललाई आयोगमा कार्यरत रहँदा पुर्‍याउनु भएको योगदानको लागि धन्यवाद प्रदान गर्ने ।

## मिति २०७५/४/१४

१. मिति २०७४/११/०३ मा वर्तमान सरकार गठन भएपश्चात नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ को बैठकले राष्ट्रिय योजना आयोग गठन तथा कार्यसंचालन आदेश, २०७४ स्वीकृत गरेको । उक्त आदेश बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/१/११ को निर्णयले माननीय उपाध्यक्ष सहित सात सदस्यीय आयोगको गठन भई कार्यसम्पादन गर्दै आएको छ । यसै सन्दर्भमा सम्माननीय प्रधामन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षज्यूबाट माननीय उपाध्यक्षज्यूलाई प्रदान भएको कार्यादेशको कार्यान्वयनका साथै नेपालको आर्थिक सामाजिक विकास लगायतका दीर्घकालीन सोंच, नीति तथा योजना तर्जुमा लगायतका कार्यहरुमा संलग्न रही पन्ध्रौं योजना तर्जुमा, दिगो विकास लक्ष्य कार्यान्वयन र तहगत सरकारहरुबीचको समन्वय लगायतका कार्यहरु आरम्भ समेत भैसकेको हुँदा गठन आदेशले निर्देश गरेका जिम्मेवारीहरुलाई बहन गर्न आयोगलाई बिशिष्टीकृत निकायका रुपमा निरन्तरता दिनु आवश्यक देखिएको राय पठाउने ।

२. नेपालको दीर्घकालीन सोंच तयार गर्ने सम्वन्धमा आर्थिक व्यवस्थापन महाशाखाबाट तयार भएको अवधारणापत्र प्रस्तुत भई सो उपर छलफल भयो । उक्त अवधारणापत्र उपर बैठकमा प्राप्त सुझावहरुलाई समेटी परिमार्जन सहितको अवधारणापत्र श्रावण महिनाभित्र नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने ।

३. आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत प्रदेश सरकार तथा स्थानीय तहको विनीयोजित बजेट र खर्चको विवरण प्राप्त गर्ने सम्वन्धी प्रस्तावलाई बैठकमा प्राप्त सुझावहरु सहित स्वीकृति गर्ने ।

४. राष्ट्रिय योजना आयोगका कृषि क्षेत्र हेर्नुहुने माननीय सदस्यज्यूको संयोजनमा तयार भएको नेपालमा खाध तथा पोषण सुरक्षाको रणनीतिक समीक्षा (Strategic Review of Food and Nutrition Security in Nepal) सम्वन्धमा तयार भएको प्रतिवेदन प्रस्तुती एवम् छलफल भयो । उक्त प्रदिवेदनलाई बैठकमा प्राप्त सुझावहरुलाई समेटी अन्तिम प्रतिवेदन तयार गर्ने निर्देशन दिइयो ।

५. राष्ट्रिय मानव श्रोत विकास योजना २०१९-२०३० (National Human Resource Development Plan: 2019-2030) सम्वन्धमा अक्सफोर्ड पोलिसी म्यानेजमेन्टबाट तयार गरिएको अवधारणापत्र बैठकमा प्रस्तुति भयो । उक्त अवधारणापत्रलाई बैठकमा प्राप्त सुझावहरुलाई समेटी सामाजिक विकास क्षेत्र हेर्नुहुने माननीय सदस्य डा. उषा झाज्यूको नेतृत्वमा थप परिस्कृत रुपमा तयार गरी प्रकिया अघि बढाउन सैद्धान्तिक स्वीकृति दिने ।साथै अक्सफोर्ड पोलिसी म्यानेजमेन्ट अध्ययन समूहका नेतृत्वकर्ता डा. सुरेश तिवारी समेतको समूहलाई निस्शुल्करुपमा अवधारणापत्र तयार गर्नु भएकोमा धन्यवाद दिने ।

६. काठमाण्डौं उपत्यकाभित्र संचालन हुने र भइरहेका क्षेत्रगत विकासको प्रक्रिया एवम् पूर्वाधार विकास निर्माणका कार्यलाई प्रभावकारी र गुणात्मक रुपमा अघि बढाउन अन्तर सरकारी निकायहरुबीचको समन्वय सहकार्य र साझेदारीलाई थप प्रभावकारी बनाउँदै लैजान सम्वद्ध अन्तरसरकारी निकायहरुको उपस्थिति रहनेगरी नीति संवाद कार्यक्रमको आयोजना गर्न सैद्धान्तिक स्वीकृति दिने ।

७. समृद्धि विकासका लागि नागरिक संगठनसँगको साझेदारी सम्वन्धी नीति निर्माण सम्वन्धमा आवश्यक अध्ययन गर्नका लागि सैद्धान्तिक सहमति दिने ।यससम्वन्धी अवधारणापत्र र कार्यक्षेत्रगत शर्त सुशासन क्षेत्र हेर्नुहुने माननीय सदस्य श्री मीनबहादुर शाहीज्यूको नेतृत्वमा सुशासन तथा सामाजिक विकास महाशाखाबाट तयार गरी आयोगको आगामी बैठकमा पेश गर्ने ।

## मिति २०७५/४/२१

१. कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकाले आयोजना गर्न लागेको लगानी सम्मेलन सम्वन्धमा छलफल भयो ।यसको तयारी कार्य माननीय सदस्य श्री मीनबहादुर शाहीले अघि बढाउने ।

२. चालु आ.व.२०७५/७६ मा आयोगले संचालन गर्ने अध्ययन अनुसन्धानका सम्भावित विषयहरुमा छलफल भयो ।

## मिति २०७५/५/०७

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट माग भई आएको खानी तथा भूर्गभ विभागबाट उदयपूर चौदण्डीगढी–८ अन्तर्गतका निश्चित क्षेत्रमा उत्खनन अनुमति प्राप्त गरेको के के लाईम ईन्डस्ट्रिजलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रुपमा सिफारिस गर्ने ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अनुरोध भई आएबमोजिम काफ्लेपाटीदेखि

पाथिभरा मन्दिरसम्म रज्जुमार्ग संचालनका लागि पाथिभरादेवी दर्शन केबुलकार प्राली काठमाण्डौलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा सिफारिस गर्ने ।

३. आगामी दिनमा सात वटै प्रदेश र ७५३ वटै स्थानीय तहका सरकारबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि सहमतिका निम्ति अनुरोध भई आउनसक्ने हुनाले सो सम्वन्धमा नीति बनाउन सम्वन्धित क्षेत्र हेर्नुहुने माननीय सदस्यले अवधारणापत्र तयार गर्ने ।

४. अपाङ्गता भएका व्यक्तिहरु सम्वन्धी राष्ट्रिय सोंच तयार गर्ने सम्वन्धमा माननीय सदस्य श्री मीनबहादुर शाहीज्यूले विस्तृतीकरण सहित अवधारणापत्र आयोगको आगामी बैठकमा प्रस्तुत गर्ने ।

५. दीर्घकालीन सोंच सम्वन्धी अवधारणापत्र तयार गर्न नेपाल सरकार मन्त्रिपरिषद्को स्विकृतिका लागि आर्थिक व्यवस्थापन महाशाखाले प्रक्रिया अघि बढाउने ।

६. आयोगको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष चालु आ.व. २०७५/७६ को सम्वन्धमा प्रस्तुत गरिएको वार्षिक नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति प्रत्येक महिना समाप्त भएको अर्को हप्ताको आयोगको बैठकमा सदस्य सचिवबाट जानकारी गराउने । कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति विवरण अनुसन्धान तथा मूल्याङ्कन महाशाखाबाट तयार गर्ने ।

## मिति २०७५/५/१८

१. आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत दीर्घकालीन सोंचको खाका र पन्ध्रौं योजनाको खाका आयोगको पूर्ण बैठकमा वा सम्माननीय प्रधानमन्त्री तथा आयोगका अध्यक्षज्यूको स्वीकृतिका लागि प्रक्रिया अगाडि बढाउने ।

२. अर्थ मन्त्रालयबाट प्राप्त हुन आएको मिलिनियम च्यालेन्ज फन्ड अन्तर्गत सञ्चालनका लागि प्रस्तावित विधुत प्रशारण आयोजनाको देहाय बमोजिमका खण्ड सहितको परियोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा निर्धारण गर्नका लागि सोही मन्त्रालयबाटै आवश्यक प्रकृया अघि बढाउन आयोगको सैद्धान्तिक सहमति रहेको व्यहोरा लेखी पठाउने ।

   क. काठमाण्डौको उत्तर पूर्वमा अवस्थित लप्सीफेदीदेखि पश्चिममा रहेको रातमाटेसम्मको खण्ड ।

   ख. रातमाटेदेखि हेटौडा सम्मको खण्ड ।

   ग. रातमाटेदेखि दमौलि सम्मको खण्ड ।

   घ. दमौलीदेखि बुटवल सम्मको खण्ड ।

   ङ. बुटवलदेखि भारतको सीमाना सम्मको खण्ड ।

३. सुशासन तथा सामाजिक विकास महाशाखाबाट अंग्रेजी भाषामा अनुवादित बहुक्षेत्रीय पोषण योजना दोस्रो २०१८/२०२२ को प्रस्तुतीसहित बैठकलाई जानकारी गराईयो । यस सम्वन्धमा

खाध सुरक्षा तथा पोषण क्षेत्र हेर्नुहुने माननीय सदस्य डा. उषा झाज्यूको संयोजनमा सुशासन तथा सामाजिक विकास महाशाखाले आवश्यक प्रकाशन तथा वितरणको व्यवस्था गर्ने ।

४. आयोगको बैठकमा चालु आर्थिक वर्ष २०७५/७६ को श्रावण महिनादेखि भएका निर्णयहरुको कार्यान्वयन स्थितिको बारेमा समीक्षा गर्ने ।

## मिति २०७५/५/२४

१. राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औ बैठकमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिने विषयवस्तुलाई परिमार्जन सहित अन्तिम रुप दिने ।

## मिति २०७५/५/२५

१. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन तथा प्रदेशको योजना तर्जुमा दिग्दर्शन आयोगमा प्रस्तुत गरियो । उक्त दुवै दिग्दर्शनउपर बैठकमा प्राप्त सुझावहरुलाई समेटी परिमार्जन सहित स्वीकृति गर्ने ।

## मिति २०७५/६/१

१. पन्ध्रौं योजनाको विषय क्षेत्रगत आधारपत्र तयारीको खाका सम्वन्धमा आर्थिक व्यवस्थापन महाशाखाबाट बैठकमा प्रस्तुती भई सो उपर छलफल भयो । उक्त खाकालाई स्वीकृति गर्ने र आश्विन मसान्तसम्मको समयसीमा उल्लेख गरी आर्थिक व्यवस्थापन महाशाखाले सबै विषयगत मन्त्रालय तथा निकायहरुबाट उक्त खाकाबमोजिम तयार गरी पठाउन पत्राचार गर्ने ।

२. त्रिचालिसौं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको निर्णय कार्यान्वयनका सम्वन्धमा अनुसन्धान तथा मूल्याङ्कन महाशाखाबाट प्रस्तुत प्रस्ताव स्वीकृत गर्ने र कार्यान्वयनका लागि सम्वन्धित मन्त्रालय वा निकायमा पठाउने ।

३. सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष प्रस्तुत गरी कार्यान्वनमा लगिएको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यक्रम सम्वन्धी आयोगको कार्यान्वयन कार्ययोजनाको हाल सम्मको प्रगति सम्वन्धमा आयोगलाई जानकारी गराईयो । उक्त कार्ययोजनाको कार्यान्वयनका सम्वन्धमा सबै महाशाखा तथा केन्द्रीय तथ्यांक विभागले गम्भिरतापूर्वक लिई समयतालिका अनुसार कार्यसम्पन्न गर्ने र सोको मासिक प्रगति अनुसन्धान तथा मूल्याङ्कन महाशाखाले तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले व्यवस्था गरे अनुसारको व्यवस्थापन सूचना प्रणालीमा तोकिएको समयमा बुझाउन निर्देशन दिइयो ।

४. अनुगमन तथा मूल्यांकन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को परिमार्जित मस्यौदाका सम्वन्धमा आयोगलाई जानकारी गराईयो ।

५. आ.व. २०७५/७६ को श्रावण तथा भाद्र महिनामा भएका राष्ट्रिय योजना आयोगको नियमित बैठकका निर्णयहरुको कार्यान्वयन स्थितिका सम्वन्धमा आयोगलाई जानकारी गराईयो ।

६. राष्ट्रिय योजना आयोग अन्तर्गतको राष्ट्रिय पोषण तथा खाध सुरक्षा सचिवालयमा विश्व खाध कार्यक्रमबाट एकजना कर्मचारी खटाउने सम्वन्धमा उक्त क्षेत्र हेर्नुहुने माननिय सदस्यज्यूबाट आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने ।

## मिति २०७५/६/१६

१. सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत राष्ट्रिय योजना आयोग र युनिसेफ नेपाल बीचको साझेदारीमा हुन लागेको प्राम्भिक वाल शिक्षा रणनीति तर्जुमा प्रक्रियालाई अगाडि बढाउने । साथै राष्ट्रिय योजना आयोगको चालू वर्षको वार्षिक कार्यक्रमभित्र रही लागत साझेदारी गर्ने गरी सहमति दिने ।

२. सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत विज्ञ समूह निर्माण गर्ने सम्वन्धमा सबै सम्वन्धित विषय क्षेत्र हेर्नुहुने माननीय सदस्यहरुले पन्ध्रौं योजना र दीर्घकालीन सोंचका विषयमा आवश्यक पर्ने विज्ञहरुको रोष्टर तयार गर्ने प्रयोजनका लागि निजहरुको विवरण अर्को बैठकभित्र सुशासन तथा सामाजिक विकास महाशाखालाई उपलब्ध गराउने।

३. भौगोलिक हिसावले प्राविधिक विधालयहरुको नक्साङ्कन, तिनीहरुको प्रकार तथा प्राविधिक अनुशिक्षणले रोजगारी श्रीजनामा पारेको प्रभावबारे एउटै वृहत्तर अध्ययन गर्ने । यसका लागि सुशासन तथा सामाजिक विकास महाशाखाले वृहत अवधारणापत्र बनाई अर्को बैठकमा पेश गर्ने ।

४. पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्तुत नेपालमा यातायात पूर्वाधारको विकास र व्यवस्थापनको वर्तमान स्थितिको अवधारणा पत्रलाई स्वीकृति दिने । यस सम्वन्धी कार्यशर्तहरु तयार गरी माननीय सदस्यबाट स्वीकृत गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने । यस अध्ययन प्रतिवेदनको समन्वयका लागि मानीय सदस्य ई. श्री सुशील भट्टको संयोजकत्वयमा समन्वय समिति बनाउने । यस समितिमा सरोकारवाला निकायका सबै सहसचिवलाई सदस्यमा राख्ने । साथै यस विषयगत क्षेत्र महाशाखाका सहसचिवलाई सदस्य र कार्यक्रम निर्देशकलाई सदस्य/सचिव तोक्ने ।

## मिति २०७५/६/२८

१. राष्ट्रिय योजना आयोग गठन तथा कार्यसंचालन आदेश, २०७४ को दफा २३ बमोजिम तयार गरिएको आव २०७४/७५ को वार्षिक प्रतिवेदन परिमार्जन सहित स्विकृत गर्ने ।

२ राष्ट्रिय योजना आयोगमा रहने राष्ट्रिय आयोजना बैंक स्थापनाका लागि तयार गरिएको आयोजना सूचिको ढाँचा स्वीकृत गर्ने । उल्लिखित ढाँचालाई पूर्वाधार तथा उत्पादन महाशाखाले विषयगत मन्त्रालयहरुमा पठाई कार्तिक मसान्त सम्ममा विवरण संकलन गरी आयोगमा पेश गर्ने ।

३. अनुसन्धान तथा मूल्यांकन महाखाबाट प्रस्तुत भएको प्रदेश अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७५ स्वीकृति गर्ने ।

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सार्वजनिक खरिद तथा विकास निर्माणका कार्यक्रम सुधारको कार्ययोजना, २०७५ आयोगमा जानकारी गराईयो ।

## मिति २०७५/७ /१८

१. नेपाल सरकारको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रममा उल्लेख भएअनुसार राष्ट्रिय योजना आयोगबाट सम्पादन गरिने कार्यक्रमहरु समेटिएको वार्षिक कार्यान्वयन कार्ययोजनाको असोज मसान्त सम्मको प्रगति समिक्षा गर्दै यस अवधिसम्ममा तोकिएअनुसार सम्पन्न हुन बाँकी रहेका कार्यहरुलाई सम्वन्धित महाशाखा र विभागले द्रूत गतिमा अघि बढाउने र समयभित्रै सम्पन्न गर्न निर्देशन दिइयो ।

२. प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरिएको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुको द्रूतत्तर निर्माण तथा विकास सम्वन्धी ऐन, २०७५ को विधेयकको मस्यौदाउपर राय सुझाव उपलब्ध गराउन प्राप्त भएको सम्वन्धमा माननीय सदस्य डा. कृष्णप्रसाद ओलिको संयोजकत्वमा माननीय सदस्य ई. श्री सुशील भट्ट र माननीय सदस्य श्री मीनबहादुर शाही सहितको अध्ययन उपसमिति गठन गर्ने र उक्त समितिले ३ दिनभित्र आफ्नो राय सुझाव सहित माननीय उपाध्यक्षज्यू समक्ष पेश गर्ने । उक्त समितिको अध्ययनका आधारमा माननीय उपाध्यक्षज्यूबाट निर्णय गरी आवश्यक राय पठाउने ।

३. आयोगको मिति २०७५/१/२५ र मिति २०७५/४/७ को बैठकको निर्णयानुसार नयाँ संगठन संरचना स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाईएकोमा तत्कालीन समयमा नेपाल सरकार मन्त्रिपरिषद्बाट छुट्टै संगठन संरचना स्वीकृत भई आएको हुँदा आयोगलाई प्राप्त कार्यादेश र जिम्मेवारिका आधारमा प्रभावकारी कार्यसम्पादनका लागि विधमान संगठन संरचनामा पुनरावलोकन गर्नु अपरिहार्य भएकोले संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न सैद्धान्तिक सहमतिका लागि अनुरोध गर्ने । साथै चालु आ.व.मा चौधौं योजनाको समीक्षा, नेपालको दिर्घकालीन सोंचको तर्जुमा, पन्ध्रौं योजनाको आधारपत्र र विस्तृत योजना, नेपाल मानव विकास प्रतिवेदन, राष्ट्रिय तथ्यगत विवरण तयारी, दिगो विकास लक्ष्य कार्यान्वयन, प्रदेश तथा स्थानीयस्तरमा योजना तर्जुमा र अनुगमन तथा मूल्यांकन सम्वन्धी क्षमता विकास कार्यक्रम संचालन लगायतका महत्वपूर्ण दूरगामी महत्व राख्ने कार्यहरु सम्पादन गर्नुपर्ने भएकोले सहसचिव प्रशासन/१ जना, उपसचिव प्रशासन सा. प्र./ ३ जना र शाखा अधिकृत प्रशासन समान्य प्रशासन/६ जनालाई चालु आर्थिक वर्षसम्मको लागि काजमा खटाई पठाईदिन अनुरोध गर्ने । आयोगमा कामकाज गर्न कर्मचारी पठाउँदा नीति योजना विकास र आर्थिक/वित्तीय व्यवस्थापन जस्ता विषयमा वैदेशिक अध्ययनबाट फर्केका अध्ययन अनुसन्धान र लेखपढमा रुची राख्ने कर्मचारीलाई प्राथमिकता दिनसमेत अनुरोध गर्ने ।

## मिति २०७५/८/७

१. सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्ष केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७५/८/२१ गते बस्ने आयोगको पूर्ण बैठकको तयारीका सम्वन्धमा बैठकलाई जानकारी प्राप्त भयो । साथै उक्त बैठकको कार्यसूची अनुमोदन गरियो ।

२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को मस्यौदा उपर आयोगको राय सुझाव माग भई आएको विषयमा बैठकमा पेश भएको राय सुझाव पठाउन स्वीकृति प्रदान गरियो ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट अनुरोध भई आएको देहायका सडक आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा सिफारिस गर्ने ।

   क. Earthquake Emergency Assistance Project अन्तर्गत संचालित पाँचखाल-मेलम्ची सडक खण्ड (ब.उ.शि.नं. ३०१८०१-४)

   ख. भरतपुर बाईपास सडक (ब.उ.शि.नं. ३३७३५६-४)

   ग. मदनभण्डारी लोकमार्गको खण्ड अन्तर्गतको घोराही-हर्नक-कमिरेचौर-प्यूठान सडक खण्ड र तुल्सीपुर- पुरन्धारा- बोटेचौर सडक खण्ड (ब.उ.शि.नं. ३३७१२५-४)

साथै अव उप्रान्त नयाँ आयोजना संचालन गर्नुपूर्व र आगामी दिनमा कार्यान्वयनमा जाने आयोजनाहरुको हकमा ठेक्का सम्झौता हुनु अगावै राष्ट्रिय प्राथमिकता तोकिनु पर्ने भएमा आयोगको पूर्व सहमति लिई मात्र संचालन गर्न मन्त्रालयलाई लेखी पठाउने ।

४. आर्थिक सुधारको प्याकेज तयार गर्ने सम्वन्धी आर्थिक व्यवस्थापन महाशाखाबाट पेश भएको अवधारणा पत्र परिमार्जन सहित स्वीकृति गर्ने ।

५. आयोगबाट तयार गरिएको राष्ट्रिय तथ्याङ्क रणनीतिलाई नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिको लागि प्रस्ताव पेश गर्न सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सहमतिका लागि पेश गर्ने ।

६. नेपालमा यातायात पूर्वाधारको विकास र व्यवस्थापनको वर्तमान स्थिति सम्वन्धी अध्ययन कार्य गराउने विषयमा आयोगको मिति २०७५/६/१६ को बैठकबाट स्वीकृति अवधारणा पत्रका आधारमा तयार गरिएको कार्यक्षेत्रगत शर्त TOR अनुसार अध्ययन कार्य अघि बढाउन विषयको गहनता र विशिष्टतालाई हेर्दा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम त्रिभुवन विश्वविद्यालय इन्जीनियरिङ्ग अध्ययन संस्थान मार्फत गर्न सैद्धान्तिक स्वीकृति दिने ।

## मिति २०७५/८/१४

१. सम्माननीय प्रधामन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्ष केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७५/८/२१ गते बस्ने आयोगको पूर्ण बैठकको हालसम्मको तयारीका सम्वन्धमा बैठकलाई जानकारी भयो । साथै उक्त बैठकमा आयोगका तर्फबाट प्रस्तुतीकरणको जिम्मेवारी भएका माननीय सदस्यज्यूहरुले आगामी नियमित बैठकमा अन्तिम प्रस्तुतीकरण प्रस्तुत गर्ने ।

२. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७५/८/२३ का लागि तय भएको अन्तर प्रदेश परिषद्को बैठकमा राष्ट्रिय योजना आयोगलाई प्राप्त तहगत समन्वय सम्वन्धी कार्यादेशको कार्यान्वयन गर्ने सम्वन्धमा देहायका विषयहरु त्यस परिषद्को बैठकको विषयसूँचीमा समावेश गरिदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने ।

क. नेपालको संविधानको अधिकार सूचीमा भएका अधिकारहरुको कार्यान्वयन गर्ने सन्दर्भमा राष्ट्रिय योजना आयोगले आगामी २५ वर्षको अवधिलाई समेटी नेपालको दीर्घकालीन सोच वि.स. २१०० र आगामी पाँच वर्ष अवधिका लागि पन्ध्रौं योजना तर्जुमा कार्य गरिरहेको र प्रदेश सरकार तथा स्थानीय तहले पनि आ/आफ्ना प्रदेश र स्थानीय तहका लागि आवधिक योजना तर्जुमाको कार्य अघी बढाईरहेको सन्दर्भमा राष्ट्रिय योजनाको प्रारम्भिक आधारपत्र तर्जुमा पश्चात मात्र प्रदेश तथा स्थानीय तहका आवधिक योजनालाई राष्ट्रिय योजनासँग तादाम्यता कायम गर्ने गरी अन्तिम रुप दिन प्रदेश सरकार तथा स्थानीय तहलाई निर्देशन दिने।

ख. नेपाल सरकारको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रमको बुँदा नं. २० मा उल्लेखित अबको हाम्रो विकास सूचना र तथ्यांकको गहन विश्लेषण अनुसन्धान र प्रमाणमा आधारित हुनेछ। त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोत, साधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरुको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ भन्ने नीतिको कार्यान्वयन गर्न आयोगले नेपाल सरकार र प्रदेश सरकार तथा स्थानीय तहका तथ्यांकको आदानप्रदान तथा उपयोग हुने राष्ट्रिय तथ्यगत विवरण प्रणाली विकासको कार्य अगाडि बढाएको सन्दर्भमा यस प्रणालीका लागि आवश्यक पर्ने सूचना तथा तथ्यांकको उपलब्धता एवम् प्रवाहमा प्रदेश सरकार तथा स्थानीय तहलाई सघाउन निर्देशन दिने।

ग. संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रको रुपमा नेपाल सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता बमोजिम दिगो विकास लक्ष्य, २०३० को लक्ष्यहरु हासिल गर्न ती लक्ष्यहरुको वर्तमान अवस्था र भावी मार्गचित्रसम्वन्धी दस्तावेज राष्ट्रिय योजना आयोगबाट तयार भएको छ । उक्त मार्गचित्रमा उल्लेखित लक्ष्य तथा उद्देश्य हासिल गर्न आवश्यक पर्ने लागतको अनुमान वित्तीय स्रोतको आंकलन र सो प्राप्त हुने आधारहरु सहितको वित्तीय रणनीति समेटिएको दस्तावेज तयार भैरहेको छ ।यस सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहका योजना तथा कार्यक्रमहरुमा यी लक्ष्यहरुलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गरी हासिल गर्न योगदान पुऱ्याउन आवश्यक निर्देशन दिने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त विदेशी लगानी सम्वन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५ द्विपक्षीय लगानी सम्झौताको नमुनाको मस्यौदा र प्रस्तावित औद्योगिक व्यवसाय ऐन, २०७५ को मस्यौदा उपर आयोगको राय सुझाव माग भई आएको विषयमा बैठकमा पेश भएको राय सुझाव पठाउन स्विकृति प्रदान गर्ने ।

## मिति २०७५/८/२६

दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना तर्जुमा सम्वन्धी कार्ययोजना

१. **दीर्घकालीन सोचः** दीर्घकालीन सोचको विस्तृत गृहकार्य पछि गर्ने गरी दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको आधारपत्र तयार गर्ने ।

२. **पन्ध्रौं योजनाको विषयक्षेत्रगत मस्यौंदाः** आयोगको बार्षिक कार्ययोजना बमोजिम विषयक्षेत्रगत रुपमा तयार भएका प्रारम्भिक मस्यौदाहरु आर्थिक व्यवस्थापन महाशाखामा मंसिर मसान्तभित्र पठाउने र परिमार्जन सहितको आधारपत्रको प्रथम मस्यौदा पौष महिनाको पहिलो हप्ताभित्र तयार गर्ने ।

३. **पन्ध्रौं योजनाको डिजाईनः** दस्तावेज प्रकाशनको ढाँचा तथा फन्ट डिजाईन लगायतका विषयहरुको सम्वन्धमा सुझाव दिन तथा आवश्यक समन्वय गर्न सामाजिक विकास महाशाखाका प्रमुखको संयोजकत्वमा सबै महाशाखाका एक एक जना कार्यक्रम निर्देशक रहेको कार्यदल गठन गर्ने ।

४. **रुपान्तरणकारी कार्यक्रम आयोजनाः** यस सम्वन्धी मापदण्ड तयार गरी सुझाव दिन पूर्वाधार तथा उत्पादन महाशाखाका प्रमुखको संयोजकत्वमा सबै महाशाखाका एक एक जना कार्यक्रम निर्देशक रहेको कार्यदल गठन गर्ने ।

५. **नतिजा खाकाः** यस विषयमा परिमाणात्मक लक्ष्यहरु तथा सोको प्रदेश र स्थानीय तहमा गरिनुपर्ने खण्डीकरण सम्वन्धी कार्य गरी अनुसन्धान मूल्यांकन तथा प्रशासन महाशाखाले आर्थिक व्यवस्थापन महाशाखामा पठाउने ।

६. **समष्टिगत आर्थिक खाकाः** परिच्छेद २ अन्तर्गत विश्लेषण गर्नुपर्ने समष्टीगत आर्थिक लक्ष्य र खाका तयारी सम्वन्धी कार्य गर्न आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा आर्थिक क्षेत्र हेर्ने माननीय सदस्य श्रीमान सचिव विषय विज्ञ र आर्थिक व्यवस्थापन महाशाखा प्रमुख सदस्य तथा सो महाशाखाका कार्यक्रम निर्देशक सदस्य सचिव रहने कार्यदल गठन गर्ने ।

७. **अध्ययन, अनुसन्धान र आयोजना बैंकः** विभिन्न विषयमा भएका अध्ययन अनुसन्धानबाट प्राप्त नतिजा तथा निष्कर्षलाई आधार पत्रको मस्यौदा तयार गर्दा आधार लिने ।

८. **सरोकारवालाहरुसँग अन्तक्रिया र गोष्ठी सम्वन्धी मोडालिटीः** सात वटै प्रदेशका दुई दिने अन्तरक्रिया गोष्ठी आयोजना गर्ने । पहिलो दिन प्रदेश समन्वय परिषद्का सदस्यहरु र दोस्रो दिन निजी क्षेत्र, प्राज्ञिक क्षेत्र, सहकारी क्षेत्र र राजनीतिक क्षेत्रका प्रतिनिधीहरुलाई सहभागिता गराउने कार्यक्रम गर्ने ।

## निर्णयहरू

१. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय योजना आयोगका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूबाट २०७५/८/२१ गते बसेको आयोगको पूर्ण बैठक तथा दिगो विकास लक्ष्य केन्द्रीय निर्देशक

समितिको संयुक्त बैठकमा अध्यक्षता ग्रहण गरिदिनु भई आयोगलाई मार्गनिर्देशन दिनुभएकोमा र उक्त बैठकमा विशेष आमन्त्रितका रुपमा उपस्थित माननीय उपप्रधानमन्त्रीज्यूहरु तथा माननीय मन्त्रीज्यूहरु र अन्य आमन्त्रित सहभागीहरुलाई सादर आभार प्रदान गर्ने ।

२. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय योजना आयोगका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूबाट २०७५/८/२१ गते बसेको आयोगको पूर्ण बैठक तथा दिगो विकास लक्ष्य केन्द्रीय निर्देशक समितिको संयुक्त बैठकमा दिनुभएको मार्गनिर्देशन तथा बैठकका निर्णयहरु कार्यान्वयनका लागि सबै संघीय निकायहरुमा पठाउने । सो मार्गनिर्देशन सबै प्रदेश सरकारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत र स्थानीय तहहरुमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पठाउने व्यवस्थाका लागि पत्राचार गर्ने ।

३. नेपालको दीर्घकालीन सोच वि.स. २१०० र आगामी पन्ध्रौं योजना तर्जुमाको कार्य लगायत आ.व.२०७५/७६ को नीति तथा कार्यक्रममा उल्लेखित यस आयोगबाट सम्पन्न गर्नुपर्ने कार्यहरुलाई दृष्टीगत गर्दै आयोगलाई हालै प्राप्त अतिरिक्त जनशक्तिको व्यवस्थापन र कार्यदक्षता अभिवृद्धि गर्न अर्को संगठन तथा व्यवस्थापन सर्वेक्षण भई संगठन संरचना लागू नभएसम्मका लागि आन्तरिक प्रयोजनका लागि पेश भएको संगठन सरचना स्वीकृति गर्ने ।

४. आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्ताव गरिएको दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना तर्जुमा सम्वन्धी कार्ययोजना स्वीकृति गर्ने ।

## मिति २०७५/९/९

१. पन्ध्रौं योजनाको आधारपत्रको विभिन्न विषय क्षेत्रगत शीर्षकहरुमा सम्वन्धित विषयगत मन्त्रालय तथा निकायबाट प्राप्त प्रारम्भिक मस्यौदा उपर माननीय उपाध्यक्ष तथा माननीय सदस्यज्यूहरुको संयोजकत्वमा गठित विषयगत समितिहरुमा छलफल तथा पुनरावलोकन भई परिमार्जन गरिएको शुन्य मस्यौदा आयोगमा पेश गरियो । प्राप्त शुन्य मस्यौदालाई विषयगत क्षेत्र हेर्ने माननीय सदस्य र विषय विज्ञबाट थप परिमार्जन गरी २०७५ माघको पहिलो हप्तादेखि प्रदेश र विभिन्न विषयक्षेत्रगत विज्ञहरुको पूर्व परामर्श बैठक गर्न आवश्यक तयारी गर्ने ।

२. पोषण सुधारको विश्वव्यापी अभियानको रुपमा सन् २००९ देखि क्रियाशील संयुक्त राष्ट्र संघीय संस्था सन (Scaling Up Nutrition Movement- SUN) सचिवालयले यस अभियानमा सहभागी सदस्य राष्ट्रसंघको सहकार्यमा गर्ने सन विश्वव्यापी सम्मेलन (SUN Global Gathering) को पाँचौ संस्करण नोभेम्वर ५-७, २०१९ मा काठमाण्डौ नेपालमा आयोजना गर्न जेनेभास्थित सन सचिवालयबाट अनुरोध गरेको सम्वन्धी सामाजिक विकास महाशाखाबाट प्रस्तुत प्रस्तावका सम्वन्धमा उक्त सम्मेलन नेपालमा गर्न ईच्छुक रहेको आशयपत्र (Expression of Interest) विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यज्यूले SUN Secretariat मा पठाउन सैद्धान्तिक सहमति प्रदान गर्ने । राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिका संयोजक माननीय सदस्यबाट यस कार्यक्रमको समग्र समन्वय गर्ने ।

३. दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना तर्जुमा सम्बन्धमा रुपान्तरणकारी कार्यक्रम वा आयोजनाका लागि मापदण्ड तयार गर्न आयोगको पूर्वाधार तथा उत्पादन महाशाखाका प्रमुखको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदन आयोगमा प्रस्तुती भई छलफल भयो । उक्त मापदण्डलाई राष्ट्रिय लक्ष्यहरुलाई प्रत्यक्ष योगदान पुऱ्याउने र वस्तुपरक "बनाउन सो कार्यदलमा सबै महाशाखाका प्रमुख र केन्द्रीय तथ्यांक विभागका महानिर्देशक समेत सहभागी गराई परिमार्जन सहित आगामी आयोगको बैठकमा पुन प्रस्तुत गर्ने" ।

४. चालु आव २०७५ / ७६ को प्रथम चौमासिक अवधिसम्मको प्रगति समिक्षासहित मिति २०७५ / ९ / १० र ११ गते आयोगको सभाकक्षमा हुने राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकमा माननीय उपाध्यक्षज्यू तथा माननीय सदस्यज्यूहरुले आ-आफ्नो विषयक्षेत्रगत मन्त्रालयको छलफलमा सक्रियरुपमा सहभागी हुने । साथै उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयका सचिवज्यूलाई समेत आमन्त्रण गर्ने ।

## मिति २०७५/९/२७

१. राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औ बैठकमा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिने विषयवस्तुलाई परिमार्जन सहित अन्तिम रुप दिने ।

२. संघीयता कार्यान्वयन परिमार्जनका लागि हाल संचालनमा रहेका कार्यक्रम तथा आयोजनाहरु संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने वर्गीकरणका निम्ति देहाय बमोजिमको समिति गठन गरी २०७५ चैत्र मसान्त भित्र कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्ने ।

### संघ प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने कार्यक्रम/आयोजना वर्गीकरण समितिः

| | |
|---|---|
| सहसचिव, आर्थिक व्यवस्थापन महाशाखा, राष्ट्रिय योजना आयोग | संयोजक |
| सहसचिव, अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा | सदस्य |
| सहसचिव, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग | सदस्य |
| सहसचिव, सम्वन्धीत विषयक्षेत्रगत मन्त्रालय, योजना तथा कार्यक्रम महाशाखा | सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोग, सम्वन्धित विषयक्षेत्र हेर्ने | सदस्य |
| कार्यक्रम निर्देशक, सार्वजनिक निजी साझेदारी तथा आयोजना बैंक शाखा, राष्ट्रिय योजना आयोग | सदस्य |
| कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग, अर्थ, योजना तथा कार्यक्रम शाखा | सदस्यसचिव |

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. ३३६ मिति २०७५ / ९ / २४ को पत्रसाथ प्राप्त Provincial and Local Governance Support Program (PLGSP) सम्वन्धी दस्तावेजमा उल्लिखित विषयका सम्वन्धमा निम्न व्यहोरा समेत समावेश गरी उक्त कार्यक्रम सम्वन्धी प्रक्रिया हाललाई अघि बढाउने । उक्त कार्यक्रम सम्वन्धी प्रकार नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्नु अघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयको समेत सहमति प्राप्त भए पश्चात

यस आयोगको पुन: स्वीकृति लिने गरी हाललाई सैद्धान्तिक सहमति प्रदान गर्ने ।

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूको अध्यक्षतामा रहने राष्ट्रिय निर्देशक समितिमा राष्ट्रिय योजना आयोगका सदस्यलाई समेत सदस्यको रुपमा राख्ने र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा रहने कमिटी सम्वन्धी व्यवस्था हटाउने ।

२. प्रदेशस्तरीय मुख्यमन्त्रीको अध्यक्षतामा हुने निर्देशक समिति सम्वन्धी व्यवस्था हटाई सो सम्वन्धी समिति प्रमुख सचिवको अध्यक्षतामा राख्ने व्यवस्था मिलाउने ।

३. सबै प्रदेशमा आधुनिक सुविधा सम्पन्न भौतिक पूर्वाधार सहितको प्रदेशस्तरीय तालिम प्रदायक प्रशिक्षण संस्था ४ वर्ष भित्रमा निर्माण सम्पन्न हुनेगरी सोको दस्तावेजमा समेत आवश्यक व्यवस्था समावेश गर्ने ।

४. Ear- Marking बजेट परिचालनमा सकेसम्म अन्तर्राष्ट्रिय गैससलाई समावेश नगराउने ।

५. Innovative Partnership Fund बारेमा विस्तृत कार्ययोजना तयार भएपछि कार्यक्रमलाई अन्तिम रुप दिने ।

६. वित्तीय श्रोतको विनियोजन गर्दा सशर्त अनुदानको रुपमा मात्र उपलब्ध गराउने ।

७. उक्त दस्तावेजमा जवाफदेहिता (Accountability), अनुगमन ढाँचा (Monitoring Framework) र कार्यक्रम सम्पन्न भएपश्चात कार्यक्रमको दिगोपनाको सुनिश्चितताको बारेमा समेत आवश्यक विषय समावेश गर्ने ।

८. नागरिकको सामाजिक र आर्थिक रुपान्तरण र क्षमता विकास हुनेगरी आवश्यक कार्यक्रमहरु उक्त दस्तावेजमा समावेश गर्ने ।

९. प्रदेशस्तरीय तालिम प्रतिष्ठानलाई रकम उपलब्ध गराउँदा सिधै उपलब्ध हुने कुराको सुनिश्चतताका लागि उक्त दस्तावेजमा आवश्यक व्यवस्था मिलाउने ।

१०. उक्त दस्तावेजमा अध्ययन अनुसन्धानको विषय समेत समावेश गर्ने ।

११. दस्तावेजमा उल्लिखित "समावेशी र जनउत्तरदायी सरकार" भन्ने शब्दहरु हटाउने ।

### मिति २०७५/१०/३

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्वन्धमा छलफल गर्ने ।

## मिति २०७५/१०/१३

१. संचार तथा सूचना प्रविधि मन्त्रालयबाट आयोगको पृष्ठपोषणका लागि प्राप्त डिजीटल नेपाल फ्रेमवर्कको सम्वन्धमा मन्त्रालयको तर्फबाट प्रस्तुतीकरण भई सो उपर छलफल भयो । उक्त फ्रेमवर्कका सम्वन्धमा समयवद्ध र लागत अनुमान सहितको विस्तृत कार्यक्रम तयार गर्न पृष्ठपोषण तयार गरी सम्वन्धित विषयक्षेत्र हेर्ने माननीय सदस्यस्तरबाट निर्णय गरी सुशासन तथा सामाजिक विकास महाशाखाले पठाउने ।

२. मेलम्ची खानेपानी आयोजनाबाट प्रभावित क्षेत्रका बासिन्दालाई लाभको निश्चित अंश उपलब्ध गराउने र यसबाट अन्य क्षेत्रमा पर्ने प्रभावलाई समेत दृष्टीगत गरी उपयुक्त सुझाव पेश गर्न राष्ट्रिय योजना आयोगका खानेपानी क्षेत्र हेर्ने माननीय सदस्यज्यूको संयोजकत्वमा अर्थ र खानेपानी मन्त्रालयका सचिव मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक सदस्य र आयोगका सम्वन्धित क्षेत्र हेर्ने सहसचिव सदस्य सचिव रहेको कार्यदलले तयार गरेको प्रतिवेदन आयोगलाई जानकारी प्राप्त भयो । उक्त प्रतिवेदन कार्यान्वयनका लागि राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, खानेपानी मन्त्रालय र अर्थ मन्त्रालयमा पठाउने । साथै आयोगको आर्थिक व्यवस्थापन महाशाखालाई पनि उपलब्ध गराउने ।

३. पन्ध्रौं योजना २०७६/७७/२०८०/८१ को आधारपत्र उपर सातवटै प्रदेशमा प्रदेशस्तरीय परामर्श बैठक संचालनका लागि अनुसन्धान मूल्यांकन तथा प्रशासन महाशाखाबाट प्रस्ताव गरिएको कार्यक्रम संचालन खाकाका सम्वन्धमा आयोगमा छलफल भई प्रस्ताव अनुसार गर्न सहमति प्रदान गर्ने ।

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त निर्माण कार्य ठेक्का व्यवस्थाको अवस्था अध्ययन तथा विश्लेषण प्रतिवेदन कार्यान्वयन गर्ने सम्वन्धमा प्रगति विवरण मासिक रुपमा पठाउने योजना र वार्षिक कार्यक्रम तर्जुमा एवम् अनुगमन तथा मूल्यांकन गर्दा उक्त प्रतिवेदनमा उल्लिखित आधारहरु लिई गर्ने ।

## मिति २०७५/११/१४

१. आर्थिक वर्ष २०७६/७७ को बजेट तथा वार्षिक विकास कार्यक्रम र त्रिवर्षीय मध्यकालीन संरचना, २०७६/७७/२०७८/७९ तर्जुमा सम्वन्धी मार्गदर्शन, २०७५ र विषयगत मन्त्रालय/आयोग/सचिवालय/निकायको बजेट खर्चको सीमा स्वीकृत गर्ने । साथै उक्त मार्गदर्शन र बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रम प्रस्ताव गरी आर्थिक व्यवस्थापन महाशाखाले तयार गरेको ढाँचामा त्रिवर्षीय मध्यकालीन खर्च संरचना समेत तयार गरी मिति २०७५ चैत्र १५ गते भित्र आयोगमा पठाउन पत्राचार गर्ने ।

२. राष्ट्रिय योजना आयोगले तयार गरिरहेको दीर्घकालीन सोंच सहितको पन्ध्रौं योजनाको आधारपत्र माथि मिति २०७५ फागुन २२ गते काठमाण्डौमा आयोजना हुने राष्ट्रिय परामर्श

तथा अन्तरक्रिया कार्यक्रम संचालन सम्वन्धमा प्रस्तावित कार्यक्रम तालिकामा छलफल भई उक्त कार्यक्रममा प्रस्तुत गर्ने विवरण सहभागिताको विवरण र कार्यक्रम स्वीकृत गरी व्यवस्थापन प्रक्रिया अगाडि बढाउने ।

३. मिति २०७५ फागुन २२ गते काठमाण्डौमा आयोजना हुने राष्ट्रिय परामर्श तथा अन्तरक्रिया कार्यक्रम सम्वन्धमा सहभागीहरुको उपस्थितिलाई ध्यानमा राख्दै करिव ४००-५०० जना सहभागीहरुको सहज किसिमबाट व्यवस्थापन गर्न सकिने उपयुक्त होटेलमा वार्ताको माध्यमबाट सुविधा तथा सेवा शुल्क तय गर्ने गरी अनुसन्धान मूल्यांकन तथा प्रशासन महाशाखाले आवश्यक व्यवस्था मिलाउने ।

## मिति २०७५/११/२७

१. दिर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको आधारपत्रको मस्यौदा दस्तावेज विषय विज्ञबाट पुनरावलोकनका लागि आवश्यक परामर्श सेवा लिने सम्वन्धमा बैठकमा प्रस्तावित देहायका विज्ञहरुबाट गराउन नियुक्तिका लागि स्वीकृति प्रदान गर्ने । साथै प्रस्तावित विज्ञ उपलब्ध हुन नसकेको खण्डमा माननीय उपाध्यक्षज्यूको सहमति लिई वैकल्पिक व्यवस्था गर्ने । पुनरावलोकनकर्ता विज्ञलाई दिईने पारिश्रमिक सुशासन तथा सामाजिक विकास महाशाखाले वार्ताको माध्मबाट तय गर्ने ।

   १. डा. मीनवहादुर श्रेष्ठ, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष

   २. डा. स्वर्णीम वाग्ले, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष वा

   डा. शंकर प्रसाद शर्मा, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष

   ३. डा. डिल्लीराज खनाल, राष्ट्रिय योजना आयोगका पूर्व सदस्य

   ४. डा. गोविन्द बहादुर थापा, अर्थशास्त्री

   ५. डा. विन्दुनाथ लोहनी, अर्थशास्त्री साथै दीर्घकालीन सोचपत्र २१०० र पन्ध्रौं योजनाको आधारपत्रको वित्तीय संघीयता समष्टीगत आर्थिक क्षेत्र र मौद्रिक तथा वित्तीय नीति सम्वन्धी विषय क्षेत्र समष्टीगत अर्थतन्त्रको विषय क्षेत्र र शहरी विकास तथा पूर्वाधार विषय क्षेत्रको आधारपत्र तयार गर्न विषय विज्ञका रुपमा क्रमश पूर्व उपाध्यक्ष डा. मिनबहादुर श्रेष्ठ पूर्व सचिव श्री सुमन प्रसाद शर्मा र अर्थशास्त्री डा. रमेश पौडेलबाट परामर्श सेवा लिईएको विषयलाई सर्मथन गर्ने ।

२. आर्थिक व्यवस्थापन महाशाखाबाट पेश गरिएको राष्ट्रिय तथ्यांक व्यवस्थापन गर्ने सम्वन्धमा बनेको विधेयक, २०७५ को मस्यौदा माथि छलफल भयो । उक्त मस्यौदा विधेयक कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको स्वीकृतिका लागि प्रकृया अगाडि बढाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

३. चौधौं योजनाको मध्यावधि समीक्षाका लागि त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागसँग भएको समझौता बमोजिम उक्त विभागले बुझाएको परिमार्जन सहितको अन्तिम प्रतिवेदन स्वीकृत गर्ने ।

४. यस आ. व. २०७५/७६ मा राष्ट्रिय योजना आयोगको वार्षिक कार्यान्वयन कार्ययोजनामा नेपालको दीर्घकालीन सोच वि. स. २१००, पन्ध्रौं योजना २०७६/७७/२०८०।८१, राष्ट्रिय तथ्यगत विवरण, नेपाल मानव विकास प्रतिवेदन लगायतका विशिष्ट एवम् महत्वपूर्ण कार्यभार सम्पन्न गर्नुपर्ने भएको सन्दर्भमा आयोगमा हाल कार्यरत कर्मचारीहरुलाई चालु आ.व.को अन्त्यसम्मका लागि अन्यत्र निकायमा सरुवा नगरीदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

### मिति २०७५/१२/७

१. राष्ट्रिय योजना आयोग गठन तथा कार्यसंचालन आदेश, २०७४ को दफा ७ को उपदफा २ को खण्ड (ञ) मा नेपाल सरकारबाट मनोनित २५ जना सदस्यको सम्वन्धमा जिल्ला समन्वय समितिका प्रमुखहरु, स्थानीय तहका प्रतिनिधीहरु, प्रचलित कानुन बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधी र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधीत्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट कम्तीमा एक तिहाई महिला सहित २५ जना सदस्य रहने व्यवस्था भएअनुसार संलग्न अनुसूची १ मा उल्लेख गरिएअनुसार २५ जना महानुभावहरुलाई परिषद्को सदस्यको रुपमा मनोनित गर्नका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

२. राष्ट्रिय विकास परिषद्को बैठक मिति २०७५ चैत्र २० र २१ गते काठमाण्डौमा आयोजना गर्ने ।

३. सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षज्यूको अध्यक्षतामा मिति २०७५ चैत्र २० र २१ गते काठमाण्डौमा आयोजना हुने राष्ट्रिय विकास परिषद्को बैठकमा विशिष्ट सहभागीहरुको उपस्थितिलाई समेत ध्यानमा राख्दै करिव ३००/३५० जना सहभागीहरुको सहज किसिमबाट व्यवस्थापन गर्न र विभिन्न ६ वटा विषयक्षेत्रगत समूहको समूहगत छलफलका लागि छुट्टाछुट्टै हलहरु समेत उपलब्ध हुने उपयुक्त होटलको खोजी गर्दा काठमाण्डौ स्थित होटल सोल्टीमात्र उपलब्ध हुन सक्ने भएको हुँदा उक्त होटलमा कार्यक्रम आयोजना गर्न वार्ताको माध्यमबाट सुविधा तथा सेवा शुल्क तय गर्ने गरी सुशासन तथा सामाजिक विकास महाशाखाले आवश्यक व्यवस्था मिलाउने ।

४. राष्ट्रिय विकास परिषद बैठकको पहिलो दिन मिति २०७५ चैत्र २० गते सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास परिषद्का अध्यक्षज्यूको तर्फवाट बैठकमा सहभागीहरूको सम्मानमा रात्रीभोजको आयोजना गर्ने ।

५. काठमाण्डौ उपत्यका बाहिरबाट सहभागी हुने राष्ट्रिय विकास परिषद्का सदस्यहरूका लागि नेपाल सरकारको विशिष्ट श्रेणीले पाउने बराबरको दैनिक तथा भ्रमण भत्ता नियमानुसार उपलब्ध गराउने ।

६. राष्ट्रिय विकास परिषद्का २५ जना मनोनित सदस्यहरुलाई परीवहन भत्ता वापत दैनिक रु २५००/- का दरले उपलब्ध गराउने ।

७. राष्ट्रिय विकास परिषद् बैठकमा सहभागी विशिष्ट महानुभावहरुका साथ आउनु हुने सुरक्षाकर्मी, सवारीचालक तथा सहयोगी कर्मचारीहरुलाई पनि कार्यक्रम स्थलमा खाजा/खानाको लागि व्यवस्था मिलाउने ।

८. राष्ट्रिय विकास परिषद्को सफल संचालन तथा व्यवस्थापनका लागि सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्ताव गरिए बमोजिम माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा निर्देशक समिति, श्रीमान सचिवज्यूको अध्यक्षतामा व्यवस्थापन समिति र सो अन्तर्गत सहसचिवहरुको अध्यक्षतामा विभिन्न उपसमितिहरु गठन गर्ने र समितिहरुको कार्यविभाजन र कार्यादेश स्वीकृत गर्ने ।

## मिति २०७५/१२/१८

१. सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास परिषद्का अध्यक्षज्यूको अध्यक्षतामा मिति २०७५ चैत्र २० र २१ गते आयोजना हुने राष्ट्रिय विकास परिषद् बैठकको कार्यक्रम तालिका र उक्त बैठकमा प्रस्तुत गरिने प्रस्तुतीकरणको मस्यौदाका सम्वन्धमा बैठकलाई जानकारी गराईयो । साथै परिषद्को बैठकको व्यवस्थापनका लागि गठित व्यवस्थापन समिति एवम् सो अन्तर्गतका विषयगत उपसमितिहरुले आआफूलाई तोकिएको कार्यजिम्मेवारी अनुरुप कुशल ढंगमा कार्यसम्पादन गर्न निर्देशन दिने ।

२. सुशासन तथा सामाजिक विकास महाशाखाबाट पेश भएको सन् २०१९ नोभेम्वर ४-७ मा नेपालमा २०१९ SUN Global Gathering आयोजना गर्न SUN Movement Secretariat जेनेभाबाट नेपाल आयोजक राष्ट्रको रुपमा छनौट भएको जानकारी प्राप्त भएअनुसार उक्त सम्मेलन SUN Movement Secretariat जेनेभासँगको सहकार्यमा नेपालमा आयोजना गर्ने सम्वन्धमा स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने प्रकृया अघि बढाउने । यस सम्वन्धमा हाललाई विषयक्षेत्र हेर्ने माननीय सदस्यज्यूबाट SUN Movement Secretariat जेनेभालाई सकारात्मक धारणा रहेको पत्राचार गर्न सहमति प्रदान गर्ने ।

३. आगामी आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्यक्रम तथा बजेट तर्जुमाका सम्वन्धमा आर्थिक व्यवस्थापन महाशाखाले तयार गरेको समय तालिका बमोजिम सम्वन्धित विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यको संयोजनमा सम्वन्धित महाशाखा/शाखाले बजेट छलफलको कार्यक्रम संचालन गर्ने ।

## मिति २०७६/१/४

१. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास परिषद्का अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा राष्ट्रिय विकास योजना आयोगले तयार गरेको दीर्घकालीन सोच सहितको

पन्ध्रौं योजना २०७६/७७ २०८०/८१ को आधारपत्रको मस्यौदाउपर छलफल गरी सुझाव एवम् निर्देशन प्राप्त गर्नका लागि मिति २०७५ चैत्र २० र २१ गते काठमाण्डौमा आयोजना भएको राष्ट्रिय विकास परिषद् २०७५ को बैठकमा अध्यक्षता गर्नु भई मार्गनिर्देशन समेत दिनुभएकोमा आयोगको तर्फबाट आभार प्रकट गर्ने ।साथै उक्त बैठकमा उपस्थित भई आफ्ना राय/सुझाव व्यक्त गर्नु हुने परिषद्का सदस्यहरु आमन्त्रित महानुभावहरु, संचारकर्मी तथा पत्रकार र आयोगका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने ।

२. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास परिषद्का अध्यक्षज्यूको अध्यक्षतामा मिति २०७५ चैत्र २० र २१ गते काठमाण्डौमा सम्पन्न राष्ट्रिय विकास परिषद्,२०७५ को बैठकको कार्यवाही विवरण सम्वन्धी प्रतिवेदन परिमार्जन सहित स्वीकृत गर्ने ।

३. सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७५/९/३ गते बसेको अन्तर प्रदेश परिषद्को बैठकले स्वीकृत गरेको संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनको बुँदा न १२ ग मा उल्लेखित संघ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने आयोजनाको वर्गीकरण गर्ने, कृयाकलाप यस आयोग र संघका पूर्वाधारसँग सम्वन्धित मन्त्रालयलाई २०७६ बैशाखसम्मको समयसीमा सहित जिम्मेवारी तोकिएकोमा बैठकमा प्रस्तुत संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने कार्यक्रम तथा आयोजनाको वर्गीकरण सम्वन्धी मापदण्ड, २०७६ लाई प्राप्त सुझावहरु समावेश गरी परिमार्जन सहित नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रकृया अघि बढाउने ।

४. विभिन्न निकायबाट आयोगको राय तथा परामर्शका लागि प्राप्त हुन आउने कुनै पनि नीति, कानुन, विधेयकको मस्यौदा तथा नियमावली लगायतका दस्तावेजहरु सम्वन्धित महाशाखाले विषयक्षेत्र हेर्नु हुने माननीय सदस्यको समन्वयमा त्यस्ता दस्तावेज प्राप्त गरेका एक हप्ता समयावधि भित्र महाशाखाको राय सहित आयोगको बैठकमा पेश गर्ने व्यवस्था मिलाउने ।

## मिति २०७६/१/२३

१. आगामी आर्थिक वर्ष २०७६/७७ को बजेट बक्तव्यका लागि राष्ट्रिय योजना आयोगबाट प्रस्तावित प्रमुख कार्यक्रमहरु परिमार्जन सहित स्वीकृत गर्ने र आवश्यक कारवाहीका लागि अर्थ मन्त्रालय पठाउने ।

२. पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्तुत "Transforming Rice Sector of Nepal through Technology Intensive Cultivation Practice and Consolidated Livelihood Exercise for Analyzing Resilience"(CLEAR) विषयक परियोजना सम्वन्धी प्रस्तावका बारेमा आयोगमा जानकारी प्राप्त भयो ।

३. अर्थ मन्त्रालयबाट तयार पारिएको सार्वजनिक ऋण व्यवस्थापन सम्वन्धी विधेयकको मस्यौदा उपर राय तथा सुझाव माग गरिएको सम्वन्धमा विषयक्षेत्र हेर्नु हुने माननीय सदस्यस्तरबाट निर्णय गरी आवश्यक राय पठाउने ।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त विभिन्न सडक निर्माण सम्वन्धी आयोजनाको लागि बजेट तथा श्रोत उपलब्ध गराई दिन माग भई आएको सम्वन्धमा उक्त

आयोजनाहरु वार्षिक विकास कार्यक्रममा समावेश गर्नुपर्ने वा नपर्ने एकिन गरी समावेश गर्नुपर्ने भए वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा प्रकृया अन्तर्गत रही प्रस्ताव गर्न सम्वन्धित मन्त्रालयलाई पत्राचार गर्ने ।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट आगामी आ. व. २०७६/७७ को वार्षिक विकास कार्यक्रममा समावेश गरिदिने लेखी आउको विभिन्न सडक नदी सुरक्षा लगायतका अन्य भौतिक पूर्वाधार निर्माण सम्वन्धी आयोजनाका सम्वन्धमा प्रतिफलयुक्त आयोजनाहरुको हकमा प्राथमिकीकरण गरी हाललाई नेपालको संविधान नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४/१२/७ मा स्वीकृत मापदण्ड, नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७६/१/१७ मा स्वीकृत पन्ध्रौं योजना, आ.व. २०७६/७७-२०८०/८१ आधारपत्र र आ.व. २०७६/७७ को बजेट तथा वार्षिक कार्यक्रम र त्रिवर्षिय मध्यकालीन खर्च संरचना तर्जुमा सम्वन्धी मार्गदर्शन, २०७५ का आधारमा संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र अनुसार वर्गीकरण गरी आगामी आ.व. २०७६/७७ को वार्षिक कार्यक्रममा समावेश गर्न सम्वन्धित तहमा पठाउनका लागि सम्वन्धित मन्त्रालयमा पठाउने ।

६. उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट नवीकरणीय उर्जा प्रवद्धन विधेयक, २०७५ को मस्यौदा उपर आयोगको राय तथा परामर्श माग गरिएको सम्वन्धमा विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यस्तरबाट निर्णय गरी आवश्यक राय पठाउने ।

## मिति २०७६/१/३१

१. आर्थिक व्यवस्थापन महाशाखाबाट बैठकमा प्रस्तुत आगामी आर्थिक वर्ष २०७६/७७ को वार्षिक विकास कार्यक्रमको लागि तयार गरिएको ढाँचा र विभिन्न मन्त्रालय तथा निकाय वा अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा संचालन गरिने वार्षिक विकास कार्यक्रम/आयोजनाको विवरण प्रस्तुतिमा एकरुपता र सरलता ल्याउने उद्देश्यले तयार गरिएको ढाँचा स्वीकृत गर्ने।

२. संघीय संसद प्रतिनिधि सभाको अर्थ समितिद्वारा आयोजित आ.व. २०७६/७७ को पूर्व बजेट छलफल कार्यक्रम सम्वन्धी प्रारम्भिक प्रतिवेदनमा समावेश भएका सुझाव तथा सिफारिशहरुको कार्यान्वयनका सम्वन्धमा आयोगसँग सम्वन्धित विषयवस्तुहरुका हकमा विषयक्षेत्रगत माननीयहरुले आगामी आर्थिक वर्षको बजेट र मध्यकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा ध्यान दिने ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट अनुरोध भई आएको ब. उ. शि. न. ३३७१४०-४ अन्तर्गत भेरी करिडोर जाजरकोट-दुन-मरिम-तिन्जेधो को जाजरकोट-चिसापानी २८ किमि सडक खण्डको निर्माण कार्यका लागि स्रोत सुनिश्चतता र बहुवर्षीय ठेक्का व्यवस्थापन सम्वन्धी सहमति माग गरिएको सम्वन्धमा आयोजना वर्गीकरणको मापदण्ड अनुकूल भएमा र बहुवर्षीय ठेक्का बन्दोबस्त सम्वन्धी निर्देशिका, २०७३ को आधार पुरा भएको खण्डमा

आगामी आ.व.मा समावेश गर्न योजना तथा वार्षिक विकास कार्यक्रम तर्जुमा प्रकृया अन्तर्गत रही समावेश गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

४. भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयबाट अनुरोध भई आएको विभिन्न जिल्लाका १४० वटा पुलहरुलाई चालु आ.व. २०७५/७६ मा ब. उ. शि. न. ३३७१५७-४ अन्तर्गत स्थानीय सडक पुल निर्माणको  कार्यक्रममा समावेश गर्ने विषयमा नितीगत निर्णयको लागि राष्ट्रिय योजना आयोगमा प्राप्त भएको सम्वन्धमा चालु आवको अन्त्य नजिकिएको अवस्थामा नयाँ निर्माण कार्य शुरु गर्न समय पर्याप्त हुने नहुने पक्षलाई विचार गर्दा आयोगबाट स्वीकृत आयोजना वर्गीकरणको मापदण्ड अनुसार आगामी आ.व. २०७६-७७ को वार्षिक विकास कार्यक्रममा समावेश गर्न सम्वन्धित मन्त्रालय मार्फत संघीय मन्त्रालय प्रदेश सरकार र स्थानीय तहमा सिफारिस गर्न सम्वन्धित मन्त्रालयमा पठाउने ।

५. संयुक्त राज्य अमेरिका र जनवादी गणतन्त्र चीन वीचको व्यापारिक सम्वन्धमा देखापरेको असहज परिस्थितिका कारण नेपालको अर्थतन्त्रको बाह्य क्षेत्रमा पर्न सक्ने प्रभावको सम्वन्धमा विषयक्षेत्र हेर्ने माननीय सदस्यले नियमित निगरानी तथा अनुगमन गरी आयोगलाई नियमित रुपमा सुसूचित गराउने ।

## मिति २०७६/२/३

१. आयोगले तयार गरेको आयोजनाहरुको बहुवर्षीय ठेक्का सम्वन्धी मापदण्ड, २०७६ नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

## मिति २०७६/२/८

१. सन् २०१९ नोभेम्वर ४ देखि ७ सम्म नेपालमा आयोजना हुने सन ग्लोवल ग्यादरिङ्ग, २०१९ (Scaling Up Nutrition Global Gathering, 2019) सफलतापूर्वक सम्पन्न गर्न सुशासन तथा सामाजिक विकास महाशाखाबाट बैठकमा प्रस्तुत भए अनुसारको पोषण विषयक्षेत्र हेर्नु हुने माननीय सदस्यको संयोजकत्वमा आयोजक समिति र सुशासन तथा सामाजिक विकास महाशाखा प्रमुखको संयोजकत्वमा कार्यान्वयन उपसमिति गठन गर्ने तथा महाशाखाबाट पेश भएबमोजिमको समिति र उपसमितिको संरचना र कार्यादेश स्वीकृत गर्ने ।

२. संघीय, मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आगामी आ.व. २०७६/७७ देखि पहिलो प्राथमिकता प्राप्त आयोजनाको रुपमा संचालन गर्न वार्षिक विकास कार्यक्रममा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त “प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम”, “स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम” र “प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम”लाई देहाय बमोजिमको प्रकृया अन्तर्गत रही कार्यान्वयन गर्ने गरी स्वीकृति प्रदान गर्ने ।

प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमका सम्वन्धमा:

क. उल्लिखित कार्यक्रमले समेट्ने नयाँ सडक निर्माण स्तरोन्नति र मर्मत सम्भार सम्वन्धी पक्षहरुका सम्वन्धमा स्थानीय तहका केन्द्रहरुबीच प्राथमिकता निर्धारण गर्न आवश्यक Mapping / Assessment गरेर मात्र कार्यान्वयन गर्ने ।

ख. यस कार्यक्रमबाट बन्ने सडक तथा सडक सम्वन्धी अन्य कार्य विषयगत मन्त्रालय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले निर्धारण गरेको मापदण्ड अनुरुप हुनेगरी गर्ने ।

ग. यस कार्यक्रमका लागि ठूलो लगानी आवश्यक पर्ने देखिएकोले थप अन्तर्राष्ट्रिय आर्थिक सहायताको परिचालन गर्ने गरी खोजी गर्ने ।

स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमका सम्वन्धमा:

क. उल्लिखित कार्यक्रम अन्तर्गत स्थानीय तह प्रशासकीय भवन लगायतका पूर्वाधार निर्माणको कार्य नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/२/६ को बैठकले स्वीकृत गरेको संघ, प्रदेश र स्थानीय तको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्वन्धी मापदण्ड, २०७६ बमोजिम सम्वन्धित तहको जिम्मेवारी भित्र पर्ने आयोजनालाई तत् तत् तहबाट संचालन गर्ने गरी सम्वन्धित तहमा पठाउने ।

ख. यस कार्यक्रमको लगानीका स्रोतका सम्वन्धमा नेपाल सरकारको स्रोतको अलावा वैकल्पिक लगानी वा स्थानीय तहको लगानी हिस्सा अभिवृद्धिका सम्भावनाहरु खोजी गरी कार्यान्वयन गर्ने ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका सम्वन्धमा :

क. उल्लिखित कार्यक्रमको हकमा आयोगबाट यस अघि पठाईएको रायहरु समावेश गरी कार्यान्वयनमा लैजाने ।

३. खानेपानी मन्त्रालयबाट आगामी आ.व. २०७६/७७ देखि नयाँ आयोजनाका रुपमा संचालन गर्न वार्षिक विकास कार्यक्रममा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त विकेन्द्रित तथा संस्थागत ढल प्रशोधन आयोजना, दिगो खानेपानी तथा ढल व्यवस्थापन आयोजना र वृहत पम्पिङ्ग तथा यान्त्रिक सुदृढीकरण आयोजनालाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/२/६ को बैठकले स्वीकृत गरेको संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाट सम्वन्धी मापदण्ड, २०७६ बमोजिम सम्वन्धित तहको जिम्मेवारी भित्र पर्ने आयोजनालाई तत् तत् तहबाट संचालन गर्ने गरी आयोजना विकासको कार्य अघि बढाई सो पश्चात मात्र निर्माण शुरु गर्ने र सम्वन्धित तहमा हस्तान्तरण गर्ने गरी स्वीकृति प्रदान गर्ने ।

४. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट आगामी आ.व. २०७६/७७ देखि नयाँ आयोजनाका रुपमा शुरु भई आर्थिक वर्ष २०८१/८२ अर्थात ६ वर्ष सम्म कायम रहने आयोगको स्वीकृतिका लागि प्राप्त चितवन भूमिगत संयोजनात्मक जल सिंचाई आयोजनालाई नेपाल

सरकार मन्त्रिपरिषद्को मिति २०७६/२/६ को बैठकले स्वीकृत गरेको "संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाडँफाट सम्वन्धी मापदण्ड, २०७६" बमोजिम सम्वन्धित तहको जिम्मेवारी भित्र पर्ने आयोजनालाई तत् तत् तहबाट संचालन गर्ने गरी सम्वन्धित तहमा हस्तान्तरण गर्ने गरी स्वीकृत प्रदान गर्ने ।

५. वन तथा वातावरण मन्त्रालयबाट आगामी आ.व. २०७६/७७ देखि नयाँ आयोजनाका रुपमा संचालन गर्न वार्षिक विकास कार्यक्रममा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त सिमसार व्यवस्थापन कार्यक्रम, प्रकृतिमा आधारित पर्यटन कार्यक्रम र जोखिमयुक्त जलाधारमा जलवायु समयानुकूलन कार्यक्रमलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/२।६ को बैठकले स्वीकृत गरेको संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाडफाट सम्वन्धी मापदण्ड, २०७६ बमोजिम सम्वन्धित तहको जिम्मेवारी भित्र पर्ने आयोजनालाई तत् तत् तहबाट संचालन गर्नेगरी स्वीकृत प्रदान गर्ने ।

६. संघीय संसद, प्रतिनिधि सभाको अर्थ समितिद्वारा आयोजित आ.व. २०७६/७७ को पूर्व बजेट छलफल कार्यक्रम सम्वन्धी प्रतिवेदन, २०७६ आयोगमा जानकारी गराईयो । उक्त प्रतिवेदनमा समावेश भएका सुझाव तथा सिफारिसहरुको कार्यान्वयनका सम्वन्धमा आयोगसँग सम्वन्धित विषयवस्तुहरुको हकमा विषयक्षेत्रगत माननीयहरुले आगामी आर्थिक वर्षको बजेट र मध्यकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा ध्यान दिने ।

७. राष्ट्रिय योजना आयोग अन्तर्गतको केन्द्रीय तथ्यांक विभागबाट आगामी आ.व. २०७६/७७ देखि आ.व. २०८०/८१ सम्म संचालनमा आउने राष्ट्रिय जनगणना, २०७८ कार्यक्रमलाई नयाँ आयोजनाका रुपमा वार्षिक विकास कार्यक्रममा समावेश गर्न स्वीकृति प्रदान गर्ने ।

८. एशिया प्रशान्त क्षेत्रको लागि संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषद्को ७५ औं बैठकमा आयोगका सदस्य माननीय श्री मीनवहादुर शाहीको नेतृत्वमा नेपालका तर्फबाट सहभागी हुने पाँच सदस्यीय प्रतिनिधीमण्डलका तर्फबाट उक्त बैठकमा प्रस्तुत हुने कन्ट्री स्टेटमेन्ट (Country Statement) परिमार्जन सहित स्वीकृत गर्ने ।

## मिति २०७६/२/१३

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आ. व. २०७६/७७ देखि नयाँ कार्यक्रमका रुपमा कार्यान्वयनमा लैजान वार्षिक विकास कार्यक्रममा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त उपचारात्मक सेवा कार्यक्रम र नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रमलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/२/६ को बैठकले स्वीकृत गरेको संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्वन्धी मापदण्ड, २०७६ बमोजिम सम्वन्धित तहको जिम्मेवारीभित्र पर्ने आयोजना/कार्यक्रमलाई तत् तत् तहबाट संचालन गर्ने गरी स्वीकृति प्रदान गर्ने ।

२. संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट आगामी आ. व. २०७६/७७ देखि सालवसाली कार्यक्रमको रुपमा कार्यान्वयनमा लैजान बार्षिक विकास कार्यक्रममा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त हिमाली क्षेत्र जीवीकोपार्जन सुधार कार्यक्रमलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/२/६ को बैठकले स्वीकृत गरेको संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्वन्धी मापदण्ड, २०७६ बमोजिम सम्वन्धित तहको जिम्मेवारीभित्र पर्ने आयोजना।कार्यक्रमलाई तत् तत् तहबाट संचालन गर्ने गरी स्वीकृति प्रदान गर्ने ।

## मिति २०७६/३/१

१. सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षज्यूको अध्यक्षतामा बस्ने राष्ट्रिय विकास समस्या समाधान समितिको ४५ औ बैठकमा छलफल तथा निर्णयको लागि प्रस्तुत गरिने विषयवस्तुलाई परिमार्जन सहित अन्तिम रुप प्रदान गर्ने ।

२. आर्थिक व्यवस्थापन महाशाखाबाट बैठकमा प्रस्तुत राष्ट्रिय जनगणना, २०७८ को सुव्यवस्थित एवम् सफल संचालनका लागि गणना पूर्व, गणनाका समयमा र गणना पश्चात सम्पादन गर्नुपर्ने क्रियाकलापहरुलाई समेटी समयवद्ध र व्यवस्थित तवरले सम्पन्न गर्न, सो का लागि आवश्यक श्रोत साधनको अनुमान गरी विकास साझेदार समेतको सहयोग परिचालन गर्न र समयमै देशको कूल जनसंख्या तथा यसका विशेषता सहितका आंकडा प्रयोगकर्ता समक्ष उपलब्ध गराउन सम्वन्धित क्रियाकलाप, सम्पन्न गर्ने समयसीमा र अनुमानित वित्तीय श्रोत समेत उल्लेख गरी तयार गरिएको राष्ट्रिय जनगणना, २०७८ को परियोजना दस्तावेज बमोजिम कार्य अघि बढाउन सैद्धान्तिक सहमति प्रदान गर्ने । साथै, वैदेशिक सहायताको खोजी गर्दा ज्ञान तथा प्रविधि हस्तान्तरण (Knowledge and Technology Transfer) हुने क्षेत्रलाई प्राथमिकतामा राख्ने र विकास साझेदारसँग सहयोग र सहकार्यको लागि सम्झौता गर्नुपूर्व तथ्यांक सम्प्रभुता (Data Sovereignity) नेपाल सरकारसँगै रहने गरी अर्थ मन्त्रालयको सहमति लिई गर्ने ।

३. वन तथा वातावरण मन्त्रालयबाट आयोगको राय तथा परामर्शका लागि प्राप्त हुन आएको राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ को मस्यौदा उपर विषयक्षेत्रगत माननीय सदस्यको नेतृत्वमा पूर्वाधार तथा उत्पादन महाशाखाबाट बैठकमा प्रस्तुत गरेबमोजिमको राय/सुझाव सम्वन्धित मन्त्रालयमा पठाउने ।

४. उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट त्रियुगा नदी व्यवस्थापन आयोजनालाई खाँडो तथा त्रियुगा नदी व्यवस्थापन आयोजनाको कार्यालय, सप्तरी मार्फत कार्यान्वयन गर्नका लागि आयोगको सहमति प्रदान गर्ने ।

५. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/२/६ को बैठकबाट स्वीकृत "संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा

बाँडफाँट सम्वन्धी मापदण्ड, २०७६" मा संशोधनका लागि उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट माग भई आएको विषय बैठकमा छलफल भयो । यस सम्वन्धमा अन्य निकायहरुबाट पनि संशोधनका लागि माग भए नभएको सम्वन्धमा सम्वन्धित महाशाखाहरुले संकलन गरी आर्थिक व्यवस्थापन महाशाखाले एकमुष्ट रुपमा पेश गर्ने ।

६. सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्तुत दिगो विकास लक्ष्य नम्वर १६ र सोसँग सम्वन्धित दिगो विकास लक्ष्य नम्वर ५, लक्ष्य नम्वर ४ र लक्ष्य नम्वर १० सँग सम्वन्धित गन्तव्यहरु सहितको Integrated SDG 16 को राष्ट्रियस्तरको प्रगति समीक्षा गर्न तयार पारिएको "National Review and Situation Analysis of Progress on SDG 16+ Implementation in Nepal" विषयक अवधारणापत्र स्वीकृत गर्ने र आवश्यक प्रकृया सम्वन्धित महाशाखाले अघि बढाउने ।

७. आर्थिक व्यवस्थापन महाशाखाबाट प्रस्तुत UN Women नेपाल अफिस, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग र केन्द्रीय तथ्यांक विभागबीच छलफल भई Making Every Nepali Women and Girl Count: UN Women Flagship Program Initiative अन्तर्गत "Strengthening Gender Statistics" सम्वन्धी कार्यक्रमहरु संचालन गर्न केन्द्रीय तथ्यांक विभाग र अन्य सम्वन्धित मन्त्रालयसँग सहकार्य गर्ने सम्वन्धमा सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

८. पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्तुत राष्ट्रिय आयोजना बैंक स्थापनाका लागि तयार गरिएको राष्ट्रिय आयोजना बैंक सम्वन्धी निर्देशिकाको अन्तिम प्रतिवेदन स्वीकृति गर्ने र आ. व. २०७६/७७ को लागि राष्ट्रिय आयोजना बैंकको प्रस्तावित कार्य योजना बमोजिम सम्वन्धित महाशाखाले कार्य अघि बढाउने ।

### मिति २०७६/३/२

१. राष्ट्रिय योजना आयोगको आ. व. २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

### मिति २०७६/३/१५

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आयोगको राय तथा परामर्शका लागि प्राप्त हुन आएको राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्द्धन नीति, २०७५ को मस्यौदा उपर विषयक्षेत्रगत माननीय सदस्यको नेतृत्वमा सुशासन तथा सामाजिक विकास महाशाखाबाट बैठकमा प्रस्तुत गरे बमोजिमको राय/परामर्श सहित बैठकमा प्राप्त सुझावहरु समेत समेटी सम्वन्धित मन्त्रालयमा पठाउने ।

२. संयुक्त राष्ट्र संघ आर्थिक तथा सामाजिक परिषद्को (UN ECOSOC) तत्वावधानमा संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा मिति २०७६/३/२४ देखि २०७६/४/२ (9-18 July, 2019) सम्म आयोजना हुने उच्चस्तरीय राजनैतिक फोरम (High Level Political Forum on Sustainable Development) मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नु हुने आयोगका माननीय उपाध्यक्ष प्रा. डा. पुष्पराज कडेलज्यूबाट प्रस्तुत गर्ने कन्ट्री स्टेटमेन्ट (Country Statement) को मस्यौदालाई बैठकमा प्राप्त सुझावहरुलाई समेत समेटी परिमार्जन सहित अन्तिम रुप दिने ।

४. कुनै पनि निकायहरुबाट आगामी दिनमा तर्जुमा हुने विषयगत नीति, रणनीतिक कार्ययोजना वा दूरगामी प्रभाव पार्ने प्रकृतिका नीतिगत दस्तावेजहरु तयार गर्दा आयोगलाई प्रारम्भिक चरणदेखि नै सहभागी गराउन विषयगत मन्त्रालयहरुलाई पत्राचार गर्ने ।

## अनुसूची - १८

# आ.व.२०७५/७६ मा आयोगका पदाधिकारीहरूबाट भएको वैदेशिक भ्रमण

### पदाधिकारीहरुको विवरण:

| क्र.सं | भ्रमण गर्ने पदाधिकारीको नाम थर | पद | भ्रमण गरेको मुलुक/स्थान | भ्रमणको विषय | भ्रमणको अवधि | | | भ्रमण वापतको खर्चको श्रोत | भ्रमणको उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मिति | | दिन | | |
| १ | प्रा.डा. पुष्पराज कंडेल | उपाध्यक्ष | अमेरिका | The High-level Political Forum on Sustainable Development-HLPF | २०७५।०३।२५ | २०७५।०४।०२ | ९ | नेपाल सरकार | नेपालमा दीगो विकासका लक्ष्य कार्यान्वयनमा सहयोग र सहजीकरण हुने । |
| | | | भारत | South Asia Forum on the Sustainable Development Goals | २०७५।०६।१८ | २०७५।०६।१९ | २ | आयोजक NATIONAL INSTITUTION FOR TRANSFORMING INDIA (NITI AAYOG) ले ब्यहोरेको | दिगो विकासका लागि 2030 Agenda for SDL को कार्यान्वयन र सो सम्बन्धमा अनुभव गरिएका चुनौति एवं सम्भावनाहरूका बारेमा क्षेत्रीयस्तरको अनुभव तथा ज्ञानको आदानप्रदान हुने र जनताको सशक्तिकरण र समावेशिता र समानताको सुनिश्चितता विषयमा उपक्षेत्रीय धारणा र विषयवस्तुको प्रदान गर्ने भएकोले नेपालको सहभागिता महत्वपूर्ण रहेको । |
| | | | केन्या | High Level Conference on Sustainable Blue Economy | २०७५।०८।१० | २०७५।०८।१२ | ३ | आयोजक केन्या सरकारले व्यहोर्ने | प्रस्तुत सम्मेलनको सहभागिताबाट दिगो विकास लक्ष्यको समग्र कार्यान्वयन तथा विशेषतः दिगो विकास लक्ष्य १४ का सम्बन्धमा नेपालको राष्ट्रिय धारणा निर्धारण गर्न सघाउ पुग्ने । |
| | | | थाईल्याण्ड | | २०७५।१२।१३ | २०७५।१२।१५ | ३ | नेपाल सरकार | दिगो विकास लक्ष्यको कार्यान्वयन एवं चारवर्षे समिक्षाको तयारीका लागि समेत उपयोगी हुने । |

| क्र.सं | भ्रमण गर्ने पदाधिकारीको नाम थर | पद | भ्रमण गरेको मुलुक/स्थान | भ्रमणको विषय | भ्रमणको अवधि | | | भ्रमण वापतको खर्चको श्रोत | भ्रमणको उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मिति | | दिन | | |
| २ | डा. कृष्णप्रसाद ओली | सदस्य | दक्षिण कोरिया | Forty–eightSession onIntergovernmental Panel on Climate Change | २०७५।०६।१५ | २०७५।०६।१९ | ५ | नेपाल सरकार, उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको बजेट बाटै । | विश्वमा बढ्दो औद्योगिकरणसँगै बृद्धि भएको तापक्रम तथा शक्ति राष्ट्रहरूले उत्पादन गर्ने कार्बनडाइअक्साइडजस्ता ग्रीनहाउस ग्यासका कारणले नेपालजस्ता हिमाली तथा टापु राष्ट्रहरु यसबाट बढी प्रभावित रहेको सन्दर्भमा नेपालको सहभागिता महत्वपूर्ण रहेको । |
| | | | चीन | The Belt and Road Ministerial Conference | २०७५।०७।०१ | २०७५।०७।०१ | | आयोजक चीन सर कारले ब्यहोरेको | चीन सरकारले अघि सारेको Belt and Road Initiative को बारेमा जानकारी एवं धारणा निर्माणमा सहयोगी रहेको । |
| ३ | डा. रामकुमार फुयाँल | सदस्य | थाईल्याण्ड | Sixth Session of the Committee on Statistics Navigate Policy With Data to Leave no One Behind | २०७५।०७।०२ | २०७५।०७।०२ | २ | नेपाल सरकार | दिगो विकास सँग सम्बन्धित विषय र अन्य समन्वय तथा अनुगमन लगायतका विषयमा छलफल हुने भएकोले नेपालको सहभागिता महत्वपूर्ण रहेको । |
| | | | स्वीजरल्याण्ड | Universal Social Protection and Universal Child Grants | २०७५।१०।२२ | २०७५।१०।२५ | | आयोजक UNICEF ले व्यहोरेको | विभिन्न राष्ट्रका सरकारी प्रतिनिधि नीति र योजना निर्माणसंग सम्बन्धित व्यक्ति, विषयगत अनुसन्धानकर्ता र अन्तर्राष्ट्रिय समुदायको सहभागिता हुने हुनाले सामाजिक संरक्षण तथा बालबालिकाको हक हित संरक्षणमा प्रयोग भैरहेको Universal Approach मा सहयोग पुग्ने |
| ४ | ई. सुशील भट्ट | सदस्य | चीन | First Meeting of the public Private Partnership Network of Asia and the Pacific | २०७५।०५।२७ | २०७५।०५।२८ | २ | आयोजक UNESCAP ले व्यहोरेको | |
| | | | चीन | The 4th China Public-Private Partnership Financing Forum | २०७५।०८।६ | २०७५।०८।६ | २ | आयोजक China Public Private Partnerships Center ले व्यहोरेको | नेपाल सरकारको प्रमुख नीति तथा कार्यक्रम अन्तर्गत सार्वजनिक निजि साझेदारीको विषयले विशेष महत्व पाएको र सरकारले अबको लगानी ढाँचा एवं दिगो विकास लक्ष्यहरू हासिल गर्ने सम्बन्धमा पनि सार्वजनिक निजी साझेदारीलाई समेटेको सन्दर्भमा चीन सार्वजनिक निजी साझेदारी केन्द्र र सांघाई वित्तीय संघद्वारा आयोजना गर्न लागिएको "चौथो चीन सार्वजनिक-नीजि साझेदारी वित्तीय लगानी फोरम" कार्यक्रम अत्यन्त सान्दर्भिक रहेको |

| क्र.सं | भ्रमण गर्ने पदाधिकारीको नाम थर | पद | भ्रमण गरेको मुलुक/स्थान | भ्रमणको विषय | भ्रमणको अवधि | | | भ्रमण वापतको खर्चको श्रोत | भ्रमणको उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मिति | | दिन | | |
| ५ | डा. उषा झा | सदस्य | भारत | Lighthouse India: A drive to fight Undernutrition | २०७५।१०।१७ | २०७५।१०।२२ | १ | आयोजक विश्व बैंकले व्यहोरेको | पोषण अभियानका बारेमा अनुभव हासिल गर्न सकिने, विभिन्न सरो कारवाला निकायहरूले यस अभियान कार्यान्वयनमा ल्याइएका विचारहरू एवं सृजनात्मक कार्य तथा ज्ञान एवं पोषण अभियानका लागि सञ्चालनमा ल्याइएका सम्भावनायुक्त प्रविधिहरूलाई नेपालको राष्ट्रिय परिवेश एवं अन्तरसम्बन्धित क्षेत्रमा प्रयोगमा ल्याउन उपयोगी हुने । |
| | | | जर्मनी | Nepali Professionals Summit | २०७६।०१।०३ | २०७६।०१।०४ | २ | आयोजक GIZ/CIM ले व्यहोरेको | कार्यक्रममा सहभागिता पश्चात उच्च तहका व्यक्तित्वहरूको सहभागितामा कृषि, वातावरण, स्वास्थ्य, सूचना, सञ्चार तथा प्रविधि विकासमा वृहत छलफल भई नेपाल जर्मनी बीचको पारस्परिक सम्बन्ध लगायत नेपालको आर्थिक विकासमा योगदान पुग्ने । |
| | | | थाईल्याण्ड | High Impact and Underrepresented Nutrition Sensitive Food System in South Asia | २०७६।०३।०२ | २०७६।०३।०३ | २ | आयोजक South Asia Food and Nutrition Security Initiative ले व्यहोरेको | बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनमा सघाउ पुऱ्याउने । |
| ६ | डा. दिलबहादुर गुरूङ | सदस्य | थाईल्याण्ड | Accelerating the End of Hunger and Malnutrition | २०७५।०८।१२ | २०७५।०८।१४ | ३ | आयोजक FAO ले व्यहोरेको | दिगो विकास लक्ष्यको कार्यान्वयन तथा बहुक्षेत्रीय पोषण योजना दोश्रो चरणको कार्यान्वयनमा प्रभावकारीता ल्याउन सघाउ |
| ७ | श्री मीनबहादुर शाही | सदस्य | थाईल्याण्ड | UNESCAP 75 th Meeting | २०७६।०२।१३ | २०७६।०२।१७ | ५ | नेपाल सरकार | अन्तर सम्बन्धित विषयमा अन्तरक्रिया र अनुभव आदान प्रदान हुने हुनाले यस क्षेत्रीय कार्यक्रममा सहभागी हुँदा दीगो विकासका लक्ष्य कार्यान्वयनमा नेपाललाई सहयोग र सहजीकरण हुने |

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरवार, काठमाडौं